३२४

द०६२८३
का०वि०पीठ,
पुस्तकालय
मू० ५।-

आंशिक आरक्षित

विचारालोक

[म को हूँ यस ज्ञानको सरल प्रक्रिया]

৩২৪

আংশিক আরক্ষিত

বেদান্ত
১৮৪

डा० क्षितीशचन्द्र चक्रवर्ती

विचारालोक

या

नित्यतृप्ति

[म को हूँ यस ज्ञानको सरल प्रक्रिया]

अनुवादक :
सुब्बा डिल्लीजङ्ग गुरूङ्ग
घनपोखरा प. ३ नं. लंजुङ्ग (नेपाल)
गण्डकी अञ्चल (नेपाल)

मूल लेखन मिति- वि. सं. २००६
त्रिचन्द्र कलेज काठमाण्डू

अनुवाद मिति
२०२१ मत्स्य जयन्ति

प्रकाशिका :
सुश्रिनी अमलाकुमारी गुरुङ्ग
[श्रीमती डिल्लीजङ्ग गुरुङ्ग]
घनपोखरा, लंजुङ्ग
गण्डकी अञ्चल [नेपाल]

०

सर्वाधिकार :
'स्वरूप ज्ञापक' अद्वैत विश्वविद्यालय
ज्ञानभूमि खुदी बेनी
गण्डकी अञ्चल (नेपाल)

०

प्रकाशन मिति :
श्री वसन्त पञ्चमी
२०२८ माघ

०

मूल्य १०/-

०

मुद्रक :
भारती प्रेस,
१/१६५ जनरलरोड नारायणगढ चितवन, नेपाल

सूचिपत्र :

गुरुआशिर्वचन

संक्षिप्त ग्रन्थ परिचय

अनुवादकको संक्षिप्त जीवनि

मेरो भन्नु [प्रकाशकीय]

विचारालोक प्रति

अनुवादक

विचारालोक किं वा नित्यतृप्ति

अधिकारीको विवरण	—	१२
सन्यास विवरण	—	१३
विचार विषय	—	१७
बन्ध विचार	—	१६
स्थूल शरीर विचार	—	१६
पञ्चीकरण विवरण	—	२२
सूक्ष्म शरीर	—	२७
कारण शरीर	—	३४
विचारको सिद्धान्त	—	३६
पञ्चकोश विचार	—	३८
वस्तु विचार	—	४८

ग्रन्थिभेद विवरण र विचार	—	५४
महावाक्य विचार	—	७२
अध्यारोप निरूपण	—	७४
अपवाद निरूपण	—	९१
भाग त्याग लक्षण	—	९३
महावाक्य विवरण	—	९४
स्वरूप विचार	—	१०३
त्रिविध कर्मक्षय विवरण	—	१४१
मुक्ति विवरण	—	१५३
तत्व ज्ञानाभ्यास	—	१९२
वासना क्षय	—	२००
मनो नाश	—	२१५
समाधि प्रकरण	—	२२५
ज्ञानीको शरीर पात	—	२३०
विचारालोक दिग्दर्शन चित्र		

शुभाशिर्वचन

म दुई पटक खुर्दी र घनपोखरा गएको थिएं। दोस्रो पटकमा सुब्बा डिल्लीजङ्गको आफ्नो घरमा बसेको थिएं। समादर र अभ्यर्थना दुवै पटक स्वर्गीय डिल्लीजङ्ग सुब्बा शाहेबले गर्नु भएको थियो।

सुब्बा शाहेबको सेवा सत्कार ज्यादा सराहनीय थियो। ६ दिन सम्म वेदान्त शास्त्रको बारेमा धेरै जिज्ञासा र पूरा सत्संगमा रूची देखेर र पछि विचारा-लोकको नेपाली अनुवादको हस्तलीपि देखेर म मुग्ध भएको थिएं।

सुब्बा शाहेब रामायण, भागवत आदि ग्रन्थमा राम्ररी प्रविष्ट हुनु भएको थियो। दोस्रो पटक घनपोखरा बाट फर्के पछि सुब्बा शाहेबबाट दुई लामो चिट्ठी मिलेको थियो; यो दुई चिट्ठी नै उहांको अन्तिम चिट्ठी। यिनमा सुब्बा शाहेबको आफ्नो साक्षी स्वरूपको सुस्पष्ट अनुभव बताइएको थियो। म उहांको विचारालोक ग्रन्थको अनुवादको लागि हृदयबाट आशिर्वाद गर्दछु। ईश्वरको अनुग्रहले मुक्त-कल्प सुब्बा शाहेब परलोकमा अवश्य विमुक्त हुनु हुनेछ।

—क्षितीश चन्द्र चक्रवर्ती

समर्पण

सज्जन श्रेयार्थी पूज्य पतिदेव को पुण्य स्मृति एवं

आदरमा नेपालको एकमात्र विचार प्रधान

आध्यात्मिक प्रतिष्ठान अद्वैत संस्था द्वारा

सञ्चालित "स्वरूप ज्ञापक" अद्वैत

विश्वविद्यालय खुदी बेनी

बजार लंजुङ्ग नेपाल

लाई श्रद्धा एवं

भक्ति पूर्वक

समर्पण

*

द० ६२६३
वा०वि० पी० पु०
मू० ५।-

संक्षिप्त ग्रन्थ परिचय

अज्ञान अन्धकारमा परिकन आफ्नू यथार्थ स्वरूपलाई म भनी परिचय लिन नसकी कहिले हाड मासुको शरीरलाई, कहिले इन्द्रिय प्राणयुक्त चित्तमा प्रतिविम्बित छायां (कर्ता प्रमाता) लाई, कहिले अविद्यामा प्रतिविम्बित छाया (भोक्ता) लाई म भनी आफ्नू स्वरुपलाई वास्तवमा निर्णय गर्न नसकेका सारा मानिसहरूको लागि यो विचारालोक या नित्यतृप्ति ग्रन्थको कति उपयोगिता छ, त्यो लेखिकन भनीकन साध्य छैन । अत्यन्त अँध्यारोमा घोर जंगलमा हिंडीरहेको वखत शितल सुखकर चन्द्रमाको उज्यालो पाउँदा हृदय कस्तो होला ?

यस्तो अनमोल ग्रन्थ निस्कनामा कारण हो - लमजुङ् घन पोखरा निवासी श्रद्धेय स्वर्गीय सुव्वा डिल्लीजङ् गुरुङ् । किनभने वहां एउटा ठूलो धनीमानी कुलको लब्ध प्रतिष्ठावान् ब्यक्ति हुनु हुन्थ्यो । तर सांसारिक मान प्रतिष्ठा र ऐश्वर्यको धेरै काल उपभोग गर्दा पनि वास्तविक सुख शान्तिको अनुभव गर्न नपाउँदैमा दिन प्रतिदिन वृद्धावस्थातिर जांदै थियो । यस्तैमा वहांको आयु ५४।५५ वर्ष

बितिसकेको थियो । पुण्यको तारतम्य पूज्य गुरु चरणको पहिला पटकको घन पोखरा यात्रा हुंदा वाहांले दर्शन गर्ने मौका पाउनु भयो र संसारको भुक्त भोगी भैं वहांले आफ्नू स्वरूपज्ञानको मार्ग पट्टी लाग्ने ठूलो मौका पाउनु भयो । तीव्र बुद्धि भएको पुरुष हुंदा वहांले यस मार्गमा धेरैनै अगाडि वढेर पुनः गुरु चरणलाई वहांको आफ्नै निवास मोरींमा दोश्रो पटक आगमन गराउनु भयो । जसको उपज हो ज्ञान सर्वस्व ग्रन्थ रत्न पहिला पटकको सवारीमा निस्केको उपज हो स्वरूप प्रकाश ग्रन्थ रत्न । यसरी परमार्थमा बढ्दै स्वर्गीय सुब्बा साहेवले श्री पूज्य गुरुचरणबाट पहिला २००६ सालमा त्रिचन्द्र कलेजमा छंदैदिनु भएको वनारस सन्मार्ग प्रेसबाट हिन्दी–भाषामा प्रकाशित हुने साप्ताहिक सिद्धान्त पत्रिकामा प्रकाशित भईराखेको यो विचारालोक या नित्य तृप्तिलाई आफ्नू नेपाली भाषामा अनुवाद गर्नु भएको थियो । यस्तै वहांले भागवत- तुलसिकृत रामायण आदि अनेक ग्रन्थहरू नेपालीमा भाषानुवाद गरी राख्नु भएको छ । ईश्वर इच्छा ती नेपाली ग्रन्थले आफ्नू साकारता देखाउन पाएका थिएनन् । यस्तैमा करीव उहाँ ६० वर्षको उमेरमा आफ्नू प्रारब्ध भोग समाप्त गरी यस संसारबाट विदा लिनु भयो । तर वहांको दिवंगत आत्मा अमर छ । सोम बारे सत्संगको चलन वहांबाट निर्णय भएको हो । यस खुदीमा पनि जुन सोमबारे सत्संगको आजसम्म चलन चालुनै छ । अहिले अद्वैत संस्थामा परिणत भयो ।

अहिले वहाँकी धर्मपत्नी श्रीमती अमला कुमारी देबीको सद्भावनालाई पूर्ण गराउनु हुंदै आफ्नो पिताजीद्वारा निर्मित यस अद्वितीय विचारालोक ग्रन्थलाई प्रकाशमा ल्याउन वहाँहरुका सुपुत्र श्री सभापतिज्यू मनाङ् जिल्लापञ्चायत मुनिन्द्रजङ् गुरुङ्‌बाट भारती प्रेस नारायणगढबाट प्रकाशितमा ल्याई दिएकोले हामी नेपाली-हरुले हेर्ने मौका पाएका छौं । यो हामीहरुको कम पुण्यको फल होइन, सिद्धान्त पात्रिकामा प्रकाशित लेख मध्ये यो विचारालोक चारवेदको साररूप पञ्चम वेद समानको हो । जुन विचारालोकलाई मृत्युकालमा छातीमा राखेर मरे पनि सुगती हुन्छ । यसमा संदेह छैन । चतुर्वेद जस्तो अपौरुषेय हो । त्यस्तै यो विचारालोक पनि पञ्चम वेद भने हुन्छ फरक छैन, यसलाई हेर्नु हो ज्ञानी बन्नको लागी मुखमा राखेको घीउ निल्नु जस्तो अरु केही पनि सोच विचार गर्नु पर्दैन ।

मानिसको सज्जनता हो यसरीनै आफ्नू पिता माताको भावना अनुसार वहाँको कीर्ति स्थापित गर्नुमा दत्तचित्त हुनु र त्यसको निमित्त धन अर्पण गर्नु । किनभने धनको जाने बाटो हो - चार बटा त्यस्मा जेठों र उत्तम हो धर्मादमा सदुपयोग त्यसमा पनि ज्ञानवान रचित ग्रन्थको प्रकाशन गरि मुमुक्षुको उपकार गर्नु त के कुरा गर्ने । किनभने यस्तो ग्रन्थबाट अवश्यमेव साक्षात्कार बनी ज्ञानी निस्कन्छ ।

यस किसिमको ग्रन्थ प्रकाशनको पुण्यको तुलना कसले गर्न सक्ने ? त्यसकारण धनवान्हरुले आफ्नू स्ववर्णाश्रमोचित आर्जित धनलाई पुण्यकर्मादिमा प्रयोग गरेर परलोकमा सुकीर्ति र यस लोकका पनि सुखभोग गर्नु हो परम कर्तव्य ।

यो विचारालोक ग्रन्थको महिमा वयान गर्न कसले कुन मुखवाट कहिले सकिने हो र ? तथापि यसमा कुन ढंगले कसरी कहाँ के रहेको छ, भन्ने विषयहरुलाई संक्षिप्त रुपमा श्रद्धेया प्रकाशिका माताजीको अनुरोधमा यथामति लेख्दछु :—

पहिलो लेख भूमिका स्वरुप र दोश्रो लेखमा स्वरुप प्राप्तिमा प्रमादबाट आफ्नू हानि र त्यसको निमित्त अधिकारी एवं संन्यासको विवरण गरिकन तेश्रो लेखदेखि विचारको विषयलाई दिग्दर्शन गर्नु हुंदै वस्तु विचार सुरु गर्नु भएको छ । जसको अन्तरमा स्थूल शरीर पंचीकरण विवरण, सूक्ष्म शरीर, कारण शरीर विचारको सिद्धान्त,पंचकोश विचारद्वारा पंचम लेख समाप्त गरी षष्ठ लेखमा वस्तु निर्णय गरिकन सप्तम र अष्टम दुई लेखमा ग्रन्थी भेद विवरण विचारको सुन्दर सरल प्रकारले प्रदर्शन पूर्वक यो अष्टम लेखमा वस्तु विचारलाई समाप्त गर्नु भएको छ जसबाट "म को हुं" यस विषयको अनुभव सुस्पष्ट रूपले मुमुक्षुलाई प्राप्त हुन्छ ।

त्यस पछि महावाक्य विचार नवौं लेखबाट सुरु गरीकन एघारौं

लेखमाला सम्ममा अध्यारोप र अपवाद निराग भागत्याग लक्षणा र महावाक्यविवरणद्वारा "तत्, त्वं, असि" यस महावाक्यमो सरल तरिकाबाट सर्वसाधारणलाई बुझ्ने मौका दिएर एघारौं लेखको अन्त सम्म माहावाक्य विचारलाई दिग्दर्शन गर्नु भएको छ । त्यहीं यसलाई अन्त गरिएको छ । जसबाट ज्ञान प्राप्त भइहाल्दछ ।

यस अनन्तर द्वादश लेखमा, स्वरुप विचारको शुरु गर्नु भएको छ । जसमा अस्ति, भाती, प्रिय आफ्नो स्वरुपको अत्यन्य राम्रो विश्लेषण दृष्टान्त पूर्वक गर्नु भएको छ, जसबाट नाम रुपको मिथ्यात्व सजिलैसित वोध भएर अखण्डवृत्ति प्रतिवन्ध रहित भएर स्फुरित भईहाल्छ जसको फलस्वरुप जगद् दर्शन कालमा पनि व्रह्म दर्शन अव्याहत रहन्छ। यसरी यी लेखमा अस्ति भाति प्रिय नाम रुप मध्ये पहिला तीन हो व्रह्मको अंश र पछिल्ला दुई हो मायाको अंश भनी सुस्पष्ट देखाई दिनु भएको छ ।

अव त्रयोदश लेखमा ज्ञान प्राप्तीको उपाय भनीकन उक्त त्रिविध विचारमा पुनः मुमुक्षु योग समाधि आदि कुनै साधन विना आफ्नू अद्वैत स्वरुपमा स्थित रहन्छ र उसको कुनै पनि कर्तव्य वांकी रहँदैन भनी विभिन्न प्रकारले कार्यको स्वरुप कारण नै हो, भनेर भूत. भविष्य वर्तमान प्रतिवन्धको बयान त्यसको नाशको उपाय श्रवणादि अन्तरङ्ग साधनको बयानद्वारा श्रुति युक्ति र अनुभूतिको सहायताद्वारा जगतलाई दृश्य रुपले निश्चित गराएर आशक्ति परि-

त्याग पूर्वक अखण्ड अन्तःकरणमा अद्वितीय आत्माको साक्षात्कार गराईकन पंचदश लेख समाप्त गर्नु भएको छ ।

सोह्रौं लेखदेखि त्रिबिध कर्म क्षय विवरणको व्याख्या गर्नु हुँदै सप्तदश लेखको माझमाझीबाट मुक्ति विवरणको वयान गरेर लेख समाप्त गर्नु भएको छ ।

अठारौं लेखदेखि तत्वज्ञानाभ्यास लेखलाई शास्त्रिय मूल संस्कृत श्लोकसमेतद्वारा सुसज्जित गरेर २४ लेख करिब अन्त तक चलाउनु भएको छ । यसैको अन्तबाट फेरी बासना क्षयको प्रसंग उठाईकन १७ सौं लेखको मध्यसम्म मलिन र शुद्ध वासनाको स्वरूप देखाईकन त्यसको नाशार्थ अजीहोत्वादि धर्महरु सम्पादन पूर्वक चिन्मात्रद्वारा मलिनपना हो बासनाक्षयको सुस्पष्ट तरिका, दर्शन गरेर त्यहीबाट मनोनाशको प्रसंग बताइकन २८ सौं लेखमा जीवन मुक्ति सुखको लागि चाहिने ज्ञान रक्षादि अति प्रयोजनीय ५ वस्तुको दिग्दर्शन गर्नुका साथै ज्ञानीको दर्शन सेवा र सम्भाषणबाट प्राप्त हुने फल देखाएर अन्तिम २९ सौं लेखमा समाधि प्रकरण उठाएर यस्तो समाधि दृश्यानुविद्ध शब्दानुविद्ध निर्बिकल्प भेदले आन्तर बाह्य गरेर जम्मा ६ प्रकारको समाधिलाई अति सुन्दर र सरल सुस्पष्ट तरिकाले दिग्दर्शन गरी अन्तमा ज्ञानीको शरीर पात सम्बन्धी विवेचना देखाईकन यो अत्युत्तम विचारालोक या नित्यतृप्ति नामक ग्रन्थलाई समाप्त गर्नु भएको छ । जसको विस्तृत ज्ञान ग्रन्थको अबलोकनबाट सज्जन-

हरुलाई थाहा हुनेनै छ ।

हुनत यो ग्रन्थको बयान गर्नु सूर्यलाई बत्तिले प्रकाशित गर्नु जस्तै हो, तापनि हृदयको उद्‌गारलाई रोक्न नसकेबाट टुट फुट रुपमा भने पनि ग्रन्थको संक्षिप्त परिचय दिइरहेको छु । आशा एवं अनुरोध व्यक्त गर्दछु कि अन्य ग्रन्थको बदला यसको अवलोकन चर्चा आदि द्वारा दीर्घकाल देखि भूलि राखेका आनन्दको निधि भएको परम प्रेमास्पद आफ्नो स्वरूपलाई राम्ररी प्राप्त गरीकन कृतकृत्य हुनु हुनेछ ।

यो ग्रन्थको अध्ययनबाट थाहा हुन आउंछ कि परमात्मा स्वरूप प्राप्त गर्ने द्विविध योग र ज्ञान मार्ग यसमा प्राप्त हुन्छ, जसमा उत्तम र मध्यम अधिकारीहरु लाग्दछन् । किनभने यो ग्रन्थको १५ लेख सम्म विचारको विस्तृततताबाट सिद्ध हुन्छ । त्यहाँ सम्मको उपदेश हो विचार कुशल उत्तमाधिकारी मुमुक्षुलाई र यस्तो विचार गर्न नसक्ने तर परमार्थको कामना भएका मध्यम मुमुक्षुलाई अठारौं लेखदेखि अन्तिम सम्मको उपदेश देखिन्छ । जस्मा तत्वज्ञानाभ्यास, बासनाक्षय, मनोनाशको साथै ६ प्रकारका समाधिको बिस्तृत विवेचना छ । यसको बीच १६ र १७ लेखमा ज्ञान बाट त्रिविध प्रारब्ध, आगामी, संचित कर्मको क्षय र मुक्तिको विवेचना गरेको छ । जसलाई ज्ञान प्राप्तिको फल भन्न सकिन्छ र

ग्रन्थको अन्त्यमा ज्ञानवान्‌को शरीर यात्राको अन्त पवित्र या अपवित्र जस्तो स्थानमा भएतापनि हानि छैन भनीकन प्रदर्शित गरिएको छ।

त्यस अतिरिक्त संन्यास विना ज्ञानमा अधिकार छैन भन्ने धारणा सर्ब साधारणदेखि लिएर पढे लेखेको मनिस सम्ममा भएको र त्यस संन्यास सम्बन्धमा शास्त्रको यथार्थ अर्थ पत्ता लगाउन नसकेकोले त्यही सिद्धान्त पत्रिकाको सम्पादक स्व० दुर्गादत्त त्रिपाठीज्यूको मैत्रेयीलाई जस्तो सर्बसाधारण आईमाईहरूलाई वेदान्त श्रवणको अधिकार सिद्ध हुंदैन भन्ने कुरामा विस्तृत रुपको वादविवादले संपादकीय संशोधन (जुन यही ग्रन्थको अन्तर्भूत रहेको छ) भन्ने लेखबाट निःशङ्क रहने ठूलो मौका पाएबाट यो ग्रन्थ धेरै धेरैनै सुन्दर बनेको छ। त्यसकारण मुमुक्षुले कुनै पनि प्रकारको शंका खडा नगरीकन यस ग्रन्थमा बताए अनुसार चलनुबाट अवश्यम्भावी रुपले स्वरुपको ज्ञान सरल पूर्वक प्राप्त हुनेछ। यस्मा कुनै संका छैन।

यसै शिलशिलामा स्वर्गीय अद्वैत भक्त रत्न ख. लाल प्रसाद बाजेले अरु सबै वेदान्तका ग्रन्थहरुलाई पोकापारी एक मात्र यस विचारालोक हिन्दी पत्रिकालाई आफूले हेर्न सकेसम्म हेर्दै हुनुहुन्थ्यो र बृद्ध अवस्थाले गर्दा आँखाको शक्ति कम हुंदा पनि ठूलाठूला अक्षरमा लेखाई हेर्दै गर्नु भएको थियो। पछि एक जना ब्राह्मणको बच्चालाई पढ्न लगाई सदाकाल एकमात्र यही ग्रन्थ सुनीरहनु हुन्थ्यो।

श्री वावुको धेरैधेरै प्रसंशा गर्नु हुंदै उहाँले भन्नु हुन्थ्यो पूज्य चरण हुनु हुन्छ खास ज्ञान मूर्ति । उहाँको सेवाले म पनि धेरै धेरै सुखी भएको छु र तिमीहरु पनि अवस्य सुखी हुनेछौ । देहावसान हुने कालमा पनि आफ्ना छोराहरुलाई कहिले पनि क्षितीश वावुलाई असन्तोष नराखनुको साथै वहाँको लख हुन नछाड्नू; बाँकि शरीर र संसारको स्थिति यस्तै हो , यही हो मेरो अन्तिम उपदेश भनी भन्नु हुन्थ्यो ।

उहाँले आफ्नो परमार्थ सुधार गर्नको लागी ठूलाठूला सन्त महन्तको सेवामा अग्रसर भएर कुन ग्रन्थ हेरे छिटो स्वरूप प्राप्त गर्न साकिन्छ भन्ने खोजीमा धेरै समय बिताईकन अन्त्यमा चुनेर ठहराई श्री क्षितीश वावुको शरण पर्नु भएको थियो । पूज्य चरणको पाउमा नेपाल आई उहाँ संगै सत्संग गर्नु हुन्थ्यो । यो कतिपय सज्जनहरुलाई थाहा भएको कुरा हो । यसरी दीर्घकाल सम्मको प्रयत्नको फल स्वरूप प्राप्त भएको यो ग्रन्थ र पूज्य चरणको समागम विना संसार तर्ने अर्को बाटो छैन भनी हामीलाई पनि वारंवार उपदेश दिईरहनु हुन्थ्यो ।

यस्तै प्रकारले अद्वैत प्रेमी स्वर्गीय मामा श्री गोपालजीले पनि श्री क्षितीश बाबुको उपदेश खास ईश्वरको उपदेश हो,अरुको होईन । त्यसकारण ज्ञान प्राप्तिमा उहाँकै समागममा दिन विताउनु भनी धेरै धेरै प्रेरणा हामिलाई दिनु हुन्थ्यो । उहाँ यौवन अवस्था देखिनै यस वेदान्तमा प्रवेश गरी दीर्घकाल सम्म काठमाण्डूमा पूज्य चरणको सत्संगमा लाग्नु भएको वडो अनाशक्त पुरुष हुनुहुन्थ्यो ।

यसरी उक्त श्रद्धेय बाज्ये र मामाबाट प्रेरित भएर हीरालाल श्यामकृष्ण, गोविन्द, ज्ञानहरि गुरु र अरुपनि कतिपय भक्तहरु कहिले कलकत्ता पुग्ने, कहिले नारायणगडमा पूज्य चरणलाई ल्याएर सत्संग गर्ने क्रम चालु हुन थाल्यो। यसरी नेपाल निवासी पुण्यात्माको समष्टि पुण्यको फलले अद्वैत-संस्था, अद्वैत विद्यालय, अद्वैत महाविद्यालय र अद्वैत विश्वविद्यालय पनि पूज्यचरणबाट संस्थापन भयो। त्यसको संस्थापक र कुलपतिको भार ग्रहण गर्न लाग्नु भयो, जसको समारोह आदिलाई ईश्वर मूर्ति श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वारंवार आशिर्वाद प्राप्त भईरहन्छ। पूज्य चरणको उपदेश, संस्था विद्यालयको माध्यमबाट कुनाकुनामा धमाधम प्रचार प्रसार हुंदैछ र झन् वढी रुपले हुंदै जानेछ भन्ने कुरामा मलाई विश्वास छ।

यसरी पूज्य चरणको गूढ मार्मिक वेदान्तको रहस्य जो हिन्दी भाषामा प्रकाशित सिद्धान्त पत्रिकाको करिव ३०० लेख मध्ये सृष्टि समीक्षा ज्ञानालोक ग्रन्थमा राखियो। सर्व विज्ञान मध्येको वाच्यैक्य विमर्श र आनन्द तत्व मिमांसाको आनन्द द्वैविध्य यी दुई ज्ञान साधन ग्रन्थमा नेपाली मातृ भाषामा प्रकाशित भयो र हिन्दी भाषामै चित्त विश्रान्ति, योगवाशिष्ठ सार र साधन रहस्य जसमा भगवान शंकर कृत "लघु वाक्य वृत्ति" को सरल अर्थ र मर्यादा पुरुषोत्तम रामद्वारा पृय भाइ लक्ष्मणलाई दिनु भएको उपनिषद्हरुको साररुप रामगीता

समावेस छ; यस ग्रन्थलाई मध्य प्रदेश राजस्थान निवासी पूज्य चरणको परम भक्त पं० नरपतिलाल त्रिवेदीज्यूको अथक् प्रयासबाट भक्त श्री बृद्धि चन्द्र पोद्दारबाट 'स्वरुपानुभव' नामले ग्रन्थाकारमा प्रकाशित भयो । जुन ग्रन्थ भगवान शंकरको षट्पदि स्तोत्र द्वारा विभूषित छ ।

यस अतिरिक्त अरु लेख मालाहरु ग्रन्थाकार नेपाली मातृ भाषामा प्रकाशित हुन पाएको छैन । जसको शिर्षक संक्षेपमा स्वरुपानुभव ग्रन्थको विश्लेषण परिचयमा श्री नरपतिलाल त्रिवेदीज्यूले लेख्नु भएको छ । आशा छ, भगवान पशुपतिनाथले ती बाँकि लेखलाई पनि नेपाली मातृभाषामा छिटै प्रकाशित गर्न प्रेरणा गर्नु हुनेछ । यस अलावा नेपाली भाषामा अद्वैत ग्रन्थ रत्नहरु अद्वैत सर्वस्व, सृष्टि र सुषुप्ति, लघुवेदान्तत्रय, भगवान विश्वनाथको स्वरुप आदि पचासौं प्रकारका प्रकाशित भई राखेका छन् । जस्मा वेदान्तको अत्यन्त गूढ एवं मार्मिक उपदेशहरु भरिएका छन्, जुन ग्रन्थहरु सबै सज्जनहरुमा विदितै छ ।

यसरी देखनमा आउँछ कि त्रेतायुगमा राम जस्ता शिष्य, वशिष्ठ जस्ता गुरु, योग वाशिष्ठ जस्तो ग्रन्थ न भूतो न भविष्यति भन्ने उक्ति शास्त्रमा पाइन्छ ठीक त्यस्तै वर्तमान अवस्थामा पनि क्षितीश बाबु जस्तो गुरु, वहाँबाट रचित नेपाली भाषाका वेदान्त ग्रन्थ रत्न जो अद्वैत संस्थामा प्राप्त छ अवर्णनीय छ । अनि उहाँ संगको सत्संग र उहाँको उपदेश श्रवण पनि नभूतो न भविष्यति हो यसमा केही पनि अत्युक्ति छैन ।

यसको कारण यही हो कि जुन ग्रन्थलाई जहां पल्टाईकन हेरे पनि आफ्नू स्वरुपमा नपुऱ्याईकन छाडेका छैन । जहां पनि संसारको अनित्यता असारताकै घनघोर उपदेश छ र अनि मुमुक्षुको चित्त शान्तको लागी ईश्वर भरोसा, स्वप्नको व्यवहार र सुषुप्तिको प्रचूर मात्रामा व्याख्या पाइन्छ, जसमा शास्त्र युक्ति र अनुभवले भरीभराउछ । यस्तो महान ग्रन्थहरु जुन २१४ वटाको नामाकरण गरिन्छ ती हुन्:– गीतामृत प्रमाण तात्पर्य टीका, वाशिष्ठामृत वचनमाला, ज्ञानालोक, ज्ञान साधन, ब्रह्मगीता, वाशिष्ठ गीता; स्वरूप प्रकाश, ज्ञान सर्वस्व, ईश्वर विज्ञान, सूत्र प्रस्थान, अद्वैत तात्पर्य, ४ वेदको सारभूत अर्थ र उपनिषदको सार सुखको वाटो, मोक्षको अनन्य मार्ग आत्मानुसन्धान, अमृतवचन आदि आदि ।

यसरी यो उत्तमोत्तम विचारालोक या नित्य तृप्ति अनमोल ग्रन्थ नेपाली भाषामा हेर्न मौका दिनु हुने स्वर्गीय सुब्बा डिल्लीजङ् गुरुङ र त्यसै ग्रन्थलाई प्रकाशनमा ल्याउनु हुने उहाँकी धर्मपत्नी श्रीमती सुब्बिनी अमला कुमारी र सुपुत्र मुनिन्द्र जङ् गुरुङ्लाई हृदय देखिनै धेरै धेरै धन्यवाद टक्र्याउनाका साथै यस ग्रन्थलाई शुद्धा शुद्धिमा ध्यान दिएर कुशल मनोयोगका साथ सम्पादन गरी मुद्रणकार्य सम्पन्न गरी दिने पुण्यकीर्ति श्री गंगाराम सरस्वती, नवरत्नको अन्यतम रत्नज्यू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, यस्तो अमूल्य ग्रन्थलाई सबैले बुझ्न सक्ने सजिलो

मातृ भाषामा लेखकको भावलाई छर्लङ्ग पारी अनुवाद गरी दिनु हुने सज्जन श्रेयार्थी स्व० सुब्बा शाहेवको दिवङ्गत आत्माको शान्ति कामना गर्दछु । अनि प्रातःस्मरणीय ब्रह्मनिष्ठ गुरुदेवको सु–स्वास्थ्यका लागी परमात्मा पशुपतिनाथ संग प्रार्थना गर्दछु ।

धन्यवाद
परमार्थाभिलाषी
बाबुराम श्रेष्ठ

अनुवादकको संक्षिप्त जीवनी

पवित्र भूमि नेपालको उत्तराखंड घनपोखरा भन्ने गाउँमा जन्म लिनु भएका स्वर्गिय सु० डिल्लीजङ्ग गुरूङ्ग ठूलो खानदान, धेरै ऐश्वर्यले सम्पन्न हुनाका साथै एक प्रतिष्ठित विद्वान्, व्यवहारमा होसियार खूब चलाख मानिस हुनु हुन्थ्यो । उहाँको पिताजीको शुभनाम हो सुब्बा मनिलाल गुरूङ्ग जसले मनाङ्गको विकट् बाटोमा ठूलो सुधार ल्याउनु भएको थियो । १९६४ साल कार्तिक १४।४ को शुभ दिनमा जन्म ग्रहण गर्नु भएका सुब्बा डिल्लिजङ्गले आफ्नो लामो जीवनमा नाना प्रकारका आपत् र संपतको उपभोग गर्नाको साथै साथ आफ्नू बुद्धिमत्ताको फलले कतिपय ग्रन्थहरुको नेपाली भाषामा अनुवाद पनि गर्नु भएको थियो, जो तल नामांकित छन् । तर यस्ता गुरूङ्ग जातीमा जन्म लिनु भईकन पनि विद्वान् हुनु भएको महान ऐस्वर्य र मान प्रतिष्ठाले सुसम्पन्न वहाँले आफ्नू चित्तलाई विश्राम गर्ने ठाउँ पाउन सक्नु भएको रहेनछ । पुण्योदयको फल २०१७ सालमा खुदी निवासी बाबुराम, गोविन्दरामको माध्यमबाट उहाँले सतसंगमा प्रवेश गर्ने मौका पाउनु भयो र ०१८ सालको श्री क्षितीश बाबुको यात्रामा पहिलो पटक दर्शन गर्नु भयो । ज्ञानवानको दर्शनको फलस्वरुप २०२० सालमा श्री

क्षितीश वावुलाई पुनः आफ्नू निवासस्थान मोरिङमा ल्याउने प्रयत्न सफल तुल्याउनु भयो।

यसरी ज्ञानवानको दर्शन, स्पर्शन र समागमवाट उहाँको जीवनमा ठूलो परिवर्तन आयो। एक मात्र सत्संग, श्री वावु रचित ग्रन्थावलकोन र त्यसैको चिंतन कथनादि द्वारा उहाँको समय वित्न थाल्यो। त्यसैको फल स्वरुप पहिलो मूख्य रुपमा यो विचारालोक ग्रन्थ अगाडि आउंदैछ र क्षितीश वावु मानिस हो वा सच्चा ज्ञानवान हो भन्ने कुरा पनि उहांले आफ्नो विभिन्न कृतिहरुमा दर्शाउनु भएको छ। यस प्रकार आफ्नो जीवनको समयलाई धेरै मात्राम यस्तर्फ दिन लाग्नु भयो र प्रति सोमवारको दिन सत्संगको नियम चलाल्नु भयो। त्यस दिन सकि नसकि उहाँ सत्संगमा सदा आउनु हुन्थ्यो जुन आज अद्वैत संस्थामा परिणत भई चलिरहेछ।

यसरी सांसारिक विषय ऐस्वर्यबाट भूक्तमान हुनु भएको उहाँले वारंवार भन्नु हुन्थ्यो कि मेरा दाज्यू पुण्यात्मा सुब्बा नरजंग कै पुण्यले मैले यसमा प्रवेश गर्ने मौका पाएँ किनभने दाज्यू ज्यादाकर्म-निष्ठ मानिस हुनु हुन्थ्यो, जसको हातवाट तुला दान, धान्य पर्व र कन्या-दान आदि पूण्यकर्महरू बारंवार भई रहन्थे, अरुको कन्या मागेर आफ्नै हातबाट दान दी उनीहरुको सुव्यवस्था गरिदिने, पाटी, पौवा, बाटो, घाट, नदीनालामा पक्की पुल आदि राख्ने र त्रिकाल स्नान, संध्या, यज्ञ

नगरी नखाने–अभक्षको त प्रसंगै थिएन । यसरी शास्त्रोचित कर्ममा रत हुनुहुन्थ्यो,तर दाज्यूले यस्तो ज्ञानवान क्षितोश वावु जस्ता पुरुष पाउन सक्नु भएन र यस्तो अद्वैत ज्ञानको विचार गर्ने मौका पनि पाउनु भएन जो आज मैले पाई राखेको छु । यो एकमात्र पिताजी र दाज्यूकै पुण्यको प्रसाद हो । दाज्यूले यस्ता ज्ञानवान पुरुषलाई कति खोज्नु भयो तर पाउन सक्नु भएन यदि पाउनु भएका भए कति समादरको साथ राखिकन ज्ञानामृत पीउनु हुन्थ्यो । मलाई विश्वास छ, पूण्यको फल यो तत्व ज्ञान दाज्यूले अवश्यनै कालान्तरमा पाउनु हुनेछ । अत्यन्त पूण्यात्मा स्वर्गिय सुब्बा नरजङ्गको यस्तै वयान मेरा पूज्य पिताजी सुबे० नन्दराजवाट पनि सुनिन्थ्यो । यस्तो पुण्यातमा श्री सुब्बा नरजङ्ग र श्री सुब्बा डिल्लीजङ्ग भ्रातृद्वयको कीर्ति नसुन्ने मानिस नेपालमा कमै होलान् । यिनै पितृहरुको प्रसादले उहाँहरुको पुत्र पौत्रादिहरु अद्यावधि मान प्रतिष्ठा र ऐस्वर्यले सुसम्पन्न हुनुहुन्छ । यो हो एकमात्र पुण्यको फल ।

यसै शिलशिलामा आफ्नू अनुभव व्यक्त गर्नु हुंदै भन्नु हुन्थ्यो कि आत्मानुसन्धान अतिरिक्त सुखको बाटो अर्को छँदैछैन । चाहे जस्तै ऐस्वर्य र मान प्रतिष्ठाले मानिस सुसम्पन्न किन नहोस् । सुखको सच्चा अनुभूति यही सत्संगमा प्रवेश गरेर नै मैले पाउन थाली रहेको छु । मैले यहाँ प्रवेश गरेर नै वावुका यी ग्रन्थहरुलाई नेपाली भाषामा अनुवाद गर्न लागेको हूँ । यी नेपाली ग्रन्थहरु छिटै

प्रकाशमा ल्याएर भक्तहरुको हातमा पुऱ्याउने इच्छा व्यक्त गर्नु हुन्थ्यो। तर प्रारब्ध समाप्त भएबाट त्यो काम पूरा हुन नपाउँदै २०२२। २।१९ मा उहाँ यस संसारबाट सदाको लागी विदा लिई जानु भयो।

जसको शुभ ईच्छा पूरा गर्न परमात्माले उहाँकी सुमति धर्म पत्नी अमला देवी र सुपुत्र मुनिन्द्र जङ्ग गुरुँ (मनाङ जिल्ला पंचायतका सभापति) लाई प्रेरणा दिएर पुस्तक प्रकाशित भईकन सज्जनहरुको अगाडि आई राखेको छ। यसरी उहाँको सुकीर्ति चंद्र र सूर्य रहे सम्म यी ग्रन्थवाट अमर रहने छ। जुन कीर्तिको तुलनामा अरु पुग्दैन

संसारको मान मिजास, बुद्धिको चलाख्याईं, धन जन पुत्र कलत्रादि ऐस्वर्य केही पनि कामको चीज रहनेछ भन्ने मलाई विश्वास भएर आयो भनीकन पनि उहाँले आफ्नू जीवनि व्यक्त गर्नु हुँदै भन्नु हुन्थ्यो कि आजको मित्र भोली शत्रु र आजको शत्रु भोली मित्र, यस्तो अस्थाई संसारमा कसको भर विश्वास लिईकन ब्यवहार लाई ठिक ठिक मिलाई सुख लिउंला भनी विषयमा लम्पट भएका मानिस बुद्धिमानी हुने ? अरुले सुब्बा साहेब भनिकन हात जोड्दैमा म आफूलाई ठूलो मानिस ठानीकन मक्ख परेको रहेछु, कस्तो विग्रेको मेरो विचार ? कहांको वैषयिक मानमा मक्ख पर्नु र कहांको परमार्थ ज्ञानमा मक्ख पर्नु ? धन्य हो मेरो विग्रेको बुद्धि भनिकन आफ्नू बितेको कालमा परमार्थ जान्नको पर्वाह नगरेको कुरा सम्झनु हुंदै बारंवार पश्चात्ताप गर्नुको साथै अव मलाई होस् आयो, तपाईंहरु

जस्ता मित्रको भेट्घाट् पुण्यात्मा पितृहरुको आशिर्वाद, ईश्वर तथा गुरुको अनुग्रह भएकोले वास्तविक सिद्धान्त (अद्वैत ज्ञान भन्ने वस्तु) मैंले पाएँ । अब यो सत्य सिद्धान्त मेरो हृदयबाट चलायमान हुन कदापि सक्ने छैन भनीकन वडो खुशि भएको कुरा व्यक्त गर्दै रहनु हुन्थ्यो ।

उहाँ भन्नु हुन्थ्यो "श्रेयांसि वहु विघ्नानि" भन्ने शास्त्रोक्तिलाई चरितार्थ गर्न विदेशि मानिसलाई ल्याईकन किन पैसा दिएको भनी मलाई प्रशासक वर्गबाट सोधनी आयो । तर सच्चा ज्ञानको निति मेरो प्रयास हुनाले यथार्थ व्यहोरा जाहेर गरी पठाएँ । पुनः त्यत्तिकैमा त्यो प्रसंग समाप्त भयो ।

यसरी करीव ५ वर्षको छोटो अवधिमा उहाँले आफूलाई जीवन भरको कमाईबाट नपाएको अगाध आनन्द स्वरुपमा फेला पारेको अनुभव देखाउनु हुन्थ्यो र भन्नु हुन्थ्यो – शास्त्रको ज्ञान पनि केही भएको, संसारबाट थाकेको मलाई क्षितीश बाबुको उपदेशले संजीवनि बुटीको काम दियो । त्यसकारण मैंले जसलाई पनि सत्संग मैं प्रेरणा दिन्छु भनी बताउनु हुन्थ्यो र यस्तै आफू हुनुहुन्थ्यो पनि ।

वावुसंग पत्र व्यवहार गर्दा आफूलाई शिष्यमा एकलव्य भनी नामांकित गर्नु हुन्थ्यो । यसरी वाबु प्रति उहाँको अगाध श्रद्धा भक्ति देखिन्थ्यो । उहाँले भन्नु पनि हुन्थ्यो ज्ञानवान पुरुषको मुक्त

कण्ठले गुणगान, सेवा, भक्ति हुनु हो पुण्यात्माको स्पष्ट चिन्ह र सज्जनहरूमा द्वेषादि निन्दनीय बुद्धि हुनु हो पापात्माको सुस्पष्ट चिन्ह । म धन्य मानिस हुँ—ज्ञानवान गुरु र यथार्थ शास्त्र मैले दल्ल पाएं भनी खुसी व्यक्त गर्नु हुन्थ्यो । यसरी उहाँबाट नेपाली भाषानुवाद भएका ग्रन्थ यसप्रकारको अहिले हामिले प्रत्यक्ष देखेका छौं अरु अरु कति यो होलान् ?

(१) श्री तुलसि महाकाव्य (श्लोकवद्ध र टीका सहित)
(२) श्री भगवद्गीता (श्लोक वद्ध) ।
(३) श्री मद्भागवत (उद्धव गीता)
(४) श्री रामगीता (श्लोक वद्ध टीका सहित) ।
(५) विचारालोक या नित्यतृप्ति (नेपाली भाषानुवाद)
(६) चौबीस गुरु (कवितामा)
(७) बृन्दावन (कवितामा)
(८) चित्तवोध (आफ्नू मौलिक ग्रन्थ)
(९) स्वरूपानुभव अन्तर्गत योगवाशिष्ठसार ।

सुब्बा शाहेवका मौलिक एवं अनुदित सबै कृतिहरू यथाशिघ्र प्रकाशमा आउनु ज्यादै आवश्यक छ । उहाँको यस प्रयासवाट आध्यात्मिक जगत्लाई ठूलो योगदान मिल्नेछ भन्ने विश्वास लिन सकिन्छ । परम उदार एवं भक्तिमती सामान्य प्रकाशिका सुब्बिनी शाहेव श्री

अमला कुमारी देवीको सदिच्छानुसार सुब्बा शाहेवका कृतिहरु मध्ये "श्री रामगीता" र "चित्तबोध" लाई मैले आफ्नो विश्वविद्यालयको तर्फबाट प्रकाशित गर्ने अभिभारा लिएको छु। प्रस्तुत पुस्तक आफ्नो निजी कोषले छपाई त्यसको सर्वाधिकर सहित सम्पूर्ण ग्रन्थ अनि उपरोक्त २ ग्रन्थ समेत प्रकाशन गर्न यस "स्वरुप ज्ञापक" विश्व विद्यालयलाई समर्पण गर्नु भएकोमा म विश्व कल्याणकारी यस विश्वविद्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अनि स्वर्गीय सुब्बा शाहेवको शुभाशिर्वाद हाम्रो प्रतिष्ठानले सधैं पाई रहोस् भन्ने कामना राख्तछु।

डम्बरजङ्ग "सरस्वती"
उपकुलपति
"स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालय
खुदी वेनी लंजुङ्ग
अद्वैत संस्था (नेपाल)

卐

मेरो भन्नु :

संसारका चीजविज मिलाई सुख भोगुंला भनी संसारमा तल्लिन भईरहेका हामीहरुले पुण्यद्वारा खुदीका श्री बाबुराम गोविन्दराभट्टको माध्यमबाट ज्ञानवान श्री क्षितीश बाबुको दर्शन र उपदेश सुन्ने मौका पायौं। जसको फल स्वरुप संसारबाट सुख शान्ति अवस्य नै नहुने रहेछ र सुख शान्ति मात्र आफ्नो सच्चा स्वरुपानुभवबाट हुने रहेछ र त्यसको निंति संत समागम, सत् शास्त्रादिको अनुशरण गर्नुपर्ने रहेछ भन्ने कुराको दृढ निश्चय भयो। त्यसैको फल स्वरूप जीवन भर कमाइएको विषयबाट नपाएको सुख संत समागम र स्वरुपानु-संधानबाट पाएकोले सबै सुखाभिलाषी मानिस यही तथ्य विषयमा प्रवेश गरोस् भन्ने शुभकामनाले प्रेरीत भएर किंवा ईश्वरानुग्रहबाट भनुं आज मैले खास ब्रह्मज्ञानी पूज्यगुरु कृत "विचारालोक या नित्य तृप्ति" भन्ने अत्यन्त उपयोगी आत्मज्ञानको सरल प्रक्रिया भएको हिन्दी साप्ताहिक सिद्धान्त पत्रिका सन्मार्ग प्रेस बनारसबाट निस्केको निबन्ध लाई प्रकाशित गर्ने महान मौका पाएं जुन हिन्दी भाषामा थियो र त्यसैको सबैले बुझ्न सकिने नेपाली मातृ भाषामा मेरा परमार्थ एवं गुरूचरणका अनुरागी पूज्य पतिदेवबाट अनुवाद भएर त्यो थन्किएको थियो। आज सौभाग्यवस पतिदेवद्वारा लिखित कतिपय

नेपाली ग्रन्थहरू मध्ये यो निवन्ध प्रकाश गर्न पाएं । पुनः परमात्मा संग प्रार्थना छ, यही तरीकाले पतिदेवको हस्तलेख अरु नेपाली ग्रन्थहरुलाई पनि यसरीनै प्रकाशनमा ल्याएर उहाँको अमर आत्मालाई संन्तुष्ट तुल्याउन पाउं । यस्तो अमूल्य ग्रन्थ प्रकाशनमा आज्ञा दिनु भएको मा पूज्य गुरूमा मेरो कोटी कोटी वन्दना छ र मलाई यस्तो सत् कार्यमा प्रेरणा दिने छोरा मुनिन्द्र जङ्गलाई पनि आशिर्वाद दिन्छु ।

यही शिलशिलामा मैले यो पनि भन्दछु कि यस ग्रन्थबाट जमा भएर आएको कोषबाट पुनः मेरा पतिदेवद्वारा अनुवाद भई राखेको कति पय नेपाली ग्रन्थहरु मध्ये पूज्य गुरुचरणकं हिन्दी लेखको टीका जसको पद्य रुपमा पतिदेवबाटै नेपाली भाषामा अनुवाद भई राखेको "रामगीता" र पतिदेवको नीजि अनुभवले भरिएको "चित्तबोध" भन्ने दुईटा सानुसानु ग्रन्थ पनि प्रकाशित गरिकन यी तीन वटा ग्रन्थबाट लब्ध अर्थ सहित प्रकाशकीय सर्वाधिकार खुदीवेनी आदर्श शाखा ज्ञानभूमी अन्तर्गत " स्वरूप ज्ञापक " अद्वैत विश्वविद्यालयलाई सहर्ष प्रदान गरेकी छु ।

यसरी खास ज्ञानवान महापुरुषबाट लिखित ग्रन्थ विना गंभीर शास्त्रको अर्थ अरुबाट प्रकाशित हुन नसक्ने र यस्ता ग्रन्थानुसंधान विना आफ्नू सूक्ष्म आत्मतत्वको प्राप्ति पूर्वक चीर सुखी हुन नसक्ने हुनाले सर्वसाधारण मुमुक्षुको कल्याणार्थ उक्त अमूल्य ग्रन्थ रत्नलाई पुस्तकाकारमा प्रकाशित गरिरहेकी हूँ ।

यस ग्रन्थ प्रकाशनमा सहयोग दिनु भएको र पतिदेवको जीवनी, चित्र द्वारा समेत मिहनत पूर्वक ग्रन्थ परिचय आदि लेख्ने कष्ट गरि दिनु भएका भक्तहरुलाई पनि धेरै धेरै धन्यवाद टक्र्याएकी छु ।

अन्तमा हाम्रा ईश्वर मूर्ति वर्तमान नरेशको छत्र छायामा सच्चा ज्ञानवान श्री क्षितीश बाबुद्वारा निर्मित आत्मज्ञानका नेपाली ग्रन्थ, अद्वैत संस्था, अद्वैत महाविद्यालय, विश्वप्रशिद्ध अद्वैत विश्व-विद्यालयको माध्यम द्वारा अद्वैत ज्ञानको अप्रतीभ रूपले प्रचार भई रहेको र कल्याणको यस्तो सुनौला मौका पाएको वखत सबैले आत्म कल्याण गर्नु हुनेछ भन्ने धेरै धेरै आशा लिनुका साथसाथै अद्वैत संस्थाका संस्थापक तथा अखिल अद्वैत विश्वविद्यालयका कुलपति ब्रह्मनिष्ठ प्राच्य पाश्चात्य सर्व विद्या कुशल डाक्टर क्षितीश बाबु (श्री गुरुदेव) को चिरायुको कामना पूर्वक यो मेरो सानु भनाई टुंग्याउँछु ।

प्रकाशिका
अमला कुमारी देवी
मोरीङ् घनपोखरा

विचारालोक प्रति :

प्रस्तुत ग्रन्थको विषयमा कुनै कुराको विवेचना गर्नु परेको छैन, किनकि प्राचिन कालका महर्षिहरूको आधारमा आधुनिक ज्ञानवानको प्रौढ अनुभूतिबाट निस्किएको विचार प्रति कुन आधारले विवेचना गर्ने ? उही पनि अद्वैत मुखमण्डन श्री बाबुराम देशिकोत्तमबाट ग्रन्थको विषयमा जो भन्नु पर्ने कुरा बाँकी नराखीकन बताई सक्नु भएको छ ।

विचारालोक प्रति मेरा पनि ज्यादा स्नेह छ. किनभने वेदान्त विषयमा मेरो प्रवृत्तिको शुभारम्भ यही आलोकबाट भएको हुनाले मेरो निमित्त ग्रन्थ जसरी उपकारक बन्यो पाठकहरू पनि उसरी नै यो ग्रन्थबाट उपकारित हुनु हुनेछ ।

अनुवादक स्वर्गीय सुब्बा साहेब एवं उहाँकी धर्मपत्नी र सुपुत्रहरूको यो ग्रन्थ रत्न प्रकाशित गर्नु रूप पुण्यबाट योग्य पिता पतिको योग्य पत्नी र पुत्र स्वयंको पनि परम कल्याण प्राप्त गर्नु हुनेछ यो हो मेरो सत्य धारणा ।

आखिर यो ग्रन्थरत्न "स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालयलाई समर्पित भएको र त्यसको आम्दानिबाट युगल ग्रन्थरत्न प्रकाशनमा आउने समेत भएकोले सुब्बा साहेबको कीर्तितत्व स्थायी हुने भएकोले पनि बढी हर्ष प्रकट गर्दछु । काजिसाहेब श्री मुनिन्द जङ् (सभापति मनाङ् जिला) यस्तै उदार पितृ मातृ र गुरू भक्तिको ज्वलन्त उदाहरण बनी रहनोस् कामना गर्दछु ।

ज्ञानहरि "सरस्वती"
सर्वप्रधान उपकुलपति
अखिल अद्वैत विश्वविद्यालय
(नेपाल)

मकर संक्रान्ति २०२८
क्षेत्रपुर, नारायणगढ

सच्चिदानन्दरूपाय महानुग्रह कारिणे ।
माया निर्मित विश्वाय महेशाय नमोनमः ॥

)(❀)(

तज्ज्ञानं प्रशमकरं यदिन्द्रियाणां ।
तज्ज्ञेयं यदुपनिषत्सु निश्चितार्थम् ;
ते धन्या भुवि परमार्थ निश्चिते हाः ।
शेषास्तु भ्रमनिलये परिभ्रमन्ति ॥

)(❀)(

यो ध्रुवाणि परित्यज्य अध्रुवं परिसेवते ।
ध्रुवाणि तस्य नश्यन्ति अध्रुवं नष्टमेव हि ॥

)(❀)(

जो ध्रुव (निश्चित) वस्तुलाई छाडेर अध्रुव (अनिश्चित वस्तु किम्वा नभएको वस्तु) को पछि लाग्दछ, त्यस्ताको अध्रुव त नष्ट छँदै छ; ध्रुव वस्तु पनि नाश भएर जान्छ। ध्रुव वस्तु (आत्म चिन्तन किम्वा आत्म तत्व) लाई छोडेर अध्रुव वस्तु (विनाशशील संसार) मा भुलेर नै हामिहरू दुःखले व्याहत भएर रहेका छौं। सुतरां मनुष्य मात्रको सर्वोपरि कर्तव्य

यहि देखिनमा आउंछ कि आत्म ('म') को चिन्तन गरेर जीवन सफलीभूत बनाउनु । यो आत्म वस्तुलाई जान्ने साधन के छ ? सद्विचार किम्वा वस्तुविचार । या कहाँबाट प्राप्त हुन्छ "विचारालोक" बाट । प्रस्तुत ग्रन्थ, आदरणीय पूज्यपाद "क्षितीशचन्द्र बाबु" बाट लेख्नु भएको छ । परमात्माको असीम अनुकम्पा एवं प्रेरणा द्वारा म यहि महार्घ ग्रन्थ (विचारालोक) को नेपाली भाषामा अनुवाद गर्न लागेको छु ।

हुन त हीरालाई खोल हालेर त्यसको महत्व बढाउन खोज्नु एउटा हास्यास्पद कुरा हुन आउंछ; अपितु सिद्ध हस्त श्रध्देय बाबुको–अमृतमय लेखले परिपूरित विचारालोकमा जागतिक नाटक हेर्न पाउने सौभाग्य प्राप्त हुनु पनि कम महत्वको कुरा होइन ।

पूर्व जन्मार्जित पुण्यको सञ्चय द्वारा श्रध्देय बाबुको श्री चरणको दर्शन सौभाग्य वश १८ सालको वसन्तमा प्राप्त भयो र वहाँको पदारविन्दमा दुइ हप्ता जति सेवा गरेर रहने सौभाग्य किम्वा सुअवसर पाएं । जस्को अमूल्य सत्सङ्गबाट सांसारिक प्रपञ्चको परिभाषा केही मात्रामा बुझ्न सक्ने क्षमता प्राप्त भयो । बीचमा वहांको श्री चरणको सहवास टुट्न गयो तापनि वहांको दिव्या-

मृत वचनको यथामति मनन गर्ने मौका पाइयो। यस्तैमा साथी हीरा–श्यामहरूको अकथनीय परिश्रम किम्वा अनन्य भक्तिको परिणाम बाबुको मुखार विन्दबाट निक्लेको "गीतामृत" सजीव रूपमा हाले मात्र दर्शन पाइयो। जो बाबुकै प्रतीक रूपमा भक्तहरूको हृदया-काशमा "शारदीय पूर्ण मृगाङ्कवत्" उदित भइरहेछ। यद्यपि गीताका उपलब्ध टीकाहरू यथा प्राप्त अध्ययन गरियो; तथापि यो "गीतामृत" बडो मार्मिक एवं तात्विक ढङ्गमा लेखिएको पाएँ। जसमा सरल प्रक्रिया द्वारा 'त्वं' पदार्थको शोधन गर्नाको साथ साथै तत्पदार्थको लक्ष्यमा पुग्ने साधन बताइएको छ। यस्मा तारिफ किम्वा आश्चर्य जनक कुरा यहि छ कि, गीतामृतमा केवल 'म' को अनुसन्धान सिवाय बाह्य विषयको समावेश भएको देखिएन। धन्य हो! बाबुको भक्तजन माथि परम अनुग्रह। यसलाई जति बयान गरे पनि पुग्ने कुरा नै होइन। यसको दृढ अध्ययन, मनन नै आत्म साक्षात्कारको भूमिका हो। अन्तमा यसले आत्म साक्षात्कार गतिमा अवश्यंभावी पुर्‍याइ हाल्छ; यहाँ उहा-पोहको प्रसङ्ग नै आउंदैन। यस्तो ग्रन्थ प्रकाश गराइ दिनु भएकोमा जिज्ञासु जगत् "श्रद्धेय बाबुको" निरन्तर

अतिशय-ऋणी रहने छ।

गीतामृतको अध्ययन गरेर यथाशक्य (गहिराइको पत्ता लगाउन नसके तापनि) सेचन गर्दै थिएँ। यस्तैमा एक दिन साथीहरूको एउटा गोष्ठीमा बाबुबाट लेख्नु भएको "विचारालोक ग्रन्थको" कुरा चल्यो। यो विचारालोक नेपालीमा अनुवाद गरेर छपाउने कुरा पहिले पनि चलेको रहेछ; तर त्यसै स्थगित भएको रहेछ। प्रसङ्गवश त्यो दिन पनि यसको नेपालीमा अनुवाद भइ दिए धेरै जिज्ञासुहरूलाई ग्रन्थको अवलोकन गरेर बुझ्न सक्ने क्षमता प्राप्त हुने थियो भन्ने कुरा चल्यो। प्रसङ्ग वश युवा भक्त डम्बरजङ्ग गुरुङ्गले यसको अनुवाद गराइ दिनु होस् भनी म सित अनुरोध गरेकोले मलाई पनि विचारालोकमा आफूलाई हेर्न वडो उत्कण्ठा लाग्यो। अघि देखि नै "विचारालोक" अध्ययन गर्ने प्रवल आकांक्षा थियो, तर पनि त्यो हेर्ने सौभाग्य मिलेको थिएन। यसैले पनि त्यो अवलोकन गर्न, लेख्न, अन्तः करणमा कुत्कुति लाग्यो; जो स्वभाव सिद्ध कुरा नै हो। अनि साथि बाबुरामजी सित विचारालोक मगाएर लेख्न थालें। यस्तो उत्कृष्ट ग्रन्थ लेख्न पाएकोमा आफूलाई सौभाग्यशाली संझें। विषयक कुनै वस्तुबाट

पनि मनुष्य सौभाग्यशाली हुन सक्दैन, किनकि दृश्यमान पदार्थ जेमा पनि दुःखको बहुमात्रामा समावेश भै रहेको छ। दुःख निर्मुक्त कुनै वस्तु नै छैन, एक अध्यात्म ज्ञान मात्र दुःख रहित छ। सुतरां विचारालोक मा आफूलाई सम्यक् प्रकाशित गर्न सक्यो भने त्यसको जन्म सार्थक हुन जान्छ। आफूलाई सम्यक् प्रकारबाट प्रकाशित गर्न नसके तापनि, त्यसको किरणले त अवश्यै पनि संवेष्ठ हुन्छ र त्यस द्वारा सञ्चित पाप दग्ध हुन्छ; यसमा केही आश्चर्य छैन।

क्रमशः विचारको आलोक (उज्यालो) मा 'म' को तत्व अनुसन्धान गर्दै, गन्तव्य लक्षमा नपुगे सम्म अविरल गतिले मात्र बढ्न सकियो भने, 'म' को परिभाषा पत्ता लगाउन दुष्कर छैन। यस ग्रन्थमा यति सजिलो उपायको अवलंबन गरेर महामहोपाध्याय बाबुले लेख्नु भएको छ कि त्यो कुन मुखबाट बयान गरूँ? तथा कस्तो शब्दबाट धन्यवाद टक्र्याउं? यो शब्द नै पाउन सकेको छैन।

वास्तवमा स्थूल देहलाई 'म' सिद्ध गराउनाले नै संसार खडा हुंदो रहेछ। संसार भन्ने कुरा अर्को केही छँदै छैन। यसैले महापुरुषहरू संसार छैन भनेर वार

वार संसारको मिथ्यात्व निदर्शन गर्दछन् । जब तक स्थूल देह सिद्ध छ, तब तक संसार सिद्ध छ । युक्ति द्वारा स्थूल शरीर असत्य निश्चित हुनासाथ संसार असत्य निश्चित भइहाल्छ । जस्तो डोरी सिद्ध हुनासाथ त्यसमा अवभासित-सर्प झूटो भइहाल्छ । यहि शरीरमा 'म' को अस्तित्व सिद्ध गराएर नै खडा भएको संसारमा जीव विमुग्ध भएर भड्की रहन्छ । त्यसमा भट्किनाको कारण पनि सुख प्राप्तिकै उद्देश्यले हो, परन्तु त्यो सुख कहाँ छ ? कहाँबाट प्राप्त हुन्छ ? त्यो सर्व साधारणले पत्ता लगाउन सक्ने कुरा नै होइन । जति पनि सुखको खोजी गरिन्छ, द्रष्टव्य विषयलाई नै अंगालेर । परन्तु सारा दृश्यमान पदार्थ अनित्य र आत्माबाट प्रकाशित हुने हुनाले, त्यसमा सुखको लवलेश मात्र पनि पाइँदैन ।

उदाहरणार्थ- जुन वस्तुले हामिलाई क्षणिक सुख दिन्छ, त्यही वस्तु अगत्या दुःख दिने हुन्छ । यो किन हुन्छ ? यस विषयमा कोही अनुसन्धान गर्दैन । सुतरां बाह्य पदार्थबाट सुख प्राप्त भएको ठानेर मनुष्य मोहित हुन्छ । वस्तुबाट सुख हुने भए, परिणाम त्यसले दुःख दिन नपर्ने ? सुख प्राप्तिको उद्देश्यले मानिस धन, स्त्री, जग्गा जमिन जोड्ने प्रयत्न गर्दछ; तर त्यही पदार्थ

द्वारा दुःख प्राप्त भइ रहेको देखिन्छ। यसैले संसारमा दुःख सिवाय केही पनि छैन, यो आनुमानिक मात्र होइन, प्रत्यक्ष प्रमाण सिद्ध पनि छ। जब सम्म यो स्थूल देहमा अभिमान (अहंपना) निवृत्ति हुंदैन, तब सम्म बहिर्मुखी (विषय तिर फर्केको) वृत्तिलाई अन्तर्मुखी (आत्मा तिर ढल्केको) बनाउन अति कष्ट साध्य छ। जस्तो रोगको कारण पत्ता नलागे सम्म बेरामी रोगबाट उत्तीर्ण हुनु कठिन कुरा छ, परन्तु औषधि सेवन द्वारा रोगबाट मुक्ति पनि संभव छ। त्यस्तै यो स्थूल देहमा 'म' भन्ने अभिमान रूप रोग निवृत्ति नभए सम्म, संसार बन्धन छुट्न सक्तैन। अतः संसार रूपी व्याधि द्वारा मरणासन्न भएका जिज्ञासुहरु प्रति, यो "विचारालोक रूपी औषधि" बाबुबाट प्रदान गर्नु भएको छ।

जगत्‌मा जति पनि विषय छन्, सारा अनुभव युक्ति बाट नै सिद्ध भएका छन्। युक्तिमा अयुक्ति कसैले पनि गर्न सक्तैन। युक्ति नै लौकिक, व्यावहारिक एवं पारमार्थिक भण्डारको ढोका खोल्ने चाभी हो। युक्तिले नै व्यवहार चल्दछ, युक्तिले नै परम तत्वको साक्षात्कार गर्न सकिन्छ। यसमा यहि युक्ति प्रदर्शन गर्नु भएको छ - जुन युक्ति द्वारा देहाभिमान रहित हुन्छ। देहमा

अभिमान छुट्नु नै, संसार-बन्धनबाट छुट्नु हो। युक्तिबाट देह असत्य सिद्ध भए पछि किम्वा असत्य सिद्ध गराउन सके पछि, परमार्थ तत्वमा प्रवेश नगरी सुखै छैन। कडा असाध्य,भवरोग (देहमा भएको अहंपना) लाई विचारालोक रूपी "सञ्जीवनी बुटी" निर्मूल गराउंछ।

जिज्ञासु भक्तहरू माथि अपरिमेय कृपा गरेर, यस विचारालोकमा बाबुबाट पहिले-"म को हुं? यस ज्ञानको सरल प्रक्रिया" बाट सुरू गर्नु भएको छ र यस विषयलाई तीन भागमा विभाजन गर्नु भएको छ। पहिले "वस्तु विचारबाट जड देहको निरसन" किम्वा निराकरण गरेर, आत्म स्वरूपको निश्चित गर्नु भएको छ। पश्चात् "महावाक्य विचारबाट 'त्वं' पदको" शोधन गरीकन "अस्ति, भाति, प्रियको" विवेचनबाट तत्पदमा पुग्न सक्ने युक्ति दर्शाउनु भएको छ। यो प्रकरणको विपरीत चल्नाले किम्वा सारा एकै साथ अनुष्ठान गर्नाले फलोदय हुन सक्तैन भनेर जिज्ञासुहरूका हितार्थ, मृदु-मञ्जुल शब्दबाट बाबु प्रेम साथ चेतावनी पनि दिनु हुन्छ। तर यो अनुष्ठान गर्नलाई-अधिकार सम्पन्न नभए सम्म नहुने हुनाले, के गर्दा अधिकारी हुन सकिन्छ? यसको उपदेश दिनु भएको छ र अधिकार सम्पन्न भए पछि

"विद्वत्संन्यास र विविदिषा संन्यास रूपमा" संन्यासको स्पष्टीकरण दिनुभएको छ। पश्चात् विचारमा जोड दिनु भएकोछ, यहि विचारको अन्तर्गत "वस्तुविचार, स्थूलशरीर विचार, तथा पंचीकरण विवरण" सम्यक् रूपले दर्शाउनु भएको छ। अनि "स्थूल शरीर के हो? सूक्ष्म शरीर के हो? कारण शरीर के हो?" यसको विवेचन तथा निरसन गरेर विचार सिद्धान्त प्रस्तुत गर्नु भएको छ।

सम्यक् युक्ति पूर्वक तीनै शरीरलाइ असत्य सिद्ध गराउन अर्थात् स्थूल, सूक्ष्म, कारण शरीरबाट 'म' भाव हटाउन पंचकोशको विशद व्याख्या गरेर "म पनि होइन–मेरो पनि-होइन" रूपमा सिद्ध गर्नु भएको छ। जुन युक्तिबाट सबै शरीरमा "अहं मम" भावको खण्डन हुनजान्छ। हुन त यतिले पनि कुशल तत्त्ववेत्ताहरु सजिले सित देहाभिमान रहित हुन सक्तछन्, तर पनि सर्वसाधारण (हामीहरु जस्ता) का निमित्त यस्तो असत्य, क्षण भंगुर–शरीरमा "अहंता, ममता" कसरी सिद्ध भयो? शरीर स्वभावेन जड छ, आत्मा नित्य चेतन छ। सारा कुरा चेतन आत्माबाट सिद्ध हुने भएपछि जड शरीरलाइ के दोष? यो शंका निराकरण गराउन,

यस विषयमा "ग्रन्थिभेद विवरण तथा विचार" प्रस्तुत गरेर यसको युक्ति पूर्वक समाधान गर्नुभएकोछ। यद्यपि लौह (फलाम) को दहन क्रिया कहिले पनि सिद्ध छैन, परन्तु अग्निको संपर्क पाएर प्रतप्त भएको लौह पिण्ड दहन कार्यमा समर्थ हुन्छ । फलामको गोलरूपमा अग्नि परिणत हुन्छ । यस्तो हुनुलाइ ग्रन्थि (चिज्जडको ग्रन्थि) भनिएको छ । यो चेतन र जड्को ग्रन्थि खोलेर बन्धन रहित हुने सरल तरिकाको युक्ति प्रदर्शन गर्नु भएको छ ।

चिज्जडको ग्रन्थि खोलेर मात्र पूर्ण लक्षमा पुग्न बाँकि नै रहने हुनाले, महावाक्य विचार राख्नु भएको छ। 'तत्वमसि'को विस्तृत व्याख्या गरेर युक्ति पूर्वक मिमांसा गर्नु भएकोछ। अध्यारोप कसरी हुन्छ ? प्रकृतिको साम्यभाव कसरी भङ्ग हुन सक्छ ? तथा अपवाद निरुपण कसरी हुन्छ ? यसको युक्ति दर्शाउनु भएकोछ। अनि भाग त्याग लक्षण र महावाक्यको विवरण गर्नु भएकोछ। अझै यसलाई परिपुष्टि गराउन स्वरुपविचार प्रकरण राखिदिनु भएकोछ। जसमा–अस्ति, भाति, प्रिय, नाम, रुपात्मक जगतबाट युक्ति पूर्वक नाम, रूपलाई अलग गराएर "अस्ति,

भाति, प्रियरूपमा" नित्य शुद्ध आत्मालाई सिद्ध गराउने युक्ति दर्शाइकन, ज्ञान प्राप्तिको उपाय देखाउनु भएकोछ।

त्रिविध कर्मको क्षय नभए सम्म साक्षात्कार हुन नसक्ने हुनाले त्यो कसरी कुन युक्तिवाट क्षय हुन्छ? त्यसको निरुपण गर्नलाई "त्रिविध कर्मक्षय विवरण" प्रकरण देखाएर "मुक्ति विवरण" गर्नु भएकोछ। पश्चात् तत्व ज्ञानाभ्यास "अहं ब्रह्मास्मि" को निरुपण गरेर देखाउनु भएकोछ। वासना अवशिष्ठ रहिनूजेल पूर्णतः परमानन्द नमिल्ने हुनाले वासना क्षयको तरिका देखाउनु भएकोछ। वासना क्षय नभए सम्म तत्वज्ञान सम्यक् रुपवाट खुल्न सक्तैन। सुतरां वासनाक्षय हुनामा मनोनाश गराउनु अत्यावश्यकछ, किनकि सबैको कारणीभूत मनै हो (मनैवाट वन्ध र मोक्षको सिद्ध हुन्छ) अतः मनोनाशको तरिका पनि युक्ति पूर्वक देखाउनु भएकोछ। यो सबै कुराको वर्णन पश्चात् "सविकल्प समाधि, निर्विकल्प समाधि" आन्तर वाह्य भेदले ६ प्रकारवाट वर्णन गर्नु भएकोछ। अन्तमा ज्ञानीको शरीर पात कसरी हुन्छ? यसको विवरण गरेर उनन्तीस प्रकरणमा यो विचारालोक समाप्त गर्नु भएकोछ।

उपर्युक्त सवै विषयको सकृत् परिशीलन गरेर, अभ्यासमा दत्तचित्त हुनु मानव मात्रको अतिशय मुख्य कर्तव्य हो। यसमा जस्तै शंकालुको पनि नकारात्मक उत्तर आउन सक्तैन; किनकि अकाट्य युक्तिहरुको प्रदर्शन गरेर सारा उपनिषद्हरुको सिद्धान्त निचोरिकन, सवैलाइ "विचारालोक" (विचारको प्रकाश) दिलाइ दिनुभएकोछ । यस्तो विचारालोक अध्ययन गरेर 'म' को अनुसन्धान गर्नपछि लागेन भने त्यो आत्मघाती पदमा प्राप्तहुन्छ भन्नमा अत्युक्ति न होला। अनुभव, तर्क, युक्तिवाट घडा सिद्ध हुँदा हुँदै पनि वडा होइन भन्छ भने त्यसलाइ मूर्ख सिवाय अरु के भन्ने ? अतः विचारालोकमा वास्तविक 'म' को अन्वेषण गर्नु नै, मानवमात्रको एकमात्र अभिप्रेत (वाञ्छित) उद्देश्य हो। यसको प्रतिदिन अध्ययन, मनन गर्दै गयो भने जस्तै मूर्ख पनि सज्जन वनी हाल्छ। यसमा आश्चर्य किंवा सन्देहको प्रश्न नै उठ्न सक्तैन। यस्तो अमूल्य ग्रन्थ लेखेर विचारको आलोक फैलाइ दिनु भएकोमा, हामी "आदरणीय, वरेण्य-वावुको" अत्यन्त ऋणी छौं र फेरि पनि अञ्जलि वद्ध भएर वावु सित अरु पनि ऋण पाउने आशा राखेर निवेदन गर्दछौं।

यो "विचारालोक" वावुवाट लेख्नुभएको वंगाली

भाषाको हिन्दी अनुवादबाट निकालिएको नेपाली अनुवाद हो। जो वनारसबाट निक्लने मासिक सिद्धान्त पत्रिकामा क्रमशः वंगाली भाषामा दिंदै जानु भएको थियो। यसको यत्न पूर्वक संग्रह गरेर सुरक्षित रुपमा राख्नु भएका विद्वद्वर पं. कृष्णकान्तज्यूको परिश्रम अत्यन्त प्रसंशनीयछ। यदि उहाँले त्यसरी संग्रह गरेर नराखि-दिनु भएकोभए यो अनुवाद यसरुपमा निक्लन असंभव थियो। सौभाग्य वशात् प्रस्तुत–अनुवाद, त्यहि सिद्धान्त पत्रिकाबाट चुनेर २६ प्रकरणमा समाप्त गरिएकोछ।

यो अनुवाद विषयमा आफ्नो केही मन्तव्य प्रकट गर्न अनौचित्य नहोला। जस्तो सिद्धहस्त प्रवीण बाँडाबाट तयार भएको अलंकारको नक्कल कुनै ग्रामीण लो-हार (कामी)ले वनाउन खोज्यो भने तयार हुनै मुस्किलछ। कदाचित् तयार भइ हाले पनि तादात्म्य रूपमा कदापि उत्रन सक्तैन। अस्पष्ट, भद्दारूपमा उत्रन्छ। त्यस्तै अध्यात्म ज्ञानको अनुभव नभएको, अलपज्ञ लेखकको अनुवाद पनि कैयौं त्रुटि संयुक्त भएर उपस्थित भएकोछ; अपितु कलाको विवेचन तिर नलागेर सुवर्णको विवेचन गर्नु सज्जनको कर्तव्य हो। कार्य, कारणबाट उद्भव हुन्छ। कार्यमा जस्तै गन्ध देखिएता

पनि कारण कै अन्तःपाति हुन आउँछ। सुतरां यस अनुवाद मा जति सुकै त्रुटि भएतापनि यसको अनुवाद गर्न सक्ने क्षमता सर्व नियन्ताबाट प्राप्त भयो। यहि मेरा निमित्त सौभाग्यको कुरा छ। अन्तमा यस ग्रन्थका लेखक ब्रह्मनिष्ठ गुरुदेव (क्षितीशबाबु) का चरण कमल मा यो अनुवाद टक्र्याएर सन्तोष लिन्छु – (त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पयेत्)

विक्रम सम्वत्
२०२१ साल वैसाक

लेखक
डिल्ली जंग गुरुङ्ग

ॐ परब्रह्मणे नमः

यं ब्रह्मा वरूणेन्द्र रूद्र मरूतं स्तुन्वन्ति दिव्यैस्तवै,
वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः।
ध्यानावस्थित तद्गतेन मनसा पश्यन्ति यं योगिनो;
यस्यान्तं न विदु सुरासुर गणा देवाय तस्मै नमः।

)(❀)(

जस्को दर्शन मात्रले हृदयको दुर्भावना हट्तछ;
जस्को वाक्य सुनेर भित्र मनमा आनन्द मौलाउँछ।
जस्को सङ्गतले स्वरूप सुखको सत्ता खुली हाल्दछ;
यस्ता ज्ञानमय क्षितीश भगवान्लाई नमस्कार छ।

)(❀)(

❀ विचारालोक किं वा नित्यतृप्ति ❀

(म को हुँ ? यस ज्ञानको सरल प्रक्रिया)

कस्तूरीको सुगन्ध, आफ्नै नाभिबाट निस्किलएकोछ तापनि भ्रमवश त्यो मृग बाहिर बाहिरै सुगन्धको खोजी गरेर घुमीरहन्छ । त्यस्तै सबै प्रकारको सुख तथा निरतिशय (ज्यादासे ज्यादा) शान्तिको उद्गम (उत्पति) स्थान जीव स्वयं (आफैं) हुँदा पनि अर्थात् जीव नै सुखको अधिष्ठान (स्थान) हुँदा पनि आफूले आफूलाइ यथार्थतया (राम्रो प्रकार सित) न जानेर, जीव प्राप्त दुःखको (आइलागेका दुःखको) निवृत्ति गर्न सर्वदा बाहिर चक्कर लगाउने गर्दछ । कृत्रिम आयास (बनावटी परिश्रम) बाट सुख प्राप्तिको संभावना (कल्पना) नै छैन । आयास (परिश्रम) शून्य भए पछि नै सहज सुखको अनुभव हुन्छ । आफ्नो शुद्ध स्वरुपमा कुनै प्रकारको आयास, किंवा दुःखको लेश मात्र पनि छैन । जब सम्म विचारालोक (विचारको उज्यालो) प्राप्त हुन्न, तब सम्म जीवको भ्रान्ति मेटिँदैन । विचारको आलोकमा, आफ्नो स्वरुपको साक्षात्-कार (दर्शन) गरेपछि जीवको समस्त दुःख निवृत्त

भएर नित्य शान्ति प्राप्त हुन्छ। पूर्ण आत्म सुखको सर्वदा अनुभूति (अनुभव) हुनु नै नित्य तृप्ति हो। त्यस सुखको अगाडि ब्रह्मलोकको समग्र ऐश्वर्य एवं सुखभोग, बिल्कुल नगण्य (गणनागर्न अयोग्य) ठहरिन्छ। विचारालोक यहि नित्य तृप्तिको पथ-प्रदर्शन (बाटो देखाउने) गर्दछ।

जुन चैतन्य-प्रकाशमा, "जाग्रत्, स्वप्न, सुषुप्ति" अवस्थाहरु प्रकाशित हुन्छन्, जो सारा अवस्थाहरुको परिवर्तन (अदलि बदली) भइरहँदा पनि सर्वदा समभाव (एकनास भाव) मा स्थित रहन्छ; जसको सत्ता-अतिरिक्त [अस्तित्व भिन्न] जगतमा कुनै पदार्थ पनि विद्यमान [उपस्थित] छैन, जो मायाको प्रभावले विश्वाकार [संसारको आकार] मा विवर्तित भएर पनि अर्थात् बदलिएर पनि सङ्ग रहित छ, जसलाई जाने पछि माया जन्य भ्रान्ति समूल नष्ट भएर जान्छ, जुन आत्म चैतन्य, अखण्ड, एकरस, ब्रह्मलाई जानेर कृत कृत्य [कृतार्थ] हुन जान्छ, त्यो अद्भुत स्वरूपलाई वार वार प्रणाम गर्दछु।

यस अनादि [आदि नभएको] संसारमा जीव समूह, अज्ञान द्वारा-अभिभूत [परास्त] भएर एवं आत्मस्वरूप लाई भुलेर, जन्म-मरणादि, नाना प्रकारका क्लेश वारं

बार भोग गर्दछन् । देहात्म बुद्धि [देह नै आत्मा हो भन्ने बुद्धि] मा दृढता भएर, असंख्य दुःख एवं बहुल [अधिक] सन्ताप सहन गर्दछन् । दुःख सन्ताप निवारणार्थ कर्मादि अनुष्ठानरूप जति उपायहरू परिकल्पित [कल्पना] भएका छन् त्यस द्वारा दुःख, सन्ताप, उपशम [निवृत्त] नभएर पुनः पुनः [फेरि फेरि] वृद्धिङ्गत [बढी रहनु] भइ रहन्छन्; केवल विचारको अभाव [कमी] ले नै जीव संसारी भएर यस्तो दुर्गतिमा प्राप्त हुन्छ । सौभाग्य वश, ईश्वरको अनुग्रह [करूणा] ले विचारको सहायता द्वारा, जीव आफूलाई जानेर स्वरूप [आत्मस्वरूप] मा स्थित हुन्छ; अनि समस्त संसार–दुःख नष्ट भएर परमानन्द प्राप्ति हुन्छ । "ब्रह्मविद् ब्रह्मैव भवति" "तरति शोकमात्मवित्" "तं विदित्वा अति मृत्युमत्येति" "तद्ब्रह्माहमिति ज्ञात्वा सर्वं बन्धैः प्रमुच्यते" यी सारा श्रुतिहरू यस विषयमा प्रमाण (उदाहरण) छन् । स्मृतिहरुमा पनि बताइएको छ कि – " ज्ञात्वा देव मुच्यते सर्व पाशैः " यस विषयमा युक्ति पनि छ कि जस्तो स्वप्नावस्थामा प्राप्त दुःख, जागेपछि समूल (फेदै सहित) नष्ट भएर जान्छ ।

अतएव आफूले आफूलाई जान्न सक्नु नै जीवको

निमित्त सबै प्रकारले कल्याण कर (कल्याण गर्न) छ। संसार-सिन्धु [संसार रूपी समुद्र] पार हुने उपाय तथा बाटो पनि अर्को छैन– "नान्यः पन्था विद्यतेऽयनाय" यो श्रुतिको वचन छ। अज्ञान द्वारा विस्मृत [बिर्सिएको] आत्मस्वरूपलाई फेरि जान्नुको नाम नै हो "ज्ञान"। त्यो ज्ञान विचार-अतिरिक्त; अरु कुनै उपायले पनि प्राप्त गर्न सकिंदैन। शंकराचार्य भन्नु हुन्छ– "नोत्पद्यते विना ज्ञानं विचारेणान्य साधनैः। यथा पदार्थ ज्ञानं हि प्रकाशेन विना क्वचित्।" विवेक द्वारा " सत्-असत " वस्तुको विवेचन [निर्णय] गरेर "सत्" वस्तुबाट असत् वस्तुको निवारण गर्नुको नामहो "विचार"। यसैको दृढतर (पक्का) अभ्यास ले "ज्ञान" उत्पन्न हुन्छ। प्रतिबन्धकवशात् अल्प समय [थोरै काल] मा ज्ञानोदय नभए पनि, अभ्यासमा- अनास्था (अश्रद्धा) नगरीकन, वार वार आलोचना [विचार] गर्दै रहनु पर्दछ। प्रतिबन्धकको क्षय [नाश] भए पछि अवश्यमेव ज्ञान प्राप्त हुन्छ। यदि मृत्युकाल पर्यन्त [नमरे सम्म] विचार गर्दा पनि ज्ञान प्राप्त भएन भने त्यो दृढ अभ्यासको फल स्वरूप जन्मान्तर [अर्को जन्म] मा ज्ञान प्राप्त भइहाल्छ, यसमा सन्देह छैन। वामदेव ऋषि यसमा प्रमाण छन्। उनलाई विचारको

दृढ नैपुण्य [कुशलता] को कारण, आमाको गर्भमा नै ज्ञानोदय [ज्ञानको उदय] भएको थियो ।

अतएव मुमुक्षु [मोक्षको चाहना गर्ने] ले उपासना आदि सारा कर्महरुलाई उपेक्षा [तिरस्कार] गरेर, निरन्तर विचार रत [विचार मग्न] एवं तद्‌गत बुद्धि भएर अर्थात् त्यसैमा बुद्धि लीन गराएर रहनु पर्दछ । कुनै प्रकारको आलस्य, अनास्था [अरुचि] आउन दिन हुंदैन ।

यद्यपि अनेकौं ग्रन्थहरुमा आत्म विचारको विस्तृत [विस्तार] रूपले निरूपण [विचार] गरिएको छ, तथापि शास्त्रानभिज्ञ [शास्त्र नजान्ने] मुमुक्षुहरुका निमित्त त्यो सुलभ [सजिलो] छैन । अतः विचारको प्रणाली [चाल, ढङ्ग] नजानेर, ज्ञान प्राप्तिमा सक्षम [समर्थ] हुन सक्दैनन् । एतदर्थ [यस निमित्त] अनेक प्रकारको आलोचना, विवेचना, [विचार, निर्णय] पूर्वक शास्त्र, युक्ति, अनुभूति [अनुभव] तथा साधूक्ति [सन्तहरुको उक्ति] द्वारा संवलित [निश्चय भएको] यो प्रस्तुत [तयारी] निबन्ध, मुमुक्षुहरुका हितार्थ [कल्याण निमित्त] निर्मित [रचना] गरिएको छ । यसको अवलोकन [हेर्ने] एवं आलोचना [विचार गर्ने] गरे पछि, अभ्यास वशात् जिज्ञासु [तत्व जान्न चाहने] हरु अनायास [सजिलै] विचार–निपुण

[चतुर] भएर इष्टलाभ [आत्म लाभ] गर्न सक्तछन् ।

शास्त्रमा नाना प्रकारका युक्तिहरु वर्णन गरिएका छन् तिनमा तीन प्रकारका विचार ज्ञानाभिलाषी [ज्ञान को इच्छा गर्ने] हरुका निमित्त प्रयोजनीय [काम लाग्ने कुरा] छन् । त्यो पनि यस ग्रन्थमा वताइएको छ ।

सर्व प्रथम हो " वस्तु–विचार " जस द्वारा "म को हुं" यो जान्न सकिन्छ । दोश्रो हो– "महावाक्य–विचार" जसले ब्रह्मका साथ निजस्वरूप [आत्मस्वरूप] को ऐक्य ज्ञान [एकता ज्ञान] हुन सक्छ । तेश्रो हो– "अस्ति, भाति, प्रियरूपको" विचार, जसको सहायताले जगत्‌को मिथ्यात्व [झूठोपना] निश्चय भएर, अखण्ड–आनन्द, निर्विघ्नरूप [विघ्न रहित रूप] ले प्रकाशित हुन्छ । यी तीन प्रकारको विचारले नै आफूले आफूलाई राम्रो सित जानेर परमानन्द प्राप्ति गर्न सकिन्छ । अन्य [अरू] साधन, किम्वा योगादि अनुष्ठानको कुनै प्रयोजन [मतलब] छैन । त्रिविध [तीन प्रकार] विचार सम्पन्न व्यक्ति नै आफूलाई सम्यक् प्रकार [वढिया तवर] वाट जानेर अत्यन्त सुखी भइहाल्छ । अविद्या [अज्ञान] द्वारा उदित [उदाएको किम्वा पैदा भएको] संसार विचार द्वारा उडेर जान्छ; जस्तो भ्रम द्वारा देखिएको पदार्थ [वस्तु] विचार

द्वारा नष्ट हुन्छ। यो कुरा शास्त्रमा, अनेक स्थलमा, अनेक प्रकारबाट बताइएको छ।

यो निबन्ध [लेख] संस्कृतमा लेखिएको छैन तापनि, यसको अभ्यासले आत्मज्ञान प्राप्त भएर "जीवन्मुक्त" हुन सकिन्छ। अतः भाषामा प्रणीत [निक्लिएको] छ तापनि यो हेय [खराब] हुने छैन।

ज्ञानाभिलाषी [ज्ञान चाहने] मुमुक्षु [मोक्ष चाहने] यस ग्रन्थको अनुसार विचारको अभ्यास गरेर, चूप चाप निरन्तर बुद्धिको सहायताले विधि पूर्वक विचार गर्दछन् र आनन्द प्राप्त गर्दछन्। पहिले "वस्तु विचार" को सुन्दर रीतिले अभ्यास गरेर, आत्मस्वरूप अवधारित किम्वा निश्चित भए पछि "महावाक्य-विचार" मा प्रवृत्त [लागु] हुनु पर्दछ; अनि त्यो सुसम्पन्न [राम्रो तवरबाट पूर्ण] भएपछि "अस्ति, भाति, प्रिय" रूपको विचार गर्नु पर्दछ। यसको विपरीत [उल्टो] चल्नाने किम्वा एकै साथ सारा कुराको अवलोकन [छान विन] गर्नाले, फलोदय [फल पाउन] को संभावना छैन।

जिज्ञासुहरु यस निबन्धलाई अवलोकन गरेर यसको दोष गुणमा आलोचना [विचार] नगरीकन यसमा

बताइएका त्रिविध विचार [तीन प्रकारका विचार] लाई संपादन [तयार] गर्नु पर्दछ। यस उपरान्त चाहना माफिकको विवेचना [परीक्षा] गर्न सकिन्छ।

—)(❀)(—

विचारालोकको पहिलो प्रकरण सकियो

—(×०×)—

दोश्रो प्रकरण

—)(❀)(—

सत्य वस्तुबाट असत्य वस्तुलाई हटाउनुको नाम हो विचार। जस्तो सत्य असत्य [वादी, प्रतिवादी] दुवैको समस्या [प्रसङ्ग] उपस्थित [प्राप्त] भएमा राजा साक्षी को सहारा लिएर विचार द्वारा असत्यलाई पन्छाइकन सत्यको रक्षा गर्दछन्। साक्षी नै राजाको चक्षु [आँखा] स्वरुप हो - किनभने राजा न्यायकारी छन् तापनि साक्षीको अभावमा न्याय गर्न अक्षम (असमर्थ) हुन्छन्। त्यस्तै संसारमा—सत्य चैतन्य, असत्य जड पदार्थ अविवेक (अज्ञान) वशात् मिलेर अर्थात् जड—चेतनको संयोग भएर, दुःखादि द्वन्द्व (झगडा) उत्पन्न हुन्छन्। मुमुक्षुहरु-दृशिस्वरुप (नेत्रस्वरूप) साक्षीको अवलंबन (सहारा) लिएर

विचार द्वारा असत्य (मिथ्या) लाइ निरसन गरीकन अर्थात् हटाइकन सत्यको संस्थापन र अवधारण (निरुपण) गर्दछन्। यस्तो विचारले आफ्नो स्वरुप ('म को हुं") यसको अवधारण (निश्चय) हुन्छ। विचार द्वारा स्वरूपको अवधारण भएपछि ज्ञान द्वारा त्यसको रक्षागर्नु परम आवश्यकछ। राजायदि शत्रुलाई परास्त गरेर (हराएर) अधिकृत (अधिकार गरिएको) भूमिलाई सुश्रृंखल (राम्रो सित घेरा दिने) रूपले रक्षाको व्यवस्था (वन्दोवस्त) गर्न सक्तैनन् भने त्यो अधिकार मिथ्या (झूठो) र परिश्रम व्यर्थ हुन जान्छ। एवं प्रकार विचार द्वारा अविद्या (अज्ञान) दल शत्रुलाई जितेर "ज्ञान भूमिमा" अधिकार गरीकन, त्यसको रक्षणार्थ (रक्षा निमित्त) नियमको संस्थापन गर्न सकिन्न भने त्यो अधिकार नाम मात्रको हुन्छ र त्यसको यत्न एवं परिश्रम निरर्थक (काम न लाग्ने) निष्फल वन्न जान्छ।

अतः मुमुक्षु पुरुष विचार द्वारा असत्‌लाई निरसन गरेर कि वा हटाएर निज स्वरूपलाई जाने पछि, निरन्तर अवस्थित (रहनु) को अभ्यास र दृष्टान्त आदि द्वारा दृढ निश्चय गर्नु पर्दछ; जसमा कि संपत्ति, विपत्ति; सुख,

दुःख, हरेकमा भुलेर पनि निज स्वरूपको अतिरिक्त, देहादिमा अर्थात् देह, इन्द्रिय, प्राण, मन, बुद्धि आदिमा कुनै प्रकारको आत्म बुद्धि पैदा हुन नपाओस्, किनकि यो विपर्यय (झूटो) ज्ञाननै सारा अनर्थको मूल हो। यदि बुद्धि, संस्कार वशात् मिथ्या रूपमा निश्चित (ठहरिएको) देहादिमा, क्षणिक भए पनि अनुवृत्ति (देहमा अहंभाव) हुन लाग्यो भने तत्क्षण विचार द्वारा त्यसलाई निवारण गरेर सत्य स्वरूपको आश्रय (सहारा) लिनु पर्दछ। जब सम्म देहमा आत्म बुद्धि दृढ रहन्छ, तब सम्म अभ्यासबाट विरत (विमुख) हुन हुंदैन। जस्तो इष्टक चूर्ण (इंटको धुलो) को स्पर्श मात्रले दर्पण निर्मल हुंदैन, निरन्तर मार्जन (पुछ्ने) गऱ्यो भने मात्र मल रहित भएर, स्वाभाविक-स्वच्छता (निर्मलता) मा प्राप्त हुन्छ, त्यस्तै दीर्घ (लामो) काल पर्यन्त विचारको अभ्यास भए पछि, बुद्धिमा निजस्वरूप (आत्म स्वरूप) देखि भिन्न देहादि पदार्थको स्फुरण (कल्पना) हुन पाउँदैन-(तच्चिन्तनं तत्कथनं अन्योन्यं तत्प्रबोधनम्। एतदेक परत्वंच ब्रह्माभ्यासं विदुर्बुधा)

स्वरूपको चिन्तन, कथन, एवं परस्पर आलोचना (विवेकपूर्ण छल फल) गरिनुलाई पण्डितहरु अभ्यास

भन्दछन् । विचार कुशल, स्वरूपज्ञ [आत्मालाई जानेको] व्यक्ति सांप्रतिक देश विजेता [भरखर मात्र राज्य जितेको] राजा समान, सर्वदा सशंकित [शंकायुक्त] सतर्क [सावधान] रहन्छन्, जसमा कि कुनै प्रकारको अविद्या [अज्ञान] दलको प्रवेश योग्य छिद्र [चर] प्राप्त हुन नसकोस् । अन्यथा छिद्र प्राप्त हुना साथै सहसा अविद्यादल प्रवेश गरेर अवश्यै पनि दुर्घटना गराइ दिन्छन् । खाँदा, सुत्ता, वस्ता, हिंड्दा, जुनसुकै समयमा पनि विचार रूप अस्त्र [हथियार] धारण गरेर, काल यापन [समय विताउने] गर्नु पर्दछ । जवतक निद्रा या मृत्यु प्राप्त हुंदैन, तव सम्म संशय विपर्यय [मिथ्या ज्ञान] आदि अविद्याचरहरूलाई प्रवेश गर्ने मौकानै दिन हुँदैन । दुवै संशय [शङ्का] विपर्यय [मिथ्या ज्ञान] को नाशक, मनन [विचार] तथा निदिध्यासन [ध्यान] रूप तीक्ष्ण वाणले, अविद्यादलतर्फ लक्ष सन्धान [निशाना ताक्ने] गरेर, अवस्थान [रहने] गर्नु पर्दछ । यस्तो गर्नाले साम्राज्य–भोगरूप, निरतिशय [ज्यादा से ज्यादा] "आत्म सुख प्राप्त हुन्छ ।"

अधिकारीको विवरण

——)(❀)(——

साधन–सुसम्पन्न [बढिया साधन युक्त] अधिकारीका अतिरिक्त, अन्य व्यक्ति तत्व ज्ञान प्राप्त गर्नमा समर्थ हुन सक्तैनन् । अतः आत्मज्ञानाभिलाषी [आत्मज्ञानको चाहना गर्ने] हरुलाई सबै प्रकारबाट पहिले साधन सम्पन्न [युक्त] हुनु अत्यावश्यक [अत्यन्त जरुरी] छ । राम्रो तरिकाले जोतिएको खेतमा बीज [बिउ] छर्नाले राम्रो फसल [बाली] हुने संभावना हुन्छ । मल जल नभएको खेतमा बीज छर्नाले, यदि अंकूर निक्लि हाले पनि फसल हुने आशा राख्न सकिंदैन । यस्तै गरेर अनधिकारी [अधिकार नभएका] अशान्त [चञ्चल] चित्त, पुरुषहरु नाना प्रकारका उपदेश पाएर पनि, निजस्वरूप [आत्मा] को साक्षात्कार [दर्शन] गर्नमा समर्थ हुन सक्तैनन् । तत्व ज्ञानका अधिकारीहरु सामान्य [साधारण] एवं विशेष [अधिक] दुवै प्रकारका युक्तिबाट सिद्ध हुन्छन् । आफूले आफूलाई जान्नको सबैलाई अधिकार छ, अतः सबै आत्म ज्ञानका सामान्य अधिकारी हुन्; किन्तु साधन चतुष्ठय [चार साधन] – विवेक, वैराग्य, [शम, दम, उपरति, तितीक्षा, समाधान, श्रद्धा] मुमुक्षुता-

–मुमुक्षुभाव किंवा धर्म– सम्पन्न, विचारशील संन्यासी मुख्य अधिकारी हुन्छन् । सबै दर्पणमा मुखाकार [अनुहार] देखिन्छ, तर पनि सुमार्जित, [राम्रो तवरबाट साफ गरिएको] निर्मल दर्पणमा, निर्विघ्न सुन्दर रूप संपादित [प्रस्तुत] हुन्छ । मैलो दर्पणमा त्यो कुनै प्रकारबाट पनि संभव छैन । यस्तै प्रकार साधन संपन्न–शुद्ध, सत्त्व, व्युत्पन्न [आत्म ज्ञान भइसकेको] मुख्य अधिकारीहरूलाई उपदेश मात्रले-श्लोक या आधा, श्लोकले नै "ब्रह्म-साक्षात्कार" [दर्शन] गर्न सक्तछन् चार साधन संपन्न, विचारशील, संन्यासीनै मुख्य अधिकारी हुन्छन् ।

संन्यास विवरण

—)(❀)(—

संन्यासविना आत्मज्ञानमा अधिकार हुन सक्तैन, यस्तो शास्त्रमा बताइएकोछ, किन्तु [गार्हस्थ्याश्रम] मा व्यास, वशिष्ठादि तत्वज्ञानीहरु थिए । यस विरोधको परिहारार्थ [त्याग निमित्त] संन्यासको विशेष तात्पर्य बताइएकोछ । त्यागको नाम हो "संन्यास" त्यो संन्यास पनि दुइ प्रकारकोछ "विद्वत्संन्यास र विविदिषा संन्यास" । तत्व ज्ञानको उद्देश्य [लक्ष] ले साधन संपन्न व्यक्ति-

हरुबाट गरिने जो संन्यासहो "त्यो हो विविदिशा संन्यास" त्यो पनि दुइ प्रकारकोछ—काम्य [कामनागरिने] आदि जन्मोत्पादक [जन्म दिलाउने] कर्महरूको परित्याग र मंत्रोच्चारण पूर्वक [मंत्र उच्चारण गरेर] दण्ड धारणादि आश्रय – रूप–संन्यास। विरक्त गृहस्थहरूलाइ प्रवल कारण वशात्, संन्यास आश्रम ग्रहणगर्नमा कुनै विघ्न वाधा परि आयो भने, काम्य कर्म [कामना पूर्वक गरिने कर्म] त्यागरुप संन्यास मा अधिकार हुन्छ। स्त्री जातिको पनि त्यसैमा अधिकारछ। जनकादि मैत्रेयी प्रभृति तत्ववेत्ता थिए, यो श्रुति, स्मृति, इतिहास, पुराण आदिमा प्रसिद्धछ। शूद्रहरुलाइ पनि त्यसमा समान अधिकारछ, विदुरादिको तत्वज्ञान इतिहास पुराणादिमा पाइन्छ। मानौं कि – उक्त संन्यास तथा उपदेश ग्रहणमा, स्त्री आदिको अधिकार भएता पनि, वेदान्त श्रवणमा उनिहरुको अधिकार हुन सक्तैन। यो कुरा ठीक होइन, किनभने, मैत्रेयी प्रति याज्ञवल्क्यको साक्षात् श्रुति – उपदेश [वेदको उपदेश] श्रुति प्रसिद्ध हुनाले उक्त संशय [त्यो शंका] निराकृत [खण्डन] हुन जान्छ। जहां स्वयं श्रुति प्रमाणछ, वहाँ

प्रमाणान्तर [अर्को प्रमाण] को अपेक्षा [जरुरत] छैन ।

—)(❀)(—

विचारालोकको दोश्रो प्रकरण सकियो

(×∘×)

तेश्रो — प्रकरण

—)(❀)(—

दोश्रो "विद्वत्संन्यास हो" त्यो पनि दुइप्रकारकोछ- "जात रुप र कमण्डलुधर" । गृहस्थाश्रम आदिमा गरिएका, श्रवणादि द्वारा उत्पन्न, ब्रह्म साक्षात्कार गर्नमा गृहस्थ आदिको चित्त-विश्रान्ति लक्षण-जीवन्मुक्तिको उद्देश्यले गरिने जो संन्यासहो, त्यसलाइ "विद्वत्संन्यास" भनिएकोछ। "एतदेवं विदित्वा मुनिर्भवति" यसको तात्पर्य यहि हो कि - गार्हस्थ्यादि आश्रममा जन्मोत्पादक [जन्मदिलाउने] कर्म त्यागरुप "विविदिशा" संन्यासको आश्रयले, तत्वज्ञानको अभ्यास द्वारा "ब्रह्म साक्षात्कार" गर्नु पर्दछ । त्यसपछि चित्त-विश्रान्ति, लक्षण; जीवन्मुक्तिको वाञ्छा हुन्छ भने "विद्वत्संन्यास" ग्रहण गर्नु पर्दछ । याज्ञवल्क्यको संन्यास लिङ्गयुक्त छ, मैत्रेयीको अलिङ्ग । यस जन्मको साधन द्वारानै

तत्वज्ञानको अधिकारी हुन सकिन्छ । यो कुरा ठीक होइन,–उक्त साधनको फल जन्मान्तर [अर्को जन्म] मा पनि उपकार गर्दछ । [जन्मान्तरेषु यदि साधन जातमासीत् संन्यास पूर्वक मिदं श्रवणादि रूपम् । विद्यामवाप्स्यति तत : सक लोऽपि यत्रा तत्राश्रमादिषु वसन्न निवारयाम :॥ यदि जन्मान्तरमा संन्यासपूर्वक, श्रवणादि [श्रवण, मनन निदिध्यासन आदि] संपादित [प्रस्तुत] हुन्छ भने, चाहे जुनसुकै आश्रममा रहोस् , ज्ञान प्राप्त हुन्छ । (ऐहिक मप्य प्रस्तुत प्रतिवन्धे तददर्शनात्) अर्थात् प्रतिवन्ध [विघ्न] हटे पछि, श्रवणादिको फलस्वरुप यस जन्ममा नै ज्ञान प्राप्त हुन्छ । [प्रतिवन्ध–पक्षमा, जन्मान्तरमा ज्ञान पैदा हुन्छ] गीतामा पनि भनिएकोछ– [अनेक जन्म संसिद्ध स्ततो याति परांगतिम्] यदि यस जन्ममा अकृत साधन [साधनै नगरीकन] कुनै व्यक्ति ज्ञान प्राप्त गर्दछ, किं वा त्यस विषयमा अनुरक्त [आशक्त] भएर तद्गत चित्त [त्यसैमा लवलीन] जिज्ञासु हुन्छ भने, उक्त स्मृति तथा सूत्र [ब्रह्मसूत्र] को तात्पर्य अनुसार, त्यसलाई जन्मान्तरमा गरिएका साधनको फल अवश्य नै स्वीकार [मंजूर] गर्नु पर्दछ; किनकि कारण विना कार्यको उत्पत्ति संभावना [कल्पना] नै हुँदैन ।

विचार विषय

—)(❀)(—

सबै प्रकारबाट पहिले साधनको अपेक्षा (जरूरत) हुने गर्दछ। साधन-संपन्न भएपछि, एकाग्र (निश्चल) भएपछि सद्‌गुरुको शरणापन्न(शरणागत) भइकन गुरूपदिष्ट मार्ग (गुरुबाट उपदेश भएको बाटो) द्वारा विचार गरीकन तत्व ज्ञान (आत्मज्ञान) प्राप्त गर्नु पर्दछ। विचार विना उपदेशले मात्र तत्व साक्षात्कार हुन सक्तैन । यसमा श्री विद्यारण्य भन्नुहुन्छ – ब्रह्म साक्षात्कृतिस्त्वेत्र विचारेण विना नृणाम् । आप्तोपदेश मात्रेण न संभवति कुत्रचित् । परोक्षज्ञान मश्रद्धा प्रतिबध्नाति नेतरत्। अविचारोऽपरोक्षस्य ज्ञानस्य प्रतिबन्धकः ॥ ध्यान दीप ३०-३१। अर्थात् विचार विना केवल उपदेशले मात्र जस्तो परोक्षज्ञान उत्पन्न हुँदैन त्यस्तै ब्रह्म—-साक्षात्काररूप अपरोक्ष (प्रत्यक्ष) ज्ञान, विचार अतिरिक्त (सिवाय) अरु उपायले-उपदेशमात्रले संभव छैन । अश्रद्धा (अविश्वास) जस्ता परोक्षज्ञानको प्रतिबन्धक (बाधादिने) हुन्छ; त्यस्तै अविचार (विचार नहुनु) अपरोक्ष ज्ञानको प्रतिबन्धक हुन्छ । जस्तो उमेदवार व्यक्ति – काव्य, नाटक, तर्क आदिको निरन्तर अभ्यास गरिरहन्छ, त्यस्तै मुमुक्षुले पनि

निरन्तर आफ्नो स्वरूप (म को हुं ?) को विचार गरि रहनु पर्दछ। जस्तो स्वर्गको कामना गर्ने पुरुष, स्वर्ग-कामनाले-जप, यज्ञ, यागादिमा श्रद्धा पूर्वक निरन्तर रत (आशक्त) रहन्छ; त्यस्तै मुमुक्षुले पनि मुक्तिको अभिलाषा (इच्छा) ले आफ्नो स्वरूपको विचार गरिरहनु पर्दछ। जस्तो योगीहरु अणिमादि (अणिमा, गरिमा आदि अष्टसिद्धि) ऐश्वर्य-प्राप्तिको इच्छाले कडा आयास (परिश्रम) द्वारा चित्तको एकाग्रता (निश्चलपन) सिद्ध गर्दछन्; त्यस्तै मुमुक्षुहरुले पनि विचार गरेर देहादि अतिरिक्त (भिन्न) आफ्नो आत्मालाई जान्ने कोशिस गर्नु पर्दछ। जस्तो विजिगीषु (जीत्नको लागि अत्यन्त परिश्रमी) स्वर्गकामी (स्वर्गको चाहना गर्ने) योगी प्रभृति (आदि) को अभ्यास-पटुतावशात् [अभ्यासको चलक्याइँद्वारा] त्यस विषयमा नाना प्रकारको कौशल [चातुरी] बढ्दै जान्छ; त्यस्तै मुमुक्षुहरूको पनि दृढतर [पक्का] अभ्यासद्वारा, विवेक [ज्ञान] पूर्वक देहादि [देह इन्द्रिय प्राण मन बुद्धि] देखि भिन्न, निज स्वरूप [आत्म स्वरूप] को ज्ञान स्पष्ट हुन सक्तछ। अन्वय, व्यतिरेक [सुल्टो उल्टो क्रम] द्वारा आफ्नो पारमार्थिक [परमार्थ संबन्धी] स्वरूपलाई समस्त भोग्य [भोग गरिने] वस्तुहरू देखि पृथक् [भिन्न]

जानेर जाग्रत्, स्वप्न, सुषुप्ति अवस्थाबाट साक्षीको असंगत्व [सम्बन्ध–शून्यपना] को निश्चय गर्नु पर्दछ ।

वस्तु विचार

—)(❀)(—

अहं [म] पदार्थ संबन्धी निरूपणको अभिप्राय [उद्देश्य] ले, वस्तु विचारको आरंभ गरिन्छ । यसको अवलोकन तथा भावार्थ को चिन्तनले मुमुक्षुको ज्ञानाग्नि [ज्ञानरूपी आगो] प्रबल भएर, समस्त प्रपञ्चारण्य [प्रपञ्चरूपी जङ्गल] भस्म गराइ दिन्छ । फल स्वरूप–आत्मतत्व प्रकाशित [छर्लङ्ग] हुन्छ र अनात्म [आत्मा भिन्न] वस्तुमा आत्म बुद्धि [आफ्नोपना] निवृत्त भईकन शुद्ध चैतन्यमा तादात्म्य [जस्तो छ त्यस्तै हुनु] रूप कैवल्य [मोक्ष] प्राप्त हुन्छ । साथै अवस्तु [आत्मा भिन्न जगत् प्रपञ्च] बाधित [असङ्गत] भएर "वस्तु ज्ञान" [आत्म ज्ञान] उत्पन्न हुन्छ ।

स्थूल शरीर विचार

—)(❀)(—

यस देहमा निरन्तर अहं [म] भावको स्फूर्ति [स्फुरण] भइरहन्छ; किन्तु के यो शरीर म हुं ? के यो शरीर मेरो

हो ? यहाँ विचारणीय [विचार गर्नु पर्ने] कुरा यो छ कि स्थूल शरीर के हो ? 'म' को हुं ? दृश्यमान [देखिएको] स्थूल शरीर पाँच स्थूल भूतमय [पञ्च महाभूतहरूबाट बनेको] हो अतएव भूत-कार्य, हुनाले यो जड हो। सुतरां [यसकारण] अहं पदको अर्थ हुनसक्तैन, किनकि म चैतन्य हुं, यो त स्पष्टै थाहा भइरहेको छ। यहाँ प्रश्न उठ्न सक्छ कि, पृथ्वी मृत्तिकामय [माटोले बनेको] हो, त्यो त शरीरमा देखिंदैन। अतः यो शरीर भूत-रचित [भूतबाट बनेको] कसरी हुन सक्छ ? यसको उत्तर यो हो कि, कुन भूतको स्वभाव कस्तो छ ? विचार गर्दा ज्ञात [थाहा] हुन्छ कि, उक्त पञ्चभूत-आकाश, वायु, तेज, जल, पृथ्वीहरूमा काठिन्य [कडा] स्वभाव पृथ्वीको हो, कोमलता जलको हो, उष्णता तेजको हो, स्पन्दन [हल्लिनु] वायुको हो, अवकाश [खुला स्थान] आकाशको हो। यो शरीरमा कठिन [साह्रो] जो अस्थि [हाड] हरू देखिन्छन्, त्यो पृथ्वी को हो। कोमल मांस जलको हो। उष्णता तेजको हो। निश्वास [श्वास फेर्नु] वायुको हो। अवकाश स्थान [खुला स्थान] आकाशको हो। मानौं कि पंचभूतका कार्य-अस्थि (हाड) मांस [मासु] औष्ण्य [तातोपन] निश्वास, अवकास जो

देखिन्छन् , त्यस अतिरिक्त [भिन्न] अरुपनि देखिन्छन त्यो के हो ? यसको उत्तर यो हो कि, स्थूल पञ्चभूत-पच्चीस प्रकारले विभक्त [बण्डा] भएर किंवा बाँडिएर, दृश्यमान [देखिएको] शरीरमा परिणत भएकाछन् । जस्तो अस्थि, मांस, त्वचा [छाला] नाडी [नशा] रोम [रऊँ] यी पाँच पृथ्वीका गुणांश [गुणका अंश] हुन्, यी पाँचै पदार्थको आश्रय पृथ्वी हो, पृथ्वीको अंश पृथ्वीमा नै रहन्छ । यी पृथ्वीका अंश हुनाले म हैन, मेरो पनि होइन ।

फेरि शुक्र [वीर्य] रक्त [रगत] पित्त, स्वेद [पसिना] श्लेष्मा [कफ] यी पाँच जलांश [जलका अंश] हुन् , जलदेखि अभिन्न [एक] छन् । अतः यी पनि म होइन, मेरो पनि होइन । यस अतिरिक्त [भिन्न] क्षुधा [भोक] तृषा [प्यास] आलस्य [अल्छि] निद्रा, कान्ति [मुखको उज्ज्वलता] यी पाँच तेजका अंशहुन्, तेज देखि भिन्न छैनन् । सुतरां [यसैले] म होइन, मेरो पनि होइन । साथै गमन [हिंड्नु] धावमान [दौडनु] उत्क्रमण [उठ्नु] संकोचन [खुंचिनु] प्रसारण [फैलिनु] यी पाँच वायुका अंशहुन् , वायुमै रहन्छन् । अतः न म हुं, न मेरो हो । शिर, कण्ठ, हृदय, कट्टी, यो पाँच

अवकाश [स्थान] आकाशका अंशहुन् , आकाशमै रहन्छन् । यी पनि म होइन तथा मेरो पनि होइन । अतएव यो स्थूल शरीर पञ्चीकृत [पाँच पाँच प्रकारले बाँडिएको] पञ्चमहाभूतहरूबाट निर्मित [रचना] भएकोले जड, तमोमय [अन्धकार युक्त] विकारी, भूत – विकार, रोगालय [रोगकोघर] जन्म मरण धर्मशाली [जन्मनु मर्नु पर्ने] हो । यसैले यो पंचभूतको शरीर हो, मेरो शरीर होइन, म पनि होइन । म चैतन्य, बोधरूप, शरीरको धर्म तथा कर्मको ज्ञाता [जान्ने] द्रष्टा [देख्ने] साक्षी, प्रकाशमात्र हुं । शरीर मबाटनै प्रकाशित भइरहेको छ । यो जड देह–प्रत्यक्ष जड, घट, लोष्ठ [पत्थर] काष्ठ [काठ] समान छ । आफुलाइ पनि यो देहले जान्न सक्तैन भने म लाइ या अरूलाई यो कसरी जान्न सक्ला ? म चैतन्यहुं, शरीर देखि भिन्न एवं विलक्षण – [अनौठा] हुं, र सबैको ज्ञाता [जान्ने] पनि हुं । यो स्थूलदेह जडहो, अतः म होइन ।

पञ्चीकरण विवरण

—)(❀)(—

पंचीकृत [पाँच पाँच प्रकारले बाँडिएका] पंच-

महाभूतहरूबाट शरीरको उत्पत्ति वताइयो। पञ्चकरण प्रकरण [विषय] वस्तु विचारको अन्तर्गत [भित्र परेको] हुनाले जिज्ञासुका निमित्त अवश्य ज्ञातव्य (जान्नु पर्ने) कुराछ। पञ्चभूतहरुको तामस अंशवाट पंचीकृत भएर स्थूल शरीरको सृष्टि हुन्छ। एक भूतको आधा र अरु चार भूतहरूको दुइ दुइ हिस्सा मिलाएर पञ्चीकृत एक पूर्ण भूत हुन्छ; जुन भूतको अर्द्धांश (आधाभाग) रहन्छ उसैका नामले त्यो भूत प्रसिद्ध हुन्छ।

—)(❀)(—

=यो सकेत आना को हो।

पञ्चीकृत आकाश	पंचीकृत वायु	पंचीकृत तेज	पंचीकृत जल	पंचीकृत पृथ्वी
—(०)—	—(०)—	—(०)—	—(०)—	—(०)—
आकाश-॥	वायु- ॥	तेज- ॥	जल- ॥	पृथ्वी- ॥
वायु- =	तेज- =	जल- =	पृथ्वी- =	आकाश-=
तेज- =	जल- =	पृथ्वी- =	आकाश-=	वायु- =
जल- =	पृथ्वी- =	आकाश-=	वायु- =	तेज- =
पृथ्वी- =	आकाश-=	वायु- =	तेज- =	जल- =

यस प्रकार पञ्चीकृत पञ्चभूतहरूदेखि ब्रह्माण्डादि चतुर्विध (चार प्रकार) स्थूल शरीर र अन्न पानादि उत्पन्न हुन्छन् । आकाशादि पञ्चभूतहरु देखि जो पच्ची-सतत्व उत्पन्न हुन्छन् , यी पञ्चीकृत पञ्चभूतका हुन्, मेरो होइन । जस्तो अस्थि, मांस, त्वचा, नाडी, रोम यी पञ्चीकृत पृथ्वीका अंशहुन् । यिनमा अस्थि (हाड) पृथ्वीको निजांश (आफ्नो अंश) हो मांस–जलको नाडी वीर्य कफ तेजको; त्वचा–वायुको, रोम–आका-शको, अंश विवेचित (निश्चित) हुन्छ । स्वेद, रक्त, पित्त शुक्र, लाला, यी पाँच पञ्चीकृत जलका अंशहुन् यिनमा स्वेद (पसिना) वायुको निजांश हो, रक्त-पृथ्वी-को, पित्त–तेजको, शुक्र–जलको, लाला – आकाशको अंशरूपमा विवेचित हुन्छ । क्षुधा, तृषा, आलस्य, निद्रा, कान्ति, यी पाँच पञ्चीकृत तेजका अंशहुन् । यिनमा क्षुधा – तेजको, निजांशहो, तृषा – वायुको, आलस्य–पृथ्वीको, निद्रा–आकाशको, कान्ति–जलको अंशहो । प्रत्यक्ष देखिन्छ कि क्षुधार्त (भोको) लाई भोजनोपरान्त (खाइसके पछि) प्यास लाग्दछ जल पिएपछि आलस्य (अल्छि) लाग्दछ । तदुपरान्त (त्यसपछि) निद्रा भङ्ग भएपछि मुखमा कान्ति

देखिन्छ। चल्नु, दौडनु, उठ्नु, खुम्चिनु यी पाँच पञ्चीकृत वायुका अंश हुन। यिनमा दौडनु वायुको निजांश (आफ्नो अंश) हो, चल्नु–जलको, उठ्नु–तेजको, खुम्चिनु–पृथ्वीको, फैलिनु–आकाशको अंश विवेचित (निश्चित) हुन्छ। शिर, कण्ठ, हृदय, उदर, कटि यी पाँच पञ्चीकृत आकाशका अंश हुन्। यिनमा शिर आकाशको निजांश हो, कण्ठ–वायुको, हृदय–तेजको, उदर–जलको, कटि–पृथ्वीको अंश विवेचित (निश्चित) हुन्छ।

—)(❀)(—

विचारालोकको तेश्रो प्रकरण सकियो

—(×०×)—

चौथा प्रकरण

—)(❀)(—

यिनमा पञ्चभूतहरूको निजांश र वीस आदान (जो अरू भूतहरूको अंश सित मिलेर बन्दछन्) वीस प्रदान (जो अन्यान्य भूतहरूलाई दिइन्छन्) एवं प्रकार सबै मिलेर पैंतालिस तत्व हुन्छन्। पाँचबाट पचीस, पचीसबाट पैंतालिस तत्व भएर स्थूल शरीरको रचना हुन्छ। मनुष्य शरीरमा विशेषता (अधिकता) यहि छ कि

विवेक द्वारा भूत (पञ्चभूत) हरूका कार्यमा "म या मेरो" भ्रम निवारित (निवारण) हुन सक्दछ र समस्त जड वर्गको द्रष्टा (देख्ने), समस्त पदार्थ देखि विलक्षण (नौलो) शुद्ध, प्रकाशरूप, आफूलाई निश्चित (यथार्थ) रूपले जान्न सकिन्छ ।

(शुक्रं च शोणितं दृष्ट्वा स्पृष्ट्वा स्मृत्वा च मानव । उद्गारं कुरुते तद्धि शरीरं चेतनस्यतु ॥ तस्मिन् शरीरेऽहं बुद्धि सदा कःकुरुते जनः । मूढोऽहं मम बुद्धिभ्यामिदं गृह्णाति विग्रहम् ॥) अर्थात् देह देखि अन्यत्र शुक्र (वीर्य) शोणित (रगत) देख्ता जस्तो मनुष्यलाई घृणा हुन्छ त्यस्तै विवेकी पुरुषलाई शुक्र, शोणित (रगत)बाट बनेको आफ्नो शरीर देखेर घृणा (घीन) उत्पन्न हुन्छ । त्यसमा अहं (म) बुद्धि कदापि उत्पन्न हुन सक्दैन । अविद्या (अज्ञान) को वशवर्ती (कायम) भएर मूढहरू आफूलाई मनुष्य एवं भूत–कार्य शरीरलाई आफ्नो सम्झन्छन् । यसको विवेचना (निर्णय) गरेर हेरे पछि चर्म (छाला), मांस, शिरा [नशा], अस्थि [हाड], रोमपुञ्ज [रउँका थुप्रा] रक्त, पूय [पीप], श्लेष्मराशि [कफको थुप्रो], पित्त, मूत्र, पुरीष [विष्टा] परिपूर्ण यस देहमा कुनै प्रकारको अहं [म] मम [मेरो] बुद्धि हुन सक्दैन । भूतहरूका कार्य सिवाय

यसमा सार वस्तु केही पनि छैन केवल पञ्चीकृत–पाँच भूतहरूको विकार मात्र हो, अरू केही पनि होइन। यो म किं वा मेरो कसरी हुन सक्छ ?

यो शरीरमा शोभन [सुन्दर] बुद्धि पनि संभव छैन। चन्दन, अगुरू, कपुर प्रभृति शोभन पदार्थहरूको तथा भक्ष [आहार] भोज्य [खान योग्य] सुन्दर वस्तुहरु पनि जसको संस्पर्श [छोइनु] मात्रले मल रूपमा परिणत हुन्छ। सुगन्धी शीतल जल जसको संयोगले मूत्र रूपमा परिणत हुन्छ त्यस्तो शरीरलाई सुन्दर कसरी भन्न सकिन्छ ? अत्यन्त सुन्दर एवं पवित्र वस्त्रहरु पनि जसको सम्बन्ध मात्रले मलिन हुन्छ त्यस्तो शरीर कसरी सुन्दर प्रतीत [पत्यार] हुन सक्छ ?

सूक्ष्म शरीर

—(०)—

मानौं कि विचारद्वारा जड स्वभाव–स्थूल शरीर 'म' सिद्ध भएन, तर पनि तदन्तस्थ [त्यस भित्र रहेका] सूक्ष्म देह त अवश्य नै 'म' हुं। जसद्वारा स्थूल शरीर सचेतन –चेतन सहित–उपलब्ध [ज्ञात] हुन्छ। यहाँ विचारणीय [विचार गर्नु पर्ने] यो छ कि सूक्ष्म शरीर के हो ? पाँच ज्ञानेन्द्रिय [आँखा, कान, नाक, छाला, रसना–

जिब्रो], पाँच कर्मेन्द्रिय-हात, खुट्टा, वचन, गुदद्वार, उपस्थ [स्त्री पुरुषको जननेन्द्रिय] पाँच प्राण [प्राण, अपान, समान, उदान, व्यान] मन, बुद्धि यिनै सत्र अवयव (अङ्ग) युक्त सूक्ष्म शरीर पञ्चमहाभूतहरुबाट उत्पन्न भएको हुनाले भूतहरुको कार्य एवं जड हो। (पञ्चप्राणमनोबुद्धिदशेन्द्रिय समन्वितम् । अपञ्चीकृत भूतोत्थं सूक्ष्माङ्गं योगसाधनम्॥) यसमा शंका गरौं कि — यी सारा पदार्थ भूतकार्य कसरी हुन सक्छ ? यसको उत्तर यो हो कि – समस्त पञ्चभूतहरुका सत्वांश देखि मन र बुद्धि उत्पन्न हुन्छ। अतः यी (मन र बुद्धि) दुवै सर्वभूतविषयहरुको बोधक (बोध गराउने) र कार्याध्यक्ष (कार्यको मालिक) हुन्छन्। प्रत्येक भूतहरूको पृथक् पृथक् सत्वांश (सत्व गुणको अंश) देखि एक एक ज्ञानेन्द्रिय र प्रत्येकको पृथक् पृथक् (भिन्न भिन्न) रजोंश (रजो गुणका अंश) देखि एक एक कर्मेन्द्रिय (काम गर्ने इन्द्रिय) उत्पन्न हुन्छन्–अर्थात् एक एक भूतदेखि गुण–भेदले दुइ दुइ इन्द्रिय उत्पन्न हुन्छन्। आकाशको सत्वांश देखि श्रवणेन्द्रिय (सुन्ने इन्द्रिय अर्थात् कान) रजोंश देखि वागिन्द्रिय (बोल्ने इन्द्रिय अर्थात् मुख) उत्पन्न हुन्छ। आकाशको विषय शब्दलाई वाक् (वाक्य) भनिन्छ। कान केवल सुन्दछ मात्र अरू कुराको बोध

हुँदैन । जसको जे विषय छ त्यसैमा त्यसको कार्य र अवगति -धारणा- हुन्छ । वायुको सत्वांश देखि त्वगिन्द्रिय -स्पर्श गर्ने इन्द्रिय किं वा छाला- र रजोंश देखि पाणि -हात- इन्द्रिय उत्पन्न हुन्छ । वायुको विषय स्पर्श हो त्यो वायुजन्य -वायुबाट उत्पन्न भएको- दुइ इन्द्रिय -हात र छाला- द्वारा निष्पन्न -पूर्ण- एवं परिज्ञात -राम्रो थाहा- हुन्छ । शरीरको कुनै पनि स्थानमा शीतोष्ण -चीसो, तातो- को बोध हुनासाथ हात त्यहाँ पुगी हाल्छ । त्वगिन्द्रिय -छाला इन्द्रिय- मा गात्र–कण्डुयनादि –शरीरमा चिलाउनु– आदिको बोध हुनासाथ, हात त्यो कार्यमा तत्पर भइहाल्छ । तेजको सत्वांश देखि चक्षु -आँखा- र रजोंश देखि पाद -खुट्टा- इन्द्रिय उत्पन्न हुन्छ । तेजको विषय रूपलाई चक्षुद्वारा अवलोकन -देख्ने- गरेर पयर चल्दछ–अर्थात् रूप नेर पयर पुग्दछ । जलको सत्वांश देखि जिह्वा -जिब्रो- र रजोंश देखि उपस्थ -लिङ्ग, योनि, किं वा मलद्वार- उत्पन्न हुन्छ । जलको विषय रस, रसना -जिब्रो- ले ग्रहण गर्छ र उपस्थ द्वारा फेंकिन्छ । पृथ्वीको सत्वांश देखि घ्राणेन्द्रिय -नाक- र रजोंश देखि पायु -मलद्वार- इन्द्रिय उत्पन्न हुन्छ । पृथ्वीको विषय गन्धलाई नासिका -नाक- द्वारा

ग्रहण गर्छ र पायु [गुदद्वार] बाट त्याग हुन्छ।

अतएव यी दश इन्द्रियहरू पञ्चभूतका कार्य हुन्। आ-आफ्ना विषयको निष्पादन [उत्पत्ति] गराउँदछन् र आ-आफ्नो विषय जान्दछन्। एक भूतको ज्ञान किं वा कार्य अरू भूतबाट कदापि हुन सक्तैन। श्रोत्र [कान] त्वक् [छाला] चक्षु [आँखा] रसना [जिब्रो] नासिका [नाक] यी पाँच ज्ञानेन्द्रिय [थाहा पाउने इन्द्रिय] हुन्। श्रवण [सुन्नु] स्पर्शन [छुनु] दर्शन [देख्नु] आस्वादन [स्वाद लिनु] घ्राण [सुँघ्नु] यिनका धर्म हुन्। यी पाँच विषयका बोद्धा हुन्, यसैले यिनलाई बुद्धिन्द्रिय भनिन्छ। [सत्वात्संजायते ज्ञानम्] अर्थात् सत्व गुणबाट ज्ञान उत्पन्न हुन्छ, यस कारण अपञ्चीकृत [पाँचभाग नगरिएका] पञ्चभूतहरुका सत्वांश देखि पाँच ज्ञानेन्द्रिय उत्पन्न हुन्छन्। वाक् [वचन] पाणि [हात] पायु [गुदद्वार] उपस्थ –लिङ्ग, योनि– पाद –खुट्टा–यी पाँच कर्मेन्द्रिय हुन्। वचन [बोल्नु] आदान [दिनु] गमन [हिंड्नु] विसर्ग [मल मूत्र त्याग] आनन्द [सुख विशेष] यी पाँच इन्द्रियका कर्म हुन्। यी क्रियात्मक –क्रिया सित संबन्ध राख्ने– रजोगुण देखि उत्पन्न हुन्छन्। [रजसः क्रियात्मिका] रज बाट कर्म निष्पन्न [पूर्ण हुन्छ,

अतः यिनको नाम कर्मेन्द्रिय हो। पञ्चभूतहरुका समष्टि [सारा] रजोंश देखि एक महाप्राण उत्पन्न हुन्छ। वृत्ति भेद [फरक] ले यो पाँच प्रकारको हुन जान्छ–प्राण, अपान, समान, उदान, व्यान– यिनलाई पञ्चप्राण भनिन्छ। प्राण क्रियात्मक हो। कर्मेन्द्रियद्वारा कर्म संपादन [तयार] गर्छ। हृदयस्थित [हृदयमा रहेको] प्राणको धर्म–उच्छ्वास [श्वास खिच्नु] निःश्वास [श्वास फेंक्नु] असन [आहार] पिपासा [प्यास] हो। गुदास्थित [गुदद्वारमा रहेको] अपानको धर्म मल मूत्रादि विसर्जन [त्याग] गर्नु हो। कण्ठस्थ [घाँटीमा रहेको] उदानको कर्म अन्न पानादिलाई उदर [पेट] मा पुऱ्याउनु र वमन [वान्ता] हिक्का [वाडुल्कि] आदि हो। नाभि देशस्थ [नाइटो नेर रहेको] समानको कर्म, भुक्त [खाइएका] अन्नादिको समीकरण [परिपाक गराउने र रसहरूलाई निकालि दिने] अर्थात् मल मूत्रादिलाई विभक्त [अलग अलग] गराउनु हो। सर्व शरीर व्यापी [सारा शरीरमा रहेको] व्यानको कार्य समस्त नाडी [नशा] हरूद्वारा सर्वाङ्ग [सारा अङ्ग] मा रसको संचालन [चलाउनु] र शरीर पोषण [पालन] गर्नु हो।

पञ्चभूतहरुका समष्टि [सिङ्गै] सत्वांश देखि उत्पन्न,

एक अन्तःकरण–वृत्ति भेद्ले चार प्रकारको हुन जान्छ– मन, बुद्धि, चित्त, अहङ्कार। मन संकल्प विकल्परूप -अनेकौं कल्पना गर्ने;- बुद्धि निश्चयात्मक -यसै गर्छु भन्ने निर्णयमा पुगेको;- चित्त अनुसन्धान –चिन्ता– एवं स्मरणरूप -संस्कनु- र अहङ्कार–अभिमानरूप हो। अकस्मात् -अचानक- जो भाव पहिले स्फुरित -स्फुरण युक्त- हुन्छ त्यो अन्तःकरण वृत्ति हो। त्यस विषयमा इच्छा -चाहना- संकल्प -विचार- मनन -गंभीर अध्ययन- गर्नु मनको वृत्ति हो। सत् असत् -साँचो र झूटो- को विवेचना -निर्णय- पूर्वक कर्तव्य -गर्नु पर्ने- निश्चय गर्नु बुद्धिको वृत्ति हो। पश्चात् -पछि- त्यसको विशेष अनुसन्धान -विचार मग्न- र स्मरण गर्नु चित्तको वृत्ति हो। त्यसमा प्रवृत्त -लागु- हुनु अहङ्कारको वृत्ति हो।

यो लिङ्ग शरीर किं वा सूक्ष्म शरीर वासनामय -वासनाले बनेको- हो। स्वप्न कालमा यसको प्रतीति -विश्वास- हुन्छ। यो अपञ्चीकृत –सूक्ष्म–पञ्चभूतहरुको कार्य हो। यसैले यो जड हो, अत्यन्त सूक्ष्म (मिहीं) हुनाले यसको कुनै अवयव –अंश– दृष्टिगोचर–आंखाले देख्ने सकिने– हुंदैन; केवल कार्यद्वारानै यसको अनुमान –विचार– गर्न सकिन्छ।

यो शरीर म होइन, मेरो पनि होइन, किनकि म सबैको ज्ञाता (जान्ने) द्रष्टा (देख्ने) साक्षात् प्रकाशक (प्रकाश गर्ने) प्रकाश किंवा चैतन्य रूप हुँ । शरीरको प्रत्येक अवयव (हिस्सा) तथा तिनको धर्म, कर्म, गुण, वृत्तिहरुलाई म साक्षात् जान्दछु । आफ्नो चैतन्यालोक (चैतन्यको उज्यालो) द्वारा प्रकाशित गर्दछु । म सिवाय अरु कसैले जान्न सक्तैन, यी सारा जड एवं दृश्य भएकोले मलाइ जान्न सक्तैनन् , मलाइ छलेर कुनै काम पनि गर्न सक्तैनन् । मेरै सत्ता (सार) एवं चैतन्यलाई पाएर सबै सत्ता युक्त एवं स्फुरणशील (स्फुरण गर्न सक्ने) हुन्छन् । म सबै देखि भिन्न, विलक्षण (अनौठो) वोध स्वरुप (ज्ञान स्वरुप) हुं । अनेकौं अवएव संयुक्त (अंशयुक्त) सूक्ष्म शरीर–जड तथा यंत्र - सदृश, (यंत्र जस्तो) भएकोले म होइन, भूतहरुको कार्य हुनाले मेरो पनि होइन । म यस देह अतिरिक्त (भिन्न) वोधरुप, नित्य, अचल (नचल्ने) एवं स्वयं प्रकाश (आफैं प्रकाश) हुं । यस प्रकार सत्र तत्व संयुक्त (ज्ञानेन्द्रिय ५, कर्मेन्द्रिय ५, प्राणादि ५, मन, वुद्धि युक्त) लिङ्ग शरीर (सूक्ष्म शरीर) को वयान गरियो । चित्त र अहङ्कारलाई समावेश (मिलाउने) गरे पछि, यो लिङ्ग शरीर उन्नाइस तत्वको बन्दछ, यसमा कसैको पनि विरोध छैन ।

स्थूल देह (देखिने शरीर) एउटा घर समान भोगको स्थान हो । लिङ्ग शरीर भोगको साधन किंवा करण - सामग्री हो । जस्तो मनुष्य एउटा घर छोडेर अर्को घरमा जान्छ, त्यस्तै जीव पनि यो स्थूल शरीरलाई छाडेर अर्को देहमा जान्छ । जीवको यस्तो गमनागमन (जाने आउने) प्रणाली (रीति) लाई नै जन्म - मरण, भनिएको छ । मरणमा लिङ्ग शरीरको नाश हुंदैन, जीवत्व (बाँचुपना) को कारण नै लिङ्ग शरीर हो । अतः मृत्युबाद, (मरेपछि) जीव पुन (फेरि) जन्म ग्रहण गर्दछ । "म को हुं" यो राम्रो सित जाने पछि सारा कर्महरु समूल (मूलै सहित) नाश भएर जान्छन् र लिङ्ग देह पनि भङ्ग (नाश) हुनजान्छ; अनि मात्र जीव "मुक्त" [अर्थात् स्वरुपमा स्थित] हुन्छ ।

—)(❀)(—

विचारालोकका चौथो प्रकरण सकियो

—(×॰×)—

कारण शरीर

पाँचौं प्रकरण

—)(❀)(—

यसमा शंका आउन सक्छ कि विचार-युक्ति द्वारा "सूक्ष्म शरीर" पनि 'म' सिद्ध हुन सकेन, तथापि "कार-

ण शरीर" त अवश्य हुँ; किनकि उक्त सर्वैमा एक स अनुस्यूत [उनिएको] छु, सबैको कारण हुं। यहाँ वि-चारणीय [विचार गर्नु पर्ने] कुरा यो छ कि "कारण शरीर" केलाइ भनिन्छ ? अनादि, अव्यक्त, त्रिगुणा-त्मिका [सत्व, रज, तम, तीन गुण सित सम्बन्ध राख्ने] माया किंवा अविद्यानै कारण शरीर हो, किनकि अज्ञा-नको समस्त कार्यहरुको कारण त्यही [माया] हो। स्थूल-सूक्ष्म, दुवै शरीरको - लय स्थान [लिन हुने स्थान] एवं वीज रुप पनि हो। यसैले यो अज्ञान [कारण श-रीर] सुषुप्ति कालमा प्रतीत हुन्छ। अज्ञानमा प्रतिविंवि-त [छायाँ परेको] साक्षी [भोक्ता आनन्दमय] भनेर कहिन्छ। जो अविद्या [अज्ञान] वृत्ति द्वारा "स्वरुप सुख" भोग्दछ। त्यो अज्ञान देह पनि म होइन, मेरो पनि होइन, म उसको तथा प्रतिविंबभूत [छायाँ परेको] आनन्दमयको साक्षी, द्रष्टा [देख्ने] तथा ज्ञाता [जान्ने] हुं। अविद्याजन्य [अज्ञान बाट पैदा भएको] सुखाकार [सुखको स्वरुप] अज्ञानाकार [अज्ञानको स्वरुप] दुवै वृत्तिलाई मै प्रकाशित गर्दछु। अज्ञानमा परेको साक्षी-को प्रतिविंब [छायाँ] अर्थात् अविद्याको साक्षात्कार वृ-त्तिलाई पनि मै जान्दछु। भोक्ता-आनन्दमय तथा भोग्य

[भोग गरिने] सुखको साक्षात् प्रकाशक [प्रकाश गर्ने] सौषुप्त [सुषुप्ति कालको] साक्षी, आनन्दमय पनि मै हुँ। अतएव निद्रा भङ्ग भए पछि "म सुख सित सुतेको थिएँ" केही पनि थाहा पाउन सकिन" यो दुई प्रकारको स्मरण हुन्छ। अदृष्ट [नदेखिएको] या अननुभूत [अनुभव द्वारा सिद्ध न भएको] विषय स्मरण हुन सक्तैन। यसैले सुषुप्ति कालमा - म सुख भोग तथा अज्ञानको साक्षी थिएँ भन्ने अनुभव हुन्छ। त्यस बखत् बुद्धि आदि केहि रहँदैन, केवल चैतन्य सुखरुपको मात्र अनुभव रहन्छ। अतएव अज्ञान शरीर किं वा भोक्ता "आनन्दमय" म होइन, अपितु त्यस देखि भिन्न तथा विलक्षण [नौलो] बुद्धि निरपेक्ष [बुद्धि देखि अलग] बुद्धिको साक्षी, स्वयं प्रकाशमान, नित्य, सुख रुप-आत्मा हुं।

विचारको सिद्धान्त

—)(❀)(—

यस्तो विचार गरेर मुमुक्षु [मोक्षको चाहना गर्ने] पुरुषले बुद्धिद्वारा अवधारण [निश्चय] गर्नु पर्दछ कि, जाग्रत, स्वप्न, सुषुप्ति, स्थूल, सूक्ष्म, कारण शरीर, तीन गुण एवं तिनका वृत्तिहरु सारा धर्म-कर्मको साक्षी "म" चैतन्य, यी सबैलाई घट समान साक्षात् जान्दछु - यी सबै देखि

म भिन्न एवं विलक्षण छु; जस्तो घट द्रष्टा [घडा देख्ने] घट देखि अत्यन्त भिन्न र विलक्षण छ। सारा अवस्थाहरु दृश्य [देखिने] एवं आगमापायी [आउने जाने] हुन्। अवस्था, शरीर, गुण, वृत्ति, कर्म, आउनु जानु गरिरहन्छन्, एउटाको उदय [प्रवेश] मा अर्को रहँदैन। म नित्य, बोधरुप हुँ - बुद्धि आदिको सहायता विना सबैलाई प्रकाशित गर्दछु, साक्षात् जान्दछु। यी कुनै न रहँदा पनि बुद्धिको सहायता विना, यिनको अभावलाई म जान्दछु। सकल दृश्यको प्रकाशक [प्रकाश गर्ने] भएर पनि म, दृश्य रहित, प्रकाश [अनुभव] मात्र हुं। म, सर्वदा, समभाव [एकनास भाव] ले रहन्छु। म अविकारी [विकार रहित] हुं, विकारी [विकार युक्त] दृश्यहरुको विकार देख्तछु, जान्दछु। म, जन्म-मरण रहित हुँ, जाग्रत् अवस्थामा म, जो जति विषय-भोग, गर्दछु, स्वप्न कालमा त्यही म, जाग्रतको स्थूल शरीर किं वा तत्संवन्धी भोग्य विषयादिको सर्वथा अभाव [नहुनु] भएता नि - वासनामय [वासना द्वारा वनेको] सूक्ष्म शरीर द्वारा, विषय भोग गर्दछु। स्वाप्निक [स्वप्न संवन्धी] भोगको अभाव हुंदापनि आवृत [मायाले ढाकिएको] सुखरुप [सौषुप्त आनन्दमय] साक्षी

भावमा स्थित भएर, सामान्य अज्ञान किं वा कारण शरी-रलाई प्रकाशित गर्दछु । त्यही म, समाधि दशामा-सुषु-प्ति, अज्ञान र त्यसको तीन प्रकारको वृत्तिहरुको व्यतिरेक [अभाव] मा – निर्दृश्य [नदेखिने] निज निरावरण [न-छोपिएको] शुद्ध, परिपूर्ण, अखण्ड [नटुक्रिएको] एक-रस, चैतन्य सुखरुपमा किं वा उसको आकारमा आका-रित [मिलेको] अचल चित्तमा अवस्थान [रहने] गर्दछु । अतएव म–नित्य, चैतन्य, सुखस्वरुप हुं ।

यस्तो विचारद्वारा आफ्नो स्वरुप जानेर, त्यसमा निश्चित [निश्चय गरिएको] बुद्धि हुनुपर्दछ - जस्तो शरीर मा आत्म बुद्धि [आफु भन्ने बुद्धि] संशय विपर्यय [शंका र भ्रान्तिभाव] रहित हुन्छ त्यस्तो बुद्धि । फलस्वरुप देहादि अनात्मवस्तु [आत्म भिन्न वस्तु] हरुमा, कहिले पनि कुनै प्रकारको आत्म बुद्धि उदित [उदय] हुन सक्तैन । स्वरुप जानेर तद्गत चित्त [त्यसैमा लवलीन] भएर, निरन्तर निदिध्यासन [ध्यान] मा निरत [त-त्पर] हुनुपर्दछ ।

—)(❀)(—

पञ्चकोश बिचार

—)(❀)(—

बोक्राले ढाकिएको धान कुटेर, जसरी साफ चाँवल

निकालिन्छ; त्यसरी पञ्चकोश [पांचवटा कोश-भण्डार] हरु द्वारा आवृत [छोपिएको] आत्मा [आफ्नो स्वरुप] लाई विचारको सहायताले जान्नु कि वा प्राप्त गर्नु पर्दछ। आत्मा—नित्य, शुद्धरुप छ तापनि, ढाकिए जस्तो भएर तत्तत् [त्यहि त्यहि] कोशरुपमा त्यस्तै त्यस्तै भासमान [देखिने] हुन्छ। जस्तो निर्मल स्फटिक मणि लाल पुष्प [रातो फूल] आदिको संबन्धले तत्तद्रूप [त्यहि त्यहि रुप] मा भाषित [प्रकाशित] हुन्छ। विचार द्वारा यो पाँचै प्रकारका आवरण [पर्दा] निराकरण [खण्डन] भए पछि, शुद्ध आत्मस्वरुप प्रकाशित हुन्छ; जस्तो भयाउ [सिमली] ले छोपिएको जल, भयाउ हटाएपछि निर्मलरुपमा प्रतीयमान [बोधगम्य] हुन्छ र तृषा (प्यास) तथा सन्तापको नाश गर्दछ।

कोश विवरण (वर्णन) – अन्नमय, प्राणयय, मनोमय, आनन्दमय। यी पाँचै कोश उत्तरोत्तर (एकको पछि एक) व्याप्त भएर, आत्मस्वरुपलाई आवरण [ढाकिदिने] गर्दछन्। तरवारको म्यान समान निजरुपको आच्छादक (ढाकिदिने) भएकोले यिनलाई कोश भनिन्छ।

अन्नमय कोश -पिताद्वारा खाइएको अन्न-रस-बाट उत्पन्न, अन्नको सहायताले जीवित (बाँचेको) अन्न विहीन हुँदा नाश हुने, यो स्थूल शरीर-अन्नमय कोश भनिन्छ। यो अस्थि (हाड) मांस, मेद (बोसो) रक्त, धातु, नाडी (नशा) हरुले भरिएको, वात, पित्त, कफ आदि मिश्रित (मिसिएको) सबै प्रकारको रोग-को घर, मलमूत्रादि परिपूर्ण, विकारी (विकारयुक्त) तामस, जड; जरा मरणशील (बूढो हुनु पर्ने मर्नु पर्ने) एवं अ-शुद्ध हो। आत्मा नित्य शुद्ध हुनाले, देहात्म बुद्धि (देहलाइ आफु ठान्ने बुद्धि) को त्याग गर्नु पर्दछ र विचा-रद्वारा आफुलाइ नित्य, शुद्ध, निर्मल, असंग, बोध-रुप (ज्ञानरुप) निश्चय गर्नु पर्दछ।

प्राणमय कोश - पाँच कर्मेन्द्रिय सहित प्राणलाइ, प्राणमय कोश भनिन्छ। यो अन्नमय कोशलाइ व्याप्त गरेर रहन्छ। प्राणमय कोशको आश्रय (सहारा) ले सारा कर्म संपन्न (पूर्ण) हुन्छ। जड, भौतिक (पंच महाभूत संवन्धी) एवं चञ्चल, वायुस्वरुप तथा दृश्य (देखिने वस्तु) हुनाले प्राणमय कोश, कुनै प्रकारले पनि आत्मा हुन सक्तैन। विचार द्वारा यो निश्चित (सावित) हुन्छ कि, उच्छ्वास - निःश्वासरुप (श्वास खिंच्नु,

निकाल्नु रुप - अचेतन (चेत न भएको) दृश्य प्राण म हुन सक्तिन । म नित्य, शुद्ध, निर्मल, असंग, बोध-स्वरूप आत्मा हुं ।

मनोमय कोश – पाँच ज्ञानेन्द्रिय संयुक्त (मिले-को) मन नै मनोमय कोश भनिन्छ । यो प्राणमय कोशलाइ भित्र बाहिर व्याप्त गरेर स्थित रहन्छ । यसबाट इच्छा (चाहना) संकल्प (के गरूँ, के गरूँ) मनन (चिन्तन) आदि हुन्छ । यसको क्षमता (सामर्थ्य) बाट पार हुनु बडो कठिन कुरा छ; स्वयं (आफैं) नानारूप धारणा गरेर विचरण (घुम्ने) गरि रहन्छ । जाग्रत् अव-स्थामा जगत् रचना गरेर त्यसैमा अनुरागी (प्रेम गर्ने) हुन्छ । फेरि आफैं आफ त्यसको नाश पनि गर्दछ । विषयमा राग–कल्पना (प्रेमको चाहना) गरेर यो मन, पुरुषलाई तीन गुण (सत्व, रज, तम) को डोरीले पशु समान बाँधी दिन्छ । फेरि वैराग्य द्वारा त्यही विषयलाई विष तुल्य विरस (खल्लो) गराएर पुरुषलाई मुक्त पनि गरि दिन्छ । सुतरां – यो मन, बन्ध र मुक्तिको पनि कारण मानिएको छ । यो कहिले पनि एक रूपले स्थित रहँदैन । कहिले केही शोच्छ, कहिले त्यसैको विपरीत (उल्टो) भाव अवलंबन (आड लिने) गर्दछ, यो मनोमय

कोश; भूतहरूको कार्य, जड, एवं दृश्य हुनाले आत्मा होइन ।

अज्ञान वशात् (अज्ञानको वश परेर) मनुष्य, मनलाई आत्मा ठानेर, मनोरूप भईकन, संसारमा गमनागमन (आउने जाने) गरी रहन्छ । बिवेचन (निर्णय) गरेर हेरे पछि आफूलाई मनको द्रष्टा (देख्ने) रूपमा, मनलाई दृश्य (देखिने) रूपमा, अनुभूत (अनुभव द्वारा ज्ञात) गर्न सकिन्छ । मेरो मन अन्तै गएको थियो, तपाँईको कुरा मैले सुनिन, अब मनलाई स्थिर गरेको छु । यस्तो कुरा विवेकी (विवेक गर्ने) पुरुष सहजैमा अनुभव गर्दछन् । अतः द्रष्टा (देख्ने) म, दृश्यरूप मन हुन सक्तिन । स्वप्न एवं जागरण दशा (जागेको वेला) मा मन रहन्छ, सुषुप्तिको समयमा लीन हुन्छ किंवा हराउँछ । यो चञ्चल एवं आगमापायी (आउने जाने वाला) छ । विकार-निलय (विकारको घर) यो मनको गति, स्थिति, चैतन्य को आश्रय (आधार) बाट नै हुन्छ, अर्थात् यसको आविर्भाव (उत्पत्ति) तिरोभाव (नाश) हराउनु, सर्वदा ज्ञात (जानिएको) प्रकाशित, किंवा स्वयं अनुभूत हुन्छ । अतएव परिणामी [वदलिने] विकारी, अस्थिर [चञ्चल] शोकमय (शोकसित मिलेको) संकल्प विकल्प (यो गर्छु यो

गर्दिन] रूप मन, आत्मा हुन सक्तैन। यस्तो विचार द्वारा निज स्वरूप–नित्य, निर्मल, असङ्ग [सङ्ग रहित] प्रकाशरूप निश्चित [किटान] गर्न सकिन्छ।

विज्ञानमय कोश–पञ्च ज्ञानेन्द्रिय–संयुक्त [मिलेको] बुद्धि नै, विज्ञानमय कोश भनिन्छ। "अहं, मम भाव" [म, मेरो भाव] तथा कर्तृत्वाभिमान–अर्थात् म गुणवान् हुं, विद्वान् हुं, क्रियावान् हुं, ध्यानी हुँ, इत्यादि अभिमान, यही कोशमा रहन्छ। प्रकृतिको विकार (दोष) भएको हुनाले, यो विज्ञानमय कोश–क्षणिक (अनित्य) एवं परिणामी (नाशिने) हो; अतः यो आत्मा हुन सक्तैन।

अविवेकी (विवेक न गर्ने) हरू बुद्धिलाई नै आत्मा संझन्छन्। चैतन्यको प्रतिविम्ब (छायाँ) पाएर किंवा परेर, जड़–बुद्धि, चेतन जस्तो प्रतीत [ज्ञात] हुन्छ। बुद्धि किंवा विज्ञान, आत्माको निकट रहेर, आत्म स्वरूपमा आरोपित [मिले जस्तो] हुन्छ र स्वयं प्रकाश आत्मा त्यसमा प्रतिफलित [छायाँ परे समान] हुन्छ। फलस्वरूप उपाधिगत (उपाधिमा मिलेको) धर्म, उपहित (प्रतिष्ठित) चैतन्य आत्मामा कल्पित हुन्छ। बुद्धिका विभिन्न (भिन्न भिन्न) वृत्तिहरु किंवा विकारहरु, असंग, आत्म स्वरूपमा आरोपित हुन्छन् र जस्तो वादलको

दौडाइमा चन्द्रमा दौडे जस्तो देखिन्छ; त्यस्तै बुद्धिको व्यापार, आत्मामा कल्पित भएर आत्मालाई व्यापारवान् (काम गरेको) प्रतीत (विश्वास) गराउँछन् । बुद्धि-क्षणिक, विकारी, एवं परिणामी हुनाले, त्यो आत्मा हुन सक्तैन। स्वप्न तथा जाग्रत्मा, बुद्धि विद्यमान (महजूत) रहन्छ सुषुप्तिमा लीन हुन्छ (हराउँछ)। चैतन्यको प्रकाश पाएर, त्या घटाकार, पटाकारमा परिणत [वदलिने] हुन्छ । अर्थात् घट [गाग्रो] पट [वस्त्र] लाई प्रकाशित गर्दछ, घट र पट ज्ञानको सन्धि काल [वीचकाल] मा-अर्थात् घट गयो, पट आएको छैन, यस्तो खालि समयमा, बुद्धिको अभाव भएको अर्थात बुद्धि नभएको, साक्षी आत्मा जान्दछ । विवेकीहरु यस्तो अवस्थालाई सहजैमा अनुभव [विचार] गर्न सक्तछन् । बुद्धिको विषयाकार वृत्ति [विषय जान्नु किंवा बुद्धिमा विषय भासमान हुनु-देखा पर्नु] या तूष्णींभाव [विषयमा नगएर चूप वसेको] लाई विवेक-विचारशील मनुष्य स्वयं [आफैं] जान्दछन् । अतः बुद्धि दृश्य हो, त्यसको भावाभाव [भए नभएको] आत्म स्वरूप द्वारा सर्वदा प्रकाशित किंवा ज्ञात हुन्छ [जानिन्छ] आत्मा त्यो बुद्धि-वृत्तिको द्रष्टा, नित्य, शुद्ध, निर्मल, बुद्धि आदि

रहित, प्रकाशरूप हो, यस्तो विचारको सहायताले निश्चय गर्नु पर्दछ। ज्ञाता, ज्ञान, ज्ञेय, (जान्ने, जान्नु, जानिने) घटादि (घट पट आदि) को प्रकाशक हो तापनि उक्त त्रिपुटी, आत्म स्वरूपमै कल्पित छ। अतः आत्मा प्रकाशक पनि होइन, यो शुद्ध प्रकाश किंवा बोधरूप हो, यस्तो आफूलाई सम्झनु पर्दछ।

आनन्दमय कोश— प्रिय, मोद, प्रमोद, अन्तःकरणका वृत्तिहरुको सुषुप्ति कालमा कारण अज्ञानमा लीन भएपछि, आनन्दरूप आत्माको प्रतिबिम्ब सहित अज्ञानको वृत्ति किंवा अज्ञानमा आनन्द रूप आत्माको प्रतिबिम्ब, आनन्दमय कोश कहिन्छ। पुण्य कर्महरुको फलस्वरूप - इष्ट वस्तुको दर्शन, लाभ, उपभोगहरुबाट बिना प्रयत्न (कोशिश) जो आनन्द प्राप्ति हुन्छ, त्यो यस कोशमा रहनाले संभव हुन्छ। जीव स्वयं आनन्दरूप हुंदा पनि यस कोशका साथ मिलेर आनन्दको भोक्ता (भोग गर्ने) हुन्छ। भोक्ता आनन्दमयको अनुभव, वस्तुतः (यथार्थमा) स्वप्न कालमा नै संभव हुन्छ; किनकि अन्तःकरणको साथ अध्यास (एक वस्तुमा अर्को वस्तुको कल्पना) स्वप्न कालीन (स्वप्न समयकै अनुसार) हुन्छ। सुषुप्त्यवच्छिन्न (सुषुप्ति देखि

अलग गरिएको) साक्षी किंवा सौषुप्त-आनन्दमयमा, कुनै अध्यास रहँदैन। यो भोक्ता-आनन्दमयको, साभास [आभास युक्त] अज्ञानको, त्रिविध [जाग्रत, स्वप्न, सुषुप्ति] परिणामको, साक्षात् प्रकाशक हो। म, स्वयं अखण्ड, आनन्द हुँ, मेरो निज स्वरूपमा-भोक्ता, भोग, भोग्यरुप त्रिपुटी किंवा अज्ञानमा लीन अन्तःकरणको तीन विकार रहन सक्दैन। आनन्दमय कोश किंवा प्रतिविम्ब [छायाँ] आनन्द सोपाधिक [उपाधि सहित] एवं प्रकृतिको विकार मात्र हो। त्यो सुकृत [पुण्य] कर्मको परिणाम एवं अज्ञानका साथ तादात्म्याध्यास [एक पदार्थ अर्को पदार्थमा दुरुस्त भएर मिल्नु] को फल हो; अतः त्यो म होइन। प्रतिविम्ब आनन्द र अज्ञानको, म साक्षात् प्रकाशक हुं, मबाट नै पंचकोश कल्पित एवं प्रकाशित हुन्छन्। म यी पंचकोश देखि अतीत [टाढा] को हुं, मैमा यी सारा कोश भासित [प्रकाशित] हुन्छन्। म स्वयं यी सबै देखि सर्वदा भिन्न रहेर सबैलाई प्रकाश गर्दछु, किं वा जान्दछु। ममा यी कोशहरु कुनै पनि छैनन् [आत्म स्वरूप नजानेर नै यी सारा ममा कल्पित हुन्छन्]।

प्रिय- [प्यारो] मोद- [आनन्द] प्रमोद- [हर्ष] सहित अज्ञानमा लीन - अन्तः करण [कारण शरीर] जड हुनाले,

आनन्द स्वरुप हुन सक्तैन । स्फुरण [संकल्प] रहित हुनाले, त्यसमा आनन्दको स्फूर्ति [स्फुरण] हुनु पनि संभव छैन । स्वप्रकाश, आत्म चैतन्य नै, आनन्दघन [आनन्दको थुप्रो] हो ! निश्चल बुद्धिमा उसको प्रतिविम्व [छायाँ) पर्छ किन्तु बुद्धि-वृत्ति, क्षणिक [चञ्चल] हुनाले प्रतिविम्ब आनन्द स्थायी [स्थिर भएर] रहन सक्तैन । अज्ञानमा बुद्धिको विलय [लोप] भएपछि, आनन्दको यो विशेष प्रतिभास [प्रकाश] कि वा व्यष्टि भोक्तृभाव [आफ्नो भोक्ता भाव] पनि लय [नाश] मा प्राप्त हुन्छ; त्यस वखत कारण अज्ञान, अवशिष्ठ [बाँकी] रहन्छ । त्यस [अज्ञान] मा प्रतिफलित [छायाँ परेको] चिदाभास [चैतन्यको छायाँ] समष्टि [सिङ्गै र तदन्तर्गत त्यसको भित्र परेको] व्यष्टि, भोक्ता आनन्दमय हो । अज्ञान तथा प्रतिविम्वित [छायाँ परेको] आनन्द, जसको सहाय द्वारा स्वयं प्रकाशित हुन्छ, जसद्वारा स्वयं अनुभूत [अनुभव द्वारा जान्न योग्य] हुन्छ; त्यो प्रकाशक [प्रकाश गर्ने] एवं प्रकाश-रुप विम्व, आनन्द, म हुं । ममा साद्य [दृश्य किं वा अज्ञानका समस्त वृत्तिहरु] कुनै समयमा पनि रहन पाउँदैनन् । विचार द्वारा यस प्रकार निज स्वरुप [आत्मा] को निश्चय भएपछि, प्रिय, मोद, प्रमोद रुप अन्तःकरण वृत्तिहरुका साथ साभास [आभास सहित] अज्ञान विनष्ट

[नाश] हुन जान्छ । कार्यानन्द [कार्यको आनन्द] विकार मात्र हो, ज्ञानमा त्यसको लय [नाश] भएपछि, निरावरण [पर्दा रहित] निराभास [छायाँ रहित] निज आनन्द स्वरूप, स्वयं सर्वत्र अनुभूत हुन्छ । अतएव यो स्वयं प्रकाश, अखण्ड [विस्वभूत] आनन्द नै म हुँ; यस्तो निश्चय पूर्वक जान्नु पर्दछ ।

—)(❀)(—

विचारालोकको पाँचौ प्रकरण सकियो

—)(❀)(—

वस्तु विचार

छैटौं प्रकरण

—)(❀)(—

यसमा शंका उठ्छ कि – पञ्चकोशको निरसन [खण्डन] भए पछि, केही पनि अवशिष्ट [वाँकी] उपलब्ध [प्राप्त] हुंदैन भने, आत्मा नामक [आत्मा नामको] वस्तु कसरी रह्यो ? यसमा सूक्ष्म बुद्धिले विवेचन [निर्णय] गरेर हेर्नु पर्छ कि, अज्ञानका विकार-यी पंचकोश, कहाँ बाट निषिद्ध [मिथ्या रुपमा प्रतीत] हुन्छन्, फेरि यो निषेधको अनुभव [विचार] को गर्छ ? पञ्चकोशको निषेध भएपछि केही पनि रहँदैन, यो अनुभव जसबाट

हुन्छ; जो सबैको ज्ञाता [जान्ने] किं वा प्रकाशक छ, यी कोशहरुको अविर्भाव, तिरोभाव, [उत्पत्ति, नाश] नजाने सम्म उसको भाव अभाव, [भए नभएको] सिद्ध हुन सक्तैन, उसको कुनै कालमा कुनै प्रकारले पनि वाध [प्रतिवन्ध] किं वा अभाव हुन सक्तैन। किनकि यदि त्यो पनि रहेन भने त्यसलाई कसले जान्ने ? यदि त्यो जान्ने काहा पनि छैन भने यी कोशहरुको भाव, अभाव, कसरी सिद्ध हुन सक्छ ? यस प्रकारको युक्ति तथा अनुभूति (अनुभव) बाट ज्ञात हुन्छ कि कोशादि अज्ञानको सारा कार्य, आत्म स्वरुपमा नै मिथ्या (झूटो) रुपले प्रतीत हुन्छ। "साचा चैतन्य" नै कोशहरुको अभाव (नहुनु) स्वतः (आफैं आफ) जान्दछ। त्यो अज (नजन्मिने) अविनाशी (नाश नहुने) सत्य, ज्ञानानन्द लक्षण (ज्ञान र आनन्दको लक्षण) आत्म स्वरुपको कहिले कुनै प्रकारले पनि अभाव हुन सक्तैन। कुनै भन्लान्– अभाव किन हुंदैन ? त्यसो भए त्यो अभाव जान्ने मानिस अवश्य त्यहाँ विद्यमान – (उपस्थित) रहनु पर्दछ, त्यो त्यहाँ रहे पनि त्यो अभावको ज्ञाता त प्रकाशरुप आत्मा नै हो। अन्यथा उक्त अभाव सिद्ध हुन सक्तैन– (जान्नु किं वा चैतन्यालोक [चैतन्यको

उज्यालोमा] प्रकाशित हुनु नै, भाव या अभावको सिद्ध हुनु हो) अतएव पञ्चकोश देखि भिन्न, सबैको द्रष्टा- (देख्ने) ज्ञाता (जान्ने) स्वतः सिद्ध (आफैं आफ सिद्ध) स्वप्रकाश, एक, सत्य, ज्ञानादि लक्षण, चैतन्य मात्र 'म' हुँ।

कुनै शंका गर्लान्— सारा पदार्थ बुद्धिबाट भासित- (प्रकाशित) हुन्छन्, बुद्धिबाट जान्न सकिन्छ, अतः बुद्धि नै कोष- निषेधको ज्ञाता हो। यो कुरा केवल भ्रम मात्र हो, बुद्धिको निरसन - (खण्डन) पहिले नै गरि सकिएको छ। उसको लक्षण एवं धर्म पनि पहिले नै बताई सकिएको छ। बुद्धि परतंत्र - (पराधीन) हो, स्वयं सिद्ध (आफैं आफ सिद्ध) होइन। बुद्धि स्वयं आफूलाई प्रकाशित गर्न सक्तैन, आफूले आफूलाई जान्न सक्तैन, अरु पदार्थलाई पनि जान्न सक्तैन। दीप- (बत्ती) जस्तो घटादिलाई प्रकाशित गर्दछ, किन्तु घटादि पदार्थलाई जान्न सक्तैन। प्रत्युत* गृहस्थ (घरमा रहेका) पुरुष नै घटादिलाई जान्न सक्तछ। त्यस्तै बुद्धि पनि चैतन्य आत्माको आभास (छायाँ) ले युक्त भएर सारा पदार्थ एवं विषयहरुलाई प्रकाशित गर्दछ;

*यसको विरुद्ध।

किन्तु चिदाभास– (चैतन्यको छायाँ) जड स्वभाव एवं अवस्तु हुनाले उसको ज्ञाता हुन सक्तैन। चैतन्यरुप साक्षी प्रत्यगात्मा– (सबैको आत्मा ब्रह्म चैतन्य नै सारको ज्ञाता हो। प्रत्यक् - चैतन्य नै बुद्धि तथा बुद्धि कल्पित सारा प्रपञ्च एवं सबैका अभावको साक्षात्– (बुद्धि निरपेक्ष [बुद्धिदेखि पृथक्] निज प्रकाश द्वारा) जान्दछ। त्यो एकमात्र, सत्य, स्वयं प्रकाश, आनन्द - घन, आत्मा नै म हुं।

अस्ति कश्चित् स्वयं नित्यं अहम्प्रत्यय लक्षण।
अवस्थात्रय साक्षीसन् पञ्चकोश विलक्षण।

यो विजानाति सकलं जाग्रत्स्वप्न सुषुप्तिषु।
बुद्धि तद्वृत्ति सद्भावं अभावमहमित्ययम्॥

अर्थात् अहं प्रत्यय (म, यस ज्ञानको) आलंवन (सहारा) स्वयं नित्य कुन हो? जो अवस्था त्रय (जाग्रत्, स्वप्न, सुषुप्ति) को साक्षात् प्रकाशक हुँदा पनि पंचकोश देखि विलक्षण (भिन्न) छ। अहं रुपमा

प्रत्यक्ष अनुभूयमान (अनुभव सिद्ध) जो साक्षी चैतन्य तीनै अवस्थामा बुद्धि तथा बुद्धि वृत्तिको भाव - अभाव (हुने नहुने) जान्दछ– अर्थात् म जागा छु मैले स्वप्न देखें, म सुख पूर्वक सुतेको थिएँ– केही पनि थाहा पाइन, यस प्रकार अवस्थात्रयको गतिविधि, बुद्धि निरपेक्ष – (बुद्धिदेखि अलग) निज प्रकाश द्वारा – जो जान्दछ, त्यो नै म हुं ।

यस प्रकार वस्तु विचारको फलस्वरुप अहं (म) पदको अर्थ, अहंकार आदिको साक्षी, चैतन्य मात्र, सिद्ध भयो ।

अहं पदार्थस्त्वहमादि साक्षी, नित्यं सुषुप्तावपि भाव दर्शनात् ।
ब्रूतेह्यजो नित्य इति श्रुतिः स्वयं, तत्प्रत्यगात्मा सदसद्विलक्षणः ॥

म फलाना हुँ, यो अहं भावको अभाव, सुषुप्तिमा देखिन्छ; किन्तु त्यस समयमा पनि "म" साक्षी रुपले विशेष अहं भावको अभाव भएको जान्दछु ।

अन्यथा परिच्छिन्न (टुक्रिएको) अहंकारको अभाव, सुषुप्ति दशामा कसरी सिद्ध हुन सक्दछ ? म मस्त निद्रामा थिएँ, त्यस वखत केही पनि थाहा पाइन यस्तो अनुभव, विवेकी पुरुषहरूका निमित्त स्वतः सिद्ध छ। अतः म भन्नाले जसको बोध हुन्छ, त्यो नित्य, सनातन हो। यो आत्मा अहंकार आदिको भाव तथा अभाव देखि अत्यन्त विलक्षण (अद्भुत ढंगको) छ। बुद्धि, अहंकार आदिको निवृत्ति हुंदा पनि, अनुभवरुप- (ज्ञान स्वरुप) प्रत्यगात्मा, स्वयं (निज पूर्ण प्रकाश द्वारा) प्रकाशित किं वा सहजै प्रत्यक्ष अनुभूत - (अनुभव द्वारा जानिने) हुन्छ - एसमा बुद्धि वृत्तिको कुनै अपेक्षा (मतलव) छैन। यस प्रकार श्रुति, स्मृति, युक्ति र क्षणिक अनुभूति (अनुभव) को सहायताले विचार द्वारा आफनो यथार्थ स्वरुपलाई निश्चय गरेर अभ्यास पूर्वक निरन्तर त्यस स्वरुपमै निरत (तत्पर) रहनु पर्दछ। आफूलाई कहिले पनि अरु रुपमा जान दिन हुंदैन, यसैको नाम निदिध्यासन हो।

—)(❀)(—

विचारालोकको छैटौं प्रकरण सकियो

—)(❀)(—

ग्रन्थि भेद विवरण र विचार

—)(❀)(—

सातौं प्रकरण

—)(❀)(—

यद्यपि (हुनता) वस्तु विचार देखि ग्रन्थि भेद विचार भिन्न विषय होइन। वस्तु विचारमा निपुण- (चतुर) व्यक्ति, स्वयं (आफै) विचार द्वारा ग्रन्थि भेद गर्नमा अर्थात् चित् र जडको सम्बन्धबाट परेको गाँठो फुकाउनमा समर्थ हुन्छ। तथापि मुमुक्षु पुरुषहरुलाई जुन प्रकारबाट, त्यो सहज एवं सुन्दर रुपमा बोधगम्य- (संझनमा योग्य) हुन सक्छ, त्यस प्रकार उसको विस्तृत विवरण (लामो बयान) गरिएको छ। यस- लाई पुनरुक्ति- (दोहऱ्याइएको) नसंझेर अभ्यासरुप मानीकन अवधारण - (निरुपण) गर्नाले फल लाभ हुन्छ।

पहिले चित् र जडको लक्षण जान्नु पर्छ। अनि त्यसबाट ग्रन्थि भेद, सहजै सम्पन्न हुन जान्छ। जो वस्तु आफ्नलाई पनि अरुलाई पनि जान्न सक्छ, त्यो चित्-

(चतन्य) हो। जो स्व पर बोध (आफ्नो र अर्काको ज्ञान) रहित छ, त्यो जड हो। यस लक्षणको सहायताले मिलित (मिलेको) चित् जडबाट, चिदंश (चेतनको अंश) जडांश (जडको अंश) लाई पृथक् (भिन्न) रूपमा जानेर जड़ांशलाई त्यागीकन, चिदंशलाई आत्म रुपमा ग्रहण गर्नु सहज हुन जान्छ।

स्थूल शरीर देखि लिएर, अज्ञान तक-- प्रत्येक पदार्थमा, चित र जडको ग्रन्थि (चित् र जडको दृढ एकीकरण किं वा एक वस्तु रूपमा प्रतीति) विद्यमान (उपस्थित) छ। जस्तो प्रतप्त (तातिएको) लौह पिण्ड (फलामको डल्लो) मा आगो र फलामको डल्लोको अन्योन्याध्यास (परस्परमा मिल्नाले एक वस्तु रूपमा ज्ञान) हुन्छ; त्यस्तै आत्मामा अनात्मा देहादिको र अनात्मा देहादिमा आत्म भावको प्रतीति (विश्वास) हुन्छ, यो भ्रान्ति – ज्ञानको निवृत्ति विना मुक्ति सिद्ध हुन सक्तैन।

अनादि काल देखि यो चैतन्य र जडको दृढ-ग्रन्थि प्रयुक्त (बलियो गाँठो परेको) जीव, नाना योनिमा भ्रमण (घुम्ने) गरी रहन्छ। चैतन्य र जडको एकता-

(समानता) का निश्चय हुनु नै ग्रन्थि (गाँठा) हो। कुनै शंका गर्लान्- जड र चैतन्य परस्पर विरुद्ध (नमिल्ने) स्वभाव हुनाले उनको ऐक्य (एकता) कसरी हुन सक्छ ? यसको उत्तर यो हो कि- यद्यपि अन्धकार र प्रकाश समान, जड र चैतन्यको ऐक्य, कुनै प्रकारबाट पनि संभावित (संभव) छैन; तथापि अघटित घटना पटीयसी (नघट्ने घटना पनि घटाउन सक्ने) मायाको प्रभावले अविवेकी (विवेक नभएका) मनुष्य लाई ऐक्य बोध (एउटै जस्तो ज्ञान) हुन्छ र परिणाम स्वरूप अन्तःकरण तथा त्यसको विकार साथ तादात्म्य (दोटा मिलेर एउटै बन्नु) एवं संसर्ग बुद्धि अर्थात् म अन्तःकरण विशिष्ट- जीव तथा चिन्ता युक्त दुःखी मनुष्य हुं; यस्तो भ्रम उत्पन्न हुन्छ। विवेक द्वारा दुवैको लक्षण जाने पछि, ग्रन्थि शिथिल (गाँठो खुकुलो) हुन्छ र विचारको सहायताले नष्ट हुन सक्छ। ऐक्य ज्ञानको नाम 'ग्रन्थि' तथा पार्थक्य ज्ञान (भिन्न भिन्न देख्नु) को नाम ग्रन्थि भेद कहिन्छ।

स्थूल शरीरमा अहं (म) बुद्धि हुनु स्थूल (ठुलो) ग्रन्थि हो। त्यस द्वारा शरीर म हुं, यस्तो प्रत्यय (विश्वास) भएर शरीरको धर्म कर्मादि

आत्मामा आरोपित हुन जान्छ । म उत्पन्न भएको छु, म बालक हुं, युवा हुं, वृध्द हुँ, म मोटो छु, दुब्लो छु, कालो छु, गोरो छु, रोगी छु इत्यादि निश्चय हुन्छ । यस प्रकारबाट जाति, कुल, गोत्र, नाम, वर्ण र आश्रम प्रभृति भ्रम आत्मामा स्वीकार गरेर, अभिमानले प्रमत्त एवं मोहित भईकन; जीव नाना प्रकारको सुख दुःखादि भोग भोग्दछ ।

यो स्थूल शरीर स्व - परबोध रहित (आफूलाई पनि अरूलाई पनि नजान्ने) काष्ठ, लोष्ठ – (पत्थर) किं वा घडा आदि समान छ । स्वयं छ छैन यो पनि जान्दैन । किन्तु म चैतन्य हुं, यो स्थूल शरीरको द्रष्टा (देख्ने) हुं, यसलाई म जान्दछु । द्रष्टा, दृश्य वस्तुदेखि विलक्षण र भिन्न हुन्छ; जस्तो घट द्रष्टा (घडा देख्ने) घटदेखि भिन्न हुन्छ, घट स्वरूप हुँदैन । त्यस्तै म, चैतन्य – (ज्ञान किं वा प्रकाश रूप) जड शरीरको द्रष्टा र त्यसदेखि भिन्न एवं विलक्षण हुँ ।

प्राणमा जो चिज्जड (चित् र जड) को ग्रन्थि छ, त्यसले देहमा प्राण रहिन्जेल म जीवित छु, कर्म गर्नमा समर्थ छु, इत्यादि र प्राणान्तमा पनि म मरें, यस्तो

भ्रम ज्ञान पैदा गराउँछ । यस प्रकार क्षुधा, तृषा – (भोक, प्यास) आदि प्राणको धर्मलाई आत्मामा आरोपित गरेर मूढ पुरुषहरू – म भोको छु, म प्यासो छु, यस्तो भन्दछन् र प्राणमय कोशको सारा धर्म आत्मामा स्वीकार गर्दछन् ।

यो प्राण जड एवं खलाँतिको हावा समान छ । निश्छ्वास, उच्छ्वास (श्वास फेंक्ने, खिंच्ने) रूपमा गमनागमन (जाने आउने) गर्दछ; किन्तु स्वयं छ छैन यो जान्न सक्तैन । आफूलाई, देहलाई, मलाई जान्न सक्तैन । त्यो दृश्य हो, प्रत्यक्ष दृष्ट (ज्ञात) हुन्छ । द्रष्टा, चैतन्यरूप (प्रकाशक र प्रकाश) म, प्राणको गमनागमन क्रिया देखतछु, जान्दछु । अतः म प्राणदेखि विलक्षण र भिन्न छु ।

पञ्च ज्ञानेन्द्रियहरूमा जो चिज्जडको ग्रन्थि विद्यमान (रहेको) छ, त्यसबाट म देखतछु, सुन्दछु, इत्यादि र पञ्च कर्मेन्द्रियहरूको जो ग्रन्थि हो त्यसबाट म, बोल्दछु, ग्रहण गर्दछु इत्यादि अविरत (निरन्तर) बोध हुन्छ किं वा थाहा हुन्छ । विवेचना (निर्णय)

गरे पछि यो प्रतिपन्न (निश्चित) हुन्छ कि इन्द्रियहरू जड हुन्, यिनमा विल्कुलै बोध (ज्ञान) छैन, भूत कार्य, हुनाले यिनको आ-आफना विषयमा प्रवृत्ति (लाग्नु) र निवृत्ति (हट्नु) हुन्छ, अरूको विषय जान्न सक्तैनन् । इन्द्रिय रहित अन्धा, वहिराहरू पनि बांचेकै देखिन्छन्, अतः जीव इन्द्रियहरू देखि भिन्न सिद्ध हुन्छ । अतएव म चैतन्य (बोध स्वरूप) इन्द्रिय-हरूका विषय, वृत्तिहरू तथा कर्महरूको द्रष्टा एवं ज्ञाता हुं, यसैले म यो सबै देखि भिन्न र विलक्षण छु ।

मनमा रहेको चिज्जडको ग्रन्थिले – मन नै म हुं यस्तो प्रतीति हुन्छ र राग, इच्छा, काम, संकल्प आदि जति मनका धर्म छन्, ती सबैमा मेरो पना रहन्छ – (हुन जान्छ) मनोराज्यमा मनको दूरगति (टाढागति) भएपछि त्यसबाट आत्माको गमन अनुभूत (अनुभव सिध्द) हुन्छ । जसबाट मन प्रवृत्त (नियुक्त) हुन्छ र त्यसैमा लाग्ने गर्दछ । विचार गरेपछि ज्ञात (थाहा) हुन्छ कि मन - जड, चञ्चल, संकल्प – विकल्परूप, सावयव (अवयव [अङ्ग] सहित) सर्वदा काम, क्रोधादि वृत्तिहरूमा परिणत भएको हुन्छ । अतएव मन दृश्य हो, म, चैतन्य एवं मनको द्रष्टा हुं । अतः मन देखि भिन्न

विलक्षण हुं ।

बुध्दिमा जो चिज्जडको ग्रन्थि छ, त्यसबाट आत्मा विज्ञानरूप जानिन्छ, अर्थात् म विषयको निश्चय गर्दछु, म राम्रो, नराम्रो भारा कुरा जान्दछु, म विद्वान् हुँ, ज्ञानी हुँ, क्रियावान् - गुणवान् - ध्यानी हुं, ज्ञाता हुं, विवेकी हुं, इत्यादि बोध हुन्छ । विज्ञानरूप भए पनि बुध्दि जड: क्षणिक, विकारी, परिणामी हो । त्यो सर्वदा घट, पट आदि रूपमा परिणत हुन्छ । घट बुध्दि कालमा पट बुध्दि रहँदैन । म, घट बुध्दिको पूर्वभाव - (घडा देख्नुभन्दा अडाडिको भाव) घट भाव, एवं घटाभाव - (घडा नभएको भाव) या वस्त्वन्तर बुध्दि - (वस्तु भित्र रहेको बुध्दि) जस्तो जस्तो हुन्छ, त्यो सबै जान्दछु। बुध्दिको परिणाम (विकार) प्राप्तिमा पनि म परिणाममा प्राप्त हुन्न, बुध्दि हराए पनि म हराउन्न। किनकि नाश सिध्द गर्नाका निमित्त पनि अनुभवरूप आत्माको - (मेरो) अपेक्षा - (जरूरत) हुन्छ । अतएव म, नित्य अविकारी – (विकारहीन) चैतन्य मात्र हुँ। बुद्धि र विज्ञान देखि सर्वदा भिन्न, असंग स्वभाव हुं। (असंगो ह्ययं पूरुष:) यस्तो श्रुति छ ।

विचारालोकको सातौं प्रकरण सकियो

आठौं प्रकरण

—)(❀)(—

अहंकारमा चिज्जड ग्रन्थि (चेतन र जडको गाँठो) अति सूक्ष्म रूपमा रहेको छ। अत्यन्त सूक्ष्म बुद्धिले विवेचन (जाँच) गरे पछि मात्र जान्न सकिन्छ कि अहं (म) ज्ञेय शून्य, ज्ञान स्वरूप हो। अहंकार दुई प्रकारको छ, शब्द र प्रत्यय (विश्वास)। मूक – (लाटो) मनुष्यमा, पशु पक्षी आदिमा अहं शब्दको अभाव - (नहुनु) देखिन्छ, केवल अहं - (म) प्रत्यय - (बोध) रहन्छ। मनुष्यादिमा शब्द र बोध, दुवै देखिन्छ। त्यो अहं शब्द जीव - कल्पित (जीवले कल्पना गरिएको) हुन्छ र अहं प्रत्यय स्वाभाविक – (आफैं आफ उत्पन्न) हुन्छ। पुनश्च (फेरि पनि) त्यो अहं प्रत्यय दुई प्रकारको हुन्छ- सामान्य तथा विशेष। सामान्य अहंकार शुद्ध, सर्वत्र समान छ, किन्तु बुद्धि आदिको योगले त्यो विशेष भावमा प्राप्त हुन्छ। अज्ञान देखि लिएर स्थूल पर्यन्त, समस्त पदार्थमा, सामान्य अहंकार अनुभूत – (अनुभव सिद्ध) हुन्छ।

जुन वस्तुको योग – (मेल) ले स्फूर्ति - (स्फुरण) प्राप्त हुन्छ, त्यो त्यसैको क्रिया र धर्मले विशिष्ट - (प्रसिद्ध) भएर भासमान - (प्रकाशित) हुन्छ। वुद्धि - योगबाट म ज्ञानी हुं, विवेकी हुं, इत्यादि। मनको योगबाट – म संकल्पवान् हुँ, शोकान्वित – (शोक युक्त) हुं, मोहित हुं इत्यादि। इन्द्रियको योग बाट – म देख्छु, सुन्छु, बोल्छु इत्यादि। प्राणको योगबाट – म भोको छु, प्यासो छु इत्यादि। स्थूल शरीरको योगबाट – म स्थूल हुं, कृश - (दुब्लो) हुं, रोगी हुँ इत्यादि – भिन्न भिन्न प्रकारबाट प्रकाशित हुन्छ। अहंकार बलात् - (अहंकारको जोडबाट) यस्तो बोध हुन्छ कि, सारा पदार्थ, विषय - व्यापार आदि मै-बाट प्रकाशित हुन्छन्। विवेकको अभावमा अहंकार नै प्रकाशक रूपमा निश्चित हुन्छ। विवेचन - (छानबिन) गर्नाले देखिन्छ कि अहंकार जड़ तमरूप भएकोले त्यसमा प्रकाश (ज्ञान) को लवलेश पनि छैन। तमो रूप - (अन्धकार रूप) अहंकारको, प्रकाशरुप आत्मा सित दृढ ग्रन्थि (साह्रो गाँठो) भएको हुनाले, अहंकार प्रकाश रुपमा भासित (देखिने) हुन्छ। सूक्ष्म विचार द्वारा पृथक् (भिन्न) गरेर हेरे पछि

सहजैमा उपलब्ध (ज्ञात) हुन्छ कि म चैतन्य एवं प्रकाशरुप हुं । अहंकार जड (अरुको सहायताले जानिने) एवं दृश्य वस्तु हो ।

सामान्य अहंकारमा चैतन्य र जड दुई अंश हुन्छन्, जो अंश आफूलाई तथा अरुलाई जान्दछ, त्यो द्रष्टा (देख्ने) अंश हो । जो अरुद्वारा ज्ञात (थाहा हुन्छ) किं वा प्रकाशित हुन्छ त्यो दृश्य अंश हो । यी दुई अंश परस्पर विलक्षण (अद्भुत) छन् । चैतन्य सबैलाई प्रकाशित गर्दछ र जड चैतन्यबाट प्रकाशित हुन्छ । जड़ पदार्थ आफूलाई तथा अरुलाई जान्न सक्तैन । ग्रन्थि वशात् (चेतन र जडको संबन्ध द्वारा) यी दुई लाई भिन्न रुपमा नजान्नाले एक रुपमा प्रतीत (विश्वास) हुन्छ र अहंकार सबैको ज्ञाता (जान्ने) किं वा प्रकाश रुपमा भासमान (देखिने) हुन्छ । जस्तो लौह – (फलाम) को योगले अग्नि लौहको विकार (आकार प्रकार) मा विकारी जस्तो प्रतीत हुन्छ, त्यस्तै अहंकारको योगले शुद्ध चैतन्य आत्मा परिच्छिन्न (टुक्रिएको) अहं (म) फलाना हुं रुपमा प्रतीत हुन्छ । शुद्ध, चैतन्य, वस्तुतः (यथार्थमा) देहादि विशिष्ट (देहादिसित

मिलेको) कुनै व्यक्ति होइन, जडको प्रकाश–गुण या प्रकाशको लुप्तता (हराउनुपना) कुनै प्रकारबाट संभव छैन । अहंकारमा जड र चेतनलाई पृथक् (भिन्न) गरेर शुद्ध चैतन्यलाई सहजैमा “ म ” रुपले निश्चय गर्न सकिन्छ । युक्तिको सहायताले स्वयं अनुभूति – (अनुभव) सुगम (सजिलो) हुन जान्छ ।

विचारको योगले देहादि विशिष्ट अहं (म) भाव देखि शुद्ध आत्मा प्राप्त हुन्छ र देहादि अनात्म वस्तु (आत्म भिन्न वस्तु) केही कालमा नष्ट भएर जान्छ । यस प्रकार देहादिमा आत्माको दर्शन हुन्छ र वस्तुरुप आत्मामा देहादि साक्षात् निरस्त (निवारण) हुन्छन् ।

जस्तो दीप (बत्ति) को प्रकाशमा सारा पदार्थ प्रकाशमा प्राप्त हुन्छन् । किन्तु तमोरुप (अन्धकार रुप) हुनाले त्यो वत्ति (भाँडो) मा प्रकाशन (उज्यालो गराउने) शक्ति हुन सक्तैन । त्यो बत्तिको अग्र भाग (टुप्पो) मा विद्यमान (रहेको) अग्नि शिखा (आगोको ज्योति) नै पदार्थ प्रकाशनमा समर्थ हुन्छ । अविवेक (अज्ञान) वशात् मानिसहरु भन्दछन् कि वत्तिले उज्यालो गरायो । बत्तिमा विद्यमान

अग्नि शिखा देखि त्यो छत्ति पनि प्रकाशित हुन्छ। त्यस्तै अहंकारमा जो चित्प्रकाशांस (चैतन्य प्रकाश को अंश) छ, त्यस द्वारा सारा प्रकाशित हुन्छ र त्यस बाट अहंकार शब्द एवं प्रत्यय (ज्ञान) भासित (थाहा पाइने) हुन्छ। लोकमा विशेष विवेचन (निर्णय) नगरेर, अहंकारका साथ आफूलाई (प्रकाशरुप आत्मालाई) ग्रथित (ढाके झैं) गरेर बोलिन्छ, संझिन्छ कि म सारा कुरा जान्दछु। वास्तवमा सबैको प्रकाशक, शुद्ध चैतन्य (आत्मा) हो, अहंकार होइन। जुन शुद्ध चैतन्यको सहाराले किं वा सहायताले, अहंकार पनि प्रकाशित हुन्छ, त्यहि सामान्य अहं (म) शब्द तथा प्रत्ययको वास्तविक (यथार्थ) अवलंबन (आधार) हो। त्यहि वस्तु स्वरुप म हुं, यो मेरो आश्रय (सहारा) ले परिच्छिन्न (टुक्रिएको) अहंभाव उत्थित हुन्छ (उठ्छ) भासित (देखिने) हुन्छ, एवं भङ्ग (नाश) पनि हुन्छ। म त्यसको आविर्भाव (उठेको) तिरोभाव (हराएको) तथा मध्य भाग (अडेको) लाई साक्षात् जान्दछु। वस्तुतः (यथार्थ ममा) अहं भाव छैन, त्यो जड, दृश्य तथा कल्पित (कल्पना गरिएको) हुनाले, त्याज्य (त्याग्न योग्य) छ। परिशिष्ठ (बाँकि रहेको)

स्वयं प्रकाश आत्मा नै मेरो निज - स्वरुपमा अनुभूत - (अनुभव सिद्ध) हुन्छ ।

यसमा शंका निकलन सक्छ कि – अहं शब्द र प्रत्यय (बोध) सिवाय 'म' नामको कुनै वस्तु नै छैन । यो ठीक होइन । सुप्तोत्थित (सुतेर उठेको) पुरुपको परामर्श (निर्णय) मा विचार गर्नाले देख्न सकिन्छ कि त्यस बखत् अविद्या (अज्ञान) तथा त्यसको विविध (नाना) वृत्तिहरुको साक्षी रुपमा निज (आत्म) स्वरुपको स्वयं अनुभूत हुन्छ । अन्यथा सुषुप्तिमा 'म थिइन' यस्तो कोही भन्न सक्तैन । अतएव त्यस बखत् प्रतिविम्ब (छायाँ) आनन्दमयको, प्रकाशक रुपमा निरावरण (आवरण [उपाधि] रहित) साक्षी चैतन्य, (सौषुप्त आनन्दमय) स्वयं अनुभव सिद्ध भइहाल्छ ।

अहं शब्द र प्रत्ययको अभाव कालमा (हराएको समयमा) पनि म रहन्छु, यसमा सन्देह छैन अहंकार- अलंकार (गहना) समान हो । गहना कहिले गृहित (लगाउने) कहिले परित्यक्त (त्यागिने) हुन्छ यसबाट

मानिसको केही हानि लाभ हुंदैन । एवं प्रकार अहङ्कारको उदय या लयमा अर्थात् उठेमा र हराएमा शुद्ध चैतन्य (म) को हानि लाभ केही हुंदैन ।

यसमा शंका उठ्न सक्छ अहङ्कार परित्याग गरि दिए पछि जो शुद्ध चैतन्य अवशिष्ठ (बाँकि) रहन्छ, त्यसमा अहं (म) को प्रयोग उचित देखिंदैन । त्यसलाई म कसरी भन्न सकिन्छ ? यसको उत्तर यो हो कि यदि शुद्ध, चैतन्य, आत्मरूपमा (आत्म–वस्तु रूपमा आफ्नो यथार्थ स्वरूप हुनाले) 'म' निश्चित नहुने हो भने "अहं ब्रह्मास्मि" यस महावाक्यको अर्थ सिद्ध हुंदैन, अनि मुक्तिको पनि संभव छैन । यसले समस्त श्रुतिहरूको उपदेश निरर्थक (अर्थ रहित) हुन जान्छ । 'म' शुद्ध, चैतन्य वस्तु हो, यहि श्रुतिको अभिप्राय (आशय) र महावाक्यको तात्पर्य (मतलब) हो । अहं शब्द तथा प्रत्ययबाट लक्षित (विचार गरिएको) वस्तु (म) नै परिशिष्ट चेतन नभए मुक्त को हुने ? पहिले देखि नै जुन अहङ्कारको योग द्वारा 'म' भन्दै आई रहेको छ, त्यसलाई लक्ष गर्न (देखाउन) निमित्त म (निज यथार्थ स्वरूप) म भनेर अरू के भन्ने ? अहं शब्दबाट

लक्षित नहुने हो भने, मुमुक्षुको उपकार हुनै सक्तैन। शुद्ध चैतन्य त सर्वदा मुक्त नै छ, त्यसले मुमुक्षुलाई के लाभ भयो र ? त्यसमा मिल्न सके पो भयो। यस प्रकार यस विषयमा युक्ति पनि देखाइयो।

फेरि पनि विवेचना (परीक्षा-जाँच) गरे पछि ज्ञात (थाहा) हुन्छ कि शरीरको संबन्ध द्वारा जीव पुत्रको पिता हुन्छ। शरीर-दृष्टिबाट पुत्र, पिता भन्दछ; त्यो पिता देह त्यागेर परलोक वासी भए पनि पुत्र पिता नै भन्दछ। यस प्रकार अहङ्कार उपाधिको त्याग गरे पछि 'म' शुद्ध प्रत्यक् चैतन्य – प्रत्यक्ष अनुभूयमान (अनुभव सिद्ध, निज स्वरूप) हुन जान्छ। यसमा सन्देह गर्नौला कि असंग शुद्ध चैतन्यमा अहं प्रत्यय (म को बोध) कसरी हुन सक्छ ? र अहं तत्वमा चैतन्यरूप आत्मा कसरी प्राप्त हुन सक्छ ? यसको उत्तर सुन — कूटस्थ (अव्यक्त मायामा रहेको) चैतन्यमा, बुद्धि कल्पित भए पछि, उसमा चिदाभास (चेतनको आभास-छायाँ) पर्दछ। यसबाट बुद्धिको त्यो साभास (आभास सहित) सात्विक वृत्ति अहङ्कार नामले प्रतीत हुन्छ; अर्थात् चिदाभास र कूटस्थ चैतन्यको ऐक्यरूप (एक रूप)

मा ज्ञात हुन्छ। सुतरां अहं प्रत्ययको आलंबन (आधार) चैतन्य मात्र हो, किनकि त्यो चैतन्यमा त्यसको (अहङ्कारको) उदित हुन्छ। त्यसबाट अलग गरे पछि अहङ्कार रहँदैन, जस्तो शुक्ति (सीपी) को चमक दमक देख्ता त्यो रजत (चाँदी) रूपमा प्रतिभास (देखिने) हुन्छ र बुद्धि रजताकार (चाँदीको आकार) मा आकारित हुन्छ। फल स्वरूप बुद्धिमा शुक्ति र रजत, ऐक्य (एउटै) रूपमा (अभिन्नरूपमा) प्रतीत हुन्छ। अतः शुक्ति नै रजत प्रत्यय (चाँदीको बोध गराउने) आलंबन (आधार) हो, किनकि त्यो प्रत्ययबाट भ्रम उत्पन्न हुन्छ। त्यसलाई अलग गरे पछि रहँदैन, रजत प्रत्यय पूर्व (चाँदी हो भन्ने बोध हुनु भन्दा अगाडि) कसैलाई पनि शुक्तिको ज्ञान हुँदैन। रजत रूपमा गृहित (ग्रहण गरिनु) भए पछि शुक्ति प्राप्त हुन्छ। एवं प्रकार अहं प्रत्ययको अगाडि सच्चिदानन्द वस्तुको ज्ञान हुँदैन, प्रत्यय द्वारा (बोध द्वारा) अहं रूपमा गृहित भए पछि, अहंतत्व (चैतन्य स्वरूप) प्राप्त हुन्छ। पहिले प्रत्ययको समयमा र त्यसको अभावमा जस्तो शुक्ति मात्र विद्यमान (उपस्थित) रहन्छ, त्यस्तै सच्चिदानन्द, सर्वदा समान एवं एकरस विद्यमान रहन्छ।

सुषुप्ति अवस्थामा देह आदि देखि लिएर अहङ्कार पर्यन्त कारणीभूत (कारण स्वरूप भएको) अज्ञानमा लीन भए पछि पनि 'म' विद्यमान रहन्छ। त्यो अज्ञान चित् र जडको ग्रंथि हुनाले "म सुतेको छु" यस प्रकार अभिमानी प्राज्ञ (प्रतिबिम्ब जीव) को अनुभव सुषुप्ति कालमा हुन्छ। यसैले 'सुख पूर्वक सुतेको थिएँ, केही पनि थाहा पाइन' यस्तो सुप्तोत्थित (सुतेर उठेको) पुरुषको परामर्श (अनुमान) हुन्छ। यदि त्यस वखत अज्ञानको बोध नभए (मैले केही पनि थाहा पाउन सकिन) यसको अनुभव नभए, जागा भए पछि यस विषयको स्मरण (संझना) हुन सक्तै नथ्यो। यसबाट स्पष्टै ज्ञात [याद] हुन्छ कि सुषुप्तिमा पनि अज्ञानको बोध थियो। यद्यपि त्यस वखत कुनै विषय किं वा बुद्धि, विद्यमान थिएन तथापि आनन्दको अनुभव भएको थियो। चैतन्यको अतिरिक्त जडमा आनन्दको लेश मात्र पनि छैन। अतः स्वयं प्रकाश सुखरुप 'म" सुषुप्ति-मा पनि विद्यमान रहन्छ। आवरक [ढाकिदिने] अज्ञानमा यहि 'म' को प्रतिबिंब [छायाँ] पर्छ र त्यस अज्ञानमा लीन रुपले विद्यमान [रहेको] अन्तः करणमा प्रतिबिंब जीवभाव वर्तमान [उपस्थित] रहन्छ

"सुखपूर्वक सुतेको थिएँ; केही पनि थाहा पाइन" यस प्रकारको सुखाकार तथा म सुतेको छु यस्तो अज्ञानाकार, यी तीन किसीमका अविद्या वृत्तिहरुलाई म साचात् प्रकाशित गर्दछु किं वा जान्दछु । यसैले जागरण [जाग्रत्] मा तमोबोध [अज्ञानको बोध] तथा आनन्दानुभव [आनन्दको अनुभव] को स्मरण संभव हुन्छ । अतः म वस्तुतः [यथार्थमा] तमोमय तथा आनन्दमयको द्रष्टा चैतन्य मात्र हुँ । अज्ञान तथा प्रतिबिंब [भोक्ता] आनन्दमय, दृश्य एवं जड हो । म अज्ञान तथा प्रतिबिंब [सुप्त एवं आनन्दको भोक्ता जीवभाव] देखि भिन्न, विलक्षण नित्य, सच्चिदानन्दरुप हुँ' । यसमा केही संशय छैन । यस प्रकार ग्रन्थिभेद द्वारा जड र चैतन्यलाई पृथक् गरेर विजातिय [आत्मा देखि भिन्न] समस्त जड वस्तुहरुलाई परित्याग गरिदिए पछि आत्मस्वरुपको प्राप्ति हुन्छ ।

—)(❀)(—

विचारालोकको आठौं प्रकरण सकियो

—)(❀)(—

नवौं प्रकरण

—)(❀)(—

महावाक्य विचार

—)(❀)(—

वस्तु विचारको वाद, "महा वाक्य विचार" आरंभ गरिन्छ। म शरीर देखि पृथक् चैतन्यरूप हुँ। यो जाने पछि पनि ब्रह्म सित आफ्नो ऐक्य ज्ञान [एकता ज्ञान] नभए सम्म अखण्ड, आनन्दरूप, मुक्ति प्राप्त हुनाको संभावना छैन। त्यो ब्रह्मात्मैक्य ज्ञान [ब्रह्म र आत्माको एकता हुने ज्ञान] गुरूपदिष्ट [गुरूबाट उपदेश पाइएको] मार्गबाट, महावाक्यार्थ [महा वाक्य को अर्थ] विचार द्वारा सुसम्पन्न [राम्रो प्रकारबाट सिद्ध] हुन्छ। मुक्ति वाक्यार्थ [मुक्ति शब्दको अर्थ] ज्ञानाधीन छ। वाक्यार्थ ज्ञान, पदार्थ ज्ञानको अधीन छ; अर्थात् पदार्थ ज्ञान द्वारा वाक्यार्थावगति [वाक्य अर्थको अवगति-ज्ञान] भए पछि, ब्रह्मात्मैक्य [ब्रह्म र आत्माको एकता] मा तादात्म्यावस्थिति [त्यस्तै रूप भएर रहनु] रूप मुक्ति प्राप्त हुन्छ। यस निमित्त "तत्वमसि" यस महावाक्यार्थको निरूपणमा प्रवृत्त हुन्छु।

उक्त महा वाक्यमा तीन पद छन् । प्रत्येक पदको वाक्यार्थ एवं लक्षार्थ जाने पछि वाक्यार्थको तात्पर्य (अभिप्राय) बोध हुन्छ । त्यो तीन पद हो "तत्, त्वम्, असि" । तत्पदबाट ईश्वर, त्वं पदबाट जीव, असि पदबाट दुवैको तादात्म्य (एक रूप) या अखण्डता बोधित हुन्छ । ईश्वर र जीवको एकता, परमाश्चर्य (अत्यन्त आश्चर्य) रूप प्रतीत हुन्छ, किन्तु विचार गर्नाले त्यो अनायास (सजिलै) सम्पन्न हुन्छ । उपाधि वशात् (उपाधिहरुको वश परेर) वाच्यार्थमा परस्पर अत्यन्त भेद रहँदा पनि लक्षार्थको विचारबाट वस्तुतः (यथार्थमा) अभेद नै निष्पन्न (सिद्ध) हुन्छ । जस्तो सिन्धु (समुद्र) र विन्दु (थोप्ला) उपाधि वशात् अत्यन्त भिन्न हुंदा पनि जल लक्ष देखि अभिन्न (भिन्न नभएको) छ । त्यस्तै मायोपाधि (माया उपाधि युक्त) ईश्वर सर्वज्ञ (सबै जान्ने) सर्वकर्ता (सारा गर्ने) एवं शक्तिमान् छन् र अविद्योपाधि (अज्ञान उपाधि) भएको जीव किञ्चिज्ज्ञ (अलिकति जान्ने) किञ्चित्कर्ता (थोर वहुत गर्ने) अल्प शक्तिमान् (थोरै शक्ति भएको) छ ; तथापि दुवै उपाधिमा विद्यमान, चैतन्य, अखण्ड, प्रकाशरूप, लक्षार्थमा एकता सम्भव हुन्छ, उसमा शंकाको अवकाश

(स्थान) छैन । जस्तो घट, मठ आदि उपाधि रहँदा पनि महाकाश एउटै छ । जस्तो उपाधि (भेल तरङ्ग आदि) रहँदा पनि नरहँदा पनि सिन्धु समान छ, त्यस्तै सर्वोपाधि स्थित (सारा उपाधि रहेको) चैतन्य पनि एक, एवं अखण्ड रुपमा प्रकाशित भई रहेको छ । गुरुपदिष्ट प्रकारबाट अध्यारोप (मिथ्या कल्पना) तथा अपवाद (विरोध) द्वारा महावाक्यको विचार गरे पछि, शुद्ध चित्त मुमुक्षुको हृदयमा यो ऐक्य ज्ञान (एकता ज्ञान) उदित हुन्छ ।

अध्यारोप निरूपण

—)(❀)(—

वस्तुमा अवस्तुको आरोप (स्थापन) र वस्तुरुप अधिष्ठान (आधार) मा भ्रम वशात् अवस्तुको प्रतीति हुनुको नाम हो अध्यारोप (मिथ्या ज्ञान) जस्तै रज्जु (डोरी) मा भुजंग (सर्प) को आरोप र सर्पको प्रतिभास (देखिने) हुन्छ । अधिष्ठान देखि अतिरिक्त (भिन्न) कल्पित वस्तुको अभाव (नहुनु) निश्चय हुनुको नाम हो अपवाद (जस्तो यो सर्प होइन, डोरी मात्र हो यस्तो

निश्चय) यस प्रकार सच्चिदानन्द ब्रह्ममा माया कार्य जगत्को आरोप (कल्पना प्रतीति) भ्रमबाट पैदा हुन्छ ।

सृष्टि पहिले एक मात्र "सत्" थियो– "सदेव सौम्येदमग्र आसित्" यहि "तत्" पदको वाच्य हो । यो तत् पद दुई प्रकारको छ – तटस्थ लक्षण, स्वरूप लक्षण । सृष्टि, स्थिति, प्रलयको कारणत्व (कारण भएको) तटस्थ लक्षण हो जस्तो— "जन्माद्यस्य यतः" 'यतो वा इमानि भूतानि जायन्ते' येन जातानि जीवन्ति' यत्प्रयन्त्यभिसंविशन्ति" अर्थात् यी समस्त भूत जसबाट उत्पन्न हुन्छ, जन्म देखि लिएर मृत्यु पर्यन्त जसको सत्ता द्वारा जीवित हुन्छ । अन्तमा जसमा लीन हुन्छ न्यो "तत् पद ईश्वर हो ।"

"सत्य, ज्ञान, आनन्द"– तत्पदको स्वरूप लक्षण हो– "सत्यं ज्ञानमानन्दं ब्रह्म" अतः तत् पदको सुतरां (यसैले) दुई अर्थ छ– वाच्यार्थ र लक्षार्थ । मायोपहित (मायासित मिलेको) चैतन्य, तत् पदको वाच्यार्थ र माया विनिर्मुक्त (मायासित नमिलेको) चैतन्य, तत् पदको लक्षार्थ हो । भ्रमले जस्तो शुक्तिमा रजत (चाँदी) कल्पित

हुन्छ, त्यस्तै जसबाट चैतन्यमा समस्त अचेतन (जड) पदार्थ कल्पित हुन्छ, त्यही माया हो। चैतन्यातिरिक्त (चैतन्य भिन्न) जड पदार्थको अभाव, श्रुति तथा स्मृतिमा प्रतिपादित (निरूपण) भएको छ। यो चेतन र अचेतनको योग (मेल) ले – चैतन्य, नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्य, परमानन्द, अद्वय, ब्रह्म इत्यादि अनेकानेक नामले विशेषित हुन्छ किं वा छुट्टिन्छ। अज्ञान किं वा माया त्रिगुणात्मक (त्रिगुणसित मिलेको) एवं अनिर्वचनीय छ (भनेर नसकिने छ) अर्थात् सत्, असत्, किं वा सदसत् केही पनि भन्न सकिंदैन। त्यो सत् हैन, किन कि ज्ञानबाट नष्ट हुन्छ, असत् पनि हैन किनकि प्रतीत हुन्छ। परस्पर विरूद्ध हुनाले सदसत् पनि हैन। अतः अनिर्वाच्य (भन्न नसकिने) छ। त्यो आवरक (ढाक्ने माया) ज्ञान-विरोधी छ, किनकि ज्ञान स्वरूपको कहिले पनि अभाव सम्भव छैन र शुद्ध प्रकाश स्वरूपमा आवरण या मायाको लेश पनि छैन। वास्तवमा आत्मस्वरूप सम्यक् प्रकाशित (राम्रोसित छर्लंग) नहुनु नै माया किं वा अज्ञान हो, त्यो वस्तुभूत (वस्तु तत्व) होइन, केवल भ्रम मात्र हो। "म ब्रह्मलाई जान्दिन" यस्तो भ्रमानुभव (भ्रमको अनुभव) बाट प्रतीत हुन्छ। जो केही नहुंदा

पनि प्रतीत हुन्छ, त्यही माया हो [अनुभव सर्वदा सर्वत्र प्रकाशमान रहन्छ, सम्यक् ज्ञानको अभाव (नहुनु) किं वा अज्ञान केवल भ्रम मात्र हो, अर्को केही होइन। यस्तो जानेपछि त्यो भ्रम नष्ट हुन्छ र निरावरण (आवरण–उपाधि–रहित) आत्म तत्व स्वयं (आफैं) सम्यक् प्रकाशित (राम्रोसित छलँग) हुन जान्छ यहि अनुभवको अनुभव (ज्ञान) हो।

आत्म स्वरूप सबैका निमित्त सर्वदा प्रकाशित छ। त्यो वस्तुस्थिति (पारमार्थिक सत्य) हो। यसलाई जान्नु किं वा नजान्नु जीव (प्रमाता) को अधीन छ, अर्थात् पुरुष तन्त्र छ। वस्तुस्थितिको अनुसार नै प्रमाण (महावाक्य)को प्रवृत्ति (झुकाउ) हुन्छ। सुतरां सम्यक् ज्ञान किं वा विज्ञान प्रमाण तन्त्र हो। जीव जानोस्, नजानोस्, किन्तु त्यो सर्वदा निज, स्वप्रकाश, सुख स्वरूपमा अवस्थित र नित्य तृप्त छ। नजान्नाले आफूलाई भूलेर संसारी बनीकन भ्रममा पर्दछ र व्यर्थ नै जन्म जन्म मरणरूप अनेकौं प्रकारको दुःख भोग्दछ। महावाक्य रूप प्रमाण द्वारा आफ्नो स्वरूपलाई सम्यक् (बढिया) प्रकारबाट जाने पछि अहं, मम, (म, मेरो)

अभिमान रूप समस्त भ्रम अर्थात् संसार नष्ट भएर जान्छ । पुरुपको अपराध (वुद्धि दोप द्वारा संसार प्राप्ति) प्रमाण विपयमा पुरूप प्रयत्न (चेष्टा) विचार द्वारा निवृत्त हुन्छ । सम्यक् ज्ञानको उदय भएर भ्रम निवृत्त नभए सम्म पुरूप तन्त्र अपेक्षित (आवश्यक) छ । वुद्धिको सारा दोप निवृत्त भएपछि वुद्धि आत्म स्वरुपमा विलीन हुन्छ । प्रमातृ (प्रमाता) भावको विलयन (हराउनु) किं वा पुरुप तन्त्रताको निःशेप (बाँकी नरहीकन) निवृत्ति भए पछि, परिणाम स्वरुप निरावरण (सम्यक् ज्ञान) परमार्थ, सत्य, निज अखण्ड, सुख स्वभावमा सकृत् (सदा) प्रकाशित हुन जान्छ, यो वस्तु तन्त्र हो । यस संवन्धमा योगवाशिष्ठ निर्वाण प्रकरणको पूर्वार्द्ध संवन्धी २+३ सर्ग द्रष्टव्य (देख्न योग्य) छन् ।]

त्यसलाई चिच्छक्ति (चेतनको शक्ति) र अज्ञान पनि भनिएको छ । यो अज्ञान दुई प्रकारको छ– माया र अविद्या । शुद्ध सत्व प्रधान प्रकृति, माया भनेर कहिन्छ; मलिन सत्व प्रधान हुँदा त्यहि अविद्या भनेर कहिन्छ । अज्ञानका दुई शक्तिछन् – ज्ञान शक्ति र क्रिया-

शक्ति। रजोगुण र तमोगुणले अभिभूत (परास्त) नगरेमा "ज्ञानशक्ति" कहिन्छ। रज तम द्वारा अभिभूत हुँदा "क्रियाशक्ति" कहिन्छ। त्यो क्रियाशक्ति पनि दुई प्रकारकोछ - आवरण शक्ति र विक्षेप शक्ति। सत्व तथा रजोगुण द्वारा अभिभूत (हार) नभएको तमोगुण आवरण शक्ति हो, त्यो छैन पनि प्रकाशित हुन्न पनि। यस प्रकार असत्वापादक र अभानापादक यी दुई प्रकारको आवरणको कारण हुन्छ। सत्व एवं तमो गुण द्वारा अभिभूत नभएको रजो गुण विक्षेप शक्ति हो। यहि आकाशादि प्रपञ्चोत्पत्ति (प्रपंचको उत्पत्ति गर्ने) को कारण हो। आवरण शक्ति प्रधान अज्ञान (अविद्या) र विक्षेपशक्ति प्रधान माया भनिन्छ "माया चाविद्या च स्वयमेव भवति" "जीवेशावाभासेन करोति" मायोपहित (मायासित मिलेको) चैतन्य ईश्वर, जगत्को कारण र अन्तर्यामी हो, त्यो तत्पदको वाच्यार्थ हो। अविद्योपहित (अज्ञान सित मिलेको) चैतन्य जीव "प्राज्ञ" कहिन्छ, यो 'त्वं' पदको वाच्यार्थ हो। यी दुवै आभासरूप हुन्।

अज्ञान किं वा प्रकृति पहिले साम्यावस्थामा रहन्छ, अर्थात् सत्व, रज, तम यी तीनै गुण समभावले (बराबर

भावले) अवस्थित रहन्छन् । श्री विद्यारण्य भन्नु हुन्छ –

सा भ्रान्तिस्तमसा जन्या तमस्त्वाश्रितमात्मनि ।
परमात्मत्वमावृत्य कल्पयेज्जीवताभ्रमम् ॥

—)(×)(—

यदावरकमज्ञानमात्मास्मिन प्रतिबिम्बति ।
ईश्वरः प्रतिबिम्बोत्थो सृष्ट्यादीनां प्रवर्तकः ॥

—)(×)(—

यदज्ञानं विक्रियते भवत्येष तमोगुणः ।
दृश्यमानं जगदिदं तम एवाभवन् पुरा ॥

—)(×)(—

ईशेन प्रेरितं तत् स्याद्रजो जलतरङ्गवत् ।
रजोऽहि प्रेरितं तद्वत् सत्वमेवं गुणत्रयम् ॥

—)(×)(—

समष्टि रूपोऽहङ्कारः सत्वात् सारः समुध्दृतः ।
चिद्बिम्बप्रतिबिम्बाभ्यां युक्तोऽसौ चेतनो भवेत् ॥

—)(×)(—

अर्थात् आत्मस्वरुपको सम्यक् (राम्रोसित) स्फुरण, अनुभवमा नआउनु किं वा बुद्धिको अखण्ड आकारमा आकारित नहुनु, 'भ्रम' कहिएको छ। यो भ्रम आत्मस्वरुपलाई आच्छादित (ढाकिदिने) गरेर परिच्छिन्न (टुक्रिएको) प्रमातृ (प्रमाता) भावको उत्पन्न गराउँछ। यो हो विक्षेपशक्ति। आवरक (ढाकिदिने) अज्ञानमा आत्मा प्रतिबिंबित (छायाँ पर्ने) भए पछि त्यो प्रति बिंबरुप ईश्वर सृष्टि, स्थिति, प्रलयको कर्ता हुन्छ। (यो हो आवरण शक्ति)

—)(❀)(—

विचारालोकको नवौं प्रकरण सकियो

दशौं प्रकरण

—)(❀)(—

प्रकृतिको साम्यभाव कुन प्रकारवाट भङ्ग हुन्छ, त्यो अव बताईन्छ। अज्ञान कि वा प्रकृति जव विकारमा प्राप्त हुन्छ, तव तमोगुणको प्रावल्यता (प्रधानता) हुन्छ। परिदृश्यमान (राम्रो सित देखिएको) यो जगत्, पहिले स्पष्टरूपमा तमःप्रधान (तमोगुण प्रधान भएका) अज्ञानमा निहित (लुकेर) रहन्छ। जस्तो जल क्रमैले तरङ्ग भावमा प्राप्त हुन्छ, त्यस्तै ईश्वरको ईच्छाले त्यो तमोगुण वादमा रजोगुण द्वारा अभिभूत (विचलित) हुन्छ। ठीक यहि क्रमले वादमा त्यो रजोगुण पनि सत्वगुणवाट पराभूत (परास्त) हुन्छ। एवंप्रकार क्रमशः (क्रमपूर्वक) तीन गुणको स्पष्ट आविर्भाव (उत्पत्ति) हुन्छ। शुद्ध, सत्व प्रधान (सत्वगुण प्रधान भएको) मायामा चैतन्यको प्रतिविंव (छायाँ) समष्टि अहंकार भनेर कहिन्छ। यो विशुद्ध सत्वगुण स्थित (सत्वगुणमा रहेको) सार वस्तु हो, किनकि त्यो " हिरण्यगर्भ कि वा प्रजापति " माया प्रतिविंव र विम्वभूत चैतन्य, यो तीनैको संमिश्रण (मिसावट) सचेतन हो।

सत्वगुणको वृद्धि हुना साथ त्यसमा जो चैतन्यको प्रतिविंव पर्छ, त्यो चिदाभास समष्टि र व्यष्टि दुई रूपमा उदित (उदय) हुन्छ। अविद्या प्रतिविंवित (अविद्यामा प्रतिविंव [छायाँ] परेको) चैतन्य जीव हो। मायामा प्रतिविंवित (छायाँ) चैतन्य ईश्वर हो। समष्टि ईश्वर जङ्गल समान हो, व्यष्टि जीव वृक्ष समान हो। मायोपहित (मायामा मिलेको) चैतन्य ईश्वर, सर्व शक्तिमान् हो। अतः मायालाई आफ्नो नियन्त्रण (कब्जा) मा राखेर, सृष्टिस्थिति, प्रलय गर्नमा समर्थ हुन्छ। त्यो ज्ञान शक्त्युपहित (ज्ञान शक्तिसित मिलेको) स्वरूपमा जगत्कर्ता (जगत्को उपादान कारण) हो र विक्षेप शक्ति युक्त अज्ञानोपहित (अज्ञानसित मिलेको) स्वरूपमा जगत्को उपादान हुन्छ। जस्तो माकुरो स्वयं (आफैं) जालको निमित्त कारण र शरीर प्रधानताले उपादान कारण हुन्छ।

अज्ञान किंवा मायाको आवरण (ढाकिदिने) शक्तिले परमात्म स्वरूप आवृत (ढाकिनु) भएपछि विक्षेप शक्ति जगत्लाई उत्पन्न गर्छ, जस्तो मन्द अन्धकारमा रज्जु स्वरूप (डोरीको रूप) आवृत भएर

सर्पाकारमा भासमान (देखिने) हुन्छ । तमः प्रधान विक्षेप शक्ति (तमो गुण प्रधान भएको विक्षेप शक्ति) ईश्वरमा सर्व प्रथम (सबैभन्दा पहिले) आकाश उत्पन्न हुन्छ । आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल, जलबाट पृथ्वी, क्रमशः उत्पन्न हुन्छ । यो सूक्ष्म अपञ्चीकृत (पाँच भाग नलगाइएको) पञ्च महाभूतको सृष्टि हो ।

मायामा जस्तो सत्व, रज, तम तीन गुण विद्यमान (उपस्थित) छन्, त्यस्तै उसको (मायाको) कार्य आकाशादिमा पनि तीन गुण रहन्छन् । यी सबै सूक्ष्म भूतहरू देखि स्थूल भुत तथा सत्र अवयव (अङ्ग) युक्त सूक्ष्म शरीर उत्पन्न हुन्छ । आकाशादि पञ्च भूतहरूका सत्वांश (सत्व गुणका अंश) देखि पाँच ज्ञानेन्द्रिय र प्रत्येकको रजोंश (रजो गुणका अंश) देखि पाँच कर्मेन्द्रियहरू तथा आकाशादिका समष्टि सत्वांश देखि एक अन्तःकरण उत्पन्न हुन्छ । यो वृत्ति भेदले चार प्रकारको हुन्छ– मन, बुद्धि, चित्त, अहंकार । पूर्वोक्त (पहिले कहिएका) आकाशादिका समष्टि रजोंश देखि एक महा प्राण उत्पन्न हुन्छ । वृत्ति भेदले त्यो प्राण,

अपान, समान, उदान, व्यान पाँच प्रकारको हुन्छ। जस्तो एउटै ब्राह्मण भोजन बनाउने समयमा पाचक र पाठ गर्ने समयमा पाठक संज्ञा किं वा नाममा प्राप्त हुन्छ। शरीरको अन्तर्भूत अन्नमय, प्राणमय, मनोमय विज्ञानमय, आनन्दमय कोश छन्। अन्नमय कोश, स्थूल शरीर हो, प्राणमय, मनोमय, विज्ञानयय यी तीन कोश लिङ्ग शरीर हो। आनन्दमय कोश कारण शरीर हो। लिङ्ग शरीरलाई पूर्यष्टक (आठोटा पुरीमा रहने) किं वा आतिवाहिक शरीर पनि भनिन्छ। पाँच ज्ञानेन्द्रिय एक पुरी हो, पाँच कर्मेन्द्रिय दोश्रो पुरी हो, पञ्च भूत तेश्रो पुरी हो, पंच प्राण चौथो पुरी हो, अन्तःकरण पाँचौं पुरी हो, काम, राग, छैटौं पुरो हो, कर्म सातौं पुरी हो, कारणीभूत अज्ञान आठौं पुरी हो। यस प्रकार " पूर्यष्टक " बन्दछ। जीवात्मालाई अति वहन (परलोक प्राप्ति) गराउने हुनाले त्यसलाई आतिवाहिक शरीर पनि भनिन्छ। काम, कर्म र वासना द्वारा निर्मित भएकोले यो शरीर आत्माको परलोक गमनमा हेतु (कारण) हुन्छ। ज्ञान द्वारा विनष्ट हुने हुनाले यसलाई शरीर भनिन्छ। इहलोक (यो लोक) परलोक वास्तविक सत्य होइन, पञ्चीकृत पञ्चभूतको कार्य हुनाले मिथ्या हो।

जीवको गमना गमन (आउनु जानु) पनि भ्रमात्मक (भ्रमसित संवन्ध राख्ने) हो। जस्ता यो लोक छ, त्यस्तै परलोक छ, केही भेद (फरक) छैन। सुख दुःख प्रतीति (विश्वास) पनि देहादि अध्यास (आरोप) को फल हो। शरीरमा अहं, मम (म मेरो) बुद्धि विचारको सहायताले निवृत्ति हुन्छ। स्वर्गादि विभिन्न (भिन्न भिन्न) लोक, जीव कै पाप पुण्य द्वारा रचित हुन्छ, अतः क्षय शील (नाशवान्) हो। ब्रह्म लोकमा पुगेका अधिकारी-हरू पनि अनन्य रूचि विना मुमुक्षु हुन सक्तैनन्। परलोक प्रसंग, वैराग्य उत्पादन गराउनका निमित्त नै शास्त्रमा उल्लिखित (चर्चा) भएको हो।

राजा पद्म परलोक भए पछि, शोकार्ता (शोकले दुःखी भएकी) लीलाले सरस्वतीको उपदेश द्वारा आति-वाहिक शरीरमा (समष्टि संकल्पमय शरीरमा) दृढ अहं (म) बुद्धि पूर्वक परलोक गत (परलोक भएका) आफ्ना पति विदूरथ तथा उनका अरू रानीहरू सित साक्षात्कार (भेटघाट) गरेकी थिइन्। व्यष्टि (एकलो) स्थूल शरीरमा अभिमान (अहं [म] निश्चय) समाधि योगको अभ्यास द्वारा निरस्त (निवारण) हुन जान्छ। बादमा दृढ संकल्पित (संकल्प गरिएका) पदार्थको

प्रत्यक्ष हुन्छ; किन्तु योगाभ्यास र परलोक दर्शन दुवै उपाय मात्र हुन्। आत्म साक्षात्कार नै उपेय (मिल्न योग्य) हो। उपेय प्राप्ति विना भएको उपायको आश्रय, निरर्थक (वेमतलव) हुन्छ, यो वेदान्तको सिद्धान्त हो। यस सम्बन्धमा उत्तम मुमुक्षुहरूले योग वाशिष्ठ ग्रन्थको अनुशीलन (सतत अभ्यास) पूर्ण प्रयत्नका साथ गर्नु पर्दछ।

यो लिङ्ग शरीर व्यष्टि, समष्टि भेदले दुई प्रकारको छ। अपञ्चीकृत, पञ्च भूतहरूको कार्य, सत्र अवयव विशिष्ट सूक्ष्म शरीर हो। त्यसमा उपहित चैतन्य, हिरण्य गर्भ हो। क्रिया शक्ति, *समष्टि प्राणोपहित, सर्वानुस्यूत (सवैमा उनिएको) चैतन्य सूत्रात्मा हो। (जाति या जङ्गल समान, समष्टि लिङ्ग शरीराभिमानी, चैतन्य हो) प्रत्येक लिङ्ग शरीर (व्यक्ति या वृक्ष समान) व्यष्टि हो। त्यसमा मिलेको चैतन्य, तेजोमय उपाधि हुनाले 'तैजस' भनिन्छ। सामान्य र विशेष जस्तो कि

---

*साराको प्राणसित मिलेको

वा जाति र व्यक्ति जस्तो समष्टि तथा व्यष्टि तादात्म्यापन्न (एकताको प्रतिपादक) हुनाले तदुपहित (त्यसमा मिलेको तैजस र सूत्रात्माको पनि तादात्म्य (एकता) प्रतिपन्न (प्रमाणित) हुन्छ ।

—)(❁)(—

विचारालोकको दशौं प्रकरण सकियो

एघारौं प्रकरण

—)(❀)(—

जीवका भोगार्थ (भोग निमित्त) ईश्वरको आज्ञाले पञ्च भूतहरूको तामसांश (तमो गुणको अंश) पञ्चीकृत भएर स्थूल सृष्टि हुन्छ। पञ्चीकृत पञ्च भूतहरू देखि ब्रह्माण्डको उत्पत्ति हुन्छ। त्यस ब्रह्माण्डको अन्तर्गत (भित्र परेको) चतुर्दश भुवन (चौध लोक) भोग्य (भोग गरिने) वस्तु र स्थूल शरीरको उत्पत्ति पनि पञ्चीकृत पञ्च भूतहरू देखि नै हुन्छ। स्थूल शरीर चार प्रकारको छ – जरायुज, अण्डज, स्वेदज, उद्भिज। मनुष्य आदि शरीर जरायुज हो, पक्षी - पन्नगादि अण्डज हुन्; जुम्रा लिखा आदि स्वेदज हुन्; तृण, गुल्म (पोथ्रा पोथ्री) वृक्षादि उद्भिज हुन्। देहको अभिमानी भएर (स्थूल समष्टि देहमा म, म यस्तो ज्ञान गरेर) हिरण्यगर्भ नै वैश्वानर किं वा विराट् संज्ञा (नाम) मा प्राप्त हुन्छ। तैजस जीव नै एक एक स्थूल देहको अभिमानी भएर देवता, पशु, पक्षी, मनुष्य ईत्यादि नाना प्रकार बाट " विश्व " संज्ञामा प्राप्त हुन्छ। समष्टि व्यष्टिको

तादात्म्य (एकता) भावले, तदुपहित (त्यसमा मिलेको) विश्व तथा वैश्वानरको तादात्म्य (एकीपना) स्वीकृत हुन्छ। यस प्रकार विम्ब र आभास (प्रतिबिम्ब) चैतन्यको अन्योन्याध्यास (परस्परको आरोप) बताइयो लच्च त चैतन्य मात्र हो।

यो जीव जाग्रत् अवस्थामा स्थूल सूक्ष्म र कारण (अविद्या) शरीरमा अभिमान वशात् (म भाव गरेको हुनाले) "विश्व" कहिन्छ। त्यहि स्वप्न अवस्थामा, सूक्ष्म तथा कारण शरीरमा अभिमान गरेर "तैजस" नामले कहिन्छ। त्यही सुषुप्ति अवस्थामा कारण (अविद्या) शरीरको अभिमानी भएर "प्राज्ञ" (प्र+अज्ञ) नाममा प्राप्त हुन्छ। तीनै शरीर देखि निरभिमान (अभिमान रहित) भए पछि जीव शुद्ध परमात्मा हुन्छ।

'तत्' पदार्थ त्यो एक परमात्मा समष्टि स्थूल सूक्ष्म शरीर र तिनको कारण माया सित उपहित (संयोग) भएर "वैश्वानर" हुन्छ। त्यही परमात्मा समष्टि सूक्ष्म शरीर तथा तत्कारण माया सित मिलेर " हिरण्यगर्भ "

र केवल मायोपाधिक (माया उपाधि सित मिलेर) " ईश्वर " हुन्छ । सर्वोपाधि रहित (सारा उपाधिबाट रहित) शुद्ध चैतन्य परमात्मा हो । यही " तत् " पदार्थ हो ।

मायोपहित (माया सित मिलेको) ब्रह्मको तटस्थ लक्षण जन्मादि कारणत्व (जन्म - मृत्यु आदिको कारण-पन) निरूपण गरियो । यो अध्यारोप (मिथ्या कल्पना) कहिन्छ ।

अपवाद निरूपण

—)(❀)(—

अब यहाँ त्यसको अपवाद (विरोध) निरूपण गरिन्छ । शुक्तिकादिमा (सीपि आदिमा) भ्रमबाट जस्तो रजतादि (चाँदी आदि) प्रतीत (विश्वास) हुन्छ, त्यस्तै भ्रान्ति द्वारा अधिष्ठान (आधार) परमात्मामा सृष्टि आदि भासित (देखिने) हुन्छ । यो "अध्यारोप" हो । शुक्ति सिवाय चाँदी आदि केही छैन; किन्तु यो शुक्ति नै यस प्रकार कल्पित रजतादिको अभाव निश्चय

गराउँछ । त्यस्तै परमात्मा सिवाय जगत् भन्ने वस्तु केही छैन किन्तु त्यो चैतन्य (अनुभव) मात्र यस रूपले माया तथा तत्कार्यको अभाव निश्चय (छैन भन्ने निश्चय) गराउँछ । यो " अपवाद " हो ।

माया, तदुपहित चैतन्य र त्यसको आधार, अनुपहित (माया सित नमिलेको) अखण्ड चैतन्य यी तीनै प्रतप्त लौह पिण्ड (तातिएको फलामको डल्लो) समान अविविक्त (नछुट्टिएको) एकत्व भावले भासमान (प्रकाशमान) भए पछि " तत् " पदको वाच्यार्थ हुन्छ । विविक्त (मायाबाट पृथक् गरिएको) अखण्ड, चैतन्य ' तत् ' पदको लक्षार्थ हुन्छ ।

व्यष्टि अविद्या, तदुपहित चैतन्य र त्यसको आधार अनुपहित प्रत्यक् चैतन्य यी तीन प्रतप्त लौह पिण्ड समान एकत्व भावबाट भासमान भएपछि " त्वं " पदको वाच्यार्थ हुन्छ । विविक्त* प्रत्यक् चैतन्य ' त्वं ' पदको लक्षार्थ हो ।

---

*बांडिएको

यी दुवै पदार्थलाई लिएर भाग त्याग (विरुद्ध अंशको त्याग लक्षणा) द्वारा "तत्वमसि" महावाक्य अखण्डार्थको बोधक (बोध गराउने) हुन्छ। सजातीय (आफ्नो जाति) विजातीय (आफ्नो जाति भिन्न) र स्वगत भेद शून्यत्व (आफैं आफ भेद शून्यपन) देश, काल तथा वस्तु कृत परिच्छेद (सीमा) राहित्य (रहित हुनु) अखण्डत्व (अखण्डपन) हो।

भाग त्याग लक्षण

—)(❀)(—

पहिले काश्मिर देशमा दृष्ट (देखिएको) कुनै देव-दत्त नामक (देवदत्त नाम गरेको) व्यक्ति (मानिस) लाई काशीमा भिक्षाजीवी (भिक्षा माग्ने) रूपमा देखिंदा कसैले भन्यो यो त्यही देवदत्त हो। (सोऽयं देवदत्तः) यस वाक्यमा तत्काल (त्यो काल) तद्देश (त्यो देश) तदवस्था (त्यो अवस्था) तथा एतत्काल (यो काल) एतद्देश (यो देश) एवं एतदवस्था (यो अवस्था) को परस्पर विरोध हुनाले, उक्त वाक्यार्थ असंगत (अनुचित) हुन जान्छ। सुतरां (यसैले) यी दुवै विरुद्धांश (विरोधी

अंश) तत्काल, एतत्काल आदिको परित्याग गरे पछि, उक्त वाक्य द्वारा देवदत्तको शरीर मात्र लक्षित (बताइएको) हुन्छ ।

यस प्रकार " तत्व मसि " महा वाक्यमा 'तत्' पदको माया विशिष्टत्व (माया विशेषपन) सर्वज्ञत्व (सारा जान्नुपन) र परोक्षत्व (अप्रत्यक्ष [नदेखिनु] पन) आदि र 'त्वं' पदको अन्तःकरण विशिष्टत्व, किञ्चिज्ज्ञत्व (केही जान्नुपन) र अपरोक्षत्व (देखिनुपन) आदि विरुद्धांशको परित्याग गरे पछि अखण्ड चैतन्य मात्र लक्ष गरिन्छ ।

महावाक्य विवरण

—)(❀)(—

" तत्वमसि " यस महावाक्यमा दुवै पदार्थको तादात्म्य (एकता) को विषयमा अंश किं वा विकार भाव श्रुतिको अभिप्रेत (अभिष्ट) छैन । किनकि परमात्मा स्वयं निर्विकार (विकार रहित) निरंश (अंशहीन) रहंदा पनि आफ्नो मायाले सृष्ट (रचेको)

मूर्तिमा प्रवेश गर्दछन्, यस्तो श्रुतिमा कहिएको छ । यस विषयमा युक्ति पनि छ घटाकाश, महाकाशको अंश किं वा विकार पनि होइन, तिमी इन्द्र हौ भने जस्तो महावाक्य स्तुति परक पनि होइन, जाज्वल्यमान अग्नि वेद पढी रहेछन् भने जस्तो महावाक्य सादृश्य (समानता) परक पनि होइन, मृद्घटादि (माटोको घडा आदि) सरह कार्य कारणताको साधन परक किं वा जाति व्यक्ति समान गोतादि (गोत्र कुल आदि) तुल्य पनि महावाक्य होइन । नीलोत्पल (नीलो कमल) समान, गुण, गुणीरूप या प्रतिमामा ईश्वर बुद्धि समान उपासना परक पनि होइन । राज पुरूषमा राजवत् उक्ति तुल्य औपचारिक पनि होइन । अखण्ड एक रस मात्र वाक्यार्थ, तत्ववेत्ता (तत्व जान्ने) हरूको सम्मत (राय) हो ।

'वाक्य वृत्ति' अनुसार संक्षेपमा यहां महावाक्यार्थ (महावाक्यको अर्थ) विवेचन (निर्णय) गरिन्छ । चतुर्विध (चार प्रकार) साधन सम्पन्न विचारकुशल व्यक्ति, वस्तु विचार द्वारा शरीर देखि लिएर बुद्धि पर्यन्त पञ्चकोशहरूलाई अनात्म (आत्मभिन्न) रूपले

निरसन (खण्डन) गराउंदै, आफूलाई सवै देखि विलक्षण (भिन्न) सबैको साक्षी, चैतन्य मात्र जानेर मूल अज्ञानको नाश नहुँदासम्म, बुद्धिको साक्षी चैतन्य 'म' को हुँ ? यस्तो विचार गर्दछन्— के म यो परिच्छिन्न (टुक्रिएको) जीव हुं ? किनकि प्रति शरीरमा बुद्धिको साक्षी भिन्न भिन्न उपलब्ध देखिन्छ। अज्ञानले यस प्रकार व्याकुल चित्त भएर, उत्तम जिज्ञासु सद्गुरुको शरणापन्न (शरणमा प्राप्त) भईकन, जव उक्त प्रकारवाट जिज्ञासा (जान्नाको इच्छा) गर्दछन्, तव गुरू, शिष्य लाई विचार निपुण उत्तम जिज्ञासु जानेर उपदेश गर्छन्- 'तत्वमसि' (तिमी नै व्रह्म हौ) यस महावाक्यमा "तत् त्वं, असि" यी तीन पद छन्, तत् तथा त्वं पदको वाच्यार्थ र लक्ष्यार्थ ज्ञान नभए सम्म तात्पर्य सहित वाक्यार्थको अवगति (ज्ञान) हुनु सम्भव छैन। उपाधि र तत्क्रियाविशिष्ट (त्यो उपाधिको क्रिया विशेष भएको) वस्तु वाच्यार्थ हो र वस्तु मात्र लक्ष्यार्थ (लक्ष्यको अर्थ) अवधारित (निश्चित) हुन्छ। जस्तो अन्धकार स्थित (अँध्यारोमा रहेको) कुनै व्यक्तिलाई प्रयोजन वशात् वत्ति ल्याउ भन्यो भने, दीपक (वत्ति) शब्दको वाच्यार्थ आधार (वत्तिको भाँडा) र तेल सहित

प्रज्वलित वर्त्तिका (वली रहेको वत्ति) बोध हुन्छ। त्यसको लक्ष्यार्थ अग्नि शिखा मात्र हो, त्यसैको त्यहाँ प्रयोजन छ। "तत्वमसि" यस महावाक्यमा पहिले 'त्वं' पदलाई जानेर अवधारण (निश्चय) गर्नु पर्दछ। देह, ईन्द्रिय, प्राण, मन, बुद्धि आदि समस्त दृश्य जड पदार्थ देखि भिन्न र विलक्षण (नौला) सबैको साक्षी 'त्वं' पदको अर्थ हुन्छ। जस्तो कि घट द्रष्टा (घडा देख्ने) घट (घडा) देखि भिन्न हुन्छ, त्यस्तै देहादि समस्त दृश्यको द्रष्टा (देख्ने) तिमी देहादि दृश्य देखि भिन्न हौ। देह ईन्द्रिय आदि सारा जड हुंदा पनि जसको सन्निधि (समीपता) मात्र पाएर (जसमा स्वरूपतः कल्पित भएर) अजड (चैतन्य) समान भासमान (प्रकाशमान) र व्यापार क्षम (व्यवहार गर्न सक्ने) हुन्छ, त्यही तिमी हौ। जो स्वयं अविकारी (विकार रहित) भएर अयस्कान्त मणि (चुम्बक) ले लोहा (फलाम) नचाए झैं बुद्धि आदिलाई चालित (चलाउने) गर्दछ, त्यहा प्रत्यक् बोध स्वरूप तिमी हौ। यस्तो अवधारण (निरूपण) गर्नु पर्दछ। मेरो मन अर्कै तिर गएको थियो, अब स्थिर भएको छ, यस प्रकारको बुद्धि वृत्तिलाई जो जान्दछ, जो निष्क्रिय

(केही नगर्ने जस्तो) रहेर जाग्रत, स्वप्न तथा सुषुप्ति यी तीन अवस्थाहरू एवं उनका कर्म व्यवहारहरू तथा बुद्धिको भावाभाव (हुनु नहुनु) लाई साक्षात् जान्दछ; यस्तो साक्षीरूप द्रष्टा आत्मा नै "त्वं' पदको अर्थ हो" यस्तो निश्चय गर्नु पर्दछ। देह, ईन्द्रिय, प्राण, मन, बुद्धि अहंकार देखि विलक्षण (अद्भुत) एवं भिन्न षट्-भाव (६ प्रकारका भाव)— द्रव्य, गुण, कर्म, सामान्य विशेष समवाय (समूह) षट् विकार (६ प्रकारका विकार)— उत्पत्ति, शरीर वृद्धि, बाल्यावस्था, प्रौढता, वृद्धता, मृत्यु हरू देखि रहित बोध स्वरूप साक्षी नै तिमी हौ, यस्तो निश्चित रूपले जान्नु पर्दछ।

यस उपरान्त "तत्" पदको अर्थ निषेध मुख तथा विधि मुखबाट निश्चय गर्नु पर्दछ। जो सारा दोषबाट रहित छ, जसमा अज्ञानको लेश पनि छैन, जो सर्वथा अदृश्य (नदेखिने) छ, त्यही परमात्मा हो। जो सन्मात्र (सत्य मात्र) ज्ञान र आनन्द स्वरूप छ, जो नित्य एवं पूर्ण छ, त्यो परमात्मा – तत् पदको अर्थ हो। वेदमा जसलाई सर्वज्ञ, परमेश्वर, सर्व शक्तिमान भनेर कहिन्छ, जसलाई जाने पछि सारा कुरा ज्ञात हुन्छ,

जस्तो मृत्तिका (माटो) लाई जाने पाल्छ घट, शराव आदि सारा कार्य जानिन्छ । जो जीवात्मरूपले स्वसृष्ट (आफैंले रचेको) मूर्तिमा प्रवेश गर्दछ, जीवको नियन्ता (नियन्त्रण गर्ने) रुपले जो वेदमा प्रतिपादित (निश्चय गरिएको) हुन्छ, जो समस्त कर्मको फलदाता (फलदिने) एवं समस्त जीवको हेतु (कारण) कर्ता रुपमा श्रुतिले बताएको छ, त्यही ब्रह्म हो । यस्तो अवधारण (निश्चय) गर्नु पर्दछ । यहाँ सम्म " तत्, त्वं " यी दुई पदको अर्थ निरुपित गरियो । अब वाक्यार्थको विचार गरिन्छ । दुवै पदको वाच्यार्थलाई परित्याग गरेर लक्ष्यार्थको तादात्म्य (एकता) गर्नु यही महावाक्यको अर्थ हो । आश्रय, आश्रयी किंवा गुण, गुणीरुप अर्थ यहाँ अभिप्रेत (अभिलषित) छैन । अखण्ड, एकरस, चैतन्य मात्र नै यहाँ ब्रह्मवेत्ताहरुको सम्मत अर्थ हो अर्थात् जो प्रत्यग्बोध (सबैलाई किंवा हरएकलाई चेतन दिने) रुपमा प्रकाशित भई रहेको छ, त्यही अद्वितीय आनन्द स्वरुप हो र जो अद्वितीय आनन्द स्वरुप हो, त्यही प्रत्यग्बोध स्वरुप हो । एवं रीत्या परस्पर तादात्म्य (एकता) निश्चयको फल स्वरुप " त्वं " पदको अब्रह्मत्व (ब्रह्म देखि भिन्नपन) र " तत् " पदको परोक्षत्व

(अप्रत्यक्षपन) निवृत्त हुन्छ । अनि बोधरुप, साक्षी, परिपूर्ण आनन्द स्वभावमा अवस्थित हुन्छ ।

अन्तःकरणोपाधि (अन्तःकरणको उपाधि) किञ्चिज्ज्ञत्वादि 'त्वं' पदको वाच्यार्थ हो र मायोपाधि (माया उपाधि भएको) जगत्कर्तृत्व (जगतको कर्तापन) सर्वज्ञत्व (सारा जान्नुपन) परोक्षत्वादि 'तत्' पदको वाच्यार्थ हो । दुवै वाच्यार्थलाई परित्याग गरे पछि महावाक्यको अर्थ रूपमा एक चैतन्य मात्र लक्षित हुन्छ । जस्तो मनुष्य राज्य प्राप्ति भए पछि राजा कहिन्छ र राज्याधिकार प्राप्त भए पछि प्रजा निर्दिष्ट हुन्छन् किन्तु राज्य एवं भूमि नष्ट भए पछि राजा नाम, प्रजा नाम, दुवै रहँदैनन् । केवल मनुष्य रूपमा स्थित हुन्छ । त्यस्तै जीव र परमेश्वर वास्तवमा एक, अखण्ड, ज्ञान र आनन्द स्वरूप वस्तु हो । चैतन्य एवं सुखरूप वस्तु नै, सद्रूप (सत्य रुप) हो । सत्, चित्, आनन्द एक परिपूर्ण वस्तु हो । त्यही जीवको स्वरूप हो ।

"तत्वमसि" यस महावाक्यको अर्थ गुरू मुख बाट सुनेर त्यसलाई निरन्तर विचार गरे पछि, निःसन्देह

(सन्देह रहित) " अहं ब्रह्मास्मि " यस वृत्तिको उदय भईकन अपरोक्ष (प्रत्यक्ष) ज्ञान द्वारा ईश्वर गत मूल अज्ञानलाई नष्ट (नाश) गरिदिन्छ र फलस्वरूप जाव लाई परमानन्द प्राप्त हुन्छ । यो जगत् र शरीर; अखण्ड वृत्तिको प्रतिबन्धक भएकोले अस्ति, भाति, प्रियरुपको विचार गर्नु पर्दछ । त्यसबाट सच्चिदानन्द वस्तु एक र परिपूर्ण रहेछन्, त्यसमा मिथ्या (मायिक) नाम रुप कल्पित रहेछ, यस्तो निश्चय भए पछि निर्विघ्नरुपले अखण्ड वृत्ति, सुस्थिर (राम्रो प्रकारबाट स्थिर) हुन्छ । ज्ञानीहरु यसलाई- " ब्रह्मवृत्ति किं वा अपरोक्षानुभूति " (प्रत्यक्ष अनुभवबाट सिद्ध भएको) भन्दछन् ।

यो ब्रह्म वृत्तिमा आरुढ (स्थिर) अपरोक्ष (प्रत्यक्ष) स्फूर्तिरुप (स्फुरणरुप) प्रत्यक् चैतन्य, समस्त अज्ञान वृत्तिलाई नष्ट गरिदिन्छ । त्यस समय वृत्ति, ज्ञान स्वरुपमा विलीन हुन्छ अर्थात् एक रुप भएर रहन्छ र केवल सच्चिदानन्द वस्तु प्रकाशित रहन्छ । जस्तो कुनै वस्तु हराएर खोजी गर्दा, बुद्धि तदाकार (त्यो वस्तुको आकार) मा आकारित रहन्छ र वस्तु प्राप्त हुँदा त्यो

वस्तु त्यसैमा लिन हुन्छ किं वा हराउँछ; त्यस्तै आत्म वस्तुको प्राप्ति (साक्षात्कार) हुँदा ब्रह्माकार (ब्रह्ममा मिलेको) चित्त वृत्ति पनि लय हुन्छ ।

—)(❀)(—

विचारालोकको एघारौं प्रकरण सकियो

—)(❀)(—

स्वरूप – विचार

बाह्रौं प्रकरण

—)(❀)(—

वस्तु विचार र महावाक्य विचारवाद अब "अस्ति भाति, प्रियरूपको" विचार गरिन्छ । जब जो पदार्थ दृष्टि गोचर (आँखाले देखिने) हुन्छ, पहिले त्यसको कारण के हो ? त्यसको अनुसन्धान (छानविन) गर्नु आवश्यक छ । कारण ज्ञात (थाहा) भए पछि कार्य तिर दृष्टि निक्षेप (राम्रो सित हेर्ने) गरेर विवेचन (निर्णय) गरे पछि, कारण नै कार्य रूपमा प्रतीत हुन्छ । अतः कार्य र कारण अभिन्न (एक) छ, किनकि कारण नै सत्य हो । त्यही कार्य रूपमा कल्पित हुन्छ । कार्यमा कारण छैन; अपितु कारणमा कार्य आइहाल्छ ।

यो जगत् सृष्टिको पहिले एक सन्मात्र (सत् मात्र) थियो, त्यही जगतको कारण हो । नाम रूपात्मक (नाम रूपसित मिलेको) जगत् कार्यरुप र कल्पित हो । अतः जगत् सत्य देखि भिन्न छैन । विवेक द्वारा

कार्य– कारणको अभेद (एकता) ज्ञान भए पछि, केवल सत् मात्र सत्य हो; नाम, रुप कल्पित हुन्, यी सत्य होइनन्, यस्तो निश्चय हुन्छ । उदाहरणार्थ – रथ निर्माण (रथ तयार हुनु भन्दा) पहिले जो काष्ठ (काठ) देखिएको थियो, तयारीमा पनि त्यही काठले रथ निर्मित (तयार) भएको देखिन्छ, त्यो रथ काष्ठ मात्र हो । पहिले जा काठ थियो, अहिले पनि त्यही काठ हो; केवल रथ (वग्गी) र रथको आकार (नाम रुप) कल्पित देखिन्छ । वास्तवमा नाम र रुपलाई लिएर काष्ठ नै देखा परी रहेछ । काष्ठ अतिरिक्त (काठ सिवाय) अरु केही पनि देखिएको छैन । यहां कार्यमा अन्वित (मिलेको) किं वा अनुप्रविष्ट (प्रवेश गरेको) जो उपादान कारण हो, त्यसैको विवेचना (निर्णय) गर्नु पर्दछ । कार्यको अनुकूल मात्र निमित्त कारण विचारको विषय होइन । पहिले जो मृत्पिण्ड (माटाको डल्लो) देखिएको थियो, त्यसैबाट घट, पात्र, कमण्डलु आदि निर्मित भएको देखिन्छ । अगाडि जो मृत्तिका (माटो) थियो, पछाडि पनि त्यही मृत्तिका हो । घटादि नाम रुप कल्पना मात्र हो । पहिले निस्तरङ्ग (तरङ्ग हीन विकार हीन, जलराशी, दृष्टि गोचर भइ रहेको थियो;

त्यहि पछाडि वायु (हावा) को योगले तरङ्ग (भेल) फीन, बुद्बुद आदिमा देखा पर्दछ । परन्तु तरङ्गादि जल देखि भिन्न होइन, त्यो जल अविकल (जस्ताको तस्तो) स्थित छ । तरङ्गादि नाम रुप कल्पित हो ।

यी सारा दृष्टान्तको सहायताले विवेचन (निर्णय) गरे पछि देखिन्छ कि " सच्चिदानन्द ब्रह्म" नामरुपात्मक (नाम रुप मिलेको) जगदाकारमा भासमान (प्रकाश मान) भई रहेछ । पहिले जो ' सत् ' थियो, अहिले पनि त्यहि सत् मात्र अवस्थित छ । नाम रुप मायिक एवं कल्पित हो, एक मात्र ब्रह्म नै प्रकाशित भै रहेछ । " अस्ति, भाति, प्रिय, नाम, रुप " यी पाँचको एकीकरण (एकत्र हुनु) ले जगत् देखा पर्दछ, जस्तो श्वैत्य (सेतो) शैत्य (ठण्डा) रस, दीर्घ (लामो) तरङ्ग आदि, यिनै पाँच पदार्थको मिश्रणबाट लहरी रुपमा देखा पर्न आउँछ । अस्ति, भाति, प्रियरुप (सच्चिदानन्द) ब्रह्म नै सत्य हो, नाम र रुप मायिक एवं मिथ्या हो ।

सच्चिदानन्दको स्वरुप लक्षण सत् (नित्य) हो, अतः अस्ति (छ) हो । चित् बोध प्रकाश हो, अतः

भाति भान हुन्छ) हो । आनन्द सुख हो, अतः प्रिय हो । यो " अस्ति, भाति, प्रिय स्वरुपमा " अखण्ड, ब्रह्म, परिपूर्ण विद्यमान छ, अर्थात् ब्रह्म छ, प्रकाशित भई रहेछ, प्रियतम वस्तु छ । त्यसमा माया द्वारा नाम र रुप कल्पित भए पछि अस्ति, भाति, प्रिय, नाम, रुप मिश्रित भएर जगद्रूप (जगत् रुप) मा भासित (देखिने) हुन्छ । जस्तो सुस्थिर (अडिएको) जल राशि, मन्द मन्द वायु द्वारा नाना आकारको तरङ्ग रुपमा देखिन्छ । अस्ति, भाति, प्रिय देखि अलग गरि दिए पछि नाम र रुप सत्ता रहित एवं मिथ्या हुन जान्छ । जस्तो रज्जु (डोरी) देखि पृथक् (अलग) गरे पछि सर्प क्षण मात्र पनि रहँदैन । त्यस्तै विचार गरे पछि (सत्य वस्तु देखि मिथ्या वस्तुको निराकरण [हटाउनु] गरे पछि) जागतिक (जगत् सम्बन्धी) समस्त पदार्थ अस्ति, भाति, प्रिय ब्रह्म स्वरुपमा देखिन लाग्दछ [एवं प्रकार जगत्को अवलोकन गर्नु, दृश्यानुविद्ध वाह्य सविकल्प समाधि किं वा भगवत् पूजन कहिन्छ । हेर्नु होस् (सिद्धान्त सम्वत् २००२ पृष्ठ १३१–१७३) आत्म-देवको आन्तर पूजन (निर्गुण मानस पूजन) यस भन्दा श्रेष्ठ छ । यो दृश्यानुविद्ध आन्तर सविकल्प समाधि

कहिन्छ— योगवाशिष्ठसार २५।२६ मा हेनुहोस् । ध्यान विना पूजन निरर्थक (अर्थहीन) छ] जस्तो कि घट छ, घट प्रकाशित भै रहेछ, घट प्रिय हो । अतः स्वरुप (अस्ति, भाति, प्रिय) नै सत्य हो । कम्बुग्रीवादि घटाकार र घट नाम मिथ्या (झूठो) हो । स्वरुपबाट अलग गराइ दिए पछि रहँदैन ।

अखण्ड, परिपूर्ण, अस्ति, भाति, प्रिय स्वरुपमा पहिले माया उदय हुन्छ । अतएव माया छ र प्रिय रुपमा भासित हुन्छ । सच्चिदानन्द ब्रह्म देखि अलग गरे पछि माया केही पनि रहँदैन र प्रिय रुपमा प्रतिभात (प्रकाशित) हुँदैन । अतः माया मिथ्या हो, माया द्वारा ब्रह्ममा आकाश कल्पित भए पछि आकाश सत्ता युक्त एवं प्रिय रुपमा भासित हुन्छ । अस्ति, भाति, प्रियरुप ब्रह्म देखि पृथक् (अलग) गराए पछि केही पनि रहँदैन । आकाशमा बायु कल्पित भए पछि वायु सत् र प्रियरूपमा प्रतीत हुन्छ । ब्रह्म देखि अलग गराए पछि वायु वस्तु केही रहँदैन । वायुबाट तेज उत्पन्न भए पछि त्यो सत्य एवं प्रियरुपमा भासित हुन्छ । अस्ति भाति, प्रियरुप अधिष्ठान (स्थान) देखि पृथक्

भए पछि तेज अवस्तुभूत (वस्तु नभएको) हुन जान्छ। तेज देखि जलको प्रादुर्भूत (प्रकटित) भए पछि जल, सत् एवं प्रिय रूपमा भासमान (प्रकाशमान) हुन्छ। अधिष्ठान देखि भिन्न उसको वस्तुता (वस्तुपना) छैन। यस प्रकार पृथ्वी, अस्ति, भाति, प्रिय स्वरूप देखि पृथक्कृत हुंदा अर्थात् अलग भएर रहँदा कुनै वस्तु रहंदैन ।

एवं प्रकार पञ्चभूत शब्दादि विषय, उनको कार्य ब्रह्माण्ड, तदन्तर्गत (त्यसको भित्र रहेको) समस्त लोक र त्यसमा रहने चतुर्विध (चार प्रकारको) शरीर, अन्न-पानादि परमाणु, काल प्रभृति प्रत्येक पदार्थहरूको विवेचन (निर्णय) गरे पछि देखिन्छ कि सारा अस्ति, भाति, प्रिय रूपमा मायाद्वारा कल्पित भएका छन्। अधिष्ठान स्वरूपमा प्रकाशित नाम, रूपलाई अधिष्ठान बाट पृथक् गराए पछि वस्तु केही पनि रहँदैन । केवल सच्चिदानन्द ब्रह्म अखण्ड मात्र परिपूर्ण प्रकाशित रहन्छ। अतः नाम रूपात्मक (नाम रूपसित मिलेको) जगत् मायिक (मायाबाट बनेको) र मिथ्या हो। विचार द्वारा यस्तो निश्चय भए पछि अखण्ड वृत्ति, प्रतिबन्ध

(विघ्न, वाधा) रहित स्फुरित–स्फुरण हुन्छ। जस्तो निर्मल दर्पणमा सारा पदार्थ साथ आकाश स्पष्ट देखिन्छ, किन्तु त्यहाँ दर्पण अतिरिक्त (सिवाय) केही छैन। त्यस्तै अस्ति, भाति, प्रिय, परिपूर्ण सच्चिदानन्दमा आकाशादि पदार्थ, नाम रूपात्मक जगत् भासमान (प्रकाशमान) हुन्छ, किन्तु त्यहाँ ब्रह्म सिवाय केही पनि छैन। जस्तो दर्पण नहुंदा केहो वस्तु देखिंदैन, पहिले दर्पण देखिन्छ वादमा तदन्तस्थ (त्यस भित्र छायाँ परेको) वस्तु दृष्टि गोचर (देखिने) हुन्छ। ठीक त्यस्तै अस्ति, भाति, प्रिय स्वरूपको सर्व प्रथम (सबै भन्दा पहिले) अपरोक्ष (प्रत्यक्ष) भए पछि अर्थात् प्रत्यग्रूप (हर एक रूप) मा प्रकाशित भए पछि, वादमा नाम रूपात्मक जगत् देखा पर्छ। अर्थात् ज्ञात हुन्छ [पहिले प्रमाता, प्रमाणको सहायताले प्रमेयलाई जान्दछ। अन्तमा म, यो जान्दछु यस प्रकार साक्षी, त्रिपुटीको प्रत्यक्ष अनुभव गर्छ। प्रमाता सर्वदा अनुभव रुप साक्षी चैतन्य हुँदा पनि भ्रम वशात् परिच्छिन्न (टुक्रिएको) ज्ञाता वन्दछ। बिज्ञानमय कोश तथा शव्दादि विषय एवं भूतकार्य सारा मिथ्या हुन्। अतः

प्रत्येक् साक्षीको वास्तविक कुनै परिच्छेद (विभाजन) सम्भावित छैन]।

यो जगत् स्वप्न तुल्य छ। जस्तो स्वप्नावस्थामा शरीर, विषय, व्यवहार, द्रष्टा, दर्शन, भोक्ता, भोग्य, कर्ता, करण, कर्म अविकल (जस्ताको तस्तो) भास मान हुन्छ; परन्तु ती सारा असत्य हुन्। अलिकति पनि साँचा होइनन्, केवल देखिन्छ मात्र; वस्तुभूत (वस्तु भएको) होइन। त्यस्तै जाग्रत् अवस्थामा जो देखिन्छ, व्यवहार कर्मादि जो निष्पन्न (पूरा) हुन्छ, त्यो वास्तविक केही होइन। केही पनि निष्पन्न हुंदैन, स्वप्न समान मायाले देखिन्छ मात्र। दृष्ट (देखिएको) श्रुत (सुनिएको) अनुभूत (अनुभव गरिएको) व्यवहृत (व्यवहार गरिएको) सारा मिथ्या हुन्, एवं मायाका कार्य हुन्। अनुभव रुप आत्मामा सारा भासमान हुन्छन्, त्यसलाई सत्य मानेर मनमा अभिमान गरीकन अहं (म) मम (मेरो) निश्चय गर्नु नै अनर्थको मूल हो। म सच्चिदानन्द, परिपूर्ण एवं निष्क्रिय (केही नगर्ने) हुं। दृश्यमान (देखिएको) शरीर, विषय, भोग र व्यवहारादि कर्महरु स्वप्नावस्था समान माया द्वारा उत्पन्न भएका हुन्। अर्थात् यी सारा मिथ्या हुन्, यस प्रकार निरन्तर

श्रवण र अभ्यास भए पछि परमानन्द प्राप्त हुन्छ । त्यस वखत् ज्ञानी जगद्व्यवहारमा लिप्त हुंदैन । यदि लेशमात्र पनि अभिमान रहन गयो भने जगन्मिथ्यात्व (जगत्को झूटापन) मा निश्चयको अभाव अवश्य नै स्वीकार गर्नु पर्छ । स्वप्नकृत पाप पुण्यादिको कुनै भोग हुंदैन, किनकि त्यसमा मिथ्यात्वको निश्चय रहन्छ । एवंरीत्या (त्यस कारणले) जाग्रत् कर्मादि, स्वप्नवत् मिथ्या (स्वप्न झैं झूठो) हुन्, यस्तो निश्चय हुन्छ भने उसको पनि भोग हुन सक्तैन ।

कुनै शङ्का गर्लान्- सकल जगत् र व्यवहार, कर्म सव कुछ स्वप्नतुल्य मिथ्या हुन् भने गुरुपदेश (गुरुको उपदेश) पनि त्यही भित्र परिहाल्यो । यस दशामा ज्ञान र मुक्ति कसरी सम्भव हुने ? यसको समाधान यो हो कि समस्त स्वप्न कार्य अलीक (झूठा) हुन् सहि; किन्तु स्वप्नमा भयंकर व्याघ्र (वाघ) आदि देखिंदा जस्तो निद्रा भङ्ग भएर जाग्रत् भावमा प्राप्त हुन्छ, त्यस्तै जगत् सम्बन्धी उपदेश आदि मिथ्या हुँदा पनि उपदेश द्वारा अज्ञान नष्ट भए पछि स्वरुपान्तरमा प्राप्ति हुन्छ । [ज्ञानीको शरीर, ईन्द्रियकृत व्यवहार; ज्ञानो-

पदेश, प्रारब्ध भोग, सब कुछ मायिक एवं मिथ्या हुन्। यस प्रकार पञ्चमादि भूमिका प्राप्ति, आकाशादि गमन सब कुछ नियति कर्तृक (नियम अनुसार) उपस्थापित (निर्दिष्ट) हुन्छन्। ज्ञानवान् पुरुष देह इन्द्रिय अन्तः करण किं वा चिदाभास होइन । त्यो साक्षात्कृत (साक्षात्कार गरिएको) ज्ञात या ज्ञातव्योपलक्षित (जान्नु पर्ने भनेर चिन्ह द्वारा प्रकाशित भएको) आत्मा हो। योग वाशिष्टसार प्रकरण १० हेर्नु होस्]।

यसमा फेरी पनि शङ्का उठ्न सक्छ कि, दर्पणमा दृश्यमान (देखिएको) रूपादि समान; जगत् यदि मिथ्या हो भने, कल्पित (कल्पना गरिएका) नाम रूप द्वारा व्यवहार कसरी निष्पन्न (सिद्ध) हुन सक्छ ? यसको उत्तर यो हो कि— चैतन्यरूप ब्रह्ममा अनन्त शक्तिहरु विद्यमान छन् किन्तु कुनै पनि ब्रह्म देखि भिन्न छैनन्। यी सबै माया कल्पित, उपाधि द्वारा प्रकाशित हुन्छन्। जस्तो अग्निको ज्वाला शक्ति अग्नि रूप हो। गन्धक–तृण आदिको योगले त्यो प्रकाशित हुन्छ त्यस्तै जब जुन शक्तिले चैतन्य विवर्तित (बदलिएको) हुन्छ, तब वस्तु त्यस्तै भासित (देखिने) हुन्छ । जगद्व्या-

पार (जगत्को व्यवहार) बुद्धि, इन्द्रियादि द्वारा भोगादि सब ज्ञान मात्र हुन् (म जान्दछु, यस्तो कल्पित त्रिपुटी भाव त्यसमा रहँदैन) ज्ञान स्वरूपमा माया द्वारा भासित हुन्छ । आत्मामा बोध्दत्व (बोधपन) ज्ञातृत्व (जान्नु पन) आदि शक्तिहरु माया कल्पित, बुद्धि आदिको योगले, अवभासित (प्रकाशित) हुन्छन् । जस्तो कि शव्द ग्रहण शक्ति, मायिक- कर्णेन्द्रिय तथा गोलक (गोल वस्तु) को योग द्वारा प्रकट हुन्छ, त्यो वास्तव मिथ्या हो । एक ज्ञान मात्र, स्वयं सर्वदा प्रकाशित छ; उसमा जान्नु, जान्न योग्य पदार्थ, या जानिने वस्तु केही रहँदैन । यस कारण जीव, ईश्वर, जगत् कल्पना मात्र- मायाका कार्य हुन् । जस्तो स्वप्न व्यापार नितान्त (अत्यन्त) अवास्तविक (यथार्थ नभएको) छ, केही पनि छैन, केवल अनुभव मात्र हो; त्यस्तै जाग्रत् कालीन (जाग्रत् सम्वन्धी समय) व्यापारादि पनि आनन्द रुपमा अनुभूत (भ्रम द्वारा प्रतीत) हुन्छ । वास्तवमा केही पनि बिद्यमान छैन, न कहिले बिद्यमान रहन्छ, न हुन सक्छ ?

दर्पणस्थ (आइना भित्र देखिएको) नगरादि या स्वाप्निक (स्वप्न सम्बन्धी) प्रपञ्चसमान, यो जगत् अत्यन्त मिथ्या हो । यस्तो विचार गरेर साक्षात् अपरोक्ष (प्रत्यक्ष) अस्ति, भाति, प्रिय स्वरूपमा स्थित भए पछि, अद्वैतानन्द स्फुरित (स्फुरण) हुन्छ । स्वयं सच्चिदानन्द दर्पणमा निजान्तर्गत जगत्‌लाई दर्पणस्थ नगरादि समान देखिन्छ । आफ्नू बाहिर जो कुछ प्रकाशित भई रहेको छ, नाम रूपको सहाराबाट जो प्रतीत हुन्छ, त्यसलाई स्वप्नवत् (स्वप्न जस्तो) सम्झनु पर्छ । समस्त स्वप्न- कार्य, आफ़मा घट्छ, किन्तु बाहिर भए जस्तो प्रतीत हुन्छ । यस्तै जाग्रत् व्यवहार माया देखि बाहिर देखिन्छ; किन्तु वासना रूपमा भित्र अवस्थित (रहेको) छ [जीव, ईश्वर, दृष्ट- द्वैत प्रपञ्च वासनामय हुन्, त्यो भित्र (चित्तमा) अवस्थित छ । विषय मायिक एवं मिथ्या (झूठो) हुनाले त्यसको वासना पनि नितान्त (अत्यन्त) असत्य छ । यो शिखी ध्वज- उपाख्यान (कथा) मा सुन्दर रुपले प्रदर्शित भएको छ । वासना नै अज्ञान हो, वासनाको नाश भए पछि परमानन्द (नित्य तृप्ति) प्राप्ति हुन्छ] सारा

जगत् मिथ्या हो, केवल सच्चिदानन्द प्रत्यग्ब्रह्म, सर्वदा सर्वत्र स्वयं प्रकाशमान छ । "सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किञ्चन" इत्यादि श्रुतिको उपदेश छ ।

—)(❀)(—

विचारालोकको बाह्रौं प्रकरण सकियो

—)(❀)(—

तेन्हौं प्रकरण

—)(❀)(—

उक्त तीनै प्रकारका विचार- सम्पन्न, पुरुषलाई, अनायास (सहजै) अद्वैत ज्ञान, प्राप्त हुन्छ। उसका निमित्त समाधि आदि साधनहरुको अपेक्षा (मतलव) छैन। नाम, रुप उपेक्षित (त्यागिनु) भएर अद्वैतमा स्थिर हुन्छ । त्यसका निमित्त गर्नु पर्ने कर्तव्यता, केही बाँकि रहँदैन।

यसमा शङ्का गरौं कि–समाधि–अभ्यास बिना, बुद्धि स्थिर एवं तदाकार (त्यस्तै आकार) कसरी हुन सक्छ ? यसको जवाफ यो हो कि- चित्तवृत्ति निरोध गर्ने समाधि, वृत्तिजन्य हुनाले क्षणिक हुन्छ । विक्षेप (चञ्चलता) को भय निवारण गर्ना निमित्त, समाधि तात्कालिक (त्यस वखतको) उपाय मात्र हो। समाधि भङ्ग भए पछि, फेरि बुद्धि विक्षेप (बुद्धिको चञ्चलता) स्वभावतः (स्वभावैले) उदित (उत्पन्न) हुन्छ। विचार द्वारा आत्म साक्षात्कार (दर्शन) भए पछि, त्यो सर्वदा समान रूप (एकरूप) मा विद्यमान रहन्छ

[मुरघु-परिघोपाख्यानमा परिज्ञात (राम्रो सित जानिएको) आत्म स्वरुपमा नित्य निरन्तर स्वाभाविक स्थिति, सहज किंवा एक समाधि कहिन्छ; यो ज्ञान समाधि हो । त्यसबाट कहिले पनि व्युत्थान (उठ्नु) हुंदैन, किनकि स्वरुपको अभाव देखिदैन] यो दृढ-विचार जन्य (विचारबाट पैदा भएको) सम्यक् ज्ञानको फल हो । यद्यपि प्रारब्धवशात्, ज्ञानीको पनि देहेन्द्रि-यादि द्वारा स्नान, शौच, भोजन, निद्रा आदि सारा कर्म सम्पादित (ठीक ठीक) हुन्छ; तथापि ज्ञानी त्यसको कर्ता किंवा भोक्ता हुंदैन । यसैलाई " नित्य तृप्ति " भनिन्छ उपदेश साहस्रीमा आचार्य भन्नु हुन्छ—

"समाधि र्वाऽसमाधि र्वा कार्यं वाऽन्यत्कुतो भवेत् ।
मां हिध्यात्वा च बुध्वा च मन्यते कृत कृत्यताम् ॥"

अर्थात् समाधि या व्युत्थान (जागेको समय) किं वा अरू कार्यहरू कहाँ बाट हुन्छन् ? त्यो मेरो चिन्तन गरेर, मलाई जानेर ज्ञानीजन कृत कृत्यता (सफलता) मान्दछन् । श्रुतिमा बताइएको छ- " एष नित्यो महिमा ब्राह्मणस्य न कर्मणा वर्ध्दते नो कनीयान " गीतामा पनि भनिएको छ— " यस्त्वात्मरतिरेव स्यादात्म तृप्तश्च मानवः ।
आत्मन्येव चसंतुष्ठ स्तस्य कार्यं न विद्यते ॥ " अर्थात् जो मनुष्य आत्मरति (आत्मसित प्रेम गर्ने) आत्म तृप्त र

आत्मा मै सन्तुष्ट रहने हुन्छ, त्यसका निमित्त केही पनि कर्तव्य रहँदैन ।

अद्वैत (एक मात्र ब्रह्म)मा स्थित भए पछि, विक्षेप (मनको चञ्चलता) हटाउनका निमित्त, समाधि (बुद्धि निरोध) को जरूरत छैन । रात्रिको समय (अन्धकार) मा तस्कर (चोर) ज्ञान भयो भने, त्यसलाई बाँध्न निमित्त डोरी लिएर नजिक जाँदा, त्यो तस्कर स्थाणु (ठुटो) रूपमा देखियो भने, जस्तो त्यसलाई बाँध्नको जरूरत छैन; त्यस्तै कूटस्थमा, कल्पित- बुद्धिको विचार फल स्वरूप, स्थाणु पुरूष समान प्रत्यगात्माको स्वयं एवं सम्यक् प्रकाशित (राम्रो छर्लङ्ग) भए पछि, मिथ्या कल्पित बुद्धि, निरोध गर्ने प्रवृत्ति (रूचि) आउनै सक्तैन । यदि यसको अपेक्षा (आवश्यक) सम्झने हो भने, अद्वैत आत्मतत्वको अभाव पनि सम्झनु पर्छ र विचारालोकको शरणमा जानु पर्छ ।

विचार द्वारा जानिए पछि पनि यदि विश्वास उत्पन्न हुँदैन भने, कृतार्थता (सफलता) बोध हुंदैन । अनि सम्झनु पर्छ कि अवश्य नै संशय (शङ्का) बाँकि छ,

किं वा एकाग्रताको अभाव छ; भन्ने बुझेर संशय छ भने मनन गर्नु पर्दछ । एकाग्रताको निमित्त ध्यान श्रेयस्कर (कल्याण कारक) छ । विश्वास उत्पन्न भए पछि ज्ञानी, निर्भय, निष्क्रिय, निरपेक्ष (बेपर्वाह) र कृतार्थ हुन्छ । उनमा कुनै इच्छा किंवा वासना रहन सक्तैन ।

यदि विचार गरेर पनि चित्त चञ्चलताको कारण, तत्व बुद्धिको उदय हुंदैन भने योगाभ्यास (योगको अभ्यास) अपेक्षित (आवश्यक) छ । किनकि योग द्वारा चित्त शान्त हुन्छ पञ्चदशीमा भनिएको छ– चञ्चल चित्त भएको मानिसलाई विचार द्वारा तत्व ज्ञान हुन सकेन भने, त्यसका निमित्त योग मुख्य छ । योग बाट बुद्धिको दर्प घमण्ड नाश हुन्छ । "वहु व्याकुल चित्तानां विचारात्तत्वधीर्नहि । योगो मुख्य स्ततस्तेषां धीदर्पस्तेन नश्यति॥" (ध्यान दीप १३२) यदि श्रवण गरेर पनि विचार गर्नमा अक्षमता (असमर्थपना) हुन्छ भने, ब्रह्मोपासना कर्तव्य छ । "अत्यन्त बुद्धिमान्द्याद्वा सामग्र्या वाऽप्य सम्भवात् । यो विचारं नलभते ब्रह्मोपासीत सोऽनिशम् ॥" अर्थात् जसको चित्त अत्यन्त चञ्चल छ, त्यसलाई विचार द्वारा तत्व ज्ञान उदित हुन्न । अतःएव त्यसका निमित्त

योग (निर्गुण उपासना) नै मुख्य उपाय छ। त्यसै बाट नै त्यसको बुद्धिको दर्प (विक्षेप) किं वा लक्षा-वधानता (लक्षमा चित्त स्थिर नहुनुपना) विनष्ट हुन्छ।

बुद्धिको तीक्ष्णता (तीखोपन) अत्यन्त अभाव हुनाले किंवा उपयुक्त (योग्य) देश काल, उपदेष्टा (उपदेश दिने) तथा अध्यात्म शास्त्रको अप्राप्ति (नपाइने) हुनाले जुन व्यक्तिलाई विचारको प्राप्ति हुन सक्तैन; त्यस्ता व्यक्तिले निरन्तर ब्रह्मको उपासना गरी रहनु पर्दछ, अर्थात् ब्रह्म चिन्तनमा रत (मग्न) रहनु पर्दछ। जस्तो विष्णु आदि देवताको दर्शन नपाए पनि गुरूपदेश (गुरूको उपदेश) द्वारा ध्यान परायण (ध्यानमा तत्पर) हुँदै जान्छ; त्यस्तै निर्गुण तत्व, गुरू मुखबाट श्रवण गरेर " त्यो ब्रह्म म हुं " यस्तो चिन्तन गरी रहनु पर्दछ। निरन्तर ध्यान निरत (ध्यान मग्न) व्यक्तिलाई ब्रह्मतत्वको प्राप्ति हुन्छ। जस्तो कीट (कीरो) निरन्तर ध्यान गर्नाले भ्रमरत्व (कुमाल कोटी-भ्रमरपन) मा प्राप्त हुन्छ। आचार्यले पनि भन्नु भएको छ— " एवं निरन्तर कृता ब्रह्मैवास्मीति वासना। हरत्य

विद्या विक्षेपात् रोगानिव रसायनम् ॥ ' जस्ता औषधि सेवन नगरे सम्म, केवल त्यसको नाम तथा गुणको मात्र उच्चारण गरेर रोग निवृत्ति हुंदैन । त्यस्तै अपरोक्षानुभव (प्रत्यक्ष अनुभव) बिना ब्रह्म शब्दबाट मुक्तिको संभव छैन ।

अतएव जे गर्दा अपरोक्षानुभव एवं ब्रह्म वृत्ति उदित हुन्छ, त्यसको नै विशेष यत्न गर्नु पर्दछ । ब्रह्म वार्तामा अत्यन्त निपुण चलाक छ तापनि, *वृत्ति विहीन विषयी पुरूषलाई मुक्ति प्राप्त हुँदैन । बारम्बार जन्म मरणादि दुःख भोगी रहनु पर्दछ । शास्त्र वाक्यमा प्रवीण (चतुर) भए पनि, बुद्धिको स्थिरता र स्वच्छता निर्मलपनाको अभावमा, तत्वको अवधारण (निश्चय) गर्न सक्तैन । त्यसले, बुद्धि-स्थैर्य (बुद्धि स्थिर राख्ने) को क्रमशः (क्रम पूर्वक) अभ्यास गर्नु पर्छ । यसको उपाय यो हो कि (१)- मनमा जो जो विषयाकार (विषयको आकार) उदय हुन्छ, त्यो त्यो बिषयबाट चित्त वृत्तिलाई निरोध (रोक्ने) गरेर अर्थात् त्यतातिर चित्त नलगाएर, चित्तलाई स्वाभाविक ब्रह्मकारमा आकारित (मिलेको)

*आत्म वृत्ति नभएको,

रूपमा अवस्थान (राख्ने) गर्नु पर्दछ। स्वरूप-चिन्तनमा स्वतः (आफ सें आफ) निमग्न (तन्मय) हुनु पर्दछ। (२)- जुन जुन विषयमा मन जान्छ, विचार द्वारा त्यस त्यसमा अस्ति, भाति, प्रिय स्वरुपको अवलोकन (हेर्ने) गर्नु पर्दछ। यस प्रकार निरन्तर अभ्यास भए पछि क्रमशः ब्रह्म वृत्तिको वृद्धि (बढ्ति) हुन लाग्छ र आनन्द प्राप्ति हुन्छ। आचार्य भन्नु हुन्छ— कार्ये कारणता याता कारणे नहि कार्यता। कारणत्वं ततो गच्छेत् कार्याभावे विचारतः ॥×॥ अथ शुध्दं भवेद्वस्तु यद्वै वाचामगो चरम्। द्रष्टव्यं मृद् घटेनैव दृष्ठान्तेन पुनः पुनः ॥×॥ अनेनैव प्रकारेण वृत्ति र्ब्रह्मात्मिका भवेत्। उदेति शुद्ध चित्तानां वृत्ति ज्ञानं ततः परम् ॥×॥

—)(❀)(—

विचारालोकको तेर्‍हौं प्रकरण सकियो

—)(❀)(—

विचारालोक चौथौं प्रकरण

—)(❀)(—

आकाशादि कार्यहरूमा– अस्ति, भाति इत्यादि रूप व्यवहारको हेतु भूत, सत्य, ज्ञान र आनन्द ब्रह्म स्वरूपको कारणता (कारणपन) अनुगत (आश्रित) छ। परन्तु ब्रह्ममा आकाशादि कार्य छैन। अतः (आकाशादिको अभाव हुनाले) ब्रह्ममा कारणता पनि वास्तवमा छैन (लक्ष ब्रह्म जगत्को कारण होइन) फलतः (फलस्वरूप) कार्य कारण भावको निवृत्त हुन गए पछि शुद्ध, मनोवागतीत (मन वचन भन्दा पर) वस्तु नै परमार्थ सत्य रूपमा (अहं पदको लक्षार्थ रुपमा) अवशिष्ट (बाँकि) रहन्छ। मानौं कि, बुद्धि वृत्ति क्षणिक हुनाले एक वार उक्त रीतिबाट विचार द्वारा निर्णय गरे पछि पनि, फेरि बुद्धि अर्कै प्रकारले निश्चय गर्दछ। (कार्यको सत्यता प्रतिभात [प्रकाशित] हुन्छ) त्यस समय मृत्तिका (माटो) र घट दृष्टान्तको सहायताले, बार बार मृत्तिकाको सत्यता (मृत्तिका अतिरिक्त [सिवाय] घटको मिथ्यात्व) नै निश्चय गर्नु पर्दछ। यो विचार केवल ज्ञानको मात्र साधन होइन कि

ध्यानको पनि साधन हो । [विचार अनात्म- निरसन (आत्मा भिन्न वस्तुहरुको त्याग) पूर्वक, स्वभाव सिद्ध आत्माकार वृत्ति किं वा आत्मानुभव, वस्तु तन्त्र हो । आत्माको ज्ञान, अयत्न सिद्ध (यत्न विना सिद्ध हुने कुरा हो) ध्यान किं वा निर्गुणोपासना प्रयत्न सापेक्ष (यत्न द्वारा सिद्ध हुने) र पुरुप तन्त्र हो । अद्वैत ज्ञानमा योग किं वा समाधिको अपेक्षा (जरुरत) छैन । जब सम्म अन्तःकरण विशुद्ध हुंदैन, तबसम्म पुरुप- प्रयत्न किं वा पुरुपार्थ अत्यावश्यक छ । यहि योग किं वा उपासनाको रहस्य हो । अनात्म निरसन (आत्म भिन्न वस्तुको त्याग) सिद्धि भए पछि, आत्मा यथावत् स्वयं प्रकाशित हुन्छ । उसमा कुनै प्रकारको प्रयत्नको अपेक्षा (मतलब) रहँदैन] ।

यस प्रकार शुद्धात्म, अन्तःकरण पुरुपलाई वृत्ति ज्ञान उदित हुन्छ र यस बाद ब्रह्मात्मिकता (ब्रह्म र आत्माको एकता) वृत्ति आविर्भूत (उत्पन्न) हुन्छ । अर्थात् पहिले ब्रह्माकार वृत्ति उदित हुन्छ, तत्पश्चात् साक्षात्कार ज्ञानको उदय हुन्छ ।

भाग्यवशात् मन, यदि स्वयं अभ्यासमा लाग्यो भने अरु विशेष प्रयत्नको आवश्यकता रहँदैन । अभ्यास (प्रयत्न) को परिणाम स्वरुप, मुमुक्षु स्वयं अद्वैत स्वभावमा निरत एवं निमग्न हुन्छ, सुख प्राप्त भए पछि त्यसलाई को परित्याग गर्छ ?

तत्व साक्षात्कारमा तीन प्रकारका प्रतिबन्ध (विघ्न बाधा) छन् । विचार निपुण भएर पनि प्रतिबन्ध वशात् साक्षात्कारको उदय हुन सक्तैन । जस्तो मणि मन्त्रादिको प्रभावले प्रदिप्त (बलेको) अग्नि पनि दहन (पोल्ने) कार्यमा समर्थ हुंदैन । जस्तो भच्छुलाई देखेर पनि प्रेत बुद्धि वशात् राजा सफल साक्षात्कारमा समर्थ हुन सकेनन् ।

यी तीन प्रतिबन्ध- भूत, भविष्य, वर्तमान हुन् । पूर्वकृत (पहिले गरिएका) विषयादि- सम्भोगवश, संस्कार एवं अनुराग प्रेम पूर्वक उसको आनुपूर्विक (क्रमैसित) स्मरण र चिन्तन हुनु, भूत प्रतिबन्ध हो । भविष्यत्प्रतिबन्ध, दुई प्रकारको छ- ब्रह्मलोकादिको वाञ्छा (इच्छा) विद्यमान रहन्छ भने, विचाराभ्यासले पनि तत्व साक्षात्कार हुन सक्तैन; किन्तु शरीरान्त

(मृत्यु) भए पछि ब्रह्मलोकमा गएर ऐश्वर्य भोगीकन, कल्पान्तमा साक्षात्कार भएर ब्रह्माका साथ मुक्ति प्राप्त हुन्छ। यदि दुई या तीन जन्मको प्रारब्ध शेष (दीर्घ प्रारब्ध) छ भने, त्यसको भोग द्वारा क्षय भए पछि साक्षात्कारको उदय हुन्छ। यस विषयमा बामदेव र जड भरत प्रमाण छन्; उनको दुई या तीन जन्ममा प्रारब्ध भोग, क्षीण (क्षय) भएको थियो।

वर्तमान प्रतिवन्ध, चार प्रकारको छ– विषयाशक्ति, प्रज्ञामान्द्य, कुतर्क, विपर्यय दुराग्रह। अत्यन्त विषय-विलिप्त (विषयमा आशक्त) चित्तको–तच्चिन्तन (त्यसैको चिन्ता) तत्कथन (त्यसैको कुरा) सिवाय सूक्ष्म विषयमा अवगाहन (छानविन) गर्नु सम्भव छैन, यो विषयाशक्ति हो। वारवार उपदेश सुनेर पनि सूक्ष्म (ईश्वर आत्मा इत्यादि) विषयको बोध उत्पन्न हुदैन, यो बुद्धिमान्द्य कहिन्छ। ब्रह्म विषयक (ब्रह्म सबन्धी) वार्ता सुनेर त्यसमा असम्भावना (अपत्यार) बुद्धि गर्नु कुतर्क हो। म गृहस्थ हुं, म संन्यास हुँ, इत्यादि स्थूल शरीर सम्वन्धी अभिमान, विपर्यय दुराग्रह हो।

विशेष विशेष उपयुक्त (योग्य) साधनहरुको सहायताले यी चारै प्रकारका प्रतिवन्ध (विघ्न वाधा)

नष्ट हुन्छन् । वैराग्य तथा शम आदि (वहिरङ्ग-बाहिरका) साधनहरुले विषयाशक्ति नष्ट हुन्छ । बार बार श्रवणले बुद्धिमान्द्य (बुद्धिको मन्दता) नष्ट हुन्छ । मनन (तत्व चिन्तन) ले कुतर्क एवं निदिध्यासन (ध्यान) को सहायताले विपर्यय दुराग्रह, नष्ट भएर जान्छ ।

दया सिन्धु (दयाका समुद्र) गुरु शिष्य प्रति कृपा दृष्टि गरेर, उनका चित्तको परिपक्वता (राम्रोसित पक्का भएको) विवेचन (जाँच बुझ) गरे प्रतिबन्धको उपाय विशेष रुपले उपदेश गर्दछन् । अयोग्य किं वा विपरीत (उल्टो) उपदेश द्वारा शिष्यलाई फल प्राप्त हुँदैन । दोश्रो ज्ञान भूमिको अधिकारी शिष्यलाई, चारौं या पाँचौ भूमिकाको उपदेश दिएर फल हुन सक्तैन । जो व्यक्ति जुन भूमिको अधिकारी छ, तदनुरुप (त्यस मुताविक) उपदेश दिनाले उसलाई क्रमशः (क्रम पूर्वक) बोधको उदय हुन्छ । गुरु कर्णधार (माझी) स्वरुप हुन्, पात्र अनुसार उपदेश दिएर बादमा परीक्षा गरीकन उपदिष्ट (उपदेश दिएका) विषयको सुन्दर रुपले अवधारित (निश्चित) भए पछि अर्को उपदेश दिन्छन् । अन्यथा पुनः त्यसैको उपदेश दिन्छन् जब तक उत्तम रीतले अवधारित

(निर्द्धारित) हुंदैन । शिष्य पनि यस्तो हुनु पर्दछ कि, चञ्चलता किंवा बुद्धिको प्राखर्य (तीक्ष्णता) प्रकाशित नगरेर, गुरु जस्तो उपदेश दिन्छन्, त्यसलाई श्रद्धापूर्वक श्रवण गरेर अवधारण (निश्चय) गरीकन मनन र निदिध्यासन गरोस् । यदि त्यसमा कुनै प्रकारको संशय उत्पन्न हुन्छ भने, आफ्नो बुद्धिले त्यसको मीमांसा (अनुसन्धान) गरोस । मीमांसा हुन नसके फेरि जिज्ञासा प्रकट गरोस् । शास्त्र गुरुवाक्य तथा आफ्नो अनुभव एक रुपले बुद्धिमा आरुढ भए पछि निश्चित अवधारण हुन्छ ।

श्रवण, मनन, ध्यान यी तीन ज्ञानका अन्तरङ्ग (भित्री) साधन हुन् । वैराग्य, शमादि वहिरङ्ग (वाहिरी) साधन हुन् । वेदनिरुपित (वेदले निरुपण गरिएको) उपक्रम, उप संहारादि षट्विध (छ प्रकारका) लिङ्ग-हरूको सहायताले, वेदान्तको तात्पर्य (मतलव) ब्रह्ममा अवधारण (निश्चय) गर्नुको नाम हो श्रवण । अनुकूल तर्कद्वारा युक्ति पूर्वक श्रुत विषय (सुनेको विषय) को तात्पर्य निश्चय गर्नु हो मनन । जस्तो कि गुरु शास्त्र वताउँछन्– ब्रह्म जगत्को उपादान कारण हो । किन्तु ब्रह्म निःसंग (सङ्ग रहित) छ, त्यो कसरी उपादान

कारण हुन सक्छ ? यस प्रकार अनुकूल तर्कले, रज्जु-सर्प (डोरी, साँप) दृष्टान्त रूप युक्तिका सहायताले यस विषयको निश्चय हुन्छ। विजातीय-प्रत्ययको, तिरस्कार पूर्वक सजातीय प्रत्ययको प्रवाह वहन दिनु, निदिध्यासन (ध्यान) हो। स्थूल शरीर देखि लिएर अज्ञान पर्यन्त सारा विजातीय (आत्म भिन्न) पदार्थ हुन्। सबैको प्रत्ययलाई परित्याग गरेर चैतन्य स्वरुप (सजातीय) को प्रत्यय हुन दिनु, अर्थात् निरन्तर स्वरुप चिन्तन गर्नु ध्यान हो। यो आत्माकार वृत्ति (आत्म ज्ञान) को अखण्डित भएर, चित्तबाट ध्याता, ध्यान र ध्येय भाव रुप विभागलाई निःशेष परित्याग गरे पछि, आत्मलाभ (साक्षात्कार) हुन्छ। पहिले विभाग पूर्वक-परोक्ष अनुभव, " म ब्रह्म हुँ " यस्तो ज्ञान भए पछि; बादमा साक्षात्कार वृत्ति (अपरोक्षानुभव - प्रत्यक्ष अनुभव) उदित हुन्छ। यस पछि ब्रह्माकार वृत्ति (अप-रोक्ष ज्ञान) स्वयं प्रकाशित निरावरण (आवरण रहित) आत्म स्वरुपमा विलीन हुन जान्छ।

त्यस पछि द्वैत भावमा अनुरक्त (आशक्त) बुद्धि वृत्ति, अखण्ड अन्तःकरणमा मिलेर स्वयं निज स्वरुप

ब्रह्मको प्रत्यक्ष ज्ञान (साक्षात् अनुभव) गर्दछ। यस साक्षात्कारको फल स्वरुप मूल अविद्या निवृत्त हुन्छ र आत्मा निजानन्द रूपमा स्वयं र सम्यक् (राम्रोसित) प्रकाशित हुन्छ। अतएव मुमुक्षु भक्त शमादि वहिरङ्ग (बाहिरी) साधनको पुर, सर (अगुवा) निरन्तर श्रवणादि अन्तरङ्ग– साधनमा, तत्पर रहनु पर्दछ; अनि मात्र सारा प्रतिवन्ध र विजातीय सँस्कार (वासना) निवृत्त भएर साक्षात्कारको उदय हुन्छ। आचार्यले भन्नु भएको छ— "अहं ब्रह्मेति वाक्यार्थ वोधो यावद्दृढीभवेत् समाधि सहितस्ताव दभ्यसेच्छ्रवणादिकम् ॥" आफ्नो ब्रह्मात्मता बुद्धिको दृढता, अन्तःकरणको सहज अचल (निर्विकार) स्थिति किं वा अखण्ड वृत्तिको उत्पादन (उत्पत्ति) गर्दछ। चैतन्य प्रदिप्त भएर त्यो अखण्डाकारमा आकारित, अन्तःकरण (आत्म साक्षात्कार किं वा प्रत्यक्ष ज्ञान) समस्त अविद्यालाई विनष्ट गरि दिन्छ।

अन्तःकरणको यो अखण्ड स्वरुप स्वभाव सिद्ध छ। यो वस्तु स्थितिको ज्ञान नरहनाले अविद्यावशात् जीव कामादिको वशमा परेर इच्छा द्वेष गरीकन अन्तःकरण

लाई खण्डित (चञ्चल) गराइ दिन्छ । पूर्व क्षणमा कामादि उत्पन्न हुन्छन्, अर्को क्षणमा विलुप्त (हराउने) हुन्छन् । उनको आविर्भाव (उत्पत्ति) तिरोभाव (हराउनु) स्वयं जीवलाई ज्ञात हुन्छ । काम्य वस्तु, काम र कामी (अहंकार) यी तीन दृश्य हुन् । अनुभव (चैतन्य प्रकाश) बाट सिद्ध हुन्छ, प्रकाश विना उनको सत्ता स्फुरण, सम्भव छैन । सुतरां (यसैले) ती अन्तः करणका विकार मात्र र अवास्तविक (काम नलाग्ने) हुन् । भित्र जो भासित (देखिने) हुन्छ (साक्षीभास्य पदार्थ) त्यो मिथ्या हो । अन्तःकरणको सात्विक परिणाम– कामी पुरुष, राजसिक परिणास– काम र तामसिक परिणाम, काम्य वस्तु, सबै समान रुपले मिथ्या हुन्, मनका विलास मात्र हुन् ।

कामादिको उदय र मोह जाल बिस्तार यी सब स्वयं प्रकाशित हुन्छन् । यी सारा कुरा जीव स्वयं जान्दछ । सुतरां यी सबै आत्म प्रकाशका अन्तपाति (भित्र पर्ने) हुन् । प्रकाश देखि भिन्न पदार्थ केही छैन, किनकि प्रकाश देखि वहिर्भूत (बाहिर) भए पछि तिनिहरू प्रकाशित (ज्ञात) हुन सक्तैनन् । जो अज्ञात

(नजानिने) किं वा अननुभूत (अनुभवबाट सिद्ध नहुने) हुन्छ, त्यो असत् हो । प्रकाश त एक रस, सनातन, अखण्ड वस्तु हो, त्यही आनन्द स्वरूप हो । अतएव अनात्म वस्तु- भोक्ता, भोग, भोग्य कुनै पनि छैनन् ।

अविचारको कारण, अद्वैत तत्व हृदयमा प्रतिभात (प्रकाशित) हुन पाउँदैन । फल स्वरुप, शोक मोहको साम्राज्य विस्तृत हुन जान्छ । सांसारिक (संसार सम्बन्धी) समस्त दुःखहरू, अनर्थ (अर्थहीन) अविचार प्रसूत (अज्ञानबाट पैदा भएको) काल्पनिक (कल्पना गरिएको) एवं नितान्त मिथ्या हुन् । यस कारण आत्म विचार- आत्म प्राप्तिको एक मात्र उपाय रुपले शास्त्रमा उपदिष्ट (प्रदर्शित) भएको छ— " आसुप्ते रामृतेःकालं नये द्वेदान्त चिन्तया । दद्यन्नावसरं किञ्चित कामादिनां मनागपि ॥ " अर्थात् कामादि वृत्तिहरूलाई किञ्चिन्मात्र पनि उठ्ने अवकाश (मौका) नदिएर जबसम्म मृत्यु किं वा निद्रा आउँदैन, तबतक वेदान्त निरत (मग्न) रहनु पर्दछ ।

—)(❀)(—

विचारालोकको चौथौं प्रकरण सकियो

—)(❀)(—

पन्ध्रौं प्रकरण

—)(❀)(—

पूर्वोक्त विचारमा, यद्यपि जगत्‌को मिथ्यात्व (झूठो पन) निरूपण गरियो; तथापि बार बार आलोचन गरेर मिथ्यात्व बुद्धिलाई दृढ (सहजमा सँस्कारलब्ध) गराउनु आवश्यक छ । जसको फल स्वरूप, कुनै विषयमा भुलेर पनि विषयमा सत्यता बुद्धि (सांचो बुद्धि) उदित नहोस् । श्रुति, स्मृति, अनुभव द्वारा यो निश्चित हुन्छ कि, जगत् नाम मात्र हो, वास्तविक छैन । न त यो थियो, न त हुन्छ, न त यो हुनाको कुनै सम्भावना नै छ । जस्तो मरीचिका (मृग तृष्णा) को जलस्थाणु (ठुटो) पुरुष, शुक्ति – रजत (सीपीमा चाँदी) रज्जु – सर्प (डोरीमा सर्प) सारा कल्पित पदार्थ हुन् । न त यो छ, न हुन्छ, न त थियो । तीनै कालमा यिनिहरूको हुने कुनै सम्भावना छैन, त्यस्तै ब्रह्ममा जगत् पनि कल्पना मात्र हो ।

मानौ कि यो जगत् प्रत्यक्ष देखा पर्दछ, मिथ्या कसरी हुन सक्छ ? यसको उत्तर यो हो कि (" नेह

नानास्ति किञ्चन" "सर्वं खल्विदं ब्रह्म") इत्यादि श्रुति वाक्य द्वारा जगत्‌को अत्यन्त अभाव सिद्ध हुन्छ। यसमा युक्ति पनि छ— यस्ता अनेक पदार्थ दृष्टि गोचर (देखिने) र इन्द्रियहरूबाट उपलब्ध (प्राप्त) हुने छन् जो वास्तवमा छैनन्। उदाहरणार्थ– स्वप्न काल र ऐन्द्रजालिक (जादूगर) को क्रिया, जो वास्तव न हुँदा पनि सत्य रूपमा प्रतीत र इन्द्रिय द्वारा उपलब्ध हुन्छन्। जस्तो– रज्जु-सर्प (डोरीमा सर्प) मरीचि-जल (मृग तृष्णामा जल) स्थाणु पुरुष (ठुटोमा मान्छे) द्वि चन्द्र (दुइटा चन्द्रमा) नीलाकाश (नीलो आकाश) पीत शङ्ख (पहेंलो शङ्ख) मधुर-तिक्त (गुलियो तीतो) मिष्ठ निंव (मीठो नीम) नौकादि गमनमा पर्वत वृक्षादि घुमे जस्तो देख्नु, वास्तवमा नभए तापनि प्रत्यक्ष दृष्ट (स्पष्ट देखिने) एवं उपलब्ध (प्राप्त) हुन्छन्। प्रत्यक्ष दृष्ट जगत् पनि यै प्रकारले मिथ्या अवधारण (निश्चय) गर्नु पर्दछ।

कुनै वन्ध्या पुत्र (बाँझीका छोरा) को विवाह, एउटा नपुंसककी छोरी सित भयो। उनीहरु असत् (झूटो) नगरमा रहन लागे। वहाँ उनिहरुको असंख्य

पुत्र पौत्रादि परिवार जम्मा भयो। एक दिन क्रोधाविष्ट भएर, ती सबै शशशृंग (चौगडाका सिङ) को धनुलीकन आपसमा लड्न लागेर विनाशमा प्राप्त भए। दुबै पति पत्नी शोकाकुल भएर छाति पिट्तै मरीचि (मृग तृष्णा) जलमा हाम फालेर आत्म हत्या गरे। यस घटनाको सत्यता समान, जगत्को सृष्टि, स्थिति, लय पनि सम्झनु पर्छ। न त केही भएको छ, न त पछि हुन्छ, न त हुनाको नै सम्भावना छ; सब कुछ माया मात्र हो।

अँध्यारोमा अघुल्टो तेजीसित घुमाउँदा, ज्योतिर्मय (ज्योति युक्त) चक्र (वाटुलो) चक्रा देखिन्छ; तर यसको उपादान कारण आगो हुन सक्तैन। किनकि आगो समस्त चक्रमा व्याप्त छैन। अग्नि चक्र देखि पृथक् हो भने, चक्र पनि रहन सक्तैन। अतः अग्नि चक्रको निमित्त कारण पनि होइन। कारणको अभाव भए पछि कार्य पनि सिद्ध हुंदैन। अतः दृश्य मान हुंदा पनि त्यो चक्र मिथ्या हो, चक्र होइन अग्निको स्फुरण मात्र हो। यस प्रकार विचार गरे देखि थाहा हुन्छ कि, ब्रह्म जगत्को निमित्त कारण पनि होइन, उपादान कारण पनि होइन। माया पनि जगत्को कारण हुन

सक्तैन किन ? ब्रह्म असंग, निष्क्रिय छ । माया अवस्तु भूत (वस्तु नभएको) स्वयं असिद्ध छ त्यस्तो वस्तु अरुको कारण कसरी हुन सक्छ ? अतएव कारणको अभावबाट जगत् अनुत्पन्न (उत्पन्न नभएको) र मिथ्या छ । जो कुछ देखिएको छ त्यो ब्रह्मको प्रकाश मात्र हो । प्रकाश अतिरिक्त अर्को केही पनि छैन ।

अनादि बीजांकूर (बीज र अंकूर) समान, जगत् पनि असिद्ध छ । किनकि पहिले कारण र बादमा कार्य हुने गर्दछ । कार्य कारण भाव अनादि भनेर सिद्ध हुन सक्तैन । जगत् स्वप्न तुल्य माया- विलास र अनुभव मात्र हो ।

असत् वादीहरु भन्दछन् कि- सृष्टि पहिले असत् थियो, त्यसबाट जगत् उत्पत्ति भयो । सत् वादीहरु भन्द छन्- असत्बाट सत्को उत्पत्ति हुनै सक्तैन । अतः सत् थियो, त्यसैबाट जगत् खडा भयो । असत् वादी यो नमानेर भन्छन् कि सत् त होला सहि, तर त्यसबाट जगत्को उत्पत्ति हुनु सम्भव छैन (उत्पत्ति प्रसङ्ग अर्थ शून्य हुन जान्छ) दुवैको विचार सुनेर वेदान्तीहरु भन्दछन् कि तिमीहरुको विचारले हाम्रो मत सिद्ध भयो

कि, जगत् भएकै छैन । किनभने तिमीहरुको मतानुसार सत् किंवा असत् देखि जगत्को उत्पत्ति सम्भव छैन । यो हामी पनि मान्दछौं, यसले यो स्थिर र निश्चित भयो कि जगत् भएको छैन ।

एक, सत् ब्रह्ममात्र हो । यो सम्झाउनका निमित्त श्रुतिले जगत्को अध्यारोप (मिथ्या कल्पना) एवं अपवाद (निन्दा) वर्णन गरेका छन्, यही श्रुतिको अभिप्राय हो । अतः जगत्को मिथ्यात्व (झूटोपन) निश्चित भयो । वासना रुपले मनमा जगत्को प्रतिभा (चमक) विद्यमान रहन्छ । मनको स्फुरण भए पछि जागतिक (जगत् सम्बन्धी) पदार्थ स्फुरित (साक्षी भासित) हुन्छ । मनको लय भए पछि जगत्को पनि विलय (हराउनु) हुन्छ । सुषुप्ति कालमा मनको लय हुनाले, जगत्को अदर्शन (नदेखिनु) हुन्छ । जगत्– मनको चञ्चलता मात्र हो, वस्तुभूत (भएको वस्तु) होइन । अतएव मनबाट वासना सहित जगत्को परित्याग भए पछि जगत् स्फुरित (स्फुरण) हुँदैन । दृश्य छैन– यस्तो ज्ञान द्वारा मन देखि समस्त दृश्यहरुलाई मार्जन (हटाउने) गर्नु पर्दछ । यस जगत्लाई वासना वशात्

मन कल्पना पर्छ, यो स्वप्न समान मिथ्या हो। यसमा सत्यता बुद्धि, अनात्म देहादिमा अहं, मम, (म, मेरो) प्रतीति नै आशक्तिको वन्धन हो। यस्तो मिथ्या रुपले निश्चय र वासना सहित आशक्तिको परित्याग नै मुक्तिको कारण हो। दर्पण आदिमा जस्तो नगर (सहर वजार) को प्रतिभास (छायाँ देखिने) हुन्छ; त्यस्तै अज्ञ (अज्ञानी) पुरुषको मनमा जगत्‌को आभास (छायाँ) उत्पन्न हुन्छ। मनको स्फुरणवाट– गतिशील किंवा चञ्चल मनमा, जगत्स्फूर्ति (जगत्‌को स्फुरण) प्राप्त गर्छ। जगत्‌को वास्तवमा सत्ता छैन, त्यो अलीक (झूठो) मात्र हो। आशक्ति द्वारा सत्य जस्तो प्रतीत हुन्छ। सत्य एवं सरस (रसिलो) रुपमा कल्पित नभए पछि क्रमशः (क्रमै साथ) जगत् निवृत्ति हुन्छ। जगत्‌को निवृत्ति नै समस्त दुःखको आत्यन्तिक निवृत्ति किंवा उत्कृष्ठ (उत्तम) शान्ति हो।

यस प्रकार श्रुति, युक्ति र अनुभूति (अनुभव) को सहायताले जगत्‌लाई मिथ्या रुपमा निश्चित (सावित) गरेर, त्यसवाट आशक्तिको परित्याग गरे पछि, त्यो फेरि स्फुरित हुन सक्तैन। फल स्वरुप प्रत्यग्रूप (हर एक

रुप) मा आत्मा स्वयं अचल किंवा अखण्ड अन्तः करणमा प्रकाशित हुन्छ । चिन्मात्र (चेतन मात्र) अखण्ड, आनन्द घन (आनन्दको थुप्रो) परिपूर्ण, अद्वितीय, आत्माको साक्षात्कार भए पछि द्वैतता (द्वैत भाव) निवृत्ति पूर्वक परमानन्द प्राप्ति हुन्छ । अतएव मुमुक्षु पुरुषले सर्वदा आफूलाई चिन्मात्र (चैतन्यमात्र) जान्नु पर्दछ । श्रुति, गुरुवाक्य तथा स्वानुभूति (आफ्नो अनुभव) बाट अहं (म) पदको लक्षार्थ; उत्कृष्ट, एकरस, चैतन्यलाई मात्र जानेर महावाक्यार्थ बोध द्वारा निः संदिग्ध (सन्देह रहित) रुपले ब्रह्म स्वभावमा अवस्थान (रहने) गर्नु पर्दछ । यसबाट साक्षात्कारको उदय हुन्छ र संसार–भ्रम, छुटीकन मुक्ति र परमानन्द प्राप्त हुन्छ । प्रारब्ध कर्मवेग पर्यन्त, जीवन्मुक्त रहेर त्यो कर्मवेगको क्षय भए पछि (प्रारब्ध भोग समाप्त भए पछि) विदेह–कैवल्य (परिपूर्ण अद्वितीय स्वरुप) प्राप्त हुन्छ । यस निमित्त साधन–सार रूपले शास्त्रमा बताएको छ कि, बाह्यभाव विषयादि र आन्तरभाव अहमादि, अर्थात् म चिदाभास जीव हुँ मलाई सुख दुःखको अनुभूत हुन्छ इत्यादि । सारा साक्षीभास्य भावहरुको परित्याग पूर्वक [यही सर्व त्याग किंवा संन्यास हो यस विना

साक्षात्कार र सुख सम्भव छैन । वाह्य र आन्तर भेद, प्रतिकर्म ब्यवस्था या ब्यावहारिक (व्यवहार सम्बन्धी) सत्ता वादको अवलम्वन गरेर भनिन्छ । दृष्टि सृष्टिवादको अवम्लवन गरे पछि वाह्य विषय र आन्तर ग्रहिता (भित्र ग्रहण गरिने) दुवै साक्षीभास्य (साक्षीबाट प्रकाशित) दृश्य हुन्, यस्तो निश्चय हुन्छ, अतः दुवै मिथ्या हुन् । परमार्थ एक मात्र ब्रह्म सत्य हो । यो सत्तैक्य (सत्ताको एकता) वाद हो] म कूटस्थ, निर्विकार, बोधस्वरूप, अद्वयात्मा हुँ, यस्तो भावना गर्नु पर्दछ ।

कूटस्थबोध मद्वैत मात्मानं परिभावय
आभासोऽहं भ्रमं मुक्त्वा वाह्यभाव मथान्तरम् ॥

—)(❁)(—

वहिस्तु विषयैःसङ्ग स्तथान्तरहमादिभिःविरक्त
एव शक्नोति त्यक्तुं ब्रह्मणि निश्चितः ॥

—)(❁)(—

विचारालोकको पन्ध्रौं प्रकरण सकियो

—)(❁)(—

त्रिविध कर्म क्षय विवरण

सोऱ्हौं प्रकरण

—)(❀)(—

साधन सम्पन्न- मुमुक्षु पहिले गुरूपदिष्ट (गुरुबाट उपदेश भएको) मार्गबाट विचार द्वारा अनात्म (आत्म भिन्न) वस्तुको निरसन (खण्डन) गरेर, चैतन्यरूप प्रत्यगात्मा (हरेकमा रहेको आत्मा) लाई जानीकन, त्यसमा आत्म बुद्धिको निश्चय गराउँदै महावाक्य द्वारा ब्रह्मात्मैक्यावधारण (ब्रह्म र आत्माको एकता निश्चय) गरेर, ज्योत्स्नामय (कान्तिमय) निर्मल, आकाश समान परिपूर्ण, अखण्ड, अद्वय- निज स्वरूपको भावना गर्दै, पूर्ण चैतन्यमा अवस्थित भएर जीवन्मुक्त हुन्छ। जगत्मिथ्यात्व (जगत्को झूटोपन) को दृढ निश्चय भए पछि, त्यो निश्चयको कहिले व्यतिक्रम (उलटफेर) हुँदैन र जगद्व्यवहारादि स्वप्नवत् (स्वप्न जस्तो) प्रतीत हुन्छ। परिणाम स्वरूप ज्ञानीजन, देहाभिमान (शरीर नै म हुं भन्ने अभिमान) शून्य भएर परमानन्दमा विचरण गर्दछन्। म, ज्ञानी मुक्त हुं, अरू अज्ञानीबद्ध

हुन्, यस्तो तत्ववेत्ता सम्झदैनन्। तत्त्वज्ञहरु जगत् देख्तैनन्, उनको भेदज्ञान निवृत्त हुन्छ। वस्तुतः (यथार्थमा) न कोही मुक्त छ, न वद्धछ, आत्मा एक छ अतः को मुक्त हुने ? को वद्ध हुने ? यो देह अलीक (मिथ्या) भएको हुनाले जस्तो मुक्त छैन, त्यस्तै अरू देह पनि अलीक भएको हुनाले वद्ध छैन। देहसित आत्माको केही सम्वन्ध छैन, सम्वन्धको जो प्रतीति हुन्छ त्यो भ्रम (अज्ञान) मात्र हो। सवै शरीर मायिक हो, आत्मा – अखण्ड एवं अद्वितीय हो। उसमा द्वैतको अवकाश (स्थान) छैन।

तत्वज्ञ (तत्व जान्ने) हरूमा सञ्चित, आगामी र क्रियमाण (प्रारब्ध) यी तीन प्रकारका कर्मको लेशमात्र पनि रहँदैन। ज्ञानोत्पत्ति मात्रले सारा कर्महरू नष्ट भएर जान्छन्, जस्तो प्रभाकर (सूर्यको) उदय भए पछि तम (अँध्यारो) र तमको कार्य सारा एक साथ विनष्ट हुन्छन्। श्रुतिमा भनिएको छ– " भिद्यते हृदय ग्रन्थिश्छिद्यन्ते सर्व संशयाः। क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे॥" पर, हिरण्य गर्भ हो, अवर (अपर) जीव हो। परावर एक पर ब्रह्म हो, पर ईश्वर र अवर (अपर) जीव हो। दुवैको अधिष्ठान भूत (आधार भएको) ब्रह्म चैतन्य परावर हो। अथवा अपर जीव र पर ब्रह्म हो, यिनको

स्वरुप अभिन्न (एक) छ, अथवा स्वभिन्न पर छ। उसको पराभाव (परको अभाव) अपर (अवर-आत्मा) हो, अतएव आत्मा पर ब्रह्म स्वरुप हो। अथवा अपर (अवर) विजातीय (आत्म भिन्न) जो मायादि प्रपञ्च छन् ती सबै देखि पर छ। परापर नै परावर हो, अर्थात् पर ब्रह्म हो। महावाक्य विचारबाट ब्रह्मात्मैक्य (ब्रह्म र आत्माको एकता) को साक्षात्कार भए पछि; अद्वैत प्रकाशको सामर्थ्यले चिज्जड रूप (चेतन र जड रुप) या कर्ता भोक्ता कामादि हृदय ग्रन्थि भेदन हुन्छ। ब्रह्मात्म विषयक संशय विनष्ट हुन्छ र सञ्चित (साँचिएको) क्रियमाण (गरिएको) तथा आगामी समस्त कर्महरुको क्षय हुन्छ। ज्ञानीको प्रारब्ध कर्म शेष रहन्छ र भोगबाट नष्ट हुन्छ, यो मत, संगत होइन। उक्त श्रुतिमा कर्माणि (यस बहु वचन द्वारा) सारा तीनै प्रकारका कर्म (अवधारित) निश्चित भएका छन्। फलतः (फल स्वरुप) श्रुतिको- निश्चित अभिप्राय यो हो कि ज्ञानी-हरूको तीनै कर्म नष्ट भएर जान्छन्।

यहां शङ्का उठ्न सक्छ कि- " कर्माणि " शब्दले सञ्चित एवं आगामी कार्य गृहित हुन्छ। यो पनि सम्भव छैन किनकि " कर्माणि " यस बहु वचनले

अशेष (सबै) समस्त त्रिविध (तीन प्रकारको) कर्म नै सम्झनु पर्छ । दुई प्रकारका कर्मको साकल्य (समुदाय) कर्माणि शब्दबाट ग्राह्य हुन सक्तैन । दुई प्रकारका कर्म अभिप्रेत (वाञ्छित) हुने भए, कर्मणि यस प्रकार द्विवचनान्त शब्दको प्रयोगमा केही प्रतिबन्ध (विघ्न) हुने थिएन । "क्षीयते कर्मणि चास्य" छन्दानुकूल पनि हुन्थ्यो । गीतामा पनि भगवान्ले स्पष्ट बताउनु भएको छ— "यथैधांसि समिद्धोग्नि र्भस्मसात्कुरुतेऽर्जुन । ज्ञानाग्निः सर्वकर्माणिभस्म सात्कुरुते तथा ॥"

फेरि शङ्का गरौं कि, भोग द्वारा प्रारब्धको क्षय हुन्छ र शरीरमा सुख दुःख नाना प्रकारका भोग देखिन्छन् । अतः प्रारब्ध सिवाय कुनै कर्म पनि ज्ञानबाट नष्ट हुन सक्तैन । यो कुरा उचित छैन, किनकि जब ब्रह्म साक्षात्कार भए पछि अद्वैत स्थिर हुन्छ, तब शरीर कहाँ रहन्छ ? ज्ञानीको दृष्टिमा जगत् मिथ्या र शरीर असत्य छ, केवल ब्रह्म मात्र प्रकाशित रहन्छ, यो दशामा प्रारब्ध कसरी रहन्छ ? तथा शरीर नै कसरी रहन्छ ? भोग केबाट हुन्छ ? देहाभास देखेर अज्ञानीहरु ज्ञानीको शरीर छ भोग गर्छ भन्ने कल्पना गर्दछन्, त्यो मायिक एवं मिथ्या हो । सारा व्यवहार माया भित्र आइहाल्छन्, मायावी

पुरुषको नियन्त्रण (व्यवस्था) बाट निष्पन्न (पूर्ण) हुन्छ । यी सारा कल्पना मात्र हुन् ज्ञानी केही गर्दैन । "गुणा गुणेषु वर्तन्ते" "नहन्ति न निवध्यते" चक्कर खाएको बालक पृथ्वी आदिलाई घुमेको जस्तो देख्तछ र पृथ्वी घुम्यो भन्दछ । यसबाट के पृथ्वी सांचै सांचै घुम्दछ र ? अतः "क्षीयन्ते चास्य कर्माणि" यो श्रुति वाक्य, तत्वज्ञका विषयमा कहिएको हो अरूको दृष्टि या कल्पना उसको अभिप्रेत (अभिलषित) छैन । यथार्थ विवेचन (निर्णय) गरे पछि ब्रह्म साक्षात्कारबाट सञ्चित, आगामी, क्रियमाण (प्रारब्ध) सारा कर्म विनष्ट हुन जान्छन् । यसमा केही सन्देह रहँदैन । अज्ञ (अज्ञानी) मनुष्य, देहलाई सत्य सम्झेर ज्ञानीको पनि प्रारब्ध भोग अवश्यंभावी छ यस्तो निश्चय गर्दछन् भने- यस्तो भ्रान्त (उडन्ता) निश्चयको अभाव को सिद्ध गर्न सक्तछ ? ज्ञानीको भाव अज्ञानी सम्झन सक्तैन, जस्तो दिवान्ध (दिउँसो आँखा नदेख्ने) प्राणी सूर्यको प्रकाशलाई देख्न सक्तैन । त्यसलाई अँध्यारो छैन भन्ने विश्वास गराउन सक्नु सम्भव छैन । विवेचन (निर्णय) गरेर हेर्नु पर्दछ कि सुख दुःखादि भोग त स्वाप्निक (स्वप्न सम्बन्धी) देहमा पनि हुने गर्छ, के स्वप्न देह सत्य हो ? एवं प्रकार

जाग्रत् अवस्थाका पनि देहादि र दुःखादि भोग मायिक एवं मिथ्या हुन् ।

अतुल तुलराशि (रुवाको थुप्रो) समान सञ्चित-समस्त कर्म, ज्ञानानल (ज्ञानरुपी आगो) को संयोग मात्रले भस्म हुन्छ । जस्तो जागरणमा सारा स्वाप्निक कर्म नष्ट हुन्छन् । घट योग वशात् (घडासित मिलेर) जस्तो आकाश सुरादि (जाँड रक्सी आदिको गन्ध बाट) लिप्त हुंदैन, त्यस्तै शरीरादि सम्बन्ध शून्य, असंग, निष्क्रिय, ज्ञानी उपाधि धर्ममा लिप्त हुँदैनन् । अतः क्रियमाण (प्रारब्ध) कर्ममा ज्ञानीको सम्बन्ध छैन । कर्म प्रकृतिको चेष्टा हो, ज्ञानी प्रकाशक हो र प्रकाश रुप आत्मा हो स्थूल, सूक्ष्म सारा उपाधिहरु मायाका कार्य र मिथ्या हुन् ।

जस्तो आरोपित- मरीचिजल, मरुभूमिलाई आर्द्र (गीलो) गर्न सक्तैन, त्यस्तै आविद्यक (अविद्याबाट उत्पन्न भएको) शरीरादि उपाधिहरु ज्ञानीलाई कर्ता, भोक्ता सिद्ध गर्न सक्तैनन् । दृश्यमान (देखिएको) वर्तमान शरीर, स्थाणु पुरुष समान अध्यस्त, (लुकेको) र असत्य छ । अतः ज्ञानीलाई प्रारब्ध भोग सम्भव छैन;

शरीर मानेका पक्षमा पनि ज्ञानी त्यसको निरसन (त्याग) गरेर, नित्य चैतन्य स्वरुपमा स्थित हुन्छन् । यसैले शरीरसित ज्ञानीको सम्बन्ध हुन सक्तैन । दूधबाट निकालिएको नौनी फेरि दूधमा कसरी मिल्न सक्छ ? मानौं कि शरीरमा सारा भोग प्रत्यक्ष देखिन्छन् भने ज्ञानीको प्रारब्ध छैन यो कसरी भन्न सकिन्छ ? यसको उत्तर यो हो कि– प्रारब्ध बुद्धिको कल्पना मात्र हो, बुद्धिको कल्पनाले ज्ञानी भोक्ता हुन सक्तैन, किनकि स्वप्न कल्पित धनले कोही धनी हुंदैन । जस्तो कि शुक्ति रजत (सीपीको चाँदी) बाट कुनै अलंकार बनाउन सकिंदैन ।

शरीरमा प्रारब्ध छ, यो पनि भन्न सकिंदैन; किनकि रज्जु – सर्प, किंवा स्थाणु पुरुष समान शरीर अध्यस्त छ । असत्य शरीरको कस्तो जन्म ? जन्माभाव (नजन्मने) भए पछि उसको स्थिति कहाँबाट हुने ? मृत्यु पनि कसरी हुन सक्छ ? जो अवस्तु हो, त्यसको प्रारब्ध कसरी सम्भावित हुन्छ ?

श्रुतिले जो प्रारब्ध बताएको छ, त्यसको तात्पर्य यो हो कि, ज्ञानोदय (ज्ञानको उदय) भए पछि अज्ञान

यदि समूल नष्ट हुन्छ भने देह कसरी रहने ? ज्ञानीको यस शङ्कालाई निरसन (खण्डन) गर्नका निमित्त बाह्य दृष्टिबाट प्रारब्ध बताइएको हो । यो केवल अज्ञानीलाई सम्झाउनका निमित्त हो । शरीरको सत्यता (साँचोपन) मा उसको अभिप्राय (मतलब) छैन, प्रारब्ध सत्य सिद्ध भए पछि वेदान्तको अद्वैत सिद्धान्तको हानि र अनिर्मोक्ष (मोक्ष नहुने) प्रसङ्ग प्राप्त हुन्छ । वेद वक्ता ईश्वर पनि मिथ्या वादी हुन्छन् । सुतरां (यसैले) यो मत साधु (योग्य) होइन । अतएव ज्ञानी चैतन्य स्वरुप हो, उसको सञ्चित, क्रियमाण, आगामी तीनै प्रकारका कर्म हुँदैनन् । ज्ञानोदय मात्रले उनको समस्त कर्म नष्ट हुन्छ । यो वेदान्तको सिद्धान्त (निश्चित मत) हो ।

मानौं कि तत्व ज्ञान भए पछि पनि त्यो अज्ञानी समान जगत् देख्छ, व्यवहार गर्छ, र सांसारिक (संसार सम्बन्धी) भय दुःखादिमा पनि प्राप्त हुन्छ; भने त्यो तत्व ज्ञानको के महत्व भयो ? यो शङ्का ठीक होइन, जस्तो दीपक (बत्ति) को प्रकाशले रज्जु (डोरी) निश्चय भए पछि बादमा सर्प रुपमा भासित (देखिने) भए तापनि त्यसबाट द्रष्टा (देख्ने) लाई भय किंवा कम्प

(काँपनु) हुँदैन; किनकि रज्जु नै निश्चित (किटान) रूपले अवधारित (निश्चित) भई सकेको हुन्छ। त्यस्तै ज्ञान द्वारा अज्ञानको नाश र आत्माको साक्षात्कार भए पछि, सर्वत्र (हर एक स्थानमा) ब्रह्म दर्शन नै हुन्छ। अतः जगदाभास (जगत्‌को छायाँ) लाई देखेर पनि जागतिक प्रत्ययले, भय दुःखादि हुन सक्तैन।

—)(❀)(—

विचारालोकको सोह्रौं प्रकरण सकियो

—)(❀)(—

सत्रौं प्रकरण

—)(❀)(—

यदि जगत् सत्य थियो भने, ज्ञानको उदय भएपछि एकबार मै नष्ट भएर अप्रतीत हुनु नपर्ने, वस्तुतः (यथार्थमा) जगत् छैन, यसैले त्यो कसरी नष्ट हुने ? यदि रज्जु (डोरी) मा वास्तविक सर्प थियो भने, मनुष्यको डरले त्यो अवश्यै भाग्थ्यो ? एवं प्रकार जगत् पनि यदि सत्य, हुने भए, ज्ञानको उदय भए पछि; अदृश्य न हुने थियो। ज्ञानी जगद्व्यवहार तथा सांसारिक व्यापारमा रत भए पनि त्यो वन्धको हेतु हुँदैन, किनकि जगत् असत्य इन्द्रजाल समान छ। आत्मा पूर्ण चैतन्य छ, यस्तो निश्चयले ज्ञानीको आशक्ति (अन्त संसक्ति) परित्यक्त हुन जान्छ, उनको व्यवहार स्वप्न सदृश हुन्छ। जस्तो स्वप्नकृत व्यवहारमा सुप्त पुरुष लिप्त हुँदैन, त्यस्तै ज्ञानीलाई जाग्रत् व्यवहारबाट केही हानि किंवा लाभ हुंदैन। जस्तो प्रातिभासिक - जीव, स्वप्न अवस्थामा प्रातिभासिक जगत्लाई सत्य सम्झन्छ र त्यो जगत्को व्यापारमा रत रहन्छ; त्यस्तै व्यावहारिक जीव, जाग्रत् अवस्थामा व्यावहारिक जगत् सत्य सम्झन्छ र त्यसको

व्यापारमा रत रहन्छ । ज्ञानी चैतन्य आत्मा हो, जीव होइन । अतः जगद्व्यापारादिका साथ उनको कोहीसंग किंवा सम्बन्ध हुंदैन । कर्ता, भोक्ता रुप-कल्पित जीव भाव, अन्तःकरणको साथ अध्यास (मिल्नाको) कारण प्रतीत हुन्छ, त्यो वास्तविक होइन- भ्रान्ति मात्र हो। जस्तो कि अध्यास वशात् सुप्त पुरुषलाई स्वाप्निक (स्वप्न सम्बन्धी) देहमा अहं प्रत्यय (म हुं भन्ने निश्चय) पूर्वक कर्ता, भोक्ता भाव र सुख दुःख प्रतीत हुन्छ तर त्यो सत्य, एवं यथार्थ होइन, यो जागरणमा ज्ञात हुन्छ। त्यस्तै जाग्रद्देहादिमा पनि आत्माको अहं मम (म, मेरो) बुद्धि भ्रमकृत (भ्रमले गरेको) मात्र हो। ज्ञानीको स्वरुप ज्ञान रहन्छ र जगत्लाई उनी मायिक सम्झन्छन् । उनी सर्वदा आफ्नो प्रकाश स्वभावमा अवस्थित रहन्छन्. अज्ञ (अज्ञानी पुरुष) विवेकहीन हुन्छ र ज्ञानीको दशा जान्दैन । त्यो माया निद्रामा मोहित भएर निज स्वरूपको बोधबाट शून्य हुन्छ। ज्ञानी आशक्ति रहित हुन्छन्: वायु समान असङ्ग स्वभावमा विचरण गर्दछन् । कुनैमा पनि लिप्त (आशक्त) हुदैनन्, जस्तो दर्वी (डाडु) घिउमा डुबेर पनि लिप्त हुंदैन ? त्यस्तै ज्ञानी पनि कुनै कर्ममा लिप्त हुंदैनन् । उनी देह

रहेर पनि विदेह, भोगमा रत (मग्न) रहेर पनि अभोगी, कर्म गरे पनि अकर्ता एवं निष्क्रिय (क्रिया नगर्ने) हुन्छन् । उनी मुक्त देह भएर पनि संसारी समान विचरण गर्दछन्— " योगरतो वा भोगरतो वा सङ्गरतो वा सङ्गविहीनः । यस्य ब्रह्मणि रमते चित्तं नन्दति नन्दति नन्दत्येव ॥ " जगदाडम्बर (जगत्को बाहिरी बनावट) लाई जो स्वप्न समान देख्तछन्, स्वप्न कालमा जो जस्तो गरे पनि जीव, वास्तवमा अकर्ता रहन्छ । त्यस्तै गरेर जाग्रत्मा पनि जो आफूलाई अकर्ता, अभोक्ता अनुभव गर्दछन्, उनी ज्ञानी हुन् । अज्ञानीहरु यो रहस्य (गुप्तभेद) जान्न सक्तैनन् । जुन व्यक्तिले जुन देश देखेको छैन, त्यसको वर्णन त्यो गर्न सक्तैन, या त्यस देशको आचारादि (व्यवहारादि) पनि जान्न सक्तैन । वस्तु तत्व नजानीकन जस्तो अज्ञानीहरु सूर्यलाई राहुग्रस्त (राहुले निलेको) सम्झन्छन्, त्यस्तै नै स्थूल बुद्धि अविवेकी (विवेक नभएका) पुरुष, ज्ञानीको शरीराभास देखेर उनलाई शरीरी, कर्ता, भोक्ता सम्झन्छन् । बादलको दौडाईमा बालकहरू जस्तो चन्द्रमा दौडेको सम्झन्छन्, जलको चाञ्चल्य देखेर जस्तो त्यसमा प्रतिबिम्बित चन्द्रमा हल्लिएको देखिन्छ, त्यस्तै नै देह

इन्द्रियादिहरूको कर्म देखेर अज्ञ पुरुष ज्ञानीलाई पनि क्रियाशील (कर्ममा प्रवृत्ति भएको) देख्तछन् । अज्ञानी जो देख्तछ त्यो उसको बुद्धिको कल्पना मात्र हो । यो अज्ञ मानिस जान्दैन । उसमा ज्ञानीको स्वभाव अविकृत (नबिग्रिएको) नै रहन्छ । गुञ्जा पुञ्ज (राती गेडीको थुप्रो) मा दूरस्थ (टाढा रहेको) व्यक्ति द्वारा अग्निको कल्पना गरिए पनि त्यसमा अग्निको उत्तापादि (उष्णता आदि) कार्य सिद्ध हुन सक्तैन किनकि त्यो कल्पना मात्र हो, साँचो होइन । एवं प्रकार अज्ञानीको कल्पना किंवा उक्ति (कथन) बाट ज्ञानीको केही पनि हानि हुंदैन । तत्ववेत्ता (तत्व जान्ने) हरू अज्ञानीलाई पनि मुक्त देख्तछन् अज्ञानीहरु तत्वज्ञलाई पनि आफै समान बद्ध देख्तछन् । जस्तो मति त्यस्तै गति हुन्छ ।

मुक्ति विवरण

ब्रह्मात्मैक्यावस्थिति (ब्रह्म र आत्माको एकता अवस्था) मुक्ति हो । यो दुई प्रकारको छ – विदेह कैवल्य र जीवन्मुक्ति । कसैको भनाई छ कि वर्तमान शरीरको पतन भए पछि विदेह मुक्ति हुन्छ । कुनै भन्छन्– भावी (पछि हुने) शरीरको अनारम्भ (उद्योग नै नगर्नु)

विदेह मुक्ति हो। वर्तमान शरीर पछि यदि भावी शरीरारम्भको सम्भावना (अनुमान) रहन्छ भने, विदेह मुक्ति कसरी हुन सक्छ ? शरीर पात (देहान्त) त समस्त देहधारी जीवहरुको हुन सक्छ। अतः शरीर पातबाट मात्र उक्त मुक्ति सम्भावित (सम्भव) छैन । यसकारण भावी शरीरको अनारम्भ नै विदेह मुक्ति हो। यो विचार बाट सिद्ध हुन्छ। यो मुक्ति ज्ञान प्राप्तिको समकालमा नै सम्पन्न हुन्छ। ज्ञान प्राप्त हुनासाथ सूर्य प्रकाशले अन्धकार नाश भए जस्तो सञ्चित, आगामी, क्रियमाण – प्रारब्ध, यी तीनै प्रकारका कर्महरु विनष्ट हुन्छन्। तेल र वत्तिका अभावमा आधार (भाँडो) जस्तो प्रदीप (वत्ति) प्रज्वलित (उज्यालो) गर्न सक्तैन त्यस्तै समस्त कर्मको विनाश भए पछि भावी देहारम्भ (पछि हुने देहको आरम्भ) सम्भव हुंदैन। यो युक्तिबाट पनि सिद्ध हुन्छ। शङ्कराचार्य भन्नु हुन्छ— पण्डितहरू देह इन्द्रिय प्रभृतिमा आत्म (आफ्नो) बुद्धि नहुनु नै मुक्ति बताउँछन्, किन्तु सर्वत्र समाधिमान् पुरुषको नै मुक्ति हुन्छ, अरुको हुंदैन।

मुमुक्षुको समान वेष-भूषा र बोलचालले मुक्ति प्राप्त हुंदैन। शुद्ध, अखण्ड, ज्ञान स्वरुप आत्मामा अवस्थान

(रहने) गर्नु मुक्ति कहिन्छ । पण्डितहरु मुक्ति प्राप्तिका निमित्त सर्वदा आत्म स्वरुपमा अवस्थित रहेर अहंता (म पना) ममता (मेरो पना) त्याग गर्दछन् । मुमुक्षु आत्माका यथार्थ स्वरूप जानेर अविद्याको विनाश गर्दछन् । एक मात्र आत्मज्ञानबाट मुक्ति हुन्छ, यस सिवाय करोडौं कर्मानुष्ठान आदि गरिए पनि मुक्ति संभव छैन । ब्रह्मलाई जानेर ज्ञानीहरु समस्त बन्धन देखि विमुक्त हुन्छन् । अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश यी पाँच क्लेशका क्षय भए पछि उत्पत्ति र विनाश हुँदैन, यस्तो श्रुति छ । क्लेश क्षय भए पछि जन्म र मृत्युको अभाव (नहुनु) हुन्छ । यहि बताइएको छ ।†

---

† [वास्तवमा ज्ञानीको शरीर र व्यवहार हुने गर्दैन । राम, कृष्ण आदिको शरीर जस्ता संकल्पकृत थियो (कर्म सञ्चित होइन) त्यस्तै ज्ञानीको शरीर पनि मायिक (मायावी) हुन्छ । राम, कृष्ण आदिको व्यवहार जस्तो नियति–निर्दिष्ट थियो (अज्ञ–नजान्नेको दृष्टिमा प्रतिभात हुन्थ्यो अर्थात् देखिन्थ्यो) त्यस्तै ज्ञानीको लोक संग्रह उपदेशादि नियति नियंत्रित (नियमवद्ध) हुन्छ ।

वार वार जन्म मृत्युको अप्राप्ति मुक्ति भनेर कहिन्छ। अविद्यादि पाँच क्लेशहरुका क्षय भए पछि जन्म मृत्युको अभाव हुन्छ। एक मात्र आत्म स्वरुपमा अवस्थिति (रहनु) क्लेश क्षयको कारण हो। यसैले मुमुक्षुलाई आत्मनिष्ठ हुनु परम कर्तव्य (नगरी नहुने) हुन आउँछ। वासना किंवा संस्कारलाई क्लेश भनिन्छ, त्यही नै प्राणीहरुको जन्म मरणको कारण हुन आउँछ। ज्ञानको उत्कर्ष (चर्को) रुप अग्नि द्वारा समस्त वासना हरु दग्ध (भस्म) भए पछि जन्मको कारण कसरी हुन सक्छ ? जस्तो अग्निमा दग्ध भए पछि बीज, अंकूर उत्पन्न गर्न सक्तैन, त्यस्तै क्लेशको अग्निले चित्त दग्ध भए पछि स्व-स्वरुप (आफ्नो स्वरुप) मा प्राप्त हुन सकिंदैन। यसैले मुमुक्षु पुरुष निःशेष रुपले वासना क्षय गराउन र देहेन्द्रियादि अनात्म (आत्म भिन्न) वस्तुहरुमा आत्म बुद्धिरुप विपरीत (उल्टो) भावनालाई निवृत्त गराउन प्रयत्न (परिश्रम) पूर्वक ज्ञानोत्कर्ष (परिपूर्णता ज्ञान) को सम्पादन गर्दछन्*। ज्ञान प्राप्ति मात्रले

(स्वाभाविक, वास्तविक होइन) अखण्ड, चित्, एकरस, आत्म तत्वमा कुनै प्रकारको विकल्प (भ्रान्ति) संभावना छैन]

मुक्ति सिद्ध हुन्छ, यो वशिष्ठ र वासुकिले बताएका छन्—

"वाराणस्यां तनुत्यागः स्वपचस्य गृहेऽथवा। ज्ञान संप्राप्ति समये मुक्तोऽसौ विगताशयः॥" तीर्थे स्वपचगृहे वा नष्टस्मृत रपित्यजन् देहम्। ज्ञान समकाल मुक्तः कैवल्यं याति हतशोकः॥"

अखण्ड, ज्ञान स्वरुप आत्मामा अवस्थान (रहनु) मुक्ति हो। त्यो एउटै प्रकारको हुन्छ, त्यसमा देह साहित्य (देह सहित) किंवा देहराहित्य (देह रहित) लोक दृष्टिबाट कल्पित हुन्छ। सदेह मुक्ति र विदेह

---

*[प्रतिवन्धक–दुरित (विघ्न र पाप) निवृत्तिका निमित्त, आन्हिक कृत्यहरू जस्तो निज स्वरुपको नित्य अभ्यास गर्नु, नितान्त (अत्यन्त) कर्तव्य छ। यसबाट मुक्ति प्रद (मुक्ति दिने) ब्रह्म ज्ञान अनायास (आयास परिश्रम विना) प्राप्त हुन्छ। यस कारण तत्वज्ञान, वासनाक्षय, मनोनाशको सहायक अत्यन्त उपादेय (ग्रहण गर्न योग्य) शास्त्र वचन ज्ञान वाशिष्ठ, सूत संहिता, त्रिपुरारहस्य, गीता, उपदेश साहस्री, पञ्चदशी आदि प्रकरण ग्रन्थहरूबाट अनवरत (निरन्तर) अर्थानुसन्धान पूर्वक मनन एवं ध्यानका निमित्त विस्तृत रुपले अगाडि संगृहित गरिएको छ]

मुक्तिमा वास्तविक केही भेद छैन । जाग्रद्‌दशा (बाँचेका अवस्था) मा मुक्त नभएसम्म विदेह मुक्ति हुनु सम्भव छैन– " जीवतो यस्य कैवल्यं विद्यते च स केवलः ।" यो आचार्यको उक्ति (कथन) हो । अपरोक्ष (प्रत्यक्ष) ज्ञान किंवा साक्षात्कारको उदय नभएसम्म मुक्ति सिद्ध हुँदैन । वासना क्षय र मनोनाश विना यो प्रकृष्ट ज्ञान (मुख्य ज्ञान) उदित हुँदैन । सम्यक् ज्ञान या साक्षात्कारको उदित भए पछि, जीवद्दशामा (शरीर छँदामा) नै मुक्ति सिद्ध हुन्छ । यही चौथो भूमिका हो । यसमा शरीर पात भए पछि ज्ञानी विदेह मुक्त हुन्छ ।

लोक दृष्टिमा ज्ञानीको सत्वापत्तिरुप चौथो भूमिका पछि क्रमेण असंशक्ति र पदार्थाभाविनी यी दुई भूमिका प्राप्त हुन्छन् । साक्षात्कार उपरान्त स्वाभाविक अभ्यास को फलस्वरुप यो पाँचौं र छैटौं भूमिका प्राप्त हुन्छ । त्यसमा स्थित ज्ञानीको कर्तृत्वादि समस्त वन्ध–प्रतिभासको निवृत्ति किंवा जीवन्मुक्ति सिद्ध हुन्छ; यो दृष्ट–दुःख निवृत्ति हो ।

यद्यपि वासना क्षय विना मुक्ति सिद्ध हुँदैन, अतः साक्षात्कार भूमिका नै जीवन्मुक्ति हो । तथापि लौकिक

दृष्टिको अवलंवन गरेर शास्त्रले केवल ज्ञान तथा जीवन्मुक्तिमा केही विशेषता बताएको छ। अखिल (सम्पूर्ण) दृष्ट (देखिएको) दुःखादि निवृत्तिलाई विशेष रुपले जीवन्मुक्ति कहिएको छ। त्यो ज्ञान भए पछि स्वाभाविक (सँस्कार वशात्) वासनाक्षय तथा मनोनाशको दृढ़तर (पक्का) अभ्यासबाट सम्पादित हुन्छ। तत्व ज्ञानको वारवार अनुसन्धान; यसमा गौण (सामुली) साधन मात्र हो। साक्षात्कार द्वारा वन्ध निवृत्ति (मोक्ष) सिद्ध भए पछि ज्ञानोत्तर (ज्ञानको वदला) स्वाभाविक साधनको सहायताले वन्ध प्रतिभास किंवा दृष्ट– दुःखको निवृत्ति (जीवन्मुक्ति) सम्भव हुन्छ। वासना वशात् कुनै कुनै ज्ञानी पुरुष त्यसमा प्रवृत्त हुन्छन् (उनीहरु ज्ञानी जीवन्मुक्त कहिन्छन्) कुनै कुनै दृष्ट दुःखको नाशमा यत्नशील हुंदैनन् (उनलाई केवल ज्ञानी कहिएको छ) किन्तु उनीहरु पनि सर्वदा मुक्त हुन्छन् (शरीर हुंदा पनि मुक्त, शरीर छुटे पछि पनि मुक्त हुन्छन्)*।

---

*[ज्ञानीको प्रारब्ध छैन, अतः प्रारब्धको अन्तपाति (भित्र परेको) विशेष जीवन्मुक्ति पनि वास्तविक हुन सक्तैन। वन्ध– प्रतिभास किंवा दृष्ट दुःखको निवृत्ति

मुक्ति प्रद (मुक्ति दिने) सम्यक् साक्षात्कार समकालीन तत्व ज्ञानाभ्यास, मनोनाश र वासनाक्षयको फलस्वरुप उदित हुन्छ । यिनमा तत्व ज्ञान नै उपेय (उपायसाध्य) छ । वासनाक्षय र मनोनाश (मनको नाश) उपाय मात्र हुन् । क्षणिक समाधि (आत्म साक्षात्कार) बाट उदित (उदाएको) ज्ञानको पुनः पुनः (फेरि फेरि) अनुसन्धान (खोजी गर्नु) तत्व ज्ञानाभ्यास हो र त्यस ज्ञानमा असम्भवादि दोषहरुको निरसन (त्याग) मनोनाश र वासनाक्षय हो । असम्भावना एवं विपरीत भावनाहरुको निवृत्ति विना अन्तिम (आखिरी) साक्षात्कार उदित हुंदैन । साक्षात्कृत (साक्षात्कार गरिएको) निज अखण्ड प्रकाश स्वरुपमा बुद्धि सम्बन्धी कुनै विकल्प पनि ठहर्न सक्तैन । बन्ध

आत्म ज्ञान विना सम्भव छैन । योगाभ्यासले एक शरीरको दृष्ट–बन्ध (देखिएका बन्धन) को निवृत्ति (छुटकारा) मानिलिए पनि अन्य असंख्य शरीरको बन्ध प्रतिभास रही रहन्छ । त्यो शरीर पनि आत्माको नै हो । सुतरां (यसैले) सम्यक् आत्म ज्ञान द्वारा नै परिपूर्ण सिद्धि हुन्छ]

प्रतिभास किंवा दृष्ट दुःखादि वुद्धिको विकार मात्र (पुरुषतन्त्र) हो । शुद्ध ज्ञान स्वरुप आत्मा अनन्य निरपेक्ष (अत्यन्त नै स्वतन्त्र) र वस्तु तन्त्र हो । ज्ञात (जानिएको) आत्मा नै मोक्ष नामले कहिएको छ । ज्ञान विना अन्य साधनहरु द्वारा त्यो सिद्ध हुन सक्तैन । साक्षात्कारको उदय भए पछि पुरुष कृतकृत्य (नित्यतृप्त) हुन जान्छ । साधनान्तरको अपेक्षा (मतलव) रहँदैन ।

—)(❀)(—

विचारालोकको सत्रौं प्रकरण सकियो ।

—)(❀)(—

तत्व ज्ञानाभ्यास

अठठारौं प्रकरण

आचार्य भन्नुहुन्छ – ज्ञानोत्कर्ष परायण (श्रेष्ट ज्ञानमा तत्पर भएका) मुमुक्षुलाई कर्म शास्त्रमा जरूरत रहँदैन। उनको ज्ञान नै कर्म, ज्ञान नै सन्ध्या, ज्ञान नै सबकुछ हुन्छ। ज्ञान अतिरिक्त (सिवाय) अरू केही पनि रहँदैन। बुद्धिद्वारा कल्पित, मलीनताको प्रक्षालन (पखाल्नु) नै आत्माको स्नान कहिन्छ। त्यसबाट आत्माको बिशुद्धता (निर्मलपना) सम्पादित हुन्छ, माटो किंवा जलले हुंदैन। समस्त दृश्य पदार्थलाई प्रतिषेध (खण्डन) गरेर आफनो स्वरुपमा अवस्थान (रहने) गर्नु, सन्ध्या भनिन्छ। त्यही अनुष्ठान, त्यही दान, त्यही आहार कहिन्छ, जसले परम पदार्थको अवगत (क्षण क्षणमा अन्तराल दशा [शून्य दृश्य रहित दशा] मा साक्षी रुपले स्वयं प्रकाशित अखण्ड, आत्मवस्तुलाई बुद्धिको सहायताले परोक्ष [अप्रत्यक्ष] रुपबाट (जानिलिने) गरेको छ। जसको चित्त, शुद्ध – सत्व गुणले

परिपूर्ण छ, यस्तो मुमुक्षु पुरुषका निमित्त आत्मानुसन्धान अतिरिक्त (आत्म चिन्तन सिवाय) अरु केही अनुष्ठान रहंदैन। जुन समयमा स्निग्ध (चमकदार) सुखकर (सुख गर्ने) चन्द्रमा आकाशमा उदित हुन्छ; त्यस समयमा चित्र लिखित (तस्वीरमा लेखिएको) चन्द्रमालाई को हेर्न चाहला? असत्य पदार्थको अनुभवबाट कुनै प्रकारको तृप्ति किंवा दुःख निवृत्तिको सम्भावना छैन। सुतरां (यस कारण) अद्वितीय, आनन्द स्वरुप, आत्माको प्रतिक्षण अनुभवबाट तृप्त एवं सुखी भएर निरन्तर स्थिर र आत्म परायण भईकन अवस्थान गर्नु पर्दछ।

यसैको अभ्यास विस्तृत रुपले बताएको छ–

योऽस्मिन् देहे त्वहमहमिति प्रत्ययालम्वनः सन्।
आस्ते नित्यं सकल करणग्राम चेष्टा निदानः॥
साक्षात् पश्यन् बिविन विकृतिःप्राण वुद्धीद्रियाणां।
सोऽहं पत्यङ् अहमधिगतः स्वात्मना शुद्धवोधः॥

—)(❀)(—

मैले अन्तिम ब्रह्मात्मिका वृत्तिबाट, आफ्नो आत्म स्वरुप प्रत्यक्ष छानि लिएको छु। विचार गरेपछि 'म'

भनेर वही कुरा लक्षित हुन्छ र त्यही देहेन्द्रियादि सारा परिणामको प्रकाशक एवं एकमात्र हेतु (कारण) हुन जान्छ ।

नारायणोऽहं नरकान्तकोऽहं । पुरान्तकोऽहं पुरुषोऽहमीशः ।
अखण्ड वोधोऽहमशेष साक्षी । निरीश्वरोऽहं निरहञ्च निर्मम ॥

मै नारायण हुं, पुरुषोत्तम हुं, मै अखण्ड प्रकाश अखिल पदार्थको ज्ञाता हुँ । म मा सोपाधिक (उपाधि सहित) सगुण ईश्वरभाव, परिच्छिन्न अहंभाव, किंवा मम भाव केही पनि छैन । म, ईश्वर, जगत् सबकुछ-बुद्धिको कल्पना मात्र हो । मेरो वास्तविक (असली) रुप निरवच्छिन्न (कहिले नटुट्ने) प्रकाश हो, अरु म केही होइन । "स्वयं ब्रह्मा स्वयं विष्णुः स्वयमिन्द्रः स्वयं शिव । स्वयं विश्वमिदं सर्वं स्वप्नादन्यन्न किञ्चन ॥" "मनसा वचसा दृष्ट्वा गृह्यतेऽन्यै रपीन्द्रियैः। अहमेव नमत्तोऽन्यमिति वुध्यध्व मञ्जसा ॥" सब कुछ मै हुं, म सिवाय अरु केही पनि छैन, यस्तो सर्वात्मभाव (सबैमा आफु भाव हुनु नै उत्कृष्ट [श्रेष्ठ] ज्ञान हो)

इन्द्रिया संभ्रमो जाग्रत्स्वप्नोन्तः करण भ्रमः । सुप्तं तद्वासना वीजं तुर्या मूर्ति स्तदन्विता ॥" इन्द्रियहरु द्वारा पदार्थ प्रतीति-

भ्रम, जाग्रत् कहिन्छ। अन्तःकरणको वासनामय पदार्थ-हरुको दर्शन भ्रम (स्वप्न) कहिन्छ। यो आन्तरिक (मानसिक) भ्रम हो। दुबै प्रकारका भ्रमको बीज स्वरुप पदार्थ वासना (सामान्य पदार्थको अभाव प्रतीति भ्रम) सुषुप्ति कहिन्छ। जब अन्यथा ग्रहण (विक्षेप) र अग्रहण (आवरण) रुप कुनै प्रकारको भ्रम रहंदैन र आत्मा आफ्नो शुद्ध स्वभावमा अखण्ड प्रकाशित रहन्छ, तब त्यो आत्माको चतुर्थ स्वरुप (अकल्पित स्वरुप) कहिन्छ, यही आत्माको यथार्थ रुप हो।

"विशुद्धं ज्ञानमेवैकं मायया भासते त्रिधा। ग्राह्कार्द्यैर्यथा स्वप्ने यत्र संवित्क्रिया फलम्॥" ज्ञान स्वरुप एक अद्वितीय आत्मा, मायाको कार्य – अन्तःकरणका साथ अध्यास वशात् त्रिविध (तीन कारको) चिदाभास (ग्राहक, ग्रहण, ग्राह्य) रुपमा विवर्तित हुन्छ किं वा वदलिन्छ। जस्तो स्वप्नमा एक द्रष्टा– चेतन नै, क्रिया कारक तथा फलस्वरुपमा भासमान (देखिने) हुन्छ "ज्ञान स्वरुप मेवाहु जंगदेतद्विचक्षणाः अर्थस्वरूपमज्ञानात्पश्यन्त्यन्ये कुदृष्टयः॥" जगत् ज्ञान स्वरुप आत्मा नै हो। भूत, भौतिक, नाना-विध प्रपञ्च वास्तवमा केही पनि छैन, त्यो केवल अज्ञान बाट भासित हुन्छ। सम्यक् ज्ञानको अभाव (आत्म

स्वरुपको ज्ञान नहुनु) अज्ञान कहिन्छ ।

" ज्ञानमेकं   पराचीनैरिन्द्रियैर्ब्र ह्मनिर्गु णम् ।
अवभात्यर्थं रूपेण भ्रान्त्या शब्दादि धर्मिणा ॥"

—)(❀)(—

" ज्ञान स्वरूपे मय्यैव ज्ञेयं सर्व प्रकल्पितम् ।
स्वप्नवत् सर्वदा नास्ति ज्ञानरूपोऽहमद्वय: ।।"

—)(❀)(—

" मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् ।
मयिसर्वं लयं याति तद्ब्रह्माद्वयमस्म्यहम ॥"

—)(❀)(—

" ज्ञानस्वरूपमत्यन्तं निर्मलं परमार्थत:
तदेवार्थ स्वरूपेण भ्रान्ति दर्शनत: स्थितम ॥"

—)(❀)(—

" बुद्धे जागरण स्वप्न सुषुप्तिरिति चोच्यते ।
मायामात्र मिदं राजन् नानात्वं प्रत्यगात्मनि' ।"

—)(❀)(—

" शुद्धो निरञ्जनोऽनन्तो बोधोऽहं प्रकृते परः ।
चेष्टमानमिदं देहं पश्याम्यन्य शरीरवत् ॥"

—)(❀)(—

" नष्टे पूर्व विकल्पेतु यावदन्यस्य नोदयः
निर्विकल्पक चैतन्यं स्पष्टं तावद्विभासते ॥"

—)(❀)(—

प्रकाशात्मालाई शिघ्र बुद्धि गोचर गराउनमा यो अत्यन्त सरल (सजिलो) उपाय छ एक विषयको भावना समाप्त भई सकेको छ, किन्तु अन्य नवीन (नयाँ) विषयको भावना मनमा उठेको छैन । यस्तो शुभ अन्तराल (मध्य) दशामा किंवा क्षणिक (अचञ्चल) मनमा, अन्तरात्मा प्रकाशित (स्वयं अनुभव सिद्ध) हुन्छ । मुमुक्षु यस प्रकार आत्माको क्षणिक साक्षात्कार प्राप्त गरेर यत्न पूर्वक विकल्प निरोध (भ्रम रोक्ने) को अभ्यास गर्दै दीर्घकालीन आत्मानुभव प्राप्त गर्दछन् । हेर्नु होस्-साधन रहस्य (सिद्धान्त विक्रम सम्वत् २००३ पृष्ठ २०४)

—)(❀)(—

विचारालोकको अठारौं प्रकरण सकियो

—)(❀)(—

उन्नाइसौं प्रकरण

तस्मात् नविज्ञानमृतेऽस्ति किञ्चि–त्क्वचित् कदाचित् द्विज वस्तु जातन् ।
विज्ञानमेकं निज कर्म भेदा द्विभिन्नचित्तं वंहुधाभ्युपेतम् ।।

—)(❀)(—

"अन्नमयादे रम्मादपरं यदि नानुभूयते किञ्चित् अनुभावं-तान्नमयादेरस्तीत्यस्मिन् न कश्चिदपलाप ।। " अन्नमयादि पंचकोशहरुको प्रतिषेध (निवारण) भएपछि अरु कुनै कुराको अनुभव हुन सक्तैन । यस्तो शङ्का हुन जान्छ, तर त्यसमा यस्तो शोच्नु पर्छ कि, प्रतिषेधको अनुभविता (अनुभव गर्ने) प्रकाशक, ज्ञाता (जान्ने) त अवश्य नै छ । (नत्र प्रतिषेध भएको कसरी जान्ने ?) त्यही प्रकाशक (प्रकाश रुप) आत्मा हो । सुतरां कोश निरसन वाद (कोशलाई हटाए पछि) आत्म वस्तु स्वयं सहजैमा अनुभूत (अनुभव सिद्ध) हुन्छ, उसको निषेध सम्भव छैन । "स्वयमेवानुभवत्वाद् यद्यपेतस्य नानुभाव्यत्वम् । सकृदप्यभाव शङ्का नभवेद्बोधस्वरूप सत्तायाः ।।" आत्मा अनुभव (ज्ञान

एवं प्रकाश) स्वरुप हो, अतः उसको कोही अनुभव गर्न सक्दैन (कोशादिको अभाव भए पछि अभावको प्रकाश रुपमा आत्मा नै परिशिष्ट रहन्छ) "प्रत्यस्तमित भेद यत् सत्ता मात्र गोचरम् वचसामात्म संवेद्यं तज्ज्ञानं ब्रह्म सञ्ज्ञितम् ॥" वाणीको अगोचर (वचनले नभेट्ने) भेद शून्य, स्वयं अनुभूत, सद्रूप ज्ञान ब्रह्म कहिन्छ अर्थात् सर्वदा स्वयं प्रकाशित ब्रह्म नै म हुं) "स्वप्न जागरिते सुप्ति भावाभावौ तथा धियाम् । यो वेत्त्य विक्रियः साक्षी सोऽहमित्यव धारय ॥" जाग्रत् स्वप्न सुषुप्ति तथा बुद्धिको आविर्भाव (उठ्नु) तिरोभाव (हराउनु)लाई निर्विकार रुपले जो साक्षात् प्रकाशित गर्दछ, अर्थात् साधन निरपेक्ष (साधनको वास्ता नगर्ने) भइकन जान्दछ, त्यसैलाई अहं ('म') रुपले निश्चय गर्नु पर्दछ । "घट ज्ञानं पट ज्ञान कुड्यादि ज्ञानमेवयत् । तदेवात्मा परब्रह्म निर्विशेषं श्रुतेर्मतम ॥" यसको ज्ञान, उसको ज्ञान, किंवा यो त्यो भन्दै जो स्फुरण या प्रकाश वस्तु, स्वयं अनुभूत हुन्छ; श्रुतिमा त्यो निर्विशेष सर्वोत्तम व्यापक वस्तुलाई आत्मा (जीवको निज स्वरुप) कहिन्छ ।

"दृश्यं नास्त्येव तद्यस्मात् द्रष्टा दृश्यं प्रकल्पितम्। स्वप्नवत् दृक्स्वरूपे हि मयि सर्वं प्रकल्पितम् ॥" प्रकाश स्वरूप म, मा समस्त प्रपञ्च

कल्पित छ, अतः अखण्ड म नै सर्वैमा विद्यमान(रहेको) छु अविद्या,चित्त,चिदाभास, देहादि, इन्द्रियहरूको विषय केही पनि छैन । स्वप्नमा जस्तो द्रष्टा नै दृश्य रूपमा विवर्तित (बदलिने) हुन्छ, ठीक त्यहि प्रकार जाग्रत्मा पनि सकल दृश्य प्रपंच, भ्रमद्वारा ममा भासित भई रहेका छन् (तिमी यो, त्यो, जगत्, ईश्वर केही पनि छैन) ।

"दृष्टि सृष्टिमिमां ब्रह्मानुभवी बहु मन्यते आकाश नैल्यवज्जात सत्तका जगतो मता ।।" आकाशको नीलिमा (नीलो पना) जस्तो केवल प्रतीति मात्र हुन्छ, वास्तविक होइन । त्यस्तै संपूर्ण जगत् प्रतीतिक (प्रतित हुन) मात्र हो । त्यो अविद्या (अज्ञान) ले साँचो चैतन्यमा स्फुरित हुन्छ । यसैले प्रातिभासिक दृश्य प्रपञ्च, परित्यक्त भए पछि शुद्ध, अखण्ड, स्वप्रकाश, आत्मवस्तु सहजै अनुभवमा आउँछ (म ग्राहक हुँ, जगत् ग्राह्य पदार्थ हो, जब संम यस्तो निश्चय रहन्छ, तब संम आत्म स्वरुप जीवको निमित्त अज्ञात रहन्छ । त्रिपुटीको परित्याग भएपछि साँचो चैतन्य, स्थिर बुद्धिमा स्वयं र सम्यक आविर्भूत [प्रकाशित, अनुभव, प्रत्यक्षरुपले ज्ञात] हुन्छ)।

" अस्तानन्त विलासात्मा सर्वगः सर्व संश्रयः । चिदाकाशोऽविनाशात्मा प्रदीपः सर्व जन्तुषु ।।" अखण्ड प्रकाश नै जीवको

यथार्थ स्वरुप हो । त्यो समस्त कल्पित प्रपञ्चको प्रकाशक हो । त्यो प्रकाशको प्रकाश अविनाशी हो । "अचेतन चित्प्रकाशात्मा विज्ञानात्मा निरामयः । परमाकाश कोशाच्च शान्त सर्व भव भ्रमः ॥" त्यो अखण्ड प्रकाशक, सकल भ्रमरहित र नित्य शान्त छ । केवल प्रकाशरुप हुनाले उसमा प्रकाश्य (प्रकाश गर्न योग्य) हुने पदार्थ छैन ।

"निखिलं दृश्य विशेषं दृग्रूपत्वेन पश्यतां तेषाम् । वन्धो नापि विमुक्तिर्नच परमात्मत्व मपि जीवत्वम् ॥" अखिल दृश्य प्रपञ्च साक्षी आत्मामा कल्पित हुनाले, सकल प्रकाशरुप आत्मा र परिच्छिन्न म पनि अखण्ड ज्ञानस्वरुप हुँ । सुतरां (यसैले) वन्ध र मुक्ति रहन गएन । परमात्मा (ईश्वर) तथा जीव (म) पनि रहन गएन ।

"घट वद् दृश्यभूतस्य शरीरस्यतु साक्षिणम्
चिद्रूपमात्मना पश्यत कथं वध्येत कर्मभिः ॥"

आफूलाई यदि देहादिको प्रकाशक, प्रकाशरुप आत्मा सम्झेर प्रत्यक्ष जान्न सक्यो भने जीव कर्मवाट बाँधिन सक्तैन । "चेत्यानुगत रहितं सामान्ये न च सर्वगम् यच्चिलत्व मनाख्येयं स आत्मा परमेश्वरः ।" असंग, सर्वव्यापक, अखण्ड, प्रकाशरुपवस्तु, "आत्मा" यथार्थ मेरो स्वरुप हो

" ज्ञानमात्रमिदं सर्वं न ज्ञेयं विद्यते क्वचित् स्वप्नादि ज्ञान दृष्टान्तात् प्रत्यग्ब्रम्हाद्वय त्वत: ॥ " जस्तो स्वप्नकालमा अवभास्य (देखिने) पदार्थहरुको अवभासन देखि पृथक (भिन्न) सत्ता रहँदैन, त्यस्तै जागरणमा पनि ज्ञेयवस्तु, ज्ञान (प्रकाश) देखि भिन्न छैन; किनकि अखण्ड, ज्ञान स्वरुप आत्मा एक (अद्वितीय) हो। "को देवो यो मन: साक्षी मनो मे दृश्यते मया। तर्हि देवत्व मेवासि ह्येको देव इति श्रुतिः।" प्रश्न– देव (स्वप्रकाश आत्मा) कुन हो ? उत्तर– जो मनलाई जान्दछ। प्रश्न– मनलाई त मैले पनि जानेको छु, उत्तर– त्यसो भए तिमी नै प्रकाशरुप आत्मा हौ। प्रश्न– म देव कसरी हुन सक्छु ? उत्तर– श्रुतिको उक्ति छ, देव, एक (अद्वितीय) हो, यसैले तिमी त्यो स्वयं प्रकाश आत्मा हौ।

—)(※)(—

विचारालोकको उन्नाइसौं प्रकरण सकियो

—)(※)(—

बीसौं प्रकरण

—)(❀)(—

"निःसंदिग्धा विपर्यस्ता देहेऽज्ञस्यात्म धीर्यथा तद्वद् ब्रह्मात्मधीरस्य जीवन्मुक्तिरितीर्यते ।।" अज्ञ पुरुषलाई स्थूल शरीरमा जस्तो सन्देह एवं व्यतिक्रम (विघ्न बाधा) रहित आत्म बुद्धि (म, बुद्धि) स्थिर हुन्छ, त्यस्तै अखण्ड प्रकाशरुप वस्तुमा जसको आत्म बुद्धि सम्यक् (राम्रोसित) स्थित भएको छ; त्यो जीवन्मुक्त हो । वासनाक्षय र मनोनाश, संपादित भए पछि साक्षात्कार उदित हुन्छ; यही जीव दशामा अर्थात् जीवित छंदैमा मुक्ति हुनु हो । "देहात्म ज्ञानवज्ज्ञानं देहात्म ज्ञान वाधकम् आत्मन्येव भवेद्यस्य सनेच्छन्नपि मुच्यते ।।" "आत्मा क्षेत्रज्ञ इत्युक्तः संयुक्तः प्राकृतैर्गुणैः । तैरेव च विनिर्मुक्तः परमात्मे त्युदाहृतः ।।" अविद्या तादात्म्यापन्न (अविद्यासित तद्रूप भएर मिलेको) आत्मा—साक्षो कहिन्छ । अज्ञान विनिर्मुक्त भएपछि आत्मा परमात्मा (निर्गुण ब्रह्म) हुन जान्छ । अविद्यासाथ तादात्म्याध्यास (एक रुपमा आरोप) हुनाले, आत्मा जीव कहिन्छ ।

आयासस्तावदत्यल्पः फलं मुक्ति रिहैवतु । तथापि परमाद्वैतं नैव वान्छन्ति मानवाः ।।" यस प्रकार आत्मालाई सहजमै सम्यकप्रकार (राम्रो प्रकार) बाट जानेर जीवन्मुक्त हुन जाने हुन्छ, तथापि मनुष्य यो चाहना गर्दैन । अन्तःकरण तद्वृत्ति साक्षी चैतन्यविग्रहः । आनन्दरूपः सत्यसन् किं नात्मानं प्रपद्यसे ।।" समस्त संकल्प विकल्पको साक्षात् ज्ञाता, सुख एवं प्रकाशरुप नित्य आत्मा तिमी हौ । यो कसरी जान्न नसक्ने ? "तस्माद्राम जगन्नासीन्न चास्ति न भविष्यति । चेतनाकाशमेवाशु कचतीत्थमिवात्मनि ।। " अत्यन्ता भाव एवास्य जगतो विद्यते सदा । तदा ब्रह्मेदमखिलमिति तद्राम नान्यथा ।। सर्वेषामेव भूतानां तिक्त कट्वादि वेदिनाम । एकत्वादनुभूतेस्तु कुत श्चेन्नास्ति भिन्नता ।। " तिक्त (तीतो) कटु (खल्लो) आदि रस भिन्न भिन्न हुंदा पनि, आस्वादन (अनुभव) एउटै हुन्छ । सुतरां (यसैले) अनुभव किंवा प्रकाशदेखि भिन्न पदार्थ वास्तवमा केहि पनि छैन ।

"नित्यः सर्वगतो ह्यात्मा कूटस्थो दोषवर्जितः । एकः सन् भिद्यते भ्रान्त्या मायया न स्वभावतः ।।" आत्मा नित्य सर्व व्यापक दोष रहित र अविकारी (विकार रहित) छ । प्रपञ्च मायिक हो, त्यसलाई सत्य सम्झनु भ्रम मात्र हो ।

तस्मादद्वैत मेवास्ति न प्रपञ्चो न संसृतिः । सोऽहं ब्रह्म न संसारी न मत्तोऽन्यत्कदाचन ।।×।। इति विद्यात् स्वमात्मानं स समाधिः प्रकीर्तितः । पश्यन् श्रृण्वन् स्पृशन् जिघ्रन् अश्नन् गच्छन् स्वपन्

श्वसन् ॥ X ॥ प्रलपन् विसृजन् गृण्हन् उन्मिषन्निमिषन्नपि अकर्ताह मभोक्ताहमसङ्गपरमेश्वरः ॥ X ॥ सदा मत्सन्निधानेन चेष्टते सव मिन्द्रियम् । इति विज्ञान सम्पन्नः सङ्गं त्यक्त्वा करोति यः ॥ X ॥ लिप्यते न स पापेन पद्म पत्र मिवाम्भसा । यो नित्यमध्यात्ममयो नित्य मन्तर्मुखः सुखी । नित्यं चिदणुसन्धानो मनः शोकैर्न वाध्यते ॥ X ॥ व्यवहार परोऽप्युच्चै रागद्वेषमयोपि सन् । नान्तः संशयमायाति पद्मो जलगतो यथा ॥ X ॥ ज्ञानीको समस्त व्यवहार मायिक, ईश्वर नियति (नियम) द्वारा उपस्थापित हुन्छ; कि वा चल्ने गर्दछ । अतः ज्ञानी त्यससा लिप्त हुंदैनन् ।

"न वन्धोऽस्ति न मोक्षोऽस्ति कदाचित् कस्यचित् क्वचित् । सर्वं मात्ममयं शान्तमित्येवं प्रत्ययं स्फुटम् ॥ X ॥ देहातीता महात्मानश्चि-न्मात्रे स्वात्मनि स्थिताः । दूराद्देहं समीक्षन्ते प्रेक्षको जनतां यथा ॥ X ॥" आत्मज्ञ पुरुष वास्तवमा देह रहित हुन्छन् । उनीहरु नित्य, शुद्ध, ज्ञान स्वरुपमा सर्वदा स्थित रहन्छन् । फल स्वरुप उनी शरीरलाई आफू देखि पृथक् (भिन्न) देख्त छन्; जस्तो एक व्यक्ति अरु लाई आफूदेखि भिन्न देख्तछ । "देहे दुःखातिसंक्षुब्धे का नः क्षतिरुपस्थिता । रथे विधुरिते भग्ने सारथेः क्वेव खण्डता ॥" दुःखले शरीर पीडित हुंदा पनि मेरो के क्षति हुन सक्छ ? जस्तो कि रथ टुटेर सारथिलाई केही हानि हुँदैन (किनकि सारथि रथदेखि अत्यन्त भिन्न हो) त्यस्तै देहका लाभ भए मलाई कुनै प्रकारको उद्वेग (अधीरता) हुन सक्तैन

"विदार्यर्थ्यैः सहालोक्य शास्त्राण्यध्यात्म भावनात् । सत्वा सामान्य निष्ठत्वं यत्तद् ब्रह्म परं विदुः ।।" शास्त्रावलोकन, विचार तथा निदिध्यासन (ध्यान) को फलस्वरुप, सद्रूप (सत् रुप) मा अवस्थान हुनु नै निर्गुण ब्रह्म स्वरुप हो यो जीवको निज सनातन स्वभाव हो । ब्रह्म जीवदेखि भिन्न र अन्य कुनै वस्तु पनि होइन) "स्वप्ने यथैकः पुरुषो देवतिर्यङ्-नरादितः । निवर्तते प्रबोध्यन्यत् स्वप्नात् किञ्चिन्न विद्यते ।।" स्वप्नमा जस्तो निद्रित पुरुष नै देवता, तिर्यक् (पशु पंक्षी आदि) मनुष्य आदि विभिन्न आकारमा प्रतीत हुन्छ, त्यस्तै जाग्रत्मा निज द्रष्टृ स्वरुपदेखि वास्तविक भिन्न पदार्थ केही छैन ।

"स्वात्ममात्रं विजानाति स्वाप्नं जीवेश्वरं जगत् । एवमद्वैत संपूर्णं सच्चिदानन्द लक्षणम् ।। × ।। जीवेशजगदाकारात् भाति ब्रह्मैव विभ्रमात् । श्रवणादिभिरुद्दीप्तस्वाप्नब्रह्मा ववोधतः ।। स्वयमेवेति तत्सर्वं भासते भ्रान्ति शान्ततः ।।" श्रवणादि द्वारा निज स्वरुपको साक्षात्कार भएपछि अज्ञान (भ्रम) विनष्ट हुन्छ, अनि जीव, ईश्वर, जगत् आफूदेखि भिन्न केही देखिंदैन । "जागर स्वप्न सुप्तीनामागमापाय भासनम् । यतोभवत्य भावात्मा स्वप्रकाश चिदात्मकः ।।" जाग्रत्, स्वप्न, सुषुप्ति आउने जाने भइरहन्छ, यसलाई जो प्रकाश गर्दछ (जान्दछ) त्यो ज्ञान स्वरुप आत्मा हो विभिन्न अवस्थाहरुको आविर्भाव

तिरोभाव (आउने जाने) जीव स्वयं जान्दछ । अतः जीव स्वयं नै ज्ञाता कि वा शुद्ध ज्ञान स्वरुप हो । आत्माको अनुभव कि वा साक्षात्कार अत्यन्त सुगम (सजिलो) छ ।

"यदेवाम्बु स आवर्तो न त्व स्यार्त वस्तु सत् द्रष्टै वाहृते दृश्यमिव दृश्यं न त्वस्ति वस्तु सत् ।।" जल नै आवर्त (भुमरा) हो, त्यो भुमरी जल भिन्न कुनै पदार्थ होइन । एवं प्रकार द्रष्टा (प्रकाशक, ज्ञाता) नै दृश्य हो दृश्य कुनै सत्य वस्तु होइन ।

"उपदेश क्रमो राम व्यवस्था मात्र पालनम् । ज्ञाप्तेस्तु कारणं शुद्धाः शिष्य प्रज्ञैव केवला ।।" गुरु उपदेश दिन्छन्, परन्तु उपदेश मात्रले साक्षात्कार उदित हुन सक्तैन । अखण्ड, एकरस, चिन्मात्र रुपमा अन्तःकरणका प्रयत्नपूर्वक अचल-स्थितिको संपादन नै साक्षात्कारको एकमात्र कारण हो ।

'बुद्धे जागरणं स्वप्नः सुषुप्तिरिति वृत्तयः । ता येनै वानु भूयन्ते सोऽध्यक्षः पुरुषः परः ।।" जाग्रत्, स्वप्न, सुषुप्ति यी बुद्धिका तीन वृत्तिहरु (परिणाम या अवस्थाहरु) हुन्, जो अनुभव गर्छ त्यो जीवका साक्षात् निज स्वरुप हो ।

—)(*)(—

विचारालोकको बीसौं प्रकरण सकियो

एकाइसौं प्रकरण

"ज्ञानाज्ज्ञेयं पृथङ् नास्ति ज्ञेयं ज्ञानात्मकं ततः । प्रत्यग्बोधेऽद्वये सिद्धे ज्ञेयान्नेयादिकं कुतः ॥" ज्ञेय, ज्ञानदेखि पृथक् छैन; किनकि त्यो साभास (आभास सहित) अन्तःकरणको वृत्ति हो। सुतरां अन्तःकरणको साभास राजसिक परिणाम किं वा वृत्ति ज्ञानरुप (ज्ञानु पनि) रहँदैन। विविध परिणाम सहित अन्तःकरण, साक्षी चैतन्यमा विलीन भए पछि (केवल ज्ञान स्वरुप आत्माको भास मान [प्रकाश मान] भएपछि) ज्ञेय जगत्, त्यसको ज्ञान (प्रतीति) र जगत् द्रष्टा (जगत् देख्ने) जीव फेरि कहाँबाट आउने ? (यहि अन्तःकरण तथा अविद्याको विनाश हो)

दृग्दृश्यौ द्वौ पदार्थौ स्तःपरस्पर विलक्षणौ।
दृग्ब्रह्म दृश्यं मायेति सर्व वेदान्त डिण्डिमः ॥
ज्ञान ज्ञेय पदार्थौ स्तःपरस्पर विलक्षणौ ज्ञानं ब्रह्म व तज्ज्ञेयं
माया तस्मिन्प्रकल्पितम् ॥

"जन्मान्तर महाभाग्य वशादेवान्त्यजन्मनि । अहं ब्रह्मेति विज्ञाय मुच्यते नान्यथा भ्रमात् ।।"

"तृणादि विषयं ज्ञानं यत्तद्विषयवर्जितम् । तदेवाहं परंब्रह्मे त्येष वेदान्त निर्णयः ।।"

"सर्वं ब्रह्म विजानीयात् सर्वं पश्यति चात्मनि आत्मा घटस्थ चैतन्य मद्वैतं शास्वतं परम् ।।"

"अज्ञस्य दुर्लभं ज्ञान म ज्ञानं दुर्लभं विदः दुखार्थे वान्यथा ज्ञानं तत्व ज्ञानं सुखावहम् ।।"

सम्यक् रुपमा प्रकाशित आत्मा नै ज्ञान कहिन्छ । यो तत्व वेत्ताहरुलाई सुलभ छ, यही सुखावह (सुखदिने) हो । जो शुद्ध आत्मस्वरुपलाई जान्दैन र दृश्य प्रपञ्चमा सत्यता बुद्धि गर्छ, त्यो दुःख मै प्राप्त हुन्छ ।

"हरोवापि हरिर्वापि विधिर्वा दृश्य कोटिगः
मत्तो नान्योऽस्ति तुच्छत्वादव्ययत्वाच्चिदात्मनः ।।"

म देखि पृथक् (अलग) मेरो भन्नु दृश्य हो । ब्रह्मा, विष्णु, महेश्वर वास्तवमा कुनै पनि छैनन्, किनकि शुद्ध प्रकाशरुप म अद्वितीय हुं । अरु प्रकाश्य वस्तु वास्तविक छैनन् । प्रत्यक् चैतन्य मद्वैतं अशन्यादि भयानकम् । ब्रह्मैवेदमिदं सर्वं सर्वं खल्विति हि श्रुतेः ।।" प्रत्यक् प्रकाश, एक र

अद्वितीय हो। क्षुधा, पिपासा (भोक प्यास) इत्यादि वस्तुहरु भयका हेतु (कारण) हुन्। दृश्यमान सकल प्रपञ्च, वास्तवमा एक अखण्ड ज्ञान स्वरुप आत्मा नै हो। नाहं देहो न मेदेहः साक्ष सङ्गश्चिदद्वयः। इत्येतत्प्रथमं सर्व साधनानां यतोजनैः॥" न त म देह हुं, नदेह मेरो हो, म साक्षी, असंग र अखण्ड प्रकाश हुं। आत्म ज्ञानको प्रथम साधन यस्ता निश्चय हुनु हो। मनन, ध्यान, समाधि, साक्षात्कार इत्यादि साधन समूह यसबाट उत्पन्न हुन्छन् (यसैको फल स्वरुप हो) स्तंभान्तराले सुस्पष्टं संविद् भाति यथा तथा। द्यावा पृथिव्योर्मध्येऽपि स्वयं ज्योतिश्चिदम्वरम्॥" सर्वत्रनै एक चैतन्य स्वयं प्रकाशमान छ, जस्तो स्तंभ (थाम) को वीचमा प्रकाश विद्यमान रहन्छ, त्यस्तै स्वर्ग र पृथ्वीको वीचमा एक, अखण्ड, संवित् नै प्रकाशित भई रहन्छ।

"सुप्रसिद्धं सुसुलभं सुसुख श्रुति संमतम्। व्यवहारास्पदं ज्ञानं साक्षाद्ब्रह्म परोक्ष चित्॥" प्रत्यक्ष अनुभूयमान (अनुभव भएको) प्रकाश स्वरुप 'म' नै ब्रह्म हुँ। भिन्न भिन्न विषयहरुका ज्ञान पनि यसै प्रकाशको अन्त पाति (यसद्वारा कवलीकृत किं वा क्रोडी कृत) हो अर्थात् सबै विषयका ज्ञान यहि प्रकाशभित्र अंगालिएका छन्।

यो ज्ञान स्वरुप 'म' अत्यन्त प्रसिद्ध हुं सबैको परिचित एवं अनुभूत (अनुभव सिद्ध) हुं। अत्यन्त सुलभ (सर्वत्र र सदा प्राप्त) अत्यन्त सुखकर (विषय सुख क्षणिक-आयास साध्य, तारतम्य सहित तथा दुःख मिश्रित छ) र श्रुति सम्मत हुं। यसदेखि भिन्न सिद्धान्त श्रुति बहिर्भूत (श्रुति भिन्न) एवं मुमुक्षुका निमित्त अत्यन्त हेय (त्याज्य) हो। "एक मेवाद्वयं ज्ञानं सुप्तवज्ज्ञेयवर्जितम् इत्येवं सर्वदा स्वप्नेऽप्यनुभूय विमुच्यते॥" सुषुप्ति समयमा जस्तो ज्ञेय शून्य ज्ञान स्वरुप थियो, त्यस्तै जाग्रत् र स्वप्न कालमा पनि म निर्विषय, एक, अखण्ड, प्रकाश रुपमानै स्थित रहन्छु। निरन्तर यस्तो ज्ञान एवं मनन-बाट आत्म साक्षात्कार (मुक्ति) सिद्ध हुन्छ (मुक्ति किंवा नित्य तृप्ति कठिन या असंभव कुरा होइन, या स्वाभाविक हो) अज्ञानको निवृत्ति भएपछि त्यो भास-मान) (प्रकाश मान) हुन्छ। तत्व ज्ञानको उदय भए पछि अज्ञान विनष्ट हुन्छ। यसर्थ मुमुक्षु व्यक्तिलाई, तत्व ज्ञानको अभ्यास सदा गरीरहनु पर्दछ।

"तृण कीटादि देवान्त चराचर विभेदतः। एकोपि बहुधा भाति मायया स्वप्न दृष्टवत्।" स्वप्न द्रष्टा एक्लो हुँदा पनि नानाप्रकारको रूपहरुबाट स्वप्न कालमा प्रतिभात

प्रकाशित) हुन्छ। त्यस्तै अज्ञान वशात् म वास्तवमा एक अद्वितीय हुँदा पनि तृण, कीट, देवता, मनुष्य, पशु, वृक्ष, पर्वत आदि विभिन्न आकारहरुमा भासमान भइरहन्छु (परिदृश्य मान समस्त प्रपञ्च एक, अखण्ड, प्रकाश रुप म हुं) म देखि अतिरिक्त वास्तवमा केही छैन। सुतरां (यसैले) म निर्विकार चैतन्य मात्र हुँ। क्षुधा, पिपासा (भोक, प्यास) सुख दुःख, जन्म मरण, ममा केही पनि छैन। यो सारा अज्ञानद्वारा भासित (देखिने) हुन्छन्, वास्तव सारा मिथ्या हुन्। निद्रा जाग्रन्मध्यभागे संविद्भेदान्तरे तथा। मध्ये संविद्द्वयोश्च सूक्ष्म बुध्याऽभिलक्षय।" निद्रा र जागरणको मध्य भागमा (दुवैको अभाव कालमा) अर्थात् घट र पट ज्ञानको बीचमा घट ज्ञान निवृत्त भएको र पट ज्ञान आएको छैन, यस्तो सन्धि कालमा (वेद्य र वेदनको सन्धि क्षणमा) वहिर्दृग स्थित प्रमाण वृत्ति हटि सकेकोछ, आभ्यन्तर (भित्रको) प्रभा वृत्ति (यथार्थ ज्ञान वृत्ति) उदय भएको छैन यस्तो अन्तराल (मध्यम) दशामा केवल निर्विषय, निराकार, ज्ञान स्वरुप प्रकाशित रहन्छ, किनकि त्यसबेला कुनै कुराको अनुभव हुँदैन। सारा विषय र वृत्ति गोचरता निवृत्त भइ सकेको हुन्छ। यस्तो

अखण्ड वृत्ति शून्य प्रकाश मात्र "तिमा" मा प्रमातृत्व, प्रकाशकत्व, केहि पनि छैन । सारा विषय एवं वृत्तिहरु लाई परावृत्त (बदलिएको) गरेर बुद्धिलाई तिम्रो यो निज यथार्थ स्वरुपमा प्रतिक्षण निविष्ट (प्रतिष्ठ) गराउ, अर्थात् बुद्धिद्वारा आत्म स्वरुपको क्षण क्षणमा अनुभव गर्दै द्रष्टा किं वा प्रमातृ भावलाई अंगीकार नगर । अनि क्रमशः (क्रम पूर्वक) निवृत्ति-बुद्धि, अखण्ड (अचल) स्थित हुन जान्छ र सहजमै आत्माको साक्षात्कार (प्रत्यक्ष अनुभव) हुन जान्छ । यो वेदान्तको रहस्य हो ।

"एतत्पदं निजं रूपं यज्ज्ञात्वा न विमुह्यति । एत द् ज्ञान मात्रेण जगदीदृशम् ॥" यो शुद्ध अखण्ड प्रकाश, तिम्रो निज स्वरुप हो । तिमी त्यसको साक्षात्कार गरेर कृत कृत्य बन । यो जो विचित्र जगदाडंबर देखिएको छ, त्यसमा मुग्ध (आशक्त) हुनु केहि प्रयोजन छैन, किनकि यो अज्ञानबाट उत्पन्न र अज्ञानबाटै परिवर्द्धित (बढेको) छ । (यो वास्तवमा अत्यन्त तुच्छ हो) "देशाद्देशान्तर प्राप्तौ संविदोर्मध्यमेव यत् । निमेषणे चिदाकाशं तद्विद्धि मुनि पुङ्गव ॥" तत्व ज्ञानाज्ज्ञानमेव ज्ञेयवद्भाति लौकिकम् । अज्ञात सत्ता नैवास्ति ह्यमनो ज्ञेयवस्तुनः" प्रपञ्च प्रातीतिक पत्यार

जस्ता हुने मात्र हो, यो (प्रपञ्च) प्रकाशक आत्माबाट कल्पित भएका हो। आत्मा देखि प्रपञ्चका स्फुरण भिन्न छैन। ज्ञानी पुरुष समस्त प्रपञ्चलाई आत्माको विवर्त (रुपान्तर) सम्झन्छन्। "महा वैराग्य संपत्ते र्नान्यज्ज्ञानस्य कारणम्। वित्त शास्त्रावलिप्तस्य नाणुमात्र विरक्तता॥" तीव्र वैराग्य प्राप्ति विना साक्षात्कार सम्भव छैन। जो वित्त या शास्त्र ले गर्वित (उन्मत्त) छन्, उनलाई अल्पमात्र पनि वैराग्य प्राप्त हुँदैन।

"विशुद्धं केवलं ज्ञानं प्रत्यक् सम्यगवस्थितम्। सत्यं पूर्ण मनाद्यन्तं निर्गुणं नित्य मद्वयम् ॥×॥ अत्यन्त मेव शून्यं सत्मनः स्वप्नादिवन्मृषा। जाग्रद्देश क्रिया काल वस्तु रुपेण भासते॥" मन अत्यन्त मिथ्या वस्तु हो। यहि जाग्रत् अवस्थामा देश काल क्रिया र वस्तु रुपले प्रतिभासित (प्रकाशित) भइरहन्छ। त्यो प्रतिभास ठीक स्वाप्निक (स्वप्न संबन्धी) प्रतिभास समान मिथ्या हो। स्वप्न र जागरणमा केहि भेद छैन। "प्रकाश्य गुण दोषादि प्रकाशं नैव संस्पृशेत्। ज्ञेयस्य गुण दोषादि ज्ञानं नैव तथा स्पृशेत्॥ शून्यं सर्वात्मना द्वैत मतोऽन्यन्नेति च श्रुतेः। सर्वो पनि पदा कृतं नान्यत्किञ्चिच्चदात्मनः॥" श्रुतिको उक्ति छ कि आत्मा अतिरिक्त केहि पनि छैन। अतः द्वैत वस्तु नितान्त

मिथ्या हो। प्रकाशरुप आत्मा सिवाय अरु केही पनि छैन, समस्त उपनिपद्को अभिप्राय यहि हो।

"माया नास्ति कथं सत्यं कार्यं वन्ध्यासुतादिवत्। शून्यमप्यवभासेत दृश्यं स्वप्नादिवन्मृषा ॥" माया अवस्तुभूत (नभएको वस्तु) हो। अतः उसको कार्य जगत् वन्ध्या पुत्र (वाँझीको छोरा) समान सर्वथा असत् छ। मानौं— दृश्य यदि शून्य असत् छ भने प्रतिभात (प्रकाशित) कसरी हुन्छ? यसको उत्तर यो हो— स्वप्नादि मिथ्या प्रपञ्च पनि भासित देखिन) हुन्छ। अर्थात् प्रत्यक्ष दृष्ट (देखिएको) वस्तु पनि मिथ्या हुन सक्छ। प्रकाश रुप आत्मा नै एक मात्र सत्य हो। जो प्रकाशित हुन्छ, त्यो प्रकाश देखि वाहिभूत (वाहिरको) होइन, प्रकाश रुपै हो। या नजान्नु नै भेद भ्रमको कारण हो। भ्रम किंवा अज्ञान कल्पना मात्र हो। अतः वुद्धिको कल्पना आत्म स्वरुपमा वास्तविक छैन।

—)(❀)(—

विचारालोकको एकाइसौं प्रकरण सकियो

—)(❀)(—

बाइसौं प्रकरण

--)(❀)(—

"निमीलने यथाद्वैतं न किञ्चिदनुभूयते । उन्मीलने दृश्यमानमप्येवं नेति चिन्त्यताम् ॥ × ॥ ज्ञानमेकं सदा सत्यं ज्ञेयं शुन्यं सदेतितु । अनुक्षणमविश्रान्तं सदा मत्वा प्रमुच्यते ॥ × ॥ शास्त्रान्तरैर्यथातत्वं निर्णीतं तत्तथोऽन्यथा । वेदान्ताभिमतं ज्ञेयं गुरुतोऽद्वयलक्षणम् ॥ × ॥ अथात आदेश इति काण्वादिश्रुतिरब्रवीत । सर्वं दृश्यं नेति नेति वाऽर्थे रात्मा चिदद्वयः ॥ × ॥ अद्वैत दृढविज्ञाने यथेष्टाचरणं कुतः । जीवन्मुक्तादिशास्त्रं तु ज्ञानस्तुत्यर्थवादकम् ॥ × ॥ बालान् प्रति विवर्तोऽयम् ब्रम्हणः सकलं जगत् । अविवर्तितमानन्दमास्थिता कृतिनः सदा ॥ × ॥एक अद्वितीय आत्मामा-वस्तुतः सदाचार जीवन्मुक्ति आदि केहो पनि छैन । यो जगत् ब्रह्मको विवर्त (रूपान्तर) हो । यो उपदेश-केवल अप्रबुद्ध (राम्रो सित ज्ञानमा आरूढ नभएका मानिस) का निमित्त गरिएको हो । प्रबुद्ध (ज्ञानी) व्यक्ति, जान्दछ कि आनन्द स्वरुप आत्मा कहिले पनि अन्य रुपमा प्रतिभात (प्रकाशित) हुंदैन । त्यो स्वयं सर्वदा एकरस, निजस्वभावमा सम्यक्प्रकाशित भइहरन्छ ।

नकिञ्चिदपि वस्त्वस्ति पृथक् प्रत्यक् चितात्मनः । सुप्तिवत् सर्वशून्यत्वात् तत्साक्षी चित्सदाद्वयः ।। दृश्यं शून्यं दृगात्मैव केवलः सुखमाततः । सुप्तिकाले यथा जाग्रत्येवं कालत्रयेऽपि च ।। X ।। नारंभः परिणामो वा विवर्तः श्रुति संमतः । असत्त्वादात्मनोऽन्यस्य नै व कारण कार्यता ।।" आरंभवाद, परिणामवाद, विवर्तवाद कुनै पनि श्रुति संमत हैनन्, किनकि आत्माका अतिरिक्त, अरु केही पनि छैन । कारण वा कार्य के हुने ? अर्थात् कारण कार्य केही पनि छैन । न आत्मा कारण हो, न जगत् कार्य हो । "अद्वैत ब्रह्म रूपत्वात् कुतः कारण कार्यता । कणाद सांख्य बौद्धादि मतमेतन्नतु श्रुतेः ।" कारण कार्यवाद, सांख्य, वैशेषिकादि संप्रदायद्वारा कल्पित हुन्छ । यो श्रुतिको अभिप्रेत (वाञ्छित) होइन; किनकि तत्व त एकमात्र अद्वैत ब्रह्म हो (त्यसमा द्वैत सर्वथा छैन) सर्वासङ्ग विनिर्मुक्तो मोक्षमात्र प्रयोजनः । अतोऽधिकृयते प्रत्यग्ज्ञानोत्पत्तौ नरागवान् ।।" जसको सारा आसंग निवृत्त भइसकेको छ र जसको एकमात्र मोक्षनै अभीष्ट वस्तु छ, त्यही आत्मज्ञानको अधिकारी हुन्छ । विषयको अनुरागी (प्रेम गर्ने) होइन । "शास्त्रान्तरैस्तु यत्प्रोक्तं, तत्वमित्यन्यथा मृषा । अद्वैतमेव चिन्मात्रं सत्यं वेदान्त संमतम् ।।" शुद्ध अखंड प्रकाशनै एकमात्र सत्य वस्तु हो, यो वेदान्तको सिद्धान्त हो । यस देखि भिन्न जो कुछ अरु शास्त्रमा बताइएका छन्, ती मिथ्या हुन् । (मुमुक्षुका निमित्त ग्रहणीय छैन) ।

"अतएव श्रुतिर्मूर्खशास्त्रप्रोक्तं निषेधति । नेति नेतीति चातोऽन्यदार्थमित्यादि वाक्यतः ।" यसले नति नेति' "अतान्यदार्तम्" (यस अखण्ड प्रकाश देखि भिन्न, वास्तवता केहा पनि छैन) इत्यादि वाक्यद्वारा श्रुतिले-मूर्ख शास्त्रहरुको सिद्धान्तलाइ निरसन (खण्डन) गरेका छ। "ज्ञान मात्रं परं ब्रह्म ज्ञेयं बुद्धयादिकं जडम् । ज्ञान प्रत्यक्परं ब्रह्म ज्ञेयं तुच्छं पराग् जडम् ।" निज अखण्ड, प्रकाश स्वरुपनै ब्रह्म हो । बुद्धि आदि दृश्य (जो ज्ञानालोक [ज्ञानको उज्यालो] द्वारा प्रकाशित हुन्छन्) जड (पर प्रकाश्य साक्षीद्वारा भासित) र आफूदेखि भिन्न हो । अतएव मिथ्या हो, (एक मात्र ज्ञान स्वरुपनै सत्य हो । "दुःखादयनु भवो ब्रह्म दुःखादि ज्ञेय वर्जितम् । केवलानुभवोह्यात्मा ब्रह्म भिन्नं न किञ्चन ।" दुःखादिको अनुभव गर्नु नै ब्रह्म हो; अपितु ज्ञेय (जानिने) दुःखादि ब्रह्मा छैन; किनकि आत्मा (ब्रह्म) अनुभव (प्रकाश-स्फुरण) मात्र हो । यस देखि भिन्न सारा मिथ्या हुन् ।

पदार्थ भासनं ज्ञानं स्वयं ज्योतिरतीर्यते । नाग्न्यादिवत्तमोनाशकरं ध्वान्तानुभूतितः ।।" पदार्थका प्रकाशन, स्वयं प्रकाश वस्तु हो-ब्रह्म । अग्नि आदि भौतिक प्रकाशक वस्तुहरु जस्तो होइन । अन्धकारलाई प्रकाश गर्ने हुनाले , अग्निलाई त्यसको प्रकाशक भनिएको हो । तर आत्मा त एक

अद्वितीय अखण्ड प्रकाश छ (उसको तुलना भौतिक ज्योति पदार्थ साथ कसरी गर्न सकिन्छ ?) "श्रुतिस्मृती तिहासादि जगज्जीवेश्वरादिकम् स्वप्नादिवन्मनोमात्र मप्याश्चर्यं करं मृषा ॥" श्रुति, स्मृति, इतिहास, जगत्, जीव, ईश्वर, इत्यादि सब स्वप्नादि समान अविद्या विलसित (अज्ञानको खिलौना) हुन्। विस्मयजनक भएतापनि अविद्याका सारा कार्य मिथ्या हुन्।

—)(❀)(—

विचारालोकको बाइसौं प्रकरण सकियो

—)(❀)(—

तेइसौं प्रकरण

— (❀)(—

"सारासार विवेकी सन् लोकतत्व विचक्षणः । आत्मानात्म स्वरुपज्ञो भव तुष्णीं मृतादिवत् ॥ X ॥ हस्तस्थ कौस्तुभं त्यक्त्वा काच कांक्षीव दुर्भगः । वुद्धि साक्षिण मात्मानं हितान्यं तु य इच्छति ॥ X ॥ सर्व साक्षी स्वरुपं यच्चिन्मात्रं नेत्य वर्जितम । अहनेव न मत्तोऽन्य-दितिमुक्तो दृढा ग्रहात् ॥ X ॥ अत्र संभाविताशेषशङ्का रङ्क सु गोधनम । स्वप्नाद्यभेददृष्टान्त गङ्गोदौर्घैविधीयताम् ॥ X ॥" आत्मा एक, अद्वितीय, प्रकाशरुप हो । यस वारे वेदान्त सिद्धान्तमा नाना प्रकारका शंकाहरू उत्पन्न हुन सक्तछन्, किन्तु त्यो एकमात्र स्वप्नको दृष्टान्तबाट निःसंदिग्ध (निसंशय) रूपमा निराकृत (खण्डन) हुन जान्छ । [आनन्द तत्व मिमांसा ४ हेर्नु होस् सिद्धान्त वर्ष ७ अङ्क ५] । "यदि वेदः प्रमाणं स्याच्छ्रौत मद्वैतमेवहि नासतो विद्यतेऽभावोऽपीत्याह भगवान् स्फुटम् ॥" एक, अखण्ड, प्रकाश रूप, आत्म तत्वनै सिद्धान्त हो (अर्को केही पनि हाइन) वेदनै एकमात्र प्रमाण हो, भगवानूले स्पष्टै भन्नु भएको छ कि आत्मा देखि भिन्न देहादि जगत् सर्वथा छैन ।

"अलमिह परोपदेशैर्मौनं मुक्तेस्तु साधनं मुख्यम् । नैवापद्यपि ह्यानिष्ठाद्वैते सुखानुभूत्याद्या ॥" अर्कालाई उपदेश दिनाको जरूरत छैन "मौन" नै मुनिको साधन हो । अद्वैतावस्थान–(अद्वैत स्थितिमा रहनु) नै मौन हो । विपत्तिमा पनि अद्वैत निष्ठा छाड्नु हुंदैन, यसबाट प्राथमिक सुखानुभव (एक अखण्ड प्रकाश रुप वस्तु नै 'म' हुं, अर्को केही पनि छैन) यस्तो निश्चय बुद्धिपूर्वक, अवधारण भएपछि प्राथमिक सुखको अनुभव हुन्छ। एवंरीत्या नित्य, निर्विषय, निरतिशय आत्म सुखको सुलभता प्रदर्शित गरिएको छ; तथापि जीव दुर्भाग्यवश सर्वदा दुःखको नै अनुभव गर्दछ । "विषयापेक्षं दुःख दृष्टं लोके सुखं तु वैसयिकम् । अद्वैतमेवं सुसुखं तदपि च दृष्टं सुषुप्तिकाले हि ॥" विषयबाट उत्पन्न सुख दुःख दुबै संसारमा देखिन्छन्, किन्तु प्रकृष्ट (उत्तम) सुख, निज अद्वितीय स्वरुप हो । त्यो सुषुप्तिमा अनुभूत (अनुभव सिद्ध) हुन्छ (निर्विषय सुख किं वा अद्वैत स्वरुप जीवका निमित्त, अपरिचित [नचिन्हिएको नौलो] हाइन)

"व्यावहारिक दृष्ट्यें यं विद्याविद्या च नान्यथा । तत्वदृष्ट्या तु नास्त्येव तत्वमेवास्ति केवलम् ॥×॥ व्यावहारिक दृष्टिस्तु प्रकाशाव्यभिचारतः । प्रकाश एव सततं तस्मादद्वैतमेवहि ॥×॥ अद्वैत-

मिति चोक्तिश्च प्रकाशव्यभिचारतः। प्रकाश एव सततं तस्मान्नोनं हि युज्यते ॥×॥" विद्या र अविद्या व्यावहारिक (अध्यारोप) दृष्टिबाट कहिएको छ। वास्तविक (पारमार्थिक अकल्पित)दृष्टिबाट होइन । एक, अद्वितीय, अखण्ड, प्रकाश रुप तत्व नै सर्वदा विद्यमान छ । उसपा व्यभिचार (खराब आचरण) हुनु कदापि संभव छैन। अद्वैतोक्ति (अद्वैत पनको कथन) पनि प्रकाश देखि भिन्न होइन। सुतरां (यसैले) स्वप्रकाश, अद्वैतावस्थान किं वा मौन (स्वानुभव) नै पारमार्थिक हो।

" महामायामोहशक्तिरामुष्मिककृतार्थता । ऐहिकेत्वकृतार्थत्वं विदुषामपि दृश्यते ॥" विद्वान् पुरुषमा पनि यो लोकमा अकृतार्थता (कार्य सिद्ध नहुनु) र परलोकमा (देहपात पछि) जो कृतार्थता (सफलपना) देखिन्छ, त्यो मायाको मोह शक्तिको कारण हो (त्यो प्रतिभास मात्र हो) अन्यथा परमार्थ प्राप्तिबाद ज्ञानिका निमित्त अप्राप्त (नपाउने) केही रहने थिएन। सुतरां विद्वान् वास्तवमा सर्वथा कृतार्थ नै हुन्छन्) "येन केनाप्युपायेन यत्र क्वचन किञ्चन। श्रुत्युक्त मानान्नवान्यन्मुक्तेः साधन मिष्यते ॥×॥ सहस्त्रधा गौडपादो वाशिष्ठमनुचिन्तयन् । माण्डूक्यकारिकां चक्रे शुद्धाद्वैतविभासिनीम् ॥×॥ माण्डूक्यवार्तिकैषा वाशिष्ठाख्या महामतिः। सर्वोपनिषदां सूत्रं माण्डूक्यो पनि षच्छिद्वा

बच्छिवा ।" माण्डूक्योपनिषद्सारा उपनिषद्हरुको सूत्र स्थानीय हो । योगवाशिष्ठ महारामायण, माण्डूक्यको वार्तिक (व्याख्यान ग्रन्थ) हो । माण्डूक्य कारिका योगवाशिष्ठको विचार-प्रसूत (विचारबाट निक्लेको) हो ।

"श्रीराम सदृशः शिष्यो वशिष्ठ सदृशो गुरुः । वाशिष्ठ सदृशं शास्त्रं दभूतो न भविष्यति ।।×।। स्वप्न सुप्त्यादि दृष्टान्तैर्बन्ध मोक्ष विवेकतः । महावाक्यैस्तत्वबोधे नैत्यं मुच्यति पण्डितः ।।× साक्षात्कार सुखादिनां भोगः संसार एव सः । स्वस्वरुपं नित्य मुक्तं ज्ञानं निर्विषयं सुखम् ।।×।।" सुख र दुःखको साक्षात् अनुभव, भोग कहिन्छ । यहि संसार हो । निर्विषय (विषय शून्य) ज्ञान किंवा निज नित्य मुक्त स्वरुपनै यथार्थ सुख हो । जन्मादि रहितं ज्ञानं परंतेजः सदद्वयम् । जन्मादि रहितं ज्ञेयं सदा शून्यं परं तमः ।।×।। लय विक्षेपरहितं शैलवन्निश्चलं मनः । यदा भवेत्तदा मुक्तो जागरेऽपि सुषुप्तिवत् ।।×।। नित्या परोक्ष चिन्मात्र स्वस्वरुप सुखाद्वये । आवरक तमोऽसत्य माया द्वैतस्य का कथा ।।" निज नित्य, अपरोक्ष, अद्वितीय सुख एवं ज्ञान स्वरुपमा आवरक-(ढाकीदिने) अज्ञान तथा त्यसको कार्य-द्वैत प्रपञ्च रहन सक्दैन (आफ्नो यथार्थ स्वरुप आफ्ना निमित्त सर्वदा साक्षात्प्रकाशमान छ । अन्यथा आफ्नो अस्तित्वको संव-

न्थमा मनुष्यलाई सन्देह किन हुन्थ्यो ? अतः शुद्ध, अखण्ड, निज प्रकाश स्वरुपमा अज्ञान किंवा माया वास्तवमा छैन)

—)(❀)(—

विचारालोकको तेइसौं प्रकरण सकियो ।

—)(❀)(—

चौबीसौं प्रकरण

—)(❀)(—

"सर्वं ब्रह्मैव चिन्मात्रं चितश्चेत्यं न विद्यते । स्वप्नवत् सर्वसाम्येऽपि जागरे सत्यधीः कथम् ॥" परिदृश्यमान (राम्रोसित देखिएको) प्रपञ्च, शुद्ध प्रकाश स्वरुप ब्रह्म हो। प्रकाश्य (विषय) केही पनि छैन । जाग्रत् प्रपञ्चको अनुभव, स्वप्नकालीन (निद्राको अनुभव) समान हो । अतः जागरण सत्य हो, यो कसरी भन्न सकिन्छ ? "स्वप्न भ्रम पदार्थेषु तत्काले सत्य धीर्यथा । तद्वज्जाग्रत्पदार्थेषु तत्काले सत्यधीर्भ्रमात् ॥" जस्तो स्वाप्निक (स्वप्न संबन्धि) पदार्थमा स्वप्नकालमा सत्यत्व (साँचोपना) बुद्धि रहन्छ, त्यस्तै जगत् प्रपञ्चमा जागरण कालमा भ्रमले सत्यत्व बुद्धि हुन्छ (स्वप्न, सुषुप्ति, समाधि कालमा त्यो सत्यता बुद्धि या तीव्र संवेग निवृत्त हुन्छ) "वन्ध्या पुत्र कृतं यद्वचिदाकाशं न संस्पृशेत् । मिथ्या देहादिजं तद्वत्पुण्य पापं न संस्पृशेत् ॥" वन्ध्यापुत्र (बाँझीको छोरा) द्वारा गरिएको कर्म जस्तो एक, अद्वितीय, चैतन्य स्वरुपलाई स्पर्श गर्न सक्तैन, त्यस्तै मिथ्या (झूठो) देह इन्द्रिय

मन बुद्धिद्वारा कृत पुण्य पाप, मलाई स्पर्श गर्न सक्तैन ।

"असाध्यं चिन्त्यते मूर्खैः साध्यं नैव तु साधितम् । महापाप वशाद् बुद्धे रिच्छाद्वेष समुद्भवात् ॥" अज्ञानी मनुष्यहरु असाध्य, अनन्त विषयहरुको संपन्न गर्नमा तत्पर हुन्छन्; किन्तु एकमात्र साध्य आत्म ज्ञानमा पराङ्मुख (विमुख) रहन्छन् । पाप-बाहुल्य (पापको अधिकता) नै यसको हेतु (कारण) हो । बुद्धिको-इच्छा द्वेष आदि राजसिक भावहरुद्वारा, यस प्रतिबन्धक पापको उत्पत्ति हुन्छ । "ब्रह्मादिस्तंब पर्यन्तं चराचर मिदं जगत् । चिति स्वप्नादिवद्भाति प्रबोधे नास्त्य सद्भवेत् ॥" चर अचर समस्त जगत् (ब्रह्मा देखि लिएर तृण पर्यन्त) स्वप्न प्रपञ्च समान आत्म चैतन्यमा प्रतिभासित हुन्छन् । जागेपछि जस्तो स्वप्न मिथ्या हुन्छ, त्यस्तै निज स्वरुपको ज्ञान भएपछि जगत्प्रपञ्च नितान्त असत्य हुन जान्छ । "व्यवहारे मुख्य हेतुर्ज्ञानं सर्व पदार्थगम् । तदेवात्मा जगन्मूलं सत्यं ज्ञानमिति श्रुतेः ॥" नित्य, शुद्ध, प्रकाशरुप वस्तु देखिनै सारा व्यवहार सिद्ध हुन्छ; अर्थात् व्यवहार कर्त्ता (काम गर्ने) लाई मैले यो गरें, यो जान्दछु, यस प्रकार सारा व्यवहार ज्ञात किं वा प्रकाशित हुन्छ । यो स्वाभाविक, वस्तुभूत ज्ञानको अव-

लंबनद्वारा त्यसमा अर्थात् शुद्ध प्रकाश रुपमा बुद्धि स्थिर गराउनाले, निज पदार्थ स्वरुपको सम्यक् बुद्धि पूर्वक ज्ञान [प्रत्यक्ष अनुभव] उत्पन्न हुन्छ । समस्त व्यवहारको हेतु [कारण] यो निर्विशेष प्रकाश [स्फुरण] नै जगत्को अधिष्ठान हो । (सत्यं ज्ञानमानन्दं ब्रह्म) यो श्रुति यसैलाई आत्मा बताउँछ ।

"प्रमाणोत्पादिता विद्या प्रमाणं प्रबलं विना । न नश्यति न वेदान्तात्प्रबलं मान मीक्षते ॥" भन्न सकिन्छ कि आत्माको सम्यक् ज्ञान [विद्या] कालान्तरमा नष्ट हुन्छ; किन्तु यो ठीक होइन, किनकि वेदान्त–प्रमाण जन्य भएकोले त्यस भन्दा पनि प्रबलतर अन्य प्रमाण विना त्यो नष्ट हुन सक्दैन । श्रुति भन्दा श्रेष्ठ अर्को प्रमाण कुनै विद्यमान छैन [वेदान्त महावाक्यबाट उत्पन्न ज्ञान कदापि नष्ट हुन सक्दैन]ज्ञानाको समक्ष[संमुख]आत्मा सर्वदा परिज्ञात[शाश्रांसित जानिएको] रुपमा प्रकाशित रहन्छ । "स वेत्ति वेद्यं तत्सर्वं नान्यस्तस्यास्ति वेदिता । विदिताविदिताभ्यां तत् पृथक् बोधस्वरूपकम् ॥" आत्मा सबैको प्रकाशक हो, उसलाई कुनै ले प्रकाशित गर्न सक्दैन किनकि त्यो न त विदित [ज्ञात] वस्तु हो, न अविदित [अज्ञात] वस्तु हो । त्यो निरन्तर स्वयं प्रकाशमान वस्तु हो [जान्नु नजान्नु पुरुष तन्त्रमा

हुन्छ, त्यो प्रकाश स्वरुप आत्मालाई स्पर्श गर्न सक्दैन] बुद्धि आत्मामा कल्पित भएको हुनाले त्यसको प्रचार साक्षी स्वरुपमा संभावित छैन । भ्रम र प्रमा [यथार्थ ज्ञान]यी दुवै बुद्धिका धर्म हुन् । सम्यक् ज्ञान अज्ञानलाई नष्ट गराइदिन्छ । प्रमातृ भाव [जीव भाव] नष्ट भएपछि आत्मा स्वयं सकृत् [बारंबार] प्रकाशित हुन्छ । भ्रमद्वारा जो अप्रकाशित [नदेखिने] प्रतीत भएको थियो, त्यो भ्रम दूर भएपछि आत्मा साक्षात् सम्यक् प्रकाशित भइहाल्छ । यस बाद पुरुषतंत्रता निवृत्त हुन्छ,अतः स्वयं प्रकाशमान आत्मा आफ्नै महिमामा परिशिष्ट [बाँकि] रहन्छ । उसमा विदित, अविदित केही रहँदैन, आत्म प्रकाश वस्तु तंत्र हो ।

"श्रवणादित्रयं तद्वत्तत्व मिथ्याविवेचनम् । पुनग्रन्थेरनुदयो वोध स्यैतं त्रयोयताः ॥" श्रवण, मनन, निदिध्यासन आत्मबोधका हेतु हुन् । तत्व, मिथ्या× विवेचन –बोधको स्वरुप हो र अहं भावको–अनुदय [उदय नहुनु] बोधको कार्य हो । "तत्वबोधः प्रधानंस्यात् साक्षान्मोक्ष प्रदत्वतः । बोधो पकारिणावेतौ

× झूठो साबित गराउने ।

वैराग्यो परमावुभौ ।" वैराग्य र उपशम [वासनाक्षय र मनोनाश] यी दुइ बोध [ज्ञान] का सहकारी [सहयोगी] हुन् । ज्ञाननै प्रधान हो किनकि त्यो साक्षात् मुक्ति फल प्रदान गर्दछ । "पूर्णबोधे तदन्यो द्वौ प्रतिबद्धौ यदा तदा । मोक्षोऽपि निश्चितः किन्तु दृष्ट दुःखं न नश्यति ।।" सम्यक् साक्षात्कारको उदय भएपछि, वैराग्य र उपरति यदि प्रतिबन्धक पापवसात् उदित भएन भने [चतुर्थी भूमिका स्थित] ज्ञानी पुरुषको दृष्ट [देखिएको] दुःख नष्ट नभए पनि त्यसको मुक्ति [विदेह मोक्ष] सुनिश्चित छ । "ज्ञानिनोऽज्ञानिनश्चात्र समे प्रारब्धकर्मणि । न क्लेशो ज्ञानिनो धैर्यान्मूढः-क्लिश्यत्य धैर्यतः ।।" ज्ञानी, अज्ञानी दुवैलाइ प्रारब्ध कर्मको भोग भोग्नु पर्दछ । फेरी पनि धैर्य शिल ज्ञानीलाई त्यसबाट केही क्लेश हुँदैन, किन्तु अज्ञानी धैर्य रहित हुनाले क्लेशको अनुभव गर्दछ । "अद्वयानन्दरुपश्य सद्वयत्वञ्च दुःखिता:। बन्ध: प्रोक्तः स्वरूपेण स्थितिर्मुक्तिरितिर्यते ।।" अद्वितीय सुखरुप आत्माको अविद्या (अज्ञान) र त्यसको कार्यसित अध्यास (अभिमान) हुनुनै दुःख हो, त्यसैको नाम बन्ध हो । निज स्वरुपमा पुनः स्थिति "मुक्ति" कहिन्छ । "अविचार कृतो बन्धो विचारेण निवर्तते । तस्माज्जीवपरात्मानौ सर्वदैव विचारयेत्।।" विचारको अभावबाट उत्पन्न भएका बन्धन, विचारले नै

नष्ट हुन्छ। अतएव साक्षात्कार पर्यन्त जीव र परमात्माको संबन्धमा सर्वदा विचार गरिरहनु कर्तव्य हो

वासना क्षय

--)(❀)(--

अब वासनाक्षयको अभ्यास प्रदर्शित गरिन्छ— "आशायस्य विलोकितेऽपि विषये नोदेति नाप्याग्रहो, ब्रह्मण्येव तदात्मनास्थिततया नाहं मतिर्वर्तते ॥ नेदं कार्यमकार्यमित्यपि कथा बाह्यार्थसम्भावना । जीवन्नेव स मुक्त इत्यभिदधे प्राचीनवाचा यमी ॥×॥ अनादिकालीनदुरन्तवासना, दोषेण दुष्टा पुरुषस्य बुद्धिः॥ नानाविधं विश्वमिदं प्रसूते, स्वप्नादिवत् ब्रह्मणि केवलेऽद्वये ॥×॥ गच्छन् तिष्ठन् स्पृशन् जाग्रन् निवसन्नुत्पतन् पतन्। असदेवेदमित्यन्तर्निश्चित्यास्थां परित्यज ॥×॥ स्वायत्तमेकान्तहितं स्वेप्सिततयागवेदनम् । यस्य दुष्करतां यातं धिक् तं पुरुषकीटकम् ।" आफ्नो मनमा कुनै प्रकारको इच्छा उठ्यो भने त्यसलाई हटाउनु आफ्नै हातमा छ र अत्यन्त हितकर (भलो गर्ने) पनि छ। विवेकीहरुका निमित्त केही कठिन कुरा छैन। "रात्रिघस्त्री सुप्तिबोधावुन्मीलननिमिलने। तूष्णींभाव मनोराज्ये इव सृष्टि लयाविमौ॥" जस्तो रात्रि व्यतीत भएपछि दिन आउँछ, निद्रा समाप्त भएपछि जागरण हुन्छ, उन्मीलन बाद निमीलन हुन्छ, चूपचाप रहेपछि मन चिन्तनमा रत हुन्छ, त्यस्तै सृष्टि बाद प्रलय

हुन्छ । सुतरां (यसैले) यो सृष्टि या स्थितिमा आस्था गर्न सक्दिन, किनकि त्यो विद्यमान रहने कुरा नै होइन । "श्रूयते दृश्यते यद्यत् स्मर्यते वा नरैः सदा । असदेव हि तत्सर्वं यथास्वप्नो मनोरथः ।।" श्रूयतां ज्ञानसर्वस्वं श्रुत्वा चैवावधार्यताम् । भोगेच्छा मात्रको बन्धस्तत्त्यागो मोक्ष ईष्यते ।।" विषय भोगको इच्छा, बन्ध कहिन्छ । त्यो इच्छाको उदय न हुनु नै मोक्ष कहिन्छ । यस अतिरिक्त अरु जान्न योग्य तत्व नै छैन ।

—)(❀)(—

विचारालोकको चौविसौं प्रकरण सकियो

—)(❀)(—

पच्चीसौं प्रकरण

—)(❀)(—

"किमन्यैः शास्त्र सन्दर्भैः क्रियतामिदमेव तु । यद्यत् स्वादिह तत्सर्वं त्यज्यतां विषवह्निवत् ।।" जो जो मनमा सरस प्रतीत हुन्छ, त्यो त्यो कुराको त्याग गर्नाले नै परमसुख प्राप्ति हुन्छ । यहि समस्त ज्ञान तथा शास्त्रको सार-धर्म हो । विष किंवा अग्निलाई ग्रहण गर्नाले जस्तो सर्वनाश हुन्छ, त्यस्तै शब्द स्पर्शादि कुनै पनि विषयको मनमा रसयुक्त चिन्तन हुन दिइयो भने दुःखको सीमा रहँदैन । यो जानेर विषय चिन्तन देखि क्षणक्षणमा विरत रहनु, मुमुक्षुको निमित्त अत्यन्त हितकर (कल्याण गर्ने) छ ।

" तानि मित्राणि शास्त्राणि तानि तानि दिनानि च । विरागोल्लासवान् येभ्य आत्मचित्तोदयः स्फुटम् ।।×।। सर्वमात्मेदमखिलं किं वाञ्छामि त्यजामि किम् । इत्यसङ्गस्थितिं विद्धि जीवन्मुक्त तनु स्थितिम् ।।×।। यथा दारु गजत्वेन नरत्वेन विवर्तते । यथाकाशस्तलत्वेन नीलत्वेन विवर्तते ।। तथा ब्रह्म जगत्वेनानादि भ्रान्त्या विवर्तते ।।×।। सैव प्रकृतिरचित्यः स्यादिक्षेत्रा वृत्तिरूपिणि । मूल प्रकृतिरित्येषा कीर्त्यतेऽ

नादि वासना ॥×॥ आत्मासङ्ग स्ततोऽन्यत् स्यादिन्द्रजालं हिमायिकम् इत्यचञ्चल निर्णीते कुतो मनसि वासना ॥×॥ चिन्मात्रं यद्यदा भातं जलवाह विवर्तवत् । तत्ताद्दृक् कथमन्याभमन्यस्या सम्भवाद्भवेत् ।×॥ दुर्बुद्धिभिः कारणकार्यभावं, सङ्कल्पितं दूरतरे व्युदस्य । तदेवतसत्वमनादिमध्यं जगत्तदेतत् स्थितमित्यवेहि ॥×॥ चिच्चेत्यकलनाबन्धस्तन्मुक्तिर्मुक्ति रुच्यते । चिदचेत्याखिलात्मेति सर्व सिद्धान्त संग्रहः ॥×॥" प्रकाशक र प्रकाश्य यो दुइको संबन्ध एवं कल्पना नै बन्ध हो । शुद्ध प्रकाश नै हो (प्रकाश्य होइन) त्यो प्रकाश नै आफ्नो निजस्वरुप हो । यस्तो स्वाभाविक अनुभव हुनु नै मुक्ति हो । जो सबैको आत्मा र एकमात्र सार वस्तु छ, त्यो अखण्ड प्रकाश मात्र हो । यहि संक्षेपमा समस्त शास्त्रको सिद्धान्त हो ।

आत्मनो व्यतिरेकेण नकिञ्चिदपि विद्यते । सर्वं ब्रह्मेति मे तत्वमेतत्तद्बुद्धा वयाम्यहम् ॥×॥ यावत्सर्वं न सन्त्यक्तं तावदात्मा न लभ्यते । सर्वावस्था परित्यागे शेषआत्मेति कथ्यते ॥×॥बुद्धीन्द्रियार्थ रूपेण ज्ञानं भाति तदाश्रयम् । दृश्यत्व व्यतिरेकाभ्यामाद्यन्त वद्वस्तु यत् ॥×॥ न स्वप्नजाग्रन्न च तत्सुषुप्तं न खं जलं भूरनिलोऽग्निरर्कः । संवुप्तच्छून्यवदप्रतर्क्यं तन्मूलभूतं पदमामनन्ति ॥×॥ संविदेव नृणां जीवः सयथाद्दढभावनः । तथा सुखी वा दुःखी वा भवेदित्येष निर्णयः ॥×॥ भ्रमस्य जागतस्यास्य जातस्याकाशवर्णवत् । अपुनःस्मरणं साधो मन्ये विस्मरणं वरम् ॥×॥ हरिर्यद्युपदेष्टा ते हरः कमलजोऽपिवा । तथापि न तव स्वास्थ्यं सर्वविस्मरणादृते ॥×॥ मनोमयत्वात्सर्वेऽर्थाः स्वप्न जागरयोः समाः । सृष्टा नष्टा अपि ध्यातुः शोक मोह भयप्रदाः ॥×॥ वाह्यचिन्ता न कर्तव्या तथैवान्तर चिन्तना । सर्व चिन्तांपरित्यज्य

चिन्मात्र परमो भव ॥" कुनै प्रकारको चिन्ता मनमा उठेन भने अचल, अखण्ड अन्तः करणमा स्वयं प्रकाश आत्मानै भासमान हुन्छ; अर्थात् अखण्ड अन्तःकरणमा स्वतः प्रत्यगात्माको अनुभव हुन्छ ।

"अनन्तं वत मे वित्तं यस्य मे नास्ति किञ्चन । मिथिलायां प्रदग्धायां न मे किञ्चिन्नदह्यते ॥×॥" परिच्छिन्न कुनै विषयमा पनि जसको अभिमान छैन, सारा प्रपञ्च त्यसैको भइहाल्छ (किनकि समस्त प्रपञ्चको त्यही चेतन अधिष्ठान [आधार] हो) सुतरां (यसैले) मिथिला नगरी भस्म हुंदा पनि राजा जनकको केही हानि भएन । वासनाक्षय भएपछि ज्ञानी पुरुषको निज अखण्ड प्रकाश तथा पूर्णानन्दमा कुनै क्षति हुंदैन । "देहेन्द्रियादावसति भ्रमोदितां, विद्वानहन्तां न जहाति यावत् । तावन्न तस्यास्ति विमुक्तिवार्ताप्यस्त्वेष वेदान्तनयान्तदर्शी ॥×॥ वेदनं सुखदुःखादेर्यत्तत् प्रत्यक् चिदात्मकम् । तद्ब्रह्माहमिति ज्ञात्वा मुच्यतेऽत्रैव मा चिरम् ।×॥ भूतभौतिकमायानामसत्वेऽत्यन्त वासिते । सद्वस्त्वद्वैतमित्येषा धीर्विपर्येति न क्वचित् ॥×॥ नरकाविव निर्विण्णो यावन्नात्मज्ञो नरः नतावदधिकारोऽस्ति कैवल्य ज्ञान वर्त्मनि ॥×॥ समस्त पदार्थमा अनिच्छा किंवा इच्छा रहित नभए सम्म आत्मज्ञानको अधिकारी हुन सक्तैन ।

"सत्यखण्ड चिदालोके गवाक्षातपरेणुवत् । अण्डानि कोट्यो

भान्ति भ्रमात् स्वप्नादि दृश्यवत् ।। घटाद्विभिन्नतो ज्ञात्वा वीतरागं विवासनम् । एवं मिथः समाधिःस्यात् सर्व संकल्पवर्जितः ।।×।। चितिरूपं स्वमात्मानं भजध्वं चेत्यवर्जितम् । नास्ति चेत्यं चितेरन्यद् दर्पणे प्रतिबिम्बवत् ।।×।" चैतन्य स्वरुप चेत्य (दृश्य) होइन । अतः शुद्ध प्रकाशनै आफ्नो स्वरुप हो, जस्तो प्रतिबिंब (छायाँ) दर्पण देखि भिन्न छैन; त्यस्तै चेत्य पनि चिति (चैतन्य स्वरुप) देखि भिन्न छैन । "चितिश्चेत्य-श्चितिरहश्चिति सर्वः चराचरम् । यतः सर्व चितिमनुभाति सा तु स्वतंत्रतः ।।" समस्त दृश्य पदार्थ (म, चराचर जगत्) चैतन्य स्वरुपनै हो, किनकि या सारा चैतन्यालोक (चेतनको प्रकाश) को सत्ता पाएर सत्ता स्फूर्ति प्राप्त गर्दछन्; किन्तु चिति स्वयं (निजालोक-आफ्नै प्रकाशले) सर्वत्र प्रकाशित रहन्छ ।

"अतश्चिर्चाति जनाः सर्वभासिनीं सर्व संश्रयाम् । भजध्वं भ्रान्तिमुत्सृज्य चितिमात्र सुदृष्टयः ।।×।। रज्जु सर्पादिवद्विश्वं नाज्ञानं सदितिस्थितम् । प्रबुद्ध दृष्टिसृष्टत्वात् सुषुप्तौ च लय श्रुतेः ।।×।। वन्ध्या पुत्रादिकं नैव चिन्तयेद्बुधोऽपि हि । तत्तुल्य मनृतं द्वैतं विवेकी चेत् कथं स्मरेत् ।।×।। प्रबुद्ध स्वप्नदृष्टान्य योगक्षेमं न चिन्तयेत् । जागरेऽपि तथा चेत्स्यादनायासेन मुच्यते ।।×।।"

स्वप्नबाट जागेपछि जसरी स्वप्न दृष्ट (स्वप्नमा देखिएको)

व्यक्तिहरुको योग र क्षेमको चिन्ता हुँदैन, त्यस्तै जाग्रतमा पनि यदि कसैको चिन्ता भएन भने सहजैमा मुक्ति सिद्ध हुन्छ ।

—)(❀)(—

विचारलोकको पच्चीसौं प्रकरण सकियो

—)(❀)(—

छब्बीसौं प्रकरण

—)(❀)(—

"अध्यारोपापवादाभ्यां जायते लीयते मनः । न केनचिच्च सम्बन्धो ममत्वद्वैत चिन्तनो ॥" प्रकाश स्वरूप 'म' मा आरोप द्वारा मनको उत्पत्ति हुन्छ । अपवाद द्वारा त्यसको निरसन (खण्डन) पनि हुन्छ (यो मनको कल्पित वस्तु हो, यस्तो निश्चय भएपछि मनको लय हुन्छ) सुतरां (यसकारण) असत्य मनको कुनै कार्यसित मेरो संबन्ध छैन। म, एक अद्वितीय प्रकाश मात्र हुँ । "त्यक्त्वा देहाभिमानादि मृत्योर्नैव बिभेतियः । स एव मुच्यते बन्ध्यान्नान्यो वेदान्तवेद्यपि ॥" देहमा अहं बुद्धिको वासना सहित विनाश भएपछि मृत्युको भय रहँदैन । अनि मात्र मुक्ति सिद्ध हुन्छ, अन्यथा हुंदैन ।

"निर्विशेष श्चिदाकाशो बहिर्देहादि वान्तरः । इति निश्चित्य सुदृढं शून्यवत् सर्वदा भव ॥" देह भित्र बाहिर सर्वत्र अवस्थित (रहेको) विशेष मात्र रहित अखण्ड प्रकाश नै 'म' हुं यस्तो अत्यन्त दृढरूपले जानेर, निश्चल मनले सर्वदा अवस्थान

(रहने) गर्नु पर्दछ । यसबाट आत्म साक्षात्कारको उदय हुन्छ । "आन्तरस्वप्नवन्मिथ्या वहिर्जाग्रन्मनोमय । नास्त्यद्वैतं सदेत्येवं शुद्धाद्वैतं समाश्रय ।" जस्तो भित्रको दृष्ट स्वप्न प्रपञ्च मिथ्या छ,त्यस्तै वाहिर दृश्यमान (देखिएको) जाग्रत्कालीन प्रपञ्च पनि मनको विलास मात्र हो (वृत्ति गोचरतानै विषयको सत्यता हो) यस्तो वृत्तिको अनुदय (उदय नहुनु) भएपछि विषय सत्य प्रतीत हुँदैन । अतः द्वैत (दृश्य या प्रकाश्य पदार्थ) कुनै कालमा छैन । म, शुद्ध अखण्ड बोधस्वरुप हुँ, मेरो अतिरिक्त अरु केही छैन ।

"यश्चैतन्यमनुस्यूतं जाग्रत्स्वप्न सुषुप्तिषु । तदेव त्वमिदं तत्वमितो नास्त्यधिकं पदम् ॥×॥ मायैव नास्ति चेत् दृश्य मितोऽन्यत्स्यात् कथं पृथक् । इति संवित्प्रत्यगात्मा समाधिः स्यान्नचापर ॥×॥ जब मायानै अवस्तुभूत हो भने त्यसको कार्य देह इन्द्रिय मन इत्यादि केही पनि सत्य भएन । प्रकाश्य (प्रकाशित हुने वस्तु) को अभावमा प्रकाश अवशिष्ट (बाँकी) रहन्छ । त्यही आफ्नो स्वकीय (निजी) रुप हो । यसप्रकार अखण्ड चित्तमा प्रत्यगात्माको पूर्ण प्रकाश हुनुनै समाधि हो । यो कुनै कृत्रिम (बनावटी) आयास साध्य (परिश्रमद्वारा मिल्ने) स्थिति होइन ।

प्रश्न– माया (अज्ञान) केलाई भनिन्छ ?

उत्तर– बुद्धिमा प्रत्यगात्माको सम्यक्प्रकाशनको अभाव हुनु अज्ञान कहिन्छ । ज्ञानका प्राक्कालीन (पूर्वस्थित) उदय नहुनु किंवा अभाव हुनु अज्ञान हो (त्यो ज्ञान पदार्थ होइन) ।

प्रश्न– आत्मा त निज अखण्ड स्वरुपमा स्वयं सर्वदा प्रकाशित छ म. म, यस रुपमा उसको (आत्माको) अनुभव नित्य निरन्तर भइरहन्छ । अनुभव सिद्ध वस्तुलाई पुनः अनुभव गर्नु त पिष्ठ पेषण (पिठोलाई पिने जस्तो) मात्र हो ।

उत्तर– होइन, त्यो आत्मालाई यथार्थ रुपले जान्नाको आवश्यकता छ । अन्यथा आफ्नो स्वरूपको संबन्धमा भ्रम (विशिष्ट 'म' भाव) रहन जान्छ ।

प्रश्न– सम्यक् ज्ञान कहिले उत्पन्न हुन्छ ?

उत्तर– देहादि जगत्प्रपञ्चको वासना निवृत्ति भएपछि ज्ञान प्राप्ति हुन्छ ।

देहाहंकार मूलाहि सर्वानर्थ परंपरा । अतः प्रयत्नाद्धातव्यः शनैः शश्वद् दुरासदः ॥ × ॥ नाहंदेहो नमेदेहः साक्षसङ्गश्चिदद्वयः । इत्येतत्प्रथमं सर्वं साधनानां मतोजनैः ॥ × ॥ अनात्ममात्रे यस्यास्ति ह्यरुचिर्मल मूत्रवत् । स एव तत्वं जानाति नान्यशास्त्र कुदृष्टयः ॥ × ॥ माता पित्रोर्मलोद्भूतं निन्द्यं दौर्गन्धिकं वपुः । कथः मेतद्भवेदात्मा ह्यहोमोहस्य वैभवम् । × ॥ अन्यत्र वित्तात् कान्ताया विरक्ताः सर्वएवहि । तयोर्विरक्तो यः कश्चित्स्यान्नवेति तु संशयः ॥ × ॥ दृश्यमानमिदंसर्वं दर्शनाभासमेव

हि । दर्शनादन्यवरत्वेव वाचारंभणतो न हि ।।×।। समस्त प्रकाश्य प्रपञ्च अखण्ड प्रकाशकानै अन्तः पाती हो; अर्थात् सारा प्रपञ्च अखण्ड प्रकाशकै भित्रको हो (अन्यथा दृश्य प्रकाश कसरी हुने ?) सुतरां कुनै पनि प्रकाश्य पदार्थ छैन । यो शब्द मात्रले पनि पर्यवसित (समाधान) भयो ।

निःशेष नाशे मोक्षः स्यादाशायाः सर्ववस्तुषु । नेतोऽन्यत् साधनं साक्षान्मुख्यं ज्ञानस्य सिद्धये ।।×।। पारमार्थिकमद्वैतं नित्यं निरुपमंसुखम् अत्यन्त दुःसहं दुःखं द्वैतं तुच्छं महानृतम् ।×।। दृश्यं शून्यं सदा विद्धि कामक्रोधाद्यसिद्धये । कामक्रोधादि विषय को वा का कि कुतः क्वच ।।×।। तत्र को मोह इत्यादि श्रुत्याद्वैतनिषेधनात् । शून्य साक्षी बोध आत्मा भूमानन्दश्चिवद्वयः ।।×।। अहं त्वं तदिति भ्रान्त्या-त्वेकस्मिन् भेदकल्पनात् । कामक्रोधादिवशगो दुःखं याति सुखाच्च्युतः ।×।। परिभूतेमृतेनैव या विर्मति कदाचन । देहात्मनसंत्यागात् सर्वं मुक्तो भविष्यति ।।×।। अनात्मशून्यताज्ञान दार्ढ्यात् देहात्मधीक्षये तूष्णीम्भावो भवेन्मुक्तेः साधनं परमं श्रुतेः ।।×।। भ्रान्तधीकल्पिते दृश्ये शोकमोहादिकं कुतः । विदुषामपि दुस्त्याज्यं विना तु दुरितं क्षयम् ।।×।। जब सम्म प्रतिबन्धक पापको क्षय हुँदैन, तब सम्म शोक मोहको निवृत्ति हुँदैन । अतएव मुमुक्षुका

निमित्त निरन्तर वासना नाशको प्रयत्न गर्नु अत्यावश्यक छ ।

"नैवेन्द्र जालिकोऽपीच्छेत् स्वसृष्टं महदद्भुतम् । तथा नेच्छति नेन्मुक्तः स्वसृष्टं स्वप्नवज्जगत् ॥×॥ दोषदृष्टिर्जिहासा च पुनर्भोगेष्वदीनता । असाधारण हेत्वाद्या वैराग्यस्य त्रयोऽप्यमी ॥×॥ विषयमा दोषदर्शन हुनु वैराग्यको हेतु (कारण) हो विषय–वितृष्णा (विषयहरुमा अरुचि बुद्धि) वैराग्यको स्वरुप हो । भोग प्राप्ति नभए पनि दुःखित या अधीर नहुनु, वैराग्यको फल हो ।

—)(※)(—

विचारालोकको छब्बीसौं प्रकरण सकियो

—)(※)(—

सत्ताइसौं प्रकरण

—)(❀)(—

ज्ञानी महात्माहरु मलिन र शुद्धभेदले दुई प्रकारको वासना बताउँछन् । मलिन वासना अज्ञान अहंकार युक्त र जन्मको हेतु हुनाले त्याज्य छ । शुद्ध या आत्म वासना अभ्यसनीय (अभ्यास गर्न योग्य) छ । मलिन वासना—लोक वासना, देह वासना, शास्त्र वासना भेदले तीन प्रकारको देखिन्छ । दंभ, दर्प, अभिमान, क्रोधादि अज्ञान सहित स्त्री पुत्रादि विषयहरुको अभिलाषा मलिन वासना हो । विवेक द्वारा विषयादिमा दोष दर्शन, विषयको सङ्ग र सन्निधि त्याग तथा प्रतिकूल (उल्टो) वासनाका उत्पत्ति द्वारा उक्त मलिन वासनाको उन्मादन (नाश) गर्नु नैवासना चयको अभ्यास हो । साधु—सङ्ग, सद्व्यहार, संसारी भावको परित्याग, शरीरमा नश्वरत्व (विनाशपन) को दर्शन र संसारमा जन्म मरण ज्वरादि दुःखको स्मरण, इत्यादि साधनहरुका सहायताले मलिन वासना

उदय हुन सक्दैन । वासना उत्पत्ति हुनमा सङ्ग दोष र कर्म प्रधान कारण छ । अतएव असत्सङ्ग त्याग र इच्छानुसार आचार व्यवहारको परिवर्जन (त्याग गर्नु) अपेक्षित (आवश्यक) छ । विशेष गरेर स्त्रीहरु तथा स्त्रीसङ्गी-हरुको सङ्गत्याग र निर्जन (एकान्त) मा आत्मचिन्तन अत्यावश्यक छ । मलिन वासनाको विरोधी (प्रतिकूल) वासनाहरुको अवलंबन गर्नुपर्छ । त्यो मैत्री, करुणा, मुद्रता, उपेक्षा भेदले चार प्रकारको छ । अरुको सुखमा स्वयं सुखी हुनु "मैत्री" हो । अरुको विपत्तिमा दुःखी हुनु "करुणा" हो । पुण्यात्मा पुरुषको दर्शनमा उत्साह र आनन्द हुनु "मुदिता" हो । पाप कर्ममा हेयता (घृणा) बुद्धि हुनु "उपेक्षा" हो । द्वेष असूया (ईर्ष्या), मद मात्स-र्यादि निवृत्त भएपछि चित्त प्रसन्न हुन्छ ।

मैत्री आदि वासनाहरुको (दृढ संकल्प पूर्वक) अभ्यास गरेर अजिह्नत्वादि धर्महरुको अभ्यास गर्नु पर्दछ । अजिव्ह, षण्डक, पंगु, अन्ध, बधिर, तथा मुग्ध पुरुष समान आचरण (व्यवहार) गर्नु पर्दछ । भोजन कालमा यो मिठो,यो नमिठो, यसप्रकारको बोध जसलाई हुंदैन; जो सत्य, हित, परिमित मात्र (अडकलेर मात्र)

बोल्छ, त्यो अजिह्व (जिब्रा नभएको) हो । नयाँ षोडश वर्षीय (सोह्र वर्षकी श्यामा (तरुणा) कि वा शतवर्षीय (सय वर्ष पुगेका) वृद्धा (बुढिया) देख्दा जो समभावनाले काम विकार रहित भएर स्थित हुन्छ, त्यो पण्डक (नपुं-सक) हो । भिक्षार्थ (भिक्षा निमित्त) या मलमूत्र त्यागका निमित्त, जो एक योजन (चारकोश) भन्दा अधिक गमन गर्दैन, त्यो पङ्गु (खोरण्डा) हो । स्थिति किंवा गमन कालमा, जसको नेत्र सोह्र हात देखि टाढा जाँदैन या देख्तैन, त्यो अन्ध (कानु) हो । हिताहित (जाति न जाति) मनोरम (मनमाई आनन्द दिने) कि वा शोक युक्त वचन सुनेर पनि जो सुन्दैन, समचित्त भएर रहन्छ, त्यो बधिर (बहिरो) हो । समर्थ इन्द्रियहरुले संपन्न भए-तापनि जो भोग्य विषय समीप सुप्त पुरुष (निदाएको मान्छे) झैं स्थित रहन्छ, त्या मुग्ध (आसक्त) कहिन्छ ।

यसप्रकार अजिह्वादिको अभ्यास गरे पछि, चिन्मात्र वासनाको अभ्यास गर्नु पर्दछ । यो नाम रुपा-त्मक (नाम रुपसित मिलेको) जगत्, चैतन्यमा कल्पित भएको हुनाले स्व-सत्ता (आफ्नो सत्ता) शून्य छ र

चैतन्यका सत्ता एवं स्फूर्तिबाट सत्ता स्फूर्ति प्राप्त गर्दछ। अतएव नाम र रूप मिथ्या (झूठो) तथा उपेक्षणीय [तिरस्कार गर्न योग्य] छ। अतः म चिन्मात्र हुँ [अखण्ड प्रकाश रुप वस्तु हुं] यस्तो भावना गर्नु पर्दछ [यस्तो भावना हुनु स्वाभाविक हो] यो चिन्मात्र –भावना दुइ प्रकारका छ – पहिले त्रिपुटी–अनुभविता [अनुभव गर्ने] अनुभाव्य [अनुभव गरिने] अनुभव [विचार] को अनुसन्धान पूर्वक र दोश्रो त्रिपुटीको अनुसन्धान पूर्वक अर्थात् प्रयत्नले नगरीकन गरिने भावना। यसप्रकार भावनाको दृढ अभ्यासले समस्त मलिन वासनाहरुको क्षय भएर जान्छ।

मनो नाश

— (*)(—

मन या अन्तःकरण सुवर्ण आदि समान सावयव [अवयव–अंशयुक्त]छ। मननात्मक[विचार भित्रको] हुनाले त्यो कामादि वृत्ति रुपमा परिणत हुन्छ। त्यो सत्व, रज, तम, त्रिगुणमय [तीन गुण युक्त] छ। रज र तम विशिष्ट [रजोगुण र तमोगुण ज्यादा भएको]

अन्तःकरण अत्यन्त स्थूल हुनाले आत्मदर्शनको योग्य हुँदैन। यसर्थ वृत्ति निरोधद्वारा त्यसलाई सूक्ष्म [आत्म दर्शन योग्य] बनाउनु पर्दछ, यसैको नाम मनोनाश हो। यसको साधन अध्यात्म शास्त्रको परिशीलन [शोच विचार गर्नु] साधुसङ्ग, वासना त्याग, प्राण को निरोध हो। गुरुको उपदेशानुसार अशन [आहार] आसनद्वारा प्राणायामको अभ्यास गर्नु पर्दछ। उक्त साधनको सहायताले चित्तवृत्तिको निरोध भएपछि, मुमुक्षुको मनोनाश हुन्छ। त्वं निर्विकल्पेन समाधिना स्वंसर्वात्मकं वीक्ष विवेकदृष्टया। स्वात्मन्यशेषं प्रविलाप्य दृश्यं पूर्णात्मना तिष्ठसुखं विमुक्तः ॥ × ॥ साक्षिण्यशेषं प्रविलाप्यदृश्यं तमद्वये ब्रह्मणि निष्प्रपञ्चे। ततः स्वयं व्योमवदेव पूर्ण बोधात्मना तिष्ठति यः स मुक्तः ॥ × ॥ निरञ्जनेनिर्विकारे निष्क्रियेऽसङ्गवस्तुनि। स्वात्मन्यारोपितं सर्वंस्वप्नवत् सर्वदा मृषा ॥ × ॥ निद्रा कल्पित देशकाल विषय ज्ञानादि सर्वंयथा, मिथ्यातद्वदिहापि जाग्रति जगत् स्वाज्ञान कार्यत्वतः ॥ यस्मादेवमिदं शरीरकरण प्राणाहमाद्यप्यसत्, तस्मात्तत्वमसि प्रशान्तममलं ब्रह्माद्वयंसत्परम् ॥ × ॥ अविद्यमानोऽप्यवभासतेद्वयो, ध्यातुर्धिया स्वप्नमनोरथौ यथा। तत्कर्मसंकल्पविकल्पकं मनो, बुधोनिरुन्ध्यादभयं ततो भवेत् ॥ × ॥ विषयाकारतापत्तिवृत्तेर्येन निवार्यते विपश्चिता मन.तेन निर्जित नात्रसंशयः ॥ × ॥ उन्मेषश्च निमेषश्च सुकरः स्याद्यथा तथा। मनोजयोऽपि सुकरो विदुषस्त्वतमवेदिनः ॥ × ॥

दृश्यंनास्तीतिबोधेन मनसो दृश्यमार्जनम् । संपन्नंचेत्तदुत्पन्ना परानिर्वाण निर्वृतिः ॥×॥ मनोदृश्यमिदं द्वैतं यत्किञ्चित् सचराचरम् । मनसो ह्यमनीभावे द्वैतं नैवोपलभ्यते ॥×॥ आत्मसत्यानुबोधेन नसंकल्पयते यदा । अमनस्तां तदायाति ग्राह्याभावे तदग्रहम् ॥×॥ ज्ञानस्वरुपा-त्मतत्तोऽन्यज्ज्ञेयं नैवास्तिकिञ्चन । स्वप्नवज्ज्ञेयरुपेणमनो मायैव जृंभते यथा स्वप्नप्रपञ्चोऽयं मयि माया विजृंभितः । तथा जाग्रत्प्रपञ्चोऽयं मयि माया विजृंभित ॥×॥ ईक्षेत विभ्रममिदं मनसो विलासं दृष्टं त्रिनष्ट-मति लोलमलातचक्रम् । विज्ञानमेकमुरुधेव विभाति माया स्वप्नस्त्रिधा गुण विसर्गकृतो विकल्पः ॥×॥ मनः सृजति वैदेहान् गुणान् कर्माणि चात्मनि तन्मनः सृजते माया ततोजीवस्य संसृतिः ॥×॥ लक्षे ब्रह्मणि भानसं दृढतरं संस्थाप्य वाह्येन्द्रियं । स्वस्थाने विनिवेश्य निश्चलतनुश्चोपेक्ष देहस्थितिम् ॥ ब्रह्मात्मैक्यमवेक्ष तन्मयतया चाखण्ड वृत्यानिशं । ब्रह्मानन्दरसं पिवात्मनि मुदा शून्यैः किमन्यै-र्भृशम् ॥×॥

—)(❀)(—

विचारालोकको सत्ताइसौं प्रकरण सकियो

—)(❀)(—

अट्ठाइसौं प्रकरण

—)(❀)(—

चेत्यं संवेदनाज्जीवो भवत्यायाति संसृतिम् । तदयं वेदनाद्रूपं समायाति परं पुनः ॥×॥ प्रातीतिकत्वं वेदान्त सिद्धान्ते जगतः स्फुटम् । अतः सुप्तौजगल्लीनं प्रबोधे जायते पुनः ॥×॥ द्वैतभावाच्चिन्तनीयं स्वस्मादन्यत् किमस्ति भो । अतश्चिन्तां परित्यज्य सुप्तवत् सर्वदा भव ॥×॥ बद्धोमुक्तो महाविद्वानज्ञ इत्यादि भेदतः । एकएव सदा भाति नानेव स्वप्नवत् स्वयम्॥×॥ अतः स्वमुक्तौ वान्येषामाभासानामपि ध्रुवम् । मुक्तिं जानाति देवाह्यात्मनाह्यात्मविद्वरः ॥×॥ स्वसंसार दशायांतु स्वभ्रान्त्या सर्वदेहिनाम् । आभासानां च संसारं वेदमुक्ति तथैव च ॥×॥ कार्य कारणता ह्यत्र न किञ्चिदुपविद्यते या दृगेव परंब्रह्म तादृगेव जगत्त्रयम् ॥×॥ सर्वं हि मन एवेदमित्यं स्फूरति भूतिमत् । अलंजलाशयस्फारैर्विचित्रै चक्रकैरिव ॥×॥ यदिदंदृश्यते किञ्चिद्दर्शनात्तन्नभिद्यते । दर्शनं द्रष्टृतो नान्यद् द्रष्टैव हि ततो जगत् ॥× नानावटपटाकारैश्चेतः स्थिति मुपागतम् । तदेवा सुशभंनेयं मिथ्यायक्षमिवोत्थितः ॥×॥ नच तन्नाम वस्त्वस्ति यद्भूत्वा संप्रलीयते । आभास मात्रनेवेदं नसन्नासच्च राघव ॥×॥ जाग्रत्येव

हि संसुप्तां भावयन् सुस्थिरां स्थितिम् । सर्वमस्मीति संचिन्त्य सत्तै कात्मवपुर्भव ।। X ।। बहिर्नकिञ्चिदप्यस्ति खाद्यग्युर्वीदिगादिकम् । एतत् स्वचित्त एवास्ति पत्रपुञ्जमिवाङ्कुरे ।। X ।। मनोनिष्ठतया विश्वमिदं परिणतिगतम् । घटत्वेनैव मृत्पिडो धूमाम्बुदतयैव च ।। X ।। यदा संक्षीयते चित्तमभावात्यन्त भावनात् । संविन्मात्र स्वरूपस्य सत्ता सामान्यता तदा ।। X ।। येषुयेषुपदार्थेषु मनोमज्जति बालवत् । स्तेभ्यस्तेभ्यः समाहृत्य तद्धतित्वे नियोजयेत् ।। X ।। सबाह्याभ्यन्तरं राम सर्वत्र दृढतां नयः । सुखी दुःखी विमूढोस्मीत्येता दुर्दृष्टयः स्मृताः ।। X ।। आशु चेद्वस्तु बुद्धिस्ते तच्चिरं दुःखमिच्छसि । नास्त्यविद्येति सञ्जाते निश्चये शास्त्रयुक्तितः ।। X ।। मनसोवृत्तिशून्यस्य ब्रह्माकारतया स्थिति । सोऽ संप्रज्ञातनामासौ समाधि रभिधीयते ।। X ।। बाह्यचिन्ता न कर्तव्या तथैवान्तर चिन्तना । सर्वाचिन्तां परित्यज्य चिन्मात्र परमोभव ।। X ।। ज्ञेयवस्तु परित्यागाद् विलयंयाति मानसम् । मानसे विलययाते कैवल्य मवशिष्यते ।। X ।। आत्मानैव भवेच्चिन्त्यो यतोवाच इतिश्रुतेः । अनात्मापि तथैवस्यात्तुच्छत्वाच्छश शृङ्गवत् ।। X ।। उन्मन्यवस्थाधिगमाय विद्वन्नुपायमेकं तव निर्दिशामि । पश्यन्नुदासीन तया प्रपञ्चं संकल्पमुन्मूलय सावधानः ।। X ।। चिदाकाशात्मनोनैव निद्रालभ्य सुखादयः । धटवद्दृश्यमानत्वादात्मनस्त्वद्वयत्वतः ।। X ।। नेति नेतीति निखिलं निषिध्याशु प्रतिक्षणम् । चिद्धनानन्दरूपेण मुक्तिस्तूष्णीमवस्थितिम् ।। X ।।

दृश्यमानमपिद्वैतं जातु स्वप्नादिवन्नहि । इति निश्चयदार्ढ्येन

न पुनर्जायतेमनः ॥×॥ अध्यस्त मनसः क्वापि क्रिया काचिन्न संभवेत् । अधिष्ठानात्मसत्ताकमारोप्य स्वाप्निकादिवत् ॥×॥ सर्वदा सर्व शून्यत्व निश्चयात्स्यान्मनोलयः । समाधि रपि नान्योऽतो निर्विकल्पाख्य उत्तमः ॥×॥ मनोवागादि गम्यत्वे ब्रह्मणो ब्रह्मता कथं । अतस्तूष्णीमवस्थानं तत्प्राप्तौ साधनं श्रुतम् ॥×॥ मनोरथं द्विधा मत्वाजाग्रत्स्वप्न इति भ्रमात् । भोग्यबुद्ध्या संसरति जाग्रद्वस्तुत्यनात्मधी ॥×॥ अनात्म शून्यताज्ञान दाढर्यादेहात्मधीक्षये । तूष्णींभावो भवेन्मुक्तेः साधनंपरमं श्रुतेः ॥×॥ मनः शून्यं सदा कुर्यात् सुप्तिमूर्च्छादिवद्बुधः । यदा निर्विषयं चित्तं तदा शून्यं विमुच्यते ॥×॥ साधनान्तरसङ्घातं सन्त्यज्याशु सुदूरतः । शून्यं ध्यायेत् सदा दृश्यं तूष्णीम्भावो हि साधनम् ॥×॥ किं तच्चिन्त्यमचिन्त्यं किमिति सम्यग्विचारिते । चिन्ता विषय शून्यत्वात्तूष्णीम्भावोऽवशिष्यते ॥×॥ यथा जाग्रत्तथा स्वप्नो यथा स्वप्नस्तथाजनि । इति निर्णयतस्तूष्णीं नकिञ्चिदपि चिन्तयेत् ॥×॥ यावद्यावद् दृश्यमात्रे तुच्छत्व दृढनिश्चयः । तावत्तावन्मनोनाशात् स्वात्मानन्दो विभासते ॥× दृश्यं नास्तीति सततं सत्यंब्रूते श्रुतिः स्वयम् । भक्त्या बुध्वा मातृवाक्यं न किञ्चिदपि चिन्तयेत् ॥×॥ लयविक्षेपरहितं शैलवन्निश्चलं मनः । यदा भवेत्तदा मुक्तो जागरेऽपि सुषुप्तिवत् ॥×॥ द्वैताभावदृढज्ञाने विषयाभावतोमनः । नकिञ्चिच्चिन्तये त्तूष्णीं मृत सुप्तादिवद्भवेत् ॥×॥ यमादिधीनिरोधश्च व्यवहारस्य संक्षयः । स्युहेत्वाद्या उपरते रित्यशङ्कर ईरितः ॥×॥ उपरति (वैराग्य) उपशम (इन्द्रिय निग्रह) को हेतुस्वरूप

बताइन्छ—यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र सविकल्प समाधि। यी आठ योगाङ्ग (योगका अङ्ग) उपरतिका हेतु (साधन) हुन्। समाधि-अभ्यासबाट–प्रमाण, विपर्यय, विकल्प, निद्रा र स्मृतिरुप यी पाँच वृत्तिहरूको निरोध हुनु नै उपरतिको स्वरुप हो लौकिक तथा वैदिक व्यवहारको विस्मरण उपरतिको फल हो।

दृश्यं नास्तीति बोधेन मनसो दृश्यमार्जनम्। सम्पन्नं चेत्त दुत्पन्ना परानिर्वाणनिर्वृतिः ॥×। दर्शना दर्शनं हित्वा स्वयं केवल रुपतः। यस्तिष्ठति स तु ब्रह्मन् ब्रह्म न ब्रह्मवित् स्वयम् ॥×॥

जो पुरुष 'म ब्रह्मलाई जान्दछु' 'म ब्रह्मलाई जान्दिन' यस प्रकारका दुवै व्यवहारलाई परित्याग गरेर, स्वयं अद्वितीय चैतन्य मात्र रूपमा अवस्थित रहन्छ; त्यो स्वयं ब्रह्म भइ सकेकोले उसलाई ब्रह्मवित् (ब्रह्मज्ञ) भन्नु परेर (जान्नु नजान्नु पुरुषतंत्र हो) उसको आत्यन्तिक त्यागमा आत्म वस्तु स्वयं सकृत् (वारंवार) प्रकाशित हुन्छ। पहिले लोक दृष्टि अनुसार ज्ञानीको जो बन्ध प्रतिभास निवृत्ति (विशेष जीवन्मुक्ति) बताइएको छ, त्यसको पांच प्रयोजन बताइन्छ–ज्ञानरक्षा, तप, विसंवादाभाव, दुःख निवृत्ति,

सुखाविर्भाव। वैराग्य तथा उपरतिका अधिकतर अभ्यास द्वारा 'विशेष जीवन्मुक्ति' सिद्ध हुन्छ।

साक्षात्कारवान् पुरुषको (बाह्यदृष्टिबाट) पुनः संशय (शंका) विपर्यय (झूठो ज्ञान) को उदय नहुनु "ज्ञान रक्षा" कहिन्छ। कुनै प्रकारको चित्तवृत्ति (बाह्यदृष्टिबाट) अनुदय (नउठ्नु) पूर्वक ज्ञानीको निरंकुश, चित्तको एकाग्रता "तप" कहिन्छ। यो लोक संग्रहका निमित्त (नियतिको निर्देश अनुसार) हुन्छ। संग्राह्यलोक तीन प्रकारको हुन्छ–शिष्य, भक्त, तटस्थ। सन्मार्गवर्ती (असल बाटोमा लागेको) शिष्य, गुरु पदिष्ट (गुरुबाट उपदेश पाएको) मार्गबाट ब्रह्म साक्षात्कार द्वारा मुक्त हुन्छ। भक्तजन ज्ञानीलाई पूजा–अन्नादि दान गरेर अभीष्ट सिद्धिमा प्राप्त हुन्छन्। तटस्थ दुई प्रकारको छ— सन्मार्गवर्ती, असन्मार्गवर्ती। पहिलो मुक्त पुरुषको सदाचार देखेर स्वयं त्यस्तै आचरणमा प्रवृत्त हुन्छ र दोश्रो जीवन्मुक्तको दृष्टिपातबाट समस्त पापदेखि मुक्त हुन्छ। "यस्यानुभव पर्यन्तं बुद्धिस्तत्वे प्रवर्तते। तद्दृष्टि गोचराः सर्वे मुच्यन्ते सर्व किल्विष ॥" यसप्रकार ज्ञानी, तपस्वी जन, ईश्वरीय नियम अनुसार लोकानुग्रह (लोक माथि कृपा

गर्ने) निग्न (अत्यन्त लीन) हुन्छन् । यो जीवन्मुक्तिको चौथो प्रयोजन "विसंवादाभाव" हो । व्युत्थान दशामा मानापमानमा ज्ञानीका चित्तमा (बाह्यदृष्टिबाट) कुनै क्षोभको उत्पत्ति नहुनु विसंवादावभाव कहिन्छ । ब्रह्मा देखि लिएर तृण पर्यन्त सारा पदार्थमा दृढ असत्यता (मिथ्यापन) को निश्चयबाट ज्ञानीका मनमा ऐहिक (यो लोक संबन्धी) पारलौकिक (परलोक संबन्धि) अनेकौं प्रकारका दुःखमा जो अनुद्वेग (शान्तिभाव) देखिन्छ, त्यो दुःख निवृत्ति कहिन्छ (यो समस्त दृष्ट दुःखको निवृत्ति हो) ब्रह्मानन्दमा मग्न (बाह्यदृष्टिबाट पनि) नित्य तृप्त ज्ञानी पुरुषको जो सुखाविर्भाव— (सुखको उत्पत्ति) हुन्छ, त्यो जीवन्मुक्तिको पाँचौं प्रयोजन हो । जीवन्मुक्त पुरुषको लोकमा विचरण, लोकोपकारका निमित्त नियति-निर्देशबाट हुन्छ ।

[माया (नियति) लोक व्यवस्था इत्यादि पारमार्थिक सत्य होइनन्, अपितु–जीवन्मुक्ति तथा ज्ञानको स्तुति [प्रशंसा] निमित्त शास्त्रमा प्रदर्शित गरिएको छ । विक्षेप जीवन्मुक्ति-ज्ञानीको विशेष स्थिति, लोक संग्रह, सदाचार वास्तवमा केही पनि छैन । सम्यक् परिज्ञात

[राम्रो तवरबाट जानिएको] निज अखण्ड प्रकाशनै एक मात्र सत्य हो] उपकार तीन प्रकारको छ–दर्शन, भजन, संभाषण । दर्शनले सारा पाप नष्ट हुन्छ, भजनले संपद्-वृद्धि हुन्छ, संभाषणले मुक्तिफल प्राप्त हुन्छ ।

—)(❀)(—

विचारालोकको अठ्ठाइसौं प्रकरण सकियो

—)(❀)(—

समाधि प्रकरण

उनन्तीसौं प्रकरण

—)॥(—

चञ्चलताको कारण चित्तको सूक्ष्म वस्तुमा प्रवेश हुनु संभव छैन। अन्यान्य विषय विषयमा लागी रहने हुनाले मन प्रशान्त (निश्चल) विकल्प रहित भएर स्वरूपमा अवस्थित [विषयाकार वृत्ति शून्य] अचल रुपमा स्थित-हुन सक्तैन । अतएव मन निश्चल गराउन, अभ्यास गर्नु परम कर्तव्य छ। प्रत्ययान्तर शून्य भएर मनको निश्चल अवस्थान हुनु समाधि कहिन्छ। समाधि दुई प्रकारको छ—सविकल्प या संप्रज्ञात, निर्विकल्प या असंप्रज्ञात । ज्ञाता तथा ज्ञानको विलय [नाश] विना भएको, शुद्ध ज्ञेय ब्रह्ममा तदाकार-चित्तवृत्तिको अवस्थान [स्थिति] "सविकल्प समाधि" कहिन्छ । माटाको हात्ती देखेर त्यसमा मृत्तिका [माटो] को ज्ञान हुंदाहुँदै पनि जस्तो मृण्मय हात्तीकै ज्ञान हुन्छ; त्यस्तै सत्ता मात्र वस्तुका ज्ञान भएपछि पनि "ज्ञाता, ज्ञान, ज्ञेय" यी तीन विकल्प, अवभासित [प्रकाशित] हुन्छन् । जलमा

जस्तो लवण [नुन] मिल्यो भने त्यो जलरुपमा अवस्थित हुन्छ । पृथक् रुपमा प्रतिभात (देखिने) हुंदैन, केवल जल नै अवभासित हुन्छ । त्यस्तै ब्रह्म मात्र रुपमा अवस्थित (ज्ञाता, ज्ञान, ज्ञेय रुप–विभाग वर्जित, वृत्ति शून्य, एक, अखण्डित अन्तःकरण–अद्वितीय ब्रह्म रुपमा) प्रकाशित हुन्छ । यसप्रकार वस्तु मात्रमा, तदाकार भएर चित्तको अवस्थान हुनु किंवा संशय रहित,तादात्म्य प्राप्त,एकाकार निश्चल चित्त– एकरस निर्विकल्प समाधि हो ।

सविकल्प समाधि दुई प्रकारको छ—दृश्यानुविद्ध र शब्दानुविद्ध । जसमा काम क्रोधादि प्रत्ययरुप दृश्य पदार्थहरु सित संबन्ध हुन्छ, त्यो दृश्यानुविद्ध सविकल्प समाधि कहिन्छ । अहं, मम, कामक्रोधादि सारा वृत्तिहरु (अन्तःकरणका परिणामहरू) लाई म जान्दछु. तथापि ममा कुनै क्रिया किंवा विकार उत्पन्न हुँदैन । यस प्रकार कामादि दृश्य समुदाय (समूह) लाई आत्मामा लीन गराईकन निज साक्षीभावमा अवस्थान–दृश्यानुविद्ध सविकल्प समाधि हो । यसको दृढ अभ्यासबाट आफ्नो चैतन्य स्वरुपको अनुभव हुन्छ । यस उपरान्त स्वप्रकाश, असंग , अद्वितीय , चैतन्य 'म' हुं; यसप्रकार शब्दको

सहायताबाट विशेपरुपले अफनो यथार्थ स्वरुपको अनुभव गर्नु, शब्दानुविद्ध समाधि हो। बादमा अनुभव रसावेशमा दृश्य र शब्द दुवै उपेक्षित एवं त्यक्त भए पछि निर्विकल्प समाधि स्वतः प्राप्त भइहाल्छ, निज निरवच्छिन्न (नटुक्रिएको सिङ्गै) प्रकाश स्वरुपमा देहादि दृश्य पदार्थको उत्थान नभएर चित्त, शान्त निर्वातदीपवत् अवस्थान हुनु, निर्विकल्प समाधि कहिन्छ। यो एकरस वस्तु मात्रमा तदाकाराकारित (त्यही आकारमा एक भएर मिलेको) बुद्धि निश्चल भएर स्थिर भएपछि, न त शरीरको पतन हुन्छ, न त निद्रानै आउँछ।

निर्जन देशमा निःशब्द (केही नसुनिने) स्थानमा शान्त सुखासनमा बसेर गुरुआदिष्ट (गुरुले उपदेश दिएको) मार्गद्वारा समाधिको अभ्यास गर्नु पर्दछ। पहिले दृश्यानुविद्ध समाधिको निन्तर अभ्यासद्वारा स्वरुपमा स्थित भएपछि, दृश्य परित्याग पूर्वक असंग स्वप्रकाश अद्वितीय चैतन्य मात्र म हुँ; यस प्रकारको निश्चय रुप शब्दानुविद्ध समाधिको अभ्यास गर्नु पर्दछ। फेरी निज स्वरूपको दृढ अनुभवको फल स्वरुप बुद्धि एकाकार निश्चल स्थित भएपछि "अहमस्मि" (यो म हुं) यो शब्द

परित्यक्त हुन्छ, यो निर्विकल्प समाधि हो ।

यो निर्विकल्प समाधिको परिपाक, वासनाक्षय एवं मनोनाशद्वारा सम्यक् साक्षात्कारको हेतु (कारण) हुन्छ । सविकल्प र निर्विकल्प समाधि योग वाशिष्ठको तेश्रो (असंसर्ग) ज्ञान भूमिका हो । प्रतिवन्ध सहित आत्म स्वरुपको साक्षात्कार हो । वासनाक्षय र मनोनाशको अभ्यासले प्रतिवन्ध दूर हुन्छ र अप्रतिवन्ध (विघ्न वाधा रहित) साक्षात्कारको उदय हुन्छ । यो चौथो ज्ञान भूमिका किंवा सदेह मुक्ति हो । गीताको योग भ्रष्ट पुरुष पूर्व जन्ममा–असंसर्ग भूमिका प्राप्त ज्ञानयोगी हो । समाधियोगको अभ्यासले किंवा धर्ममेघ समाधिको अभ्यासले, सम्यक् साक्षात्कार प्राप्त भएपछि ज्ञानपूर्ण हुन्छ । चौथो ज्ञान भूमिका वाद वास्तवमा अभ्यास गर्ने योग्य केही पनि अवशिष्ट (वाँकि) रहँदैन । ज्ञान पछिका तीन भूमिकाहरु व्यावहारिक दृष्टिवाट शास्त्रमा बताइएको छ, त्यो ज्ञानी पुरुषको भूषण (गहना) मात्र हो ।

पूर्वोक्त तीन आन्तर समाधिहरु समान वाह्य समाधिको पनि अभ्यास गर्नु पर्दछ । यो पनि तीन प्रकारको छ । सत्, चित्, आनन्द स्वरुप परब्रह्मनै सबैको अधिष्ठान

हो । त्यो ब्रह्ममा नाम रुपात्मक (नाम रुप मिलेको) जगत् प्रतिभासित (देखिने) हुन्छ । सत् स्वरूपत्व, चित्स्वरुपत्व, आनन्दस्वरुपत्व यो तीन ब्रह्मका रुप हुन् । नाम, रुप दुवै अध्यस्त जगत्को रुप हो । मूर्खहरु सत्. चित्, आनन्द, नाम, रुप यी पाँचैलाई एकीकरण गरेर भ्रमले विश्व भन्छन् । जो कुछ बाहिर दृष्टि गोचर किन नहोस् ? नाम र रुपलाई उपेक्षा (तिरस्कार) गरेर अर्थात् ब्रह्ममा विलीन गराएर "अधिष्ठानभूत सच्चिदानन्द ब्रह्मनै म हुं" यस्तो निश्चय गर्नु, दृश्यानुविद्ध बाह्य सविकल्प समाधि हो । मुमुक्षुले सर्वदा गमनावस्थामा, बस्ता, सुत्ता आरोपित नाम र रुपको कारण (अधिष्ठानभूत सत्य स्वरुप ब्रह्म) नाम र रुप विलीन गराएर अद्वितीय परमानन्द स्वरुप ब्रह्मनै 'म' हुं यस्तो चिन्तन गर्नु पर्दछ । फेरी विक्रिया रहित निराकार, कलंक शून्य, रोग रहित, उत्पत्ति नाशहीन पूर्ण ब्रह्मनै म हुँ; यसप्रकार निर्विकार आदि शब्दहरुको सहायताले अपरिच्छिन्न चिन्तन गर्नु शब्दानुविद्ध बाह्य सविकल्प समाधि कहिन्छ। अन्तमा (स्वरुप रसको आस्वादमा) स्तब्धीभाव (स्थिर भाव) रुप निर्विकल्प समाधि दशा स्वतः(आफैआफ)प्राप्त हुन्छ यो बाह्य निर्विकल्प समाधि हो । उक्त आन्तर बाह्य भेद (भिन्न

वाहिर भेद) वाट षट्विध (६ प्रकारका) समाधि अभ्या-सले, काल यापन (व्यतीत) गर्नु पर्दछ ।

समाधि अनुष्ठानको विषयमा तत्ववेत्ता (तत्व जान्ने) हरुले अनेक प्रकारका विघ्नको निरुपण (विचार) गरेका छन् । उदाहरणार्थ–अनुसंधान राहित्य, आलस्य, भोग वासना, भय, अज्ञान, विक्षेप, तेजद्वारा स्पन्दन, शून्यता (विषयमा ब्रह्म स्वरुपको अनुपलब्धी–[अप्राप्ति] वाट शून्याकार भएको चित्तवृत्ति) लय (निद्रा) रसा-स्वाद, कषाय । गुरुपदिष्ट मार्ग र शास्त्रानुसार उक्त समस्त विघ्नहरुको नाश निमित्त विशेषोक्त उपायहरुको अभ्यास गरेपछि परिपक्व निर्विकल्प समाधि किंवा आत्म साक्षात्कार (परमानन्द प्राप्ति) हुन्छ । "देहाभिमाने गलिते परमात्मनि । यत्र यत्र मनोयाति तत्र तत्र समाधयः ॥

ज्ञानीको शरीरपात

—)(❀)(—

यो मांसपिण्ड (मासुका डल्लो) स्थूल शरीर हो । यसको विसर्जन (त्याग) मा देश, काल आदिको

प्रतीक्षा गर्नु पर्दैन; किनकि मल पिण्डको त्यागमा कुनै पनि देशकालादिको प्रतीक्षा जरुरत छैन । खोल्मा खोल्सी या गंगा नदी आदिमा, तीर्थ या चाण्डालको घरमा, शिवक्षेत्र या आँगनमा, अथवा अन्यत्र जहाँ कहीं पनि यो शरीरको पतन हुन्छ । आफ्नो यसमा केही हानि लाभ छैन । वृक्षबाट गिरेको पात असल स्थानमा गिरोस् किंवा खराब स्थानमा, वृक्षको यसमा केही शुभाशुभ छैन । म वृक्ष समान सदा अचल स्थिर हुँ, देहेन्द्रियादि पत्र पुष्प समान मैबाट प्रकाशित भई रहेका छन् । देह शीर्ण (रद्दी) भएर जहाँ कहीं गिरोस् यसले मेरो केहो नोक्सान किंवा लाभ छैन । जस्तो स्वप्न कल्पित देह आफैंमा लीन हुन्छ, त्यस्तै जाग्रद्देह पनि आफैमा लीन हुन्छ । वास्तवमा मृत्यु र देहको पतन छैन । म सच्चिदानन्द, अखण्ड परिपूर्ण हुँ, म मा द्वैत मात्रको अवकाश (स्थान) छैन । व्याप्य र व्यापक, भास्य र भासक, सारा मिथ्या हुन्; किनकि सब कुछ आत्मानै हो । म सिवाय अर्को केही पनि छैन ।

"अध्यस्त चौरगः स्थाणोर्विकारः स्यान्नहि क्वचित् । नात्मनो निर्विकारस्य विकारो विश्वजस्तथा ।।×।। ज्ञातेस्थाणौ कुतश्चोर श्चोराभावे भयंकुतः । ज्ञाते स्वस्मिन् कुतो विस्वं विश्वाभावे कुतोऽखिलम् ।।×।। गुणवृत्ति त्रयंभाति परस्पर विलक्षणम् । सत्यात्म लक्षणे यस्मिन् स एवाहं निरंशकः ।।×।।

—)(ॐ)(—

विचारालोकको उन्तीसौं प्रकरण सकियो

—)(ॐ)(—

हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्

दिनाङ्क : लेखक :

विक्रम सम्वत् २०२१ डिल्लिजङ्ग गुरुङ्ग

मत्स्य जयन्ती

।
चोर
बलम्
स्मिन्

विचारालोक या नित्यतृप्ति
को
संक्षिप्त दिग्दर्शन चित्र

उत्तम अधिकारीको विचार मार्ग

वस्तु विचार
- स्थूल शरीरको विचार
- सूक्ष्म शरीरको विचार
- कारण शरीरको विचार

[यसमा ५ कोशको विवेचना पनि अन्तर्भूत हुन्छ]

महावाक्य विचार
- तत् — ईश्वरको शोधन
- त्वम् — जीवको शोधन
- असि — जीव र ईश्वरको एकता

[यसमः शृष्टिलाई अध्यारोप गरीकन पुनः अपवाद गरी छ]

स्वरूप विचार
- अस्ति, भाति, प्रिय — ब्रह्मको अंश हो
- नाम, रूप — मायाको अंश हो

[यसबाट वृत्ति अखण्ड रहन ठूलो मौका मिल्छ]

वस्तु विचारबाट "त्वं" पदको शोधन भएर महावाक्यको विचार द्वारा "तत्" पदको शोधन गरी "असि" पद द्वारा एकताको ज्ञान हुन्छ र अखण्ड वृत्ति अक्षुण्ण राख्नको लागि "अस्ति, भाति, प्रिय नाम र रूप" को स्वरूप विचार सजिलो र छिटो "ब्रह्मात्मैक्य" बोध भएर आउंछ। यो हो "साक्षात्कार" चतुर्थ भूमिका।

मध्यम अधिकारीको योग मार्ग

तत्वज्ञान
एकमात्र ब्रह्मको चर्चा वार्ता चिन्तनमा रत रहनु।

मनोनाश
सज्जन समागम, तृष्णा त्याग, वेदान्त शास्त्र विचार र प्राणायाम।

वासनाक्षय
असङ्ग भएर व्यवहार गर्नु, संसारको चिन्तन नगर्नु र शरीर नश्वरताको चिन्तन गर्नु।

[यी तीन विषयको युगपत अभ्यास द्वारा पहिले आन्तर दृश्यानुविद्ध, शब्दानुविद्ध, र शाध्य निरनुविद्ध निर्विकल्प समाधि प्राप्त गरी आत्म साक्षात्कार पूर्वक भोग वासनाको नाश गरेर फेरी भेद वासनाको नाशार्थं वाह्य दृश्यानुविद्ध, शब्दानुविद्ध र निरनुविद्ध निर्विकल्प समाधि प्राप्त गरी भेद र भोग वासनाको क्षय पूर्वक ब्रह्म साक्षात्कार गरीन्छ। यो अलि गाह्रो र ढिलो मार्ग हो। यसैलाई "अमनस्क या अमनिभाव" भन्दछन्।]

यसरी विचार मार्ग र योग मार्ग द्वारा स्वरुप साक्षात्कार प्राप्तिको फल हो सञ्चित, आगामि र प्रारब्ध रूप तीनै कर्महरूको नाश। अब जन्म-मरणको चक्र समाप्त भयो। यही नै हो मोक्ष साम्राज्यमा स्वच्छन्द विहार।

विशेष सुख भोग [जीवन्मुक्ति सुख] को लागि स्वभावतः प्रवृत्ति (वाह्यदृष्टिले)

ज्ञानरक्षा
[वाह्य दृष्टिले पुनः संशय र विपर्ययको अनुदय हुनु]

तपस्या
[चित्त वृत्तिको अनुदय पूर्वक निरंकुश चित्तैकाग्र्य]

लोक संग्राह्य
- शिष्य — [सन्मार्गवर्ति शिष्य गुरुपदिष्ट मार्ग द्वारा ब्रह्म साक्षात्कार गरी मुक्त हुन्छ]
- भक्त — [ज्ञानीलाई पूजा गर्नु अन्नादि दान गरेर अभिष्ट सिद्धि प्राप्त गर्दछ]
- तटस्थ
  - सन्मार्गवर्ति — [यो मानिस मुक्त पुरुषको सदाचार देखेर स्वयं आचरणमा प्रवृत्त हुन्छ]
  - असन्मार्गवर्ति — [यो मानिस जीवन्मुक्त पुरुषको दृष्टिपात द्वारा समस्त पापबाट मुक्त हुन्छ]

विसम्वादाभाव
[व्युत्थान दशामा पनि मानापमानको अनुदय हुनु]

दुःखानिवृत्ति
[यस लोक र परलोक दुवैमा दृढ असव्यता द्वारा कुनै पनि दुःखमा उद्वेग नहुनु]

सुखाविर्भाव
[ब्रह्मानन्दमा पूर्ण रूपले नित्यतृप्त भएर अवस्थित रहनु]
- दर्शन — [सबै पापहरूको भस्म हुन्छ]
- भजन — [सम्पत् वृद्धि हुन्छ]
- संभाषण — [सत्संगादिबाट मुक्ति फल प्राप्त]

नोट :— जीवन्मुक्त मानिसको लोकमा विचरण लोकोपकारको लागि नियतिको निर्देश द्वारा चली रहन्छ। वास्तवमा वाहांहरूको दृष्टिमा केही पनि छैन। यी लक्षण जीवन्मुक्ति तथा ज्ञानको स्तुतिका लागि शास्त्रमा बताइएको मात्र हो।

चित्र निर्माण
"वेदान्त सिरोमणि" बाबुराम श्रेष्ठ

न

श्र

।।

स

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

६२५२

AUTHOR चक्रवर्ती क्षितीशचन्द्र

TITLE विचारालोक या नित्यतृप्ति

NR66
CHA
2028

६२५२

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

CHA
2028

9

अनुवादकका अरू प्रकाशमा आउने अनुदि

र

मौलिक कृतिहरू

---

१. श्री तुलसि महाकाव्य [श्लोकबद्ध र

२. श्री भगवद्‌गीता [श्लोकबद्ध]

३. श्रीमद्भागवत [उद्धवगीता]

४. श्री रामगीता [श्लोकबद्ध टी

५. चौबिस गुरू [कवितामा]

६. बृन्दावन [कवितामा]

७. चित्त बोध [मौलिक ग्रन्थ]

८. योग वाशिष्ठ सार [स्वरूपानुभव अन्तर्गत]

20